"पञ्ञा नरान रतन"

# परियत्तिशिक्षा

## परियत्ति सद्धम्म कोविद मध्यम वर्ष

### (कक्षा ९, छैठौं पत्र)

### ऐच्छिक अभिधर्म

(प.स.पा. को कोविद प्रथम वर्षको पाठ्य-पुस्तक)

पूर्णाङ्क १००, उत्तीर्णाङ्क ४०

१) अभिधर्मार्थ संग्रह - ४० अंक, १८ घण्टा

२) जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग - ३० अंक, १२ घण्टा

३) नेपालका बौद्ध जनजाती - ३० अंक, ८ घण्टा

संकलन

**भिक्षु निग्रोध स्थविर**

(सचिव, ने. बौ. शिक्षा परिषद्)

Downloaded from http://dhamma.digital/

"पञ्ञा नरान रतन"

# अभिधर्मार्थ संग्रह

## परियत्ति सद्धम्म कोविद मध्यम वर्ष

### (कक्षा ९, छैठौं पत्र)

अभिधर्मार्थ संग्रह प्राप्ताङ्क ४० अंक, १८ घण्टा

## अनुवाद - भिक्षु ज्ञानपूर्णिक महास्थविर

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# वीथि-काण्ड ४

## प्रतिज्ञा

*पालि* –**चित्तुप्पादानमिच्चेवं, कत्वा सङ्गह मुत्तरं ।**

**भूमि- पुग्गल- भेदेन, पुब्बापर नियामितं ॥**

**पवत्ति - सङ्गहं नाम, पटिसन्धि - पवत्तियं ।**

**पदक्खामि समासेन, यथासम्भवतो कथं ॥**

***भावार्थ*** – यसरी मैले बताई आएको नियमानुसारले चित्त र चैतसिक भइरहेका नामस्कन्ध चारवटाको वेदनासंग्रह इत्यादिलाई विभाजन गर्ने रुपले उत्तम भैरहेको विशेषरूपले बताई आएको प्रकीर्णकसंग्रहलाई देखाई सकेपछि फेरी भूमि र पुद्गल भेदले लक्षित भएको, अगाडिको चित्त र पछाडिको चित्तले नियमित भएको प्रतिसन्धि अवस्था र प्रवृत्ति अवस्थामा वा प्रतिसन्धि र प्रवृत्ति अवस्था मध्येमा प्रवृत्तिसंग्रह नाम भैरहेको वीथिसंग्रहलाई संक्षिप्तले उचित रूपले विशेषरूपमा बताउँछु ।

## छ छक्क मातिका

*पालि* –**छ वत्थुनि, छ द्वारानि, छ आरम्मणानि, छ विञ्ञाणानि, छ वीथियो, छधा विसय - पवत्ति चेति वीथिसङ्गहे छ छक्कानि वेदितब्बानि ।**

***भावार्थ*** – छवटा वस्तु, छवटा द्वार, छवटा आरम्मण, छवटा विज्ञान र छवटा वीथिलाई अनि फेरी छ प्रकारका आरम्मणको द्वारमा उत्पन्न हुने वा आरम्मणमा चित्तको उत्पत्ति हुनेलाई, यसरी वीथिसंग्रहमा छवटा छक्कलाई जान्नुपर्दछ ।

Dhamma.Digital

## सूचना

*पालि* –**वीथिमुत्तानं पन कम्म- कम्मनिमित्त - गतिनिमित्त- वसेन तिविधा होति विसयप्पवत्ति ।**

***भावार्थ*** – विशेषतालई बताउँछु । वीथिमुक्तचित्त एककम बीस (उन्नाईस) वटाको आरम्मरणमा चित्तको उत्पन्न हुने वा आरम्मणको चित्तमा उत्पन्न हुने कर्म- कर्मनिमित्त- गतिनिमित्तको हिसाबले तीनथरि छन् ।

*पालि* – **तत्थ वत्थु द्वारारम्मणानि पुब्बे वुत्तनयानंव ।**

***भावार्थ*** – ती छवटा छक्क मध्येमा वस्तु, द्वार र आरम्मण, अगाडिको प्रकीर्णसंग्रहमा बताई आएको विधि अनुसार नै हुन् ।

Downloaded from http://dhamma.digital/

## वीथि छक्क

*पालि* –**छ वीथियो पन चक्कखुद्वारवीथि सोतद्वारवीथि घाणद्वारवीथि जिह्वाद्वारवीथि कायद्वारवीथि मनोद्वारवीथि चेति द्वारवसेन वा, चक्कखुविञ्ञाणवीथि सोतविञ्ञाणवीथि घाणविञ्ञाणवीथि जिह्वाविञ्ञाणवीथि कायविञ्ञाणवीथि मनो विञ्ञाणवीथि चेति विञ्ञाणवसेन वा द्वारप्पवत्ता चित्तप्वत्तियो योजेतब्बा ।**

***भावार्थ –*** विशेषतालाई वा शुद्ध पछि मिश्रकलाई अथवा अभेद पछि भेदलाई बताउँछु । द्वारमा उत्पन्न हुने चित्तको उत्पत्ति भनेको वीथिलाई चक्षुद्वारवीथि, श्रोतद्वारवीथि, घ्राणद्वारवीथि, जिह्वाद्वारवीथि, कायद्वारवीथि र मनोद्वारवीथि भनिकन द्वारको हिसाबले वा चक्षुविज्ञानवीथि, श्रोतविज्ञानवीथि, घ्राणविज्ञानवीथि, जिह्वाविज्ञानवीथि, कायविज्ञानवीथि र मनोविज्ञानवीथि भनिकन यसरी विज्ञानको हिसाबले छ प्रकारले भनी मिलाउनुपर्छ ।

अर्को तरिका -- द्वारमा उत्पन्न हुने वीथिलाई चक्षुद्वारवीथि, श्रोतद्वारवीथि, घ्राणद्वारवीथि, जिह्वाद्वारवीथि, कायद्वारवीथि र मनोद्वारवीथि भनिकन यसरी द्वार हिसाबले छवटा छन् भनी मिलाउनु पर्छ । चित्तको उत्पत्ति भन्ने वीथिलाई चक्षुविज्ञानवीथि, श्रोतविज्ञानवीथि, घ्राणविज्ञानवीथि, जिह्वाविज्ञानवीथि, कायविज्ञानवीथि र मनोविज्ञानवीथि भनिकन यसरी विज्ञानको हिसाबले छवटा छन् भनी मिलाउनु पर्छ ।

अर्को तरिका -- द्वारको हिसाबले पनि द्वारमा उत्पन्न हुने वीथिलाई चक्षुद्वारवीथि, श्रोतद्वारवीथि, घ्राणद्वारवीथि, जिह्वाद्वारवीथि, कायद्वारवीथि र मनोद्वारवीथि भनिकन यसरी छवटा छन् भनी मिलाउनु पर्छ । विज्ञानको हिसाबले पनि चित्तको उत्पत्ति भन्ने वीथिलाई चक्षुविज्ञानवीथि, श्रोतविज्ञानवीथि, घ्राणविज्ञानवीथि, जिह्वाविज्ञानवीथि, कायविज्ञानवीथि र मनोविज्ञानवीथि भनिकन यसरी विज्ञानको हिसाबले छवटा छन् भनी मिलाउनु पर्छ ।

अर्को तरिका -- छवटा वीथिलाई चक्षुद्वारवीथि, श्रोतद्वारवीथि, घ्राणद्वारवीथि, जिह्वाद्वारवीथि, कायद्वारवीथि र मनोद्वारवीथि भनिकन यसरी द्वारको हिसाबले पनि द्वारमा उत्पन्न हुन्छ भनी मिलाउनु पर्छ । छवटा वीथिलाई चक्षुविज्ञानवीथि, श्रोत, घ्राण, जिह्वा, काय र मनोविज्ञानवीथि भनिकन यसरी विज्ञानको हिसाबले चित्तको उत्पत्ति भनी मिलाउनु पर्छ ।

*पालि* –**अतिमहन्तं महन्तं परित्तं अतिपरित्तञ्चेति पञ्चद्वारे, मनोद्वारे पन विभूत-मविभूतञ्चेति छधा विसयप्पवत्ति वेदितब्बा ।**

***भावार्थ –*** धेरै धेरै वीथि चित्तोत्पाद भएको आरम्मण; धेरै वीथि चित्तोत्पाद भएको आरम्मण; थोरै चित्तोत्पाद भएको आरम्मण भनिकन यसरी पञ्चद्वारमा, द्वारमा आरम्मणको उत्पत्ति वा आरम्मणमा चित्तको उत्पत्ति चार प्रकारका छन् । मनोद्वारमा प्रकट भएको आरम्मण र अप्रकट भएको आरम्मण भनिकन यसरी द्वारमा आरम्मण उत्पत्ति वा आरम्मणमा चित्तको उत्पत्ति दुई प्रकारले छन् । यस भेदले ६ प्रकारको द्वारमा आरम्मणको उत्पत्ति वा आरम्मणमा चित्तको उत्पत्तिलाई जान्नु पर्छ ।

Downloaded from http://dhamma.digital/

## चित्तको आयु र रूपको आयु

***पालि* – कथं ?**

**उप्पाद-थिति-भङ्ग-वसेन खणत्तयं एकचित्तक्खणं नाम ।**

***भावार्थ* –** कसरी जान्नु पर्छ ? उत्पत्ति, स्थिति, भवङ्ग हिसाबले ससाना क्षण तीनवटामा समूहलाई एक चित्तक्षण भन्छन् ।

***पालि* – तानि पन सत्तरस चित्तक्खणानि रूपधम्मानमायु ।**

***भावार्थ* –** चित्तको आयु पछि रूपको आयु बताउँछु -- त्यस्तो स्वभाव भएको सत्रवटा चित्तक्षण जस्तो क्षण विज्ञप्तिरूप दुईवटा र लक्षणरूप चारवटाबाट बाँकि रहेको बाईसवटा रूपको आयु हो ।

..............................

## पञ्चद्वार

### चक्षुद्वार अतिमहन्तारम्मण वीथि

***पालि* –एकचित्तक्खणा-तीतानि वा बहुचित्तक्खणा-तीतानि वा ठिति - पत्तानेव पञ्चारम्मणानि पञ्चद्वारे आपाथ-मागच्छन्ति । तस्मा यदि एकचित्तक्खणा-तीतकं रूपारम्मणं चक्खुस्स आपाथ-मागच्छति ।**

***भावार्थ* –** एकचित्तक्षण जस्तो क्षण बितेर जाने भएर, धेरै चित्तको क्षण बितेर जाने पनि भैरहेको अथवा एकचित्त, दुईचित्त, तीनवटा चित्त, चारवटा चित्त, पाँचवटा चित्त, छवटा चित्त, सातवटा चित्त, आठवटा चित्त, नौवटा चित्त, दशवटा चित्त, एघारवटा चित्त, बाह्रवटा चित्त, तेह्रवटा चित्त, चौधवटा चित्त, प्रन्धवटा चित्तको क्षण जस्तो बितेर जाने भएर, स्थितिमा पुगेर नै पाँचवटा द्वारमा प्रकट रुपमा जुन कारणले अगाडि पुग्ने हो; त्यस कारणले एकचित्तको क्षण जस्तो क्षण बितेर जाने भएको रूपारम्मण चक्षुप्रसादमा प्रकट रूपमा आउने हुन्छ ।

***पालि*– ततो द्विक्खत्तुं भवङ्गे चलिते भवङ्गसोतं वोच्छिन्दित्वा तमेव रूपारम्मणं आवज्जन्तं पञ्चद्वारावज्जन-चित्तं उप्पज्जित्वा निरुज्झति ।**

***भावार्थ* –** यसरी आउँदा वा यसरी प्रकटरूपमा पुगेपछि त्यसपछि दुईपटक सम्म भवाङ्ग चलेपछि भवाङ्ग श्रोतलाई तोडेर त्यो रूपारम्मणलाई नै आवर्जन गर्ने पञ्चद्वार आवर्जन चित्त उत्पन्न भएर निरोध हुने हुन्छ ।

Downloaded from http://dhamma.digital/

*पालि* –**ततो तस्सानन्तरं तमेव रूपं पस्सन्तं चक्खुविञ्ञाणं सम्पटिच्छन्तं सम्पटिच्छन चित्तंस सन्तीरयमानं सन्तीरण-चित्तंस ववत्थपेन्तं वोट्ठब्बन - चित्तञ्चञ्चेति यथाक्कमं उप्पज्जित्वा निरुज्झन्ति ।**

***भावार्थ –*** त्यो पञ्चद्वारा आवर्जन चित्त निरोध भैसकेपछि त्यस पञ्चद्वार - आवर्जनचित्तको अनन्तरमा त्यस रूपारम्मणलाई नै देखिने चक्षुविज्ञान चित्त ग्रहण गरिने सम्प्रतिच्छन चित्त निर्णय दिने जस्तो सन्तीरण चित्त, राम्रोसँग नियमित र व्यवस्था गरेको जस्तो वोट्ठब्बन चित्त यी चित्तहरू क्रमशः उत्पन्न भएर निरोध हुने हुन्छ ।

*पालि* –**ततो परं एकूनत्तिंस कामावचर जवनेसु यंकिञ्चि लद्धपच्चयं येभु‘य्येन सत्तक्खत्तुं जवति ।**

***भावार्थ –*** त्यो वोट्ठब्बन चित्त निरोध भैसकेपछि एककम तीस (उनन्तीस) वटा कामावचर जवन मध्येमा एक न एकवटा जवन चित्त योनिसोमनसिकार आदिको हिसाबले प्राप्त भएको कारण भएर प्रायः सातपटक दूतगतिले उत्पन्न हुने हुन्छ ।

*पालि* –**जवनानुबन्धानि च द्वे तदारम्मणपाकानि यथरहं पवत्तन्ति । ततो परं भवङ्गपातो ।**

***भावार्थ –*** जवनको पछि पछि उत्पन्न हुने दुइपटक सम्मको तदारम्मण विपाक चित्त पनि उचित रूपले उत्पन्न हुने हुन्छ । त्यो तदारम्मण निरोध भैसकेपछि मात्र भवाङ्ग अवतरण हुने हुन्छ ।

*पालि* –**एत्तावता चुद्दस्स वीथिचित्तुप्पादा द्वे भवङ्गचलनानि पुब्बेवा-तीतक-मकचित्तक्खणन्ति कत्वा सत्तारस चित्तक्खणानि परिपूरेन्तिस ततो परं निरुज्झति, आरम्मण-मेतं अतिमहन्तं नाम गोचरं ।**

***भावार्थ –*** यति प्रमाण भएको चौधवटा वीथिचित्त, दुईपटक सम्मको भवाङ्गचलनहरू, पहिले नै बितेर जाने भएको एउटा चित्तक्षण, यसप्रकार सत्रवटा चित्तक्षण पूर्ण हुने भयो । त्यस दोश्रो तदारम्मणको स्थितिकाल भन्दा पछिको भवङ्गकालमा रूपारम्मण निरोध हुने भयो । यो आरम्मण अतिमहन्तारम्मण नामको आरम्मण हो ।

## महन्तारम्मण वीथि

*पालि* –**याव तदारम्मणुप्पादा पन अप्पहोन्ता-तीतक-आपाथ-मागतं आरम्मणं महन्तं नाम । तत्थ जवनावसाने भवङ्गपातोव होन्ति । नत्थि तदारम्मणुप्पादो ।**

***भावार्थ –*** अति महन्तारम्मण वीथि पछि महन्तारम्मण वीथिलाई बताउँछु वा तदारम्मणवार पछि जवनवारलाई बताउँछु -- तदारम्मण उत्पन्न हुन सम्म पनि नभ्याई बितीजाने वा नसकेर बितीजाने अथवा शक्ति हीन भई बितीजाने भएको प्रकट रूपमा देखापर्ने आरम्मणलाई महन्तारम्मण भन्दछ । त्यस महन्तारम्मणको अन्त्मा भवाङ्ग अवतरण नै हुने भयो । तदारम्मण उत्पत्ति नभएको भयो ।

Downloaded from http://dhamma.digital/

## परित्रारम्मण वीथि

***पालि*** **–याव जवनुप्पादापि अप्पहोन्ता-तीतक-मापाथ-मागतं आरम्मण परित्तं नाम। तत्थ जवनम्पि अनुप्पज्जित्वा द्वित्तिखत्तुं वोट्ठब्बनमेव पवत्तति, ततो परं भवङ्गपातोव होति।**

***भावार्थ*** **–** जवन उत्पन्न हुनसम्म पनि नपुगी वा शक्ति हीनभई बितीजाने भएको प्रकट रूपमा देखिन आउने आरम्मण परित्रारम्मण भन्दछ। त्यो परित्रारम्मणमा जवन पनि उत्पन्न नहुने हुँदा दुई तीनपटक वोट्ठब्बन चित्तमात्र उत्पन्न हुने हुन्छ। त्यो वोट्ठब्बन चित्त दुई तीनपटक निरोध भएपछि भवाङ्ग अवतरण नै हुने हुन्छ।

## अतिपरित्रारम्मण वीथि

***पालि*** **–याव वोट्ठब्बनुप्पादा च पन अप्पहोन्ता-तीतक-आपाथ-मागतं निरोध-सन्नमारम्मणं अतिपरित्तं नाम, तत्थ भवङ्ग चलनमेव होति। नत्थि वीथि चित्तुप्पादो।**

***भावार्थ*** **–** वोट्ठब्बनवार पछि मोघवारलाई बताउँछु-- वोट्ठब्बन चित्त उत्पन्न हुनेसम्म पनि नपुगेर वा नसकेर वा शक्ति कम भएर अथवा शक्ति हीन भएर बितेर जाने भएको प्रकट रूपमा देखिन आउने नजिकै निरोध हुने भएको आरम्मणलाई अतिपरित्रारम्मण भन्छ। त्यो अतिपरित्रारम्मणमा भवाङ्गचलन मात्रै हुने हुन्छ। वीथिचित्त उत्पत्ति नहुने हुन्छ।

## श्रोतद्वारा इत्यादि

***पालि*** **–इच्चेवं चक्खुद्वारे तथा सोतद्वारादीसु चेति सब्बथापि पञ्चद्वारे तदारम्मण-जवन-वोट्ठब्बन-मोघवार-संखातनं चतुन्नं वारानं यथाक्कमं आरम्मण भूता विसयप्पवत्ति चतुधा वेदितब्बा।**

***भावार्थ*** **–** यसरी यथाकथित (माथि बताई आएको) नियम अनुसार चक्षुद्वारमा, द्वारमा आरम्मणको उत्पत्ति अथवा आरम्मणमा चित्तको उत्पत्ति चार प्रकारले छन्। त्यस्तै नै श्रोतद्वार आदिमा पनि अथवा श्रोतद्वार, घ्राणद्वार, जिह्वाद्वार, कायद्वारमा पनि द्वारमा आरम्मणको उत्पत्ति अथवा आरम्मणमा चित्तको उत्पत्ति चार प्रकारले छन्। यसरी सबै प्रकारले पनि पञ्चद्वारमा तदारम्मणवार, जवनवार, वोट्ठब्बनवार, मोघवार भनिएका चार वारको क्रमशः कारण भईरहेको, द्वारमा आरम्मणको उत्पत्ति अथवा आरम्मणमा चित्तको उत्पत्ति चार प्रकारले छन् भनी जान्नु पर्दछ।

Downloaded from http://dhamma.digital/

## वीथि चित्तको स्वरूप प्रदर्शक

### संग्रह - गाथा

***पालि* –वीथिचित्तानि सत्तेव, चित्तुप्पादा चतुद्दस ।**

**चतुप्पञ्ञास वित्थारा, पञ्चद्वारे यथारहं ॥**

**अयमेत्थ पञ्चद्वारे, वीथि चित्तप्पनवत्तिनयो ॥**

***भावार्थ* –** पञ्चद्वारमा सुविधानुसार उत्पन्न हुने वीथिचित्त सामान्य रूपले सातवटा मात्र छन् । विशेष रूपले चित्तको थरि थरि उत्पन्न हुने हिसाबले १४ वटा छन् । विस्तृत रूपले ५४ वटा भएका छन् ।

...............................

## मनोद्वार कामजवन वार

### विभूतारम्मण वीथि

***पालि* –मनोद्वारे पन यदि विभूत-मारम्मणं आपाथ-मागच्छति । ततो परं भवङ्गचलन मनोद्वारावज्जन जवनावसाने तदारम्मण-पाकानि पवत्तन्ति । ततो परं भवङ्गपातो ।**

***भावार्थ* –** पञ्चद्वार पछि मनोद्वारलाई बताउँछु-- अनन्तरादि प्रत्यय लागेको भवाङ्गुपच्छेद १९ वटा भनेको मनोद्वारमा प्रकट रूपमा देखिन आएपछि भवाङ्गचलन मनोद्वारावर्जन जवनको अन्तमा तदारम्मण विपाकचित्त उत्पन्न हुने हुन्छ । दोश्रो तदारम्मण निरोध भईसकेपछि भवाङ्ग अवतरण हुने हुन्छ ।

### अविभूतारम्मण वीथि

***पालि* –अविभूते पनारम्मणो जवनावसाने भवङ्गपातोव होति । नत्थि तदारम्मणुप्पादोति ।**

***भावार्थ* –** विभूतारम्मण पछि अविभूतारम्मणलाई बताउँछु-- अप्रकट भएको आरम्मणमा जवनको अन्तमा भवाङ्ग अवतरण नै मात्र हुने हुन्छ । तदारम्मणको उत्पत्ति छैन भनी जान्नु पर्दछ ।

Downloaded from http://dhamma.digital/

## विभिन्न स्वरूप प्रदर्शक संग्रह

### संग्रह - गाथा

***पालि*** **–वीथि चित्तानि तीणेव, चित्तुप्पादा दसेरिता ।**

**वित्थारेन पनेत्थेक, चत्तालीस विभावये ॥**

**अयमेत्थ परत्त जवनवारो ।**

***भावार्थ –*** यस मनोद्वारमा उत्पन्न भएको वीथि चित्तलाई सामान्य रूपले तीनवटा मात्र छ भनी बताइएको छ । विशेषरूपले चित्तको थरि थरि उत्पन्न हुने हिसाबले दशवटा छ भनी बताईएको छ । विशेषतालाई बताउँछु वा उक्तकर्मभन्दा पछि अनुक्तकर्मलाई बताउँछु अथवा अनुक्त कर्ता पछि उक्तकर्तालाई बताउँछु । विस्तृत रूपले ४० वटा छ भनी प्रकट रूपले देखाउनुपर्ने हुन्छ ।

यो वीथि संग्रहमा यो बताई आएको कामावचर जवनवारलाई व्यक्त गर्ने कारण प्रदर्शक वीथि हो ।

## मनोद्वार अर्पणा जवनवार

### ध्यान-वीथि र मार्ग-वीथि

***पालि*** **–अप्पणा जवनबारे पन विभूता - विभूत - भेदो नत्थि । तथा तदारम्मणुप्पादो च ।**

***भावार्थ –*** कामावचर जवनवार पछि अर्पणा जवनवारलाई बताउँछु । अर्पणा जवनवारमा विभूत अविभूत भेद छैन । त्यस्तै नै तदारम्मणको उत्पत्ति पनि छैन ।

***पालि*** **–तत्थ हि ञाणसम्पयुत्त-कामावचर-जवनानमट्ठन्नं अञ्ञतरसिं परिक्कमोपच्चारानुलोम-गोत्रभू नामेन चतुक्खेत्तुं तिक्खुत्तुमेव वा यथाक्कमं उप्पज्जित्वा निरुद्धानन्तरमेव महग्गत-लोकुत्तर-जवनेसु यथाभिनिहारवसेन यंकिञ्चि जवनं अप्पना वीथिमोतरति, ततो परं अप्पनावसाने भवङ्गपातोव होति ।**

***भावार्थ –*** यो कुरा विस्तृत गर्दछु । त्यस अर्पणा जवनवारमा आठवटा ज्ञानसम्प्रयुक्त कामावचर जवन मध्येमा एकनएक जवन परिकर्म, उपचार, अनुलोम र गोत्रभू नामले चारपटक सम्म वा तीनपटक सम्म भएपनि क्रमशः उत्पन्न भएर निरोध भएपछि सोही समयमा नै क्षिप्र-अभिज्ञ, मन्द-अभिज्ञ पुद्‌गलहरूलाई योग्यतानुरूप चारपटक वा पाँचपटक सम्म उत्पन्न भएर २६ महर्गत लोकुत्तर जवन मध्येमा रूप, अरूप, लोकुत्तर, मार्ग र फललाई योग्य हुनेगरी शमथ विपश्यना भावनामा अधिसर्ने हिसाबले एकनएक जवन अर्पणावीथिमा झर्ने भयो । त्यो अर्पणावीथि झरिसकेपछि अर्पणा जवनको अन्तमा भवङ्ग अवतरण नै हुने हुन्छ ।

Downloaded from http://dhamma.digital/

*पालि* –**तत्थ सोमनस्स सहगत जवनानन्तरं अप्पनापि सोमनस्स-सहगताव पाटिकंखितब्बा, उपेक्खा-सहगत-जवनानन्तरं उपेक्खा-सहगताव ।**

*भावार्थ* – त्यस अर्पणा जवनवारमा अथवा त्यस ज्ञानसम्प्रयुक्त कामावचर जवन आठवटा मध्येमा सौमनस्य-सहगत ज्ञानसम्प्रयुक्त कामावचर जवन चारवटाको अनन्तरमा अर्पणालाई पनि सौमनस्य-सहगत अर्पणा मात्र इच्छित हुन्छ । उपेक्षा-सहगत ज्ञानसम्प्रयुक्त कामावचर जवन चारवटाको अनन्तरमा अर्पणा मात्र इच्छित हुन्छ ।

*पालि* –**तत्थापि कुसल-जवनानन्तरं कुसल-जवनञ्चेव हेट्ठमञ्च फलत्तयमप्पेति । क्रियाजवनानन्तरं क्रिय-जवनं अरहत्त फलञ्चाति ।**

*भावार्थ* – यसरी समान वेदना भएको जवनवारमा महाकुशल ज्ञानसम्प्रयुक्त जवन चारवटाको अनन्तरमा महर्गत लोकुत्तर कुशलजवन र तलको फलजवन तीनवटा समूह अर्पणाको हिसाबले उत्पन्न हुने भयो । महाक्रिया ज्ञानसम्प्रयुक्त जवन चारवटाको अनन्तरमा महर्गत क्रियाजवन र अरहत्त फलजवन अर्पणाको हिसाबले उत्पन्न हुने हुन्छ भनी जान्नु पर्दछ ।

**संग्रह गाथा**

*पालि* –**द्वत्तिंस सुखपुञ्ञाम्हा, द्वादसापेक्खका परं ।**

**सुखित क्रियतो अट्ठ, छ सम्भोन्ति उपेक्खका ॥**

*भावार्थ* – सौमनस्य सहगत महाकुशल ज्ञानसम्प्रयुक्त जवन दुईवटाको पछाडि बत्तीस अर्पणा जवन उत्पन्न हुने हुन्छन् । उपेक्षा सहगत महाकुशल ज्ञानसम्प्रयुक्त जवन दुईवटाको पछाडि बाह्रवटा अर्पणा जवन उत्पन्न हुन्छन् । सौमनस्य सहगत महाक्रिया ज्ञानसम्प्रयुक्त जवन दुईवटाको पछाडि आठवटा अर्पणा जवन उत्पन्न हुन्छन् । उपेक्षा सहगत महाक्रिया ज्ञानसम्प्रयुक्त जवन दुईवटाको पछाडि छवटा अर्पणा जवन उत्पन्न हुन्छन् ।

*पालि* –**पृथुज्जनानं सेक्खानं, काम - पुञ्ञ - तिहेतुतो ।**

**तिहेतु कामक्रियतो, वीतरागान- मप्पना ॥**

**अयमेत्थ मनोद्वारे वीथि चित्तप्पवत्तिनयो ।**

*भावार्थ* – त्रिहेतुक पृथग्जन पुद्गलको र तलको फलमा स्थित शैक्ष पुद्गल तीनजनाको कामकुशल चारवटाको पछाडि ४४ वटा अर्पणा जवन उत्पन्न हुने हुन्छ । अरहन्त पुद्गलहरूको त्रिहेतुक कामक्रिया चारवटाको पछाडि १४ वटा अर्पणा जवन उत्पन्न हुने हुन्छ ।

...............................

Downloaded from http://dhamma.digital/

## तदारम्मण नियम

*पालि* –**सब्बत्थापि पनेत्थ अनिट्ठे आरम्मणे अकुसल-विपाकानेव पञ्चविञ्ञाण सम्पटिच्छन-सन्तीरण-तदारम्मणानि ।**

***भावार्थ*** – जवनवार पछि तदारम्मणवारलाई बताउँछु । यस पञ्चद्वार मनोद्वारमा अतिमहन्त इत्यादि सबैप्रकारले पनि यो वीथिसंग्रहमा सबै पञ्चद्वार मनोद्वारमा पनि अनिष्ठ, मल मूत्र, कुहिएको कुकुर आदि आरम्मणमा अकुशलको फल मात्र भैरहेको पञ्चविज्ञान सम्प्रतिच्छन सन्तीरण तदारम्मण हुने हुन्छ ।

*पालि* –**इट्ठे कुसलविपाकानि ।**

***भावार्थ*** – इष्ट भोजन, रसपान, ठाउँ बास वस्त्र आभूषण आदि आरम्मणमा कुशलको फल भैरहेको पञ्चविज्ञान सम्प्रतिच्छन, सन्तीरण, तदारम्मण हुने हुन्छ ।

*पालि* –**अतिइट्ठे पन सोमनस्य - सहगतानेव सन्तीरण-तदारम्मणानि ।**

***भावार्थ*** – विशेष कुरा बताउँछु । अतिइष्ट भएको बुद्ध आदि आरम्मणमा सौमनस्य सहगत भैरहेको सन्तीरण तदारम्मण उत्पन्न हुने हुन्छ ।

*पालि* – **तत्थापि सोमनस्ससहगतक्रिय - जवनवसाने सोमनस्स -सहगतानेव तदारम्मणानि भवन्ति ।**

***भावार्थ*** – ती एघारवटा तदारम्मणमा पनि सौमनस्य सहगत क्रिया जवनको अन्तमा सौमनस्य सहगत नै भैरहेको तदारम्मण हुने हुन्छ ।

*पालि* –**उपेक्खासहतग - क्रियजवनावसाने च उपेक्खा सहगतानेव होन्ति ।**

***भावार्थ*** – उपेक्षा सहगत क्रिया जवनको अन्तमा पनि उपेक्षा सहगत तदारम्मण नै उत्पन्न हुने हुन्छ ।

## आगन्तुक भवाङ्ग वीथि

*पालि* –**दोमनस्य-सहगत-जवनावसाने च पन तदारम्मणानि चेव भवङ्गानि च उपेक्खासहगतानेव भवन्ति ।**

**तस्मा यदि सोमनस्य पटिसन्धिकस्स दोमनस्स सहगत-जवनावसाने तदारम्मण-सम्भवो नत्थि । तदा यंकिञ्चि परिचितपुब्बं परित्तारम्मण-मारब्भ उपेक्खासहगत-सन्तीरणं उप्पज्जति । तमनन्तरित्वा भवङ्गपातोव होतीति वदन्ति आचरिया ।**

***भावार्थ*** – जवनबाट तदारम्मणलाई नियमित गर्नु पछि जवनबाट तदारम्मण र भवाङ्ग दुईवटालाई नियमित गर्नेलाई बताउँछु । दौर्मनस्य सहगत जवनको अन्तमा पनि उपेक्षा सहगत नै

Downloaded from http://dhamma.digital/

भैरहेको तदारम्मण र भवाङ्गहरू जुन कारणले उत्पन्न हुने हो; त्यसकारण सौमनस्य प्रतिसन्धि भएको पुद्गलाई दौर्मनस्य सहगत जवनको अन्तमा केही भएर तदारम्मणको उत्पन्न भएन भने त्यसरी नहुने अवस्थामा एकनएक पहिले परिचय प्राप्त गरिसकेका काम आरम्मणलाई आरम्मण गरेर उपेक्षा सहगत सन्तीरण उत्पन्न हुने हुन्छ । त्यो उपेक्षा सहगत आगन्तुक भवाङ्ग चित्तलाई अनन्तर प्रत्यय गरेर सौमनस्य भवाङ्ग अवतरण नै हुने हुन्छ । यसरी आचार्यहरूले भन्नु भएको छ ।

***पालि* –तथा कामावचार जवनावसाने कामावचर सत्तानं कामावचरं धम्मेस्वेव आरम्मण भूतेसु तदारम्मणं इच्छन्तीति ।**

***भावार्थ* –** त्यस्तै नै कामावचर जवनको अन्तमा कामावचर सत्वहरूलाई आरम्मण भैरहेको कामावचर धर्ममा मात्र तदारम्मण इष्ट हुन्छ । यसरी जान्नु पर्दछ ।

## तदारम्मणका अङ्ग

***पालि* –कामे जवन सत्ताल-म्बनानं नियमे सति ।**

**विभूते - तिमहन्ते च, तदारम्मण - मीरियं ॥**

**अयमेत्थ तदारम्मण नियमो ।**

***भावार्थ* –** कामभूमि ११ वटामा उत्पन्न भैरहेको जवन, सत्व र आरम्मणलाई तीन अङ्गले नियमित गर्ने छ भने विभूतारम्मणमा र अतिमहन्तारम्मणमा तदारम्मण इष्ट छ ।

यो वीथि - संग्रहमा यो बताई आएको तदारम्मणलाई नियमित गर्ने कारण भैरहेको नय हो ।

...............................

## जवन नियम

***पालि* –जवनेसु च परित्तजवनवीथियं कामावचर जवनानि सत्तक्खत्तुं छक्खत्तुमेव वा जवन्ति ।**

***भावार्थ* –** माथिको वाक्यमा दोषारोपण गर्नु छाडेर गाहारो सम्बन्ध कुरा बताउँछु । ५५ वटा जवन मध्येमा कामावचर जवनवीथिमा कामावचर जवन सात वा आठ पटक भएपनि द्रुतगतिले उत्पन्न हुने हुन्छ ।

***पालि* –मन्दप्पवत्तियं पन मरणाकालादीसु पञ्चवारमेव ।**

***भावार्थ* –** विशेष कुरा बताउँछु । गति मन्द भएर उत्पन्न हुनाले अथवा आधारक वस्तुरूपको दुर्बलताले गर्दा मरणान्त अवस्था आदिमा पाँच पटक सम्ममात्र द्रुतगतिले उत्पन्न हुने हुन्छ ।

Downloaded from http://dhamma.digital/

*पालि* –**भगवतो पन यमकपातिहारियकालादीसु लहुकप्पवत्तियं चत्तारि पञ्च वा पच्चवेक्खण चित्तानि भवन्तीति वदन्ति ।**

***भावार्थ –*** विशेष कुरा बताउँछु । भगवान् बुद्धको पानी आगो इत्यादि जोडा जोडा भएको ऋद्धिप्रातिहार्य देखाउने अवस्था आदिमा पनि छिटो उत्पन्न हुने हुँदा चार वा पाँच पटक प्रत्यवेक्षण जवन चित्त हुने हुन्छ भनिकन आचार्यहरूले बताउनुभएको छ ।

*पालि* –**आदिकम्मिकस्स पन पठमकप्पनायं महग्गत-जवनानि अभिञ्ञा-जवनानि च सब्बदापि एकवारमेव जवन्ति । ततो परं भवङ्गपातो ।**

***भावार्थ –*** कामावचर जवन पछि महर्गत जवनलाई बताउँछु । पहिले कर्मस्थान भावना वृद्धि गर्ने कृत्य भएका व्यक्तिलाई पहिले उत्पन्न हुने अर्पणामा महर्गत जवन एकपटक मात्र द्रुतगतिले उत्पन्न हुने हुन्छ । अभिज्ञा जवन त सधैं नै एकपटक मात्र नै द्रुतगतिले उत्पन्न हुने हुन्छ । त्यो महर्गत जवन र अभिज्ञा जवन निरोध भएपछि भवाङ्ग अवतरण हुने हुन्छ ।

*पालि* –**चत्तारो पन मग्गुप्पादा एकचित्तक्खणिका । ततो परं द्वे तीणि फलचित्तानि यथारहं उप्पज्जन्ति । ततो परं भवङ्गपातो ।**

***भावार्थ –*** महर्गत जवन पछि लोकुत्तर जवनलाई बताउँछु । चार मार्ग भनेको उत्पत्ति वा मार्गचित्त एउटाको चित्तक्षण छ । त्यो मार्गचित्त उत्पन्न भईसकेपछि दुई तीन पटकको फलचित्त दन्धाभिज्ञ क्षिप्राभिज्ञ पुद्गलहरूलाई योग्यतानुरूपले उत्पन्न हुने हुन्छ । त्यो दोश्रो तेश्रो फल निरोध भईसकेपछि भवाङ्ग अवतरण हुने हुन्छ ।

*पालि* –**निरोधसमापत्तिकाले द्विक्खत्तुं चतुत्थारूप्पज्जवनं जवति, ततो परं निरधं फुसति ।**

**वुट्ठानकाले च अनागामिफलं वा अरहत्तफलं वा यथारह-मेकवारं उप्पज्जित्वा निरुद्धे भवङ्गपातोव होति ।**

***भावार्थ –*** निरोधसमापत्तिमा प्रवेश गर्नुभन्दा अगाडिको अवस्थामा दुईपटक चतुर्थ आरुप्य नैवसंज्ञा नासंज्ञायतन कुशल, क्रिया जवन द्रुतगतिले उत्पन्न हुने हुन्छ । त्यो नैवसंज्ञा नासंज्ञायतन कुशल क्रिया जवन दुईपटक निरोध भैसकेपछि चित्त चैतसिक चित्तजरूपको निरोधमा पुगिने हो । निरोध समापत्तिबाट उठ्ने अवस्थामा पनि अनागामि फल जवन वा अरहत्त फल जवन अनागामि अरहन्त पुद्गलहरूलाई योग्यतानुसार एकपटक उत्पन्न भएर निरोध हुनेबित्तिकै भवाङ्ग अवतरण नै हुने हुन्छ ।

*पालि* –**सब्बथापि समापत्तिवीथिय भवङ्गसोतोविय वीथिनियमो नत्थीति कत्वा बहूनिपि लब्भन्तीति ।**

***भावार्थ –*** सबै नै ध्यान समापत्ति वीथि र फलसमापत्ति वीथिमा भवाङ्गको श्रोत झैं वीथिलाई नियमित गर्ने छैन । तसर्थ धेरै उत्पन्न हुनेलाई वा धेरै अर्पणा जवन उपलब्ध हुनेलाई जान्नु पर्दछ ।

Downloaded from http://dhamma.digital/

## संग्रह - गाथा

*पालि* –**सत्तक्खत्तुं परित्तानि, मग्गाभिञ्ञा सकिं मता ।**

**अवसेसानि लब्भन्ति, जवनानि बहूनिपि ॥**

**अयमेत्थ जवन नियमो ।**

***भावार्थ*** – कामावचर जवनलाई सबभन्दा बढीमा सातपटक उत्पन्न हुने भनी जान्नु पर्दछ । मार्ग जवन र अभिज्ञा जवनलाई एकपटक उत्पन्न हुने भनी जान्नुपर्दछ । मार्ग जवन र अभिज्ञा जवनबाट बाँकी रहेका महर्गत लोकुत्तर जवन धेरै पटक उत्पन्न हुने पनि उपलब्ध हुन्छ ।

यो वीथि संग्रहमा यो बताई आएको जवनलाई नियमित गर्ने कारणको नय हो ।

...............................

## पुद्गल भेद

*पालि* –**दुहेतुकान-महेतुकानञ्च पनेत्थ क्रिय जवनानि चेव अप्पनाजवनानि च न लब्भन्ति ।**

***भावार्थ*** – जवन नियम पछि पुद्गल भेदलाई बताउँछु । यो पुद्गल भेदमा अथवा यी १२ जना पुद्गलहरू मध्येमा द्विहेतुक पुद्गलहरूलाई र दुर्गति अहेतुक, सुगति अहेतुक पुद्गलहरूलाई क्रिया जवन र अर्पणा जवन उपलब्ध हुँदैन ।

*पालि* –**तथा ञाणसम्पयुत्त -विपाकानि च सुगतियं ।**

***भावार्थ*** – त्यस्तै नै सुगति भूमिमा द्विहेतुक पुद्गल र सुगति अहेतुक पुद्गलहरूलाई ज्ञानसम्प्रयुक्त महाविपाक चित्त पनि उपलब्ध हुँदैन ।

*पालि* – **दुग्गतियं पन ञाणविप्पयुत्तानि च महाविपाकानि न लब्भन्ति ।**

***भावार्थ*** – दुर्गति भूमिमा दुर्गति अहेतुक पुद्गलहरूलाई त ज्ञानविप्रयुक्त भैरहेको महाविपाक चित्त पनि उपलब्ध हुँदैन ।

*पालि* – **तिहेतुकेसु च खीणासवानं कुसला-कुसल जवनानि च लब्भन्ति ।**

***भावार्थ*** – त्रिहेतुक पुद्गल ९ जना मध्येमा पनि अरहन्त पुद्गलहरूलाई कुशल अकुशल जवन पनि उपलब्ध हुँदैन ।

Downloaded from http://dhamma.digital/

***पालि* –तथा सेक्ख - पुथुज्जनानं क्रियजवनानि ।**

***भावार्थ –*** त्यस्तै ने तलका फलमा स्थित पुद्‌गल तीनजना र त्रिहेतुक पृथग्जनहरूलाई क्रिया जवन उपलब्ध हुँदैन ।

***पालि* –दिट्ठिगत-सम्पयुत्त-विचिकिच्छा-जवनानि सेक्खानं ।**

***भावार्थ –*** तलका फलमा स्थित पुद्‌गलहरू तीनजनालाई दृष्टिगत सम्प्रयुक्त विचिकित्सा जवन पनि उपलब्ध हुँदैन ।

***पालि* –अनागामि पुग्गलानं पन पटिघ जवनानि च न लब्भति ।**

***भावार्थ –*** विशेष कुरा बताउँछु । अनागामि पुद्‌गलहरूलाई दोषमूल जवन पनि उपलब्ध हुँदैन ।

***पालि* –लोकुत्तरजवनानि च यथारहं अरियानमेव समुप्पज्जन्तीति ।**

***भावार्थ –*** लोकुत्तरजवन पनि योग्यताअनुसार आर्य पुद्‌गल आटजनालाई मात्र राम्रोसँग प्रकार प्रकारले उत्पन्न हुन्छ भनी जान्नु पर्दछ ।

**संग्रह-गाथा**

***पालि* –असेक्खानं चतुचत्ता- लीस सेक्खान-मुद्दिसे ।**

**छपञ्ञासा - वसेसानं, चतुप्पञ्ञास - सम्भवा ॥**

**अयमेव पुग्गलभेदो ।**

***भावार्थ –*** अरहन्त पुद्‌गलहरूलाई ४४ वटा वीथिचित्त उत्पन्न हुन योग्य हुनेगरी देखाउनुपर्छ । शैक्ष पुद्‌गल सातवटालाई ५६ वटा वीथिचित्त उत्पन्न हुन योग्य हुनेगरी देखाउनु पर्छ । शैक्ष अशैक्ष पुद्‌गलहरू छाडेर पृथग्जन पुद्‌गल चारजनालाई ५४ वटा वीथिचित्त उत्पन्न हुन योग्य हुनेगरी देखाउनु पर्छ ।

यो बताई आएको यो वीथि-संग्रहमा पुद्‌गलभेद भयो ।

..............................

Downloaded from http://dhamma.digital/

## भूमि विभाग

*पालि* –**कामावचर - भूमियं पनेतानि सब्बानिपि वीथि चित्तानि यथारहमुपलब्भन्ति ।**

***भावार्थ*** – कामावचर भूमिमा मात्र यी वीथिचित्त सबै योग्यतानुसार उपलब्ध हुन्छ ।

*पालि* –**रूपावचर - भूमियं पटिघजवनतदारम्मण- वज्जितानि ।**

***भावार्थ*** – रूपावचर भूमिमा दोषमूल भएको दुईवटा तदारम्मण ११ वटाबाट अलग भएको वीथिचित्तहरू योग्यताअनुसार उपलब्ध हुन्छ ।

*पालि* –**अरूपावचर -भूमियं पठममग्ग - रूपावचर - हसन - हेट्ठिमारूप्पवज्जितानि च लब्भन्ति ।**

***भावार्थ*** – भावार्थ विशेष कुरा बताउँछु । कामावचरभूमिमा श्रोतापत्ति मार्ग, रूपचित्त १५ वटा, हसितुप्पाद, तल तलका अरूपचित्तले अलग भएका ती वीथिचित्तहरू योग्यतानुसार उपलब्ध हुन्छ ।

*पालि* –**सब्बत्थापि च तं तं पसादरहितानं तंतं द्वारिक - वीथि - चित्तानि न लब्भन्तेव ।**

***भावार्थ*** – सम्पूर्ण भूमिमा पनि ती ती प्रसादरूपले अलग भएका ब्रह्माहरूलाई त्यस त्यस द्वारमा उत्पन्न हुने वीथिचित्तहरू उपलब्ध हुँदैन हुँदैन ।

*पालि* –**असञ्ञासत्तानं पन सब्बथापि चित्तप्पवत्ति नत्थेवाति ।**

***भावार्थ*** – असंज्ञासत्व पुद्गलहरूलाई त सबै प्रकारले चित्तको उत्पत्ति छँदैछैन भनी जान्नु पर्दछ ।

*पालि* –**असीति वीथिचित्तानि, कामे रूपे यथारहं ।**

**चतुसट्ठि तथारूपे द्वेचत्तालीस लब्भरे ॥**

**अयमेत्थ भूमि - विभानो ।**

***भावार्थ*** – एघार कामभूमिमा ८० वटा वीथिचित्तहरू योग्यतानुसार उपलब्ध हुन्छ । असंज्ञासत्वले अलग भएको १५ वटा रूपभूमिमा ६४ वटा वीथिचित्तहरू योग्यतानुसार उत्पन्न हुन्छन् । त्यस्तै नै चार अरूपभूमिमा ४२ वटा वीथिचित्त योग्यतानुसार उपलब्ध हुन्छन् ।

Downloaded from http://dhamma.digital/

यस वीथि - संग्रहमा यो बताई आएको भूमि विभाग हो ।

***पालि*** **–इच्चेवं छ द्वारिक चित्तप्पवत्ति यथासम्भवं भवङ्गन्तरित्वा यावतायुकमब्बोच्छिन्ना पवत्तति ।**

***भावार्थ*** **–** यसरी बताई आएको नय अनुसार छवटा द्वारमा उत्पन्न हुने चित्तको उत्पत्ति उत्पन्न हुन योग्यतानुसार बीचमा भवाङ्ग भएर आयु छउञ्जेल अटूटरूपले उत्पन्न हुने हुन्छ ।

**इति अभिधम्मत्थसङ्गहे वीथिसङ्गह - विभागो नाम चतुत्थो परिच्छेदो ।**

..............................

अभिधर्मार्थसंग्रह नामक ग्रन्थमा वीथि-संग्रह विभाग नामको चौथो काण्ड सम्पूर्ण भयो ।

..............................

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# वीथि मुक्त-काण्ड ५

## प्रतिज्ञा

*पालि* –**वीथिचित्त वसेनेव, पवत्तिय मुदीरितो ।**

**पवत्तिसङ्गहो नाम, सन्धियं दानि वुच्चति ॥**

***भावार्थ*** – यथाकथित नियमानुसार वीथि चित्तको हिसाबले प्रवृत्ति अवस्थामा प्रवृत्तिसंग्रह नामक वीथि संग्रहलाई मैले बताईसकें । अब प्रतिसन्धि अवस्था र च्युति अवस्थामा प्रवृत्तिसंग्रह नामको वीथिमुक्त संग्रहलाई मैले बताउँछु ।

## चतुक्क मातिका (चतुष्क मात्रिका)

*पालि* –**चतस्सो भूमियो चतुब्बिधा पटिसन्धि चत्तारि कम्मानि चतुधा मरणुप्पत्ति चेति वीथिमुत्त सङ्गहे चत्तारि चतुक्कानि वेदितब्बानि ।**

***भावार्थ*** – चारभूमि, चार प्रकारका प्रतिसन्धि, चार कर्म र चार प्रकारका मरणुत्पत्ति भनिकन यसरी वीथिमुक्तसंग्रहमा चार चतुष्कलाई जान्नुपर्दछ ।

## भुमिचतुक्क (भूमि चतुष्क)

*पालि* –**तत्थ अपायभूमि, कामसुगतिभूमि, रूपावचर-भूमि, अरूपावचरभूमि चेति चतस्सो भूमियो नाम ।**

***भावार्थ*** – ती चार चतुष्क मध्येमा अपायभूमि, कामसुगतिभूमि र रूपावचरभूमि, अरूपावचरभूमि भनिकन यसरी चारवटा भूमि नाम रहेकोलाई जान्नु पर्दछ ।

................

## कामभूमि ११ वटा

*पालि* –**तासु निरयो तिरच्छानयोनि पेत्तिविसयो असुरकायो चेति अपायभूमि चतुब्बिधा होति ।**

***भावार्थ*** – ती चार भूमि मध्येमा नर्क भूमि, तिरश्चिन भूमि, प्रेत भूमि र असुरकाय भूमि भनिकन यसरी अपाय भूम चार प्रकारका छन् ।

Downloaded from http://dhamma.digital/

## काम सुगतिभूमि ७ वटा

*पालि* –**मनुस्सा चातुमहाराजिका तावतिंसा यामा तुसिता निम्मानरति परिनिम्मित - वसवत्ति चेति कामसुगति - भूमि सत्तविधा होति ।**

***भावार्थ –*** मनुष्य भूमि, चातुर्महाराजिका भूमि, त्रयस्त्रिंश भूमि, यामा भूमि, तुसिता भूमि, निर्माणरति भूमि, र परिनिर्मितवशवर्ति भूमि भनिकन यसरी कामसुगति भूमि सात प्रकारले छन् ।

*पालि* –**सा पनामेकादसविधानि कामावचर - भूमिच्चेव संखं गच्छति ।**

***भावार्थ –*** एक एक विभाग पछि समूहलाई बताउँछु - एघार प्रकारले भएको यो यस भूमि कामावचर भूमि भनिकन नै गिन्तिको रूपमा अथवा व्यवहारको रूपमा जाने हुन्छ ।

## रूप भूमि १६ वटा

*पालि* –**ब्रह्मपारिसज्जा ब्रह्मपुरोहिता महाब्रह्मा चेति पठमज्झान भूमि ।**

***भावार्थ –*** ब्रह्मपारिसद्य भूमि, ब्रह्मपुरोहित भूमि, र महाब्रह्म भूमि भनी यसरी प्रथमध्यान भूमि तीन प्रकारका छन् ।

*पालि* –**परित्ताभा अप्पमाणाभा आभस्सरा चेति दुतियज्झान भूमि ।**

***भावार्थ –*** परित्राभा भूमि, अप्रमाणभा भूमि र आभास्वर भूमि भनि यसरी द्वितीयध्यान भूमि तीन प्रकारका छन् ।

*पालि* –**परित्तसुभा, अप्पमाणसुभा सुभकिण्हा चेति ततियज्झान भूमि ।**

***भावार्थ –*** परित्रशुभा भूमि, अप्रमाणशुभा भूमि, शुभकृष्णा भूमि भनि यसरी तृतीयध्यान भूमि तीन प्रकारले छन् ।

*पालि* –**वेहप्फला असञ्ञसत्ता सुद्धावासा चेति चतुत्थज्झान-भूमीति रूपावचर-भूमि सोलसबिधा होन्ति ।**

***भावार्थ –*** बृहत्फल भूमि, असंज्ञासत्व भूमि र शुद्धावास भूमि भनि यसरी चतुर्थध्यानभूमि सात प्रकारले छन् । यससरी रूपावचर भूमि सोऱ्ह प्रकारले छन् ।

Downloaded from http://dhamma.digital/

## शुद्धावास भूमि ५ वटा

***पालि* –अविहा अतप्पा सुदस्सा सुदस्सी अकनिट्ठा चेति सुद्धावास भूमि पञ्चविधा होति ।**

***भावार्थ*** **–** अविहा, भूमि, अत्रपा भूमि, सुदर्शा भूमि, सुदर्शी भूमि र अकनिष्ठ भूमि भनि यसरी शुद्धावास भूमि पाँच प्रकारले छन् ।

## अरूप भूमि ४ वटा

***पालि*–आकासानञ्चायतन-भूमि विञ्ञाणञ्चायतन-भूमि आकिञ्चञ्ञायतन-भूमि नेवसञ्ञानासञ्ञायतन-भूमि चे”ति अरूपभूमि चतुब्बिधा होति ।**

***भावार्थ*** **–** आकाशानन्त्यायतन भूमि, विज्ञानन्त्यायतन भूमि, आकिञ्चन्यायतन भूमि र नैवसंज्ञा नासंज्ञायतन भूमि भनिकन यसरी अरूप भूमि चार प्रकारले छन् ।

……………

## भूमि पुद्गल उत्पत्ति

### संग्रह - गाथा

***पालि* –पुथुज्जना न लब्भन्ति, सुद्धावासेसु सब्बथा ।**

**सोतापन्ना च सकदागामिनो चापि पुग्गला ॥**

**अरिया नोपलब्भन्ति, असञ्ञापाय - भूमिसु ।**

**सेसठ्ठानेसु लब्भन्ति, अरियानरियापि च ॥**

**इदमेत्थ भूमिचतुक्कं**

***भावार्थ*** **–** शुद्धावास भूमिमा सबै प्रकारले पृथग्जन, श्रोतापन्न र सकृदागामि भईरहेका पुद्गलहरू पनि उपलब्ध हुँदैनन् । असंज्ञासत्व र अपाय भूमिमा आर्य पुद्गलहरू आठ जना उपलब्ध हुँदैनन् । शुद्धावास, असंज्ञासत्व र अपाय भूमिबाट बाँकी रहेका २१ भूमिमा आर्य पुद्गलहरू आठ जना र पृथग्जन पुद्गलहरू तीन जना उपलब्ध हुन्छन् ।

यो बताई आएको वीथिमुक्त संग्रहमा भूमि चतुष्क हो ।

……………

Downloaded from http://dhamma.digital/

# प्रतिसन्धि चतुष्क

## चार प्रकारका प्रतिसन्धि

*पालि* –**अपाय-पटिसन्धि कामसुगति-पटिसन्धि रूपावचर-पटिसन्धि अरूपावचर-पटिसन्धि चेति चतुविधा पटिसन्धि नाम ।**

***भावार्थ*** **–** अपाय-प्रतिसन्धि, कामावचर-प्रतिसन्धि, रूपावचर-प्रतिसन्धि र अरूपावचर-प्रतिसन्धि भनि यसरी चार प्रकारका प्रतिसन्धि भनेकोलाई जान्नु पर्दछ ।

## काम प्रतिसन्धि मध्येमा

## अपाय प्रतिसन्धि १ वटा

*पालि* –**तत्थ अकुसलविपाकोपेक्खा - सहगत - सन्तीरणं अपाय - भूमियं ओक्कन्तिक्खणे पटिसन्धि पटिसन्धि हुत्वा ततो परं भवङ्गं परियोसाने चवनं हुत्वा वोच्छिज्जति । अयमेकापाय - पटिसन्धि नाम ।**

***भावार्थ*** **–** ती चार प्रतिसन्धिमध्येमा अकुशल विपाक उपेक्षा सहगत सन्तीरण चित्त अपाय भूमिमा अवतरण हुने क्षणमा प्रतिसन्धि भएर त्यस प्रतिसन्धि अवस्थाबाट पछि भवाङ्ग भएर अन्तमा च्युति भई टुक्रिन्छ (काटिन्छ) यो प्रतिसन्धि एउटालाई अपाय प्रतिसन्धि भन्दछ ।

## काम सुगति प्रतिसन्धि ९ वटा

*पालि* –**कुसलविपाकोपेक्खा - सहगत - सन्तीरणं पन कामसुगतियं मनुस्सानञ्चेव जच्चन्धादीनं भुम्मस्सितानञ्च विनिपातिकासुरानं पटिसन्धि भवङ्ग चुतिवसेन पवत्तन्ति ।**

***भावार्थ*** **–** दुर्गति अहेतुक प्रतिसन्धि पछि सुगति अहेतुक प्रतिसन्धिलाई बताउँछु । कुशलविपाक उपेक्षा सहगत सन्तीरण चित्त कामसुगति भूमिमा प्रतिसन्धि अवस्थादेखि अन्धो मनुष्यसँग र भूमिज देवताहरूलाई आधार लिईरहने विनिपातिक असुरहरूसँग प्रतिसन्धि भवाङ्ग च्युतिको हिसाबले उत्पन्न हुने हुन्छ ।

Downloaded from http://dhamma.digital/

*पालि* –**महाविनिपातिकानि पन अट्ठ सब्बथापि कामसुगतियं पटिसन्धि भवङ्ग चुतिवसेन पवत्तन्ति ।**

***भावार्थ –*** अहेतुक प्रतिसन्धि पछि सहेतुक प्रतिसन्धिलाई बताउँछु । आठ महाविपाक चित्त सधैं नै कामसुगति भूमि सातवटामा मात्र प्रतिसन्धि भवाङ्ग च्युति हिसाबले उत्पन्न हुने हुन्छ ।

*पालि* –**इमा नब कामसुगति पटिसन्धियो नाम ।**

***भावार्थ –*** यी नौवटा प्रतिसन्धिलाई कामसुगति प्रतिसन्धि भन्छन् ।

*पालि* –**सा पनायं दसविधापि कामावचर पटिसन्धिच्चेव संखं गच्छति ।**

***भावार्थ –*** एक एक विभाग पछि समूहलाई बताउँछु । दश प्रकारले पनि भैरहेको यो यस प्रतिसन्धि; कामावचर प्रतिसन्धि भनिकन नै गिन्तिको रूपमा अथवा व्यवहारको रूपमा जाने हुन्छन् ।

काम पुद्‌गलको आयु

*पालि* –**तेसु चतुन्नं अपायानं मनुस्सानं विनिपातिकासुरानञ्च आयुप्पमाणगणनाय नियमो नत्थि ।**

***भावार्थ –*** ती दशवटा प्रतिसन्धि युक्त पुद्‌गलहरू मध्येसा चारजना अपाय पुद्‌गलहरूसँग, मनुष्यहरूसँग र विनिपातिक असुरहरूसँग आयु प्रमाण गिन्ति गर्नेमा स्थिरता छैन ।

*पालि* –**चातुमहाराजिकानं पन देवानं दिब्बानि पञ्चवस्ससतानि आयुप्पमाणंस मनुस्सगणनाय नवूतिवस्ससतसहस्सप्पमाणं होति ।**

***भावार्थ –*** अनियमित पछि नियमितलाई बताउँछु । चातुर्महाराजिक भूमिमा उत्पन्न हुने देवताहरूको आयु प्रमाण देवताहरूको अनुसार पाँचसय वर्ष छ । मानिसहरूको गिन्ति हिसाबले नब्बेलाख ९०,००,००० वर्ष प्रमाण हुनेछ ।

*पालि* –**ततो चतुग्गुणं तावतिंसानं । ततो चतुग्गुणं यामानं । ततो चतुग्गुणं तुसितानं । ततो चतुग्गुणं निम्माणरतीनं । ततो चतुग्गुणं परनिम्मित - वसवत्तीनं ।**

***भावार्थ –*** त्यो चातुर्महाराजिक देवताहरूको आयु प्रमाण भन्दा चारगुणा त्रयस्त्रिंश भूमिमा उत्पन्न हुने देवताहरूमो आयु प्रमाण हुने हुन्छ ।

त्यो त्रयस्त्रिंश भूमिका देवताहरूको आयु प्रमाण भन्दा चारगुणा यामा भूमिमा उत्पन्न हुने देवताहरूको आयु प्रमाण हुने हुन्छ ।

Downloaded from http://dhamma.digital/

त्यो यामा देवताहरूको आयु प्रमाण भन्दा चारगुणा तुषिता भूमिमा उत्पन्न हुने देवताहरूको आयु प्रमाण हुने हुन्छ ।

त्यो तुषिता देवताहरूको वायु प्रमाण भन्दा चारगुणा निर्माणरति भूमिमा उत्पन्न हुने देवताहरूको आयु प्रमाण हुने हुन्छ ।

त्यो निर्माणरती देवताहरूको आयु प्रमाण भन्दा चारगुणा परनिर्मित वशवर्ती भूमिमा उत्पन्न हुने देवताहरूको आयु प्रमाण हुने हुन्छ ।

## वशवर्ती देवताहरूको आयु

***पालि* –नवसञ्चेकवीस -वस्सानं कोटियो तथा ।**

**वस्ससत सहस्सानि - सठ्ठि च वसवत्तिसु ॥**

***भावार्थ* –** वशवर्ती भूमिमा उत्पन्न हुने देवताहरूको आयु प्रमाण मानिसहरूको गिन्ति हिसाबले नौसय कोटि र एकाईस कोटि त्यस्तै प्रकारले साठी लाख वर्ष हुन्छ । अथवा ९,२१,६०,००,००० वर्ष हुनेछ ।

## रूप प्रतिसन्धि ६ वटा

***पालि* –पठमज्भान-विपाकं पठमज्भान-भूमियं पटिसन्धि भवङ्ग चुतिवसेन पवत्तति ।**

***भावार्थ* –** प्रथमध्यानले युक्त भएको विपाक चित्त प्रथमध्यान भूमिमा प्रतिसन्धि भवाङ्ग च्युति हिसाबले उत्पन्न हुने हुन्छ ।

***पालि* –तथा दुतियज्भान-विपाकं ततियज्भान-विपाकञ्च दुतियज्भान भूमियं ।**

***भावार्थ* –** त्यस्तै नै द्वितीयध्यानले युक्त भएको विपाक चित्त र तृतीयध्यानले युक्त भएको विपाक चित्त द्वितीयध्यान भूमिमा प्रतिसन्धि भवाङ्ग च्युक्त हिसाबले उत्पन्न हुने हुन्छ ।

***पालि* –चतुत्थज्भान-विपाकं ततियज्भान भूमियं ।**

***भावार्थ* –** चतुर्थध्यानले युक्त भएको विपाक चित्त तृतीयध्यान भूमिमा प्रतिसन्धि भवाङ्ग च्युति हिसाबले उत्पन्न हुने हुन्छ ।

Downloaded from http://dhamma.digital/

*पालि* –**पञ्चमज्झान-विपाकं चतुत्थज्झान भूमियं ।**

***भावार्थ*** **–** पञ्चमध्यानले युक्त भएको विपाक चित्त चतुर्थध्यान भूमिमा प्रतिसन्धि भवाङ्ग च्युति हिसाबले उत्पन्न हुने हुन्छ ।

*पालि* –**असञ्ञसत्तानं पन रूपमेव पटिसन्धि होति, तथा ततो परं पवत्तियं चवनकाले रूपमेव पवत्तित्वा निरुज्झाति ।**

***भावार्थ*** **–** विशेष कुरा बताउँछु । असंज्ञासत्व पुद्गलहरूसँग जीवितछक्क र जीवितनवक कलाप रूप नै प्रतिसन्धि हुने हुन्छ । त्यस्तै नै त्यस प्रतिसन्धि अवस्थाबाट पछि प्रवृत्ति अवस्थामा र च्युति अवस्थामा जीवित छक्क र जीवित नवक कलाप रूप नै भवाङ्ग च्युति हिसाबले उत्पन्न भएर निरोध हुने हुन्छ ।

*पालि* –**इमा छ रूपावचर पटिसन्धियो नाम ।**

***भावार्थ*** **–** यी छवटा प्रतिसन्धिलाई रूपावचर प्रतिसन्धि भन्छन् ।

## रूप पुद्गलहरूको आयु

*पालि* –**तेसु ब्रह्मपारिसज्जानं देवानं कप्पस्स ततियो भागो आयुप्पमाणं । ब्रह्मपुरोहितानं अपड्ढ-कप्पो । महाब्रह्मानं एको कप्पो ।**

***भावार्थ*** **–** ती छ प्रतिसन्धि युक्त भएका पुद्गलहरू मध्येमा ब्रह्मपारिसद्य भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण असंख्यकल्पको तीन खण्डको एक खण्ड हुने हुन्छ ।

ब्रह्मपुरोहित भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण असंख्यकल्पको आधी हुने हुन्छ ।

महाब्रह्मा भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण एक असंख्यकल्प हुने हुन्छ ।

*पालि* –**परित्ताभानं द्वे कप्पाति । अप्पमाणाभानं चत्तारि कप्पानि । आभस्सरानं अट्ठकप्पानि ।**

***भावार्थ*** **–** परित्ताभा भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण दुई महाकल्प हुने हुन्छ ।

अप्पमाणाभा भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण चार महाकल्प हुने हुन्छ ।

आभास्वर भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण आठ महाकल्प हुने हुन्छ ।

Downloaded from http://dhamma.digital/

*पालि* –**परित्तासुभानं सोलस कप्पानि । अप्पमाणासुभानं द्वत्तिंस कप्पानि । सुभकिण्हकानं चतूसट्ठि कप्पानि ।**

***भावार्थ*** – परित्राशुभा भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण सोऱ्ह महाकल्प हुने हुन्छ ।

अप्रमाणाशुभा भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण बत्तीस महाकल्प हुने हुन्छ ।

शुभकृष्णा भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण चैसठ्ठी महाकल्प हुने हुन्छ ।

*पालि* –**वेहप्फलानं असञ्ञसत्तानं च पञ्चकप्पसतानि ।**

***भावार्थ*** – बेहत्फल भूमिमा उत्पन्न हुने ब्रह्माहरूको र असंज्ञासत्व भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण पाँचसय महाकल्प हुने हुन्छ ।

*पालि* –**अविहानं कप्पसहस्सानि । अतप्पानं द्वे कप्पसहस्सानि । सुदस्सानं चत्तारि कप्पसहस्सानि । सुदस्सीनं अट्ठ कप्पसहस्सानि । अकनिट्ठानं सोलस कप्पसहस्सानि ।**

***भावार्थ*** – अविहा भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण एक हजार महाकल्प हुने हुन्छ ।

अतप्पा भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण दुई हजार महाकल्प हुने हुन्छ ।

सुदस्सा भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण चार हजार महाकल्प हुने हुन्छ ।

सुदस्सी भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण आठ हजार महाकल्प हुने हुन्छ ।

अकनिट्ठ भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण सोऱ्ह हजार महाकल्प हुने हुन्छ ।

## आरूप्य प्रतिसन्धि चारवटा

*पालि* –**पठमारुप्पादि विपाकानि पठमारुपादि - भूमिसु यथाक्कमं पटिसन्धि भवङ्ग चुतिवसेन पवत्तन्ति । इमा चतस्सो आरुप्प पटिसन्धियो नाम ।**

***भावार्थ*** – प्रथम आरुप्यादि विपाक चित्त, प्रथम आरुप्य आदि भमिमा क्रमशः प्रतिसन्धि भवाङ्ग च्युति हिसाबले उत्पन्न हुने हुन्छ । यी चार प्रतिसन्धिलाई आरुप्य प्रतिसन्धि भन्दछन् ।

Downloaded from http://dhamma.digital/

## अरूप पुद्‌गलहरूको आयु

***पालि*** **–तेसु पन आकासानञ्चायतनूपगानं देवानं वीसति कप्पसहस्सानि आयुप्पमाणं ।**

***भावार्थ*** **–** विशेष कुरा बताउँछु । ती चार प्रतिसन्धिले युक्त भएका पुद्‌गलहरू मध्येमा आकाशानन्त्यायतन भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण बीस हजार महाकल्प हुने हुन्छ ।

***पालि*** **–विञ्ञानञ्चायतनूपगानं देवानं चत्तालीस कप्पसहस्सानि ।**

***भावार्थ*** **–** विज्ञानन्त्यायतन भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण चालिस हजार महाकल्प हुने हुन्छ ।

***पालि*** **–आकिञ्चञ्ञायतनूपगानं देवानं सट्ठिकप्प सहस्सानि ।**

***भावार्थ*** **–** आकिञ्चन्यायतन भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण साठी हजार महाकल्प हुने हुन्छ ।

***पालि*** **–नेवसञ्ञानासञ्ञायतनूपगानं देवानं चतुरासीति कप्पसहस्सानि ।**

***भावार्थ*** **–** नैवसंज्ञा नासंज्ञायन भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण चौरासी हजार महाकल्प हुने हुन्छ ।

## एक जन्ममा मिल्ने धर्म तीनवटा

***पालि*** **–पटिसन्धि भवङ्गञ्चस तथा चवनमानसं ।**

**एकमेव तथेवेक विसयञ्चेकजातियं ॥**

**इदमेत्थ पटिसन्धि चतुक्क**

***भावार्थ*** **–** एक जन्ममा प्रतिसन्धिचित्त र भवाङ्ग चित्त त्यस्तै नै च्युतिचित्त भूमि जाति सम्प्रयुक्त धर्म र संस्कार हिसाबले एउटै हुने हुन्छ । यस्तै नै एउटा आरम्मण भएको पनि हुने हुन्छ ।

यो बताई आएको वीथियुक्त - संग्रहमा प्रतिसन्धि चतुष्क हो ।

Downloaded from http://dhamma.digital/

# कर्म चतुष्क

## कर्म चारवटा चार चरि

***पालि*** **–जनकं उपथम्भकं उपपीलिकं उपघातकञ्चेति किच्चवसेन ।**

***भावार्थ –*** विपाक कटत्ता (कर्मज) रूपलाई बनाउने कर्म, प्रेरणा दिएर बलियो पार्ने कर्म, नजिकै बसेर कष्ट दिने कर्म र नजिकै बसेर घात गर्ने कर्म भनी यसरी कृत्य हिसाबले चार कर्म भनेकोलाई जान्नुपर्दछ ।

***पालि*** **–गरुकं आसन्नं आचिण्णं कटत्ताकम्मञ्चेति पाकदान परियायेन ।**

***भावार्थ –*** गऱ्हौं कर्म; मरणासन्न अवस्थामा सम्झनुपर्ने, गर्नुपर्ने कर्म; अटूट रूपले अभ्यास गर्नुपर्ने गर्नुपर्ने कर्म र गरेको मात्र भइरहेको कर्म भनी यसरी फल दिने कर्म अनुसार चारवटा कर्म भनेकोलाई जान्नुपर्दछ ।

***पालि*** **–दिट्ठधम्मवेदनीयं उपपज्जवेदनीयं अपरापरिय-वेदनीयं अहोसिकम्मञ्चेति पाककालवसेन-चत्तारि कम्मानि नाम ।**

***भावार्थ –*** प्रत्यक्ष शरीरको भावमा (यहाँको यहीं) भोग गर्ने फल भएको कर्म अथवा यही जन्ममा फल दिने लक्षण भएको कर्म; पछिको शरीरको भावमा उत्पन्न भएर भोगिने कर्म अथवा दोश्रो जन्ममा फल दिने लक्षण भएको कर्म; प्रत्यक्ष शरीरको भावले पनि अलग भैरहेको अनिश्चित शरीरको भावमा भोगिने फल भएको कर्म अथवा तेश्रो जन्मेदेखि निर्वाण प्राप्त हुने ठाउँ सम्मको ( निर्वाण प्राप्त नहुञ्जेल सम्मको) जन्ममा फल दिने लक्षण भएको कर्म; फल दिईसकेको पनि होइन, पछि दिने पनि नभएको मात्र कर्म नाउँमात्र भैरहेको “अहोसि” कर्म भनी यसरी फल दिने अवस्थाको हिसाबले चारवटा कर्म भनेकोलाई जान्नुपर्दछ ।

***पालि*** **–तथा अकुसलं कामावचर - कुसलं रूपावचार - कुसलं अरूपावचर - कुसलञ्चेति पाकट्ठानवसेन ।**

***भावार्थ –*** त्यस्तै नै अकुशल कर्म, कामावचर कुशल कर्म, रूपावचर कुशल कर्म र अरूपावचर कुशल कर्म भनिकन यसरी फल दिने स्थानको हिसाबले चारवटा कर्म भनेकोलाई जान्नुपर्दछ ।

Downloaded from http://dhamma.digital/

*पालि* –**तत्थ अकुसलं कायकम्मं वचीकम्मं मनोकम्मञ्चेति कम्पद्वारवसेन तिबिधं होति ।**

***भावार्थ*** – अकुशल कर्म, कायकर्म, वचीकर्म र मनोकर्म भनी यसरी कर्मद्वार हिसाबले तीन प्रकारले छन् ।

## कायकर्म तीनवटा

*पालि* –**कथं ?**

**पाणातिपातो अदिन्नादानं कामेसु मिच्छाचारो चेति कायविञ्ञत्ति - संखाते कायद्वारे बाहुल्लबुत्तितो कायकम्मं नाम ।**

***भावार्थ*** – परप्राणीलाई चाँडै पतन गर्ने, धनीले शरीर र वचनले नदिएको अर्काको धन चोरेर लिने र पञ्चकाममा सत्पुरुष होइन असत्पुरुषहरूको आचरणलाई सेवन गर्ने हिसाबले कायद्वारमा उत्पन्न हुने, "अगमनीय मातृरक्षित" स्थानमा दूषित गर्ने चेतना भनेको कामगुणमा भूल भएको रुपले आचरण गर्ने; भनिकन यसरी तीन प्रकारको कर्मलाई कायविज्ञप्ति भनेको अथवा शरीरले जान्न अनुभव गराउन सकिने भनेको कायद्वारमा धेरै मात्रामा उत्पन्न हुने हुनाले यसलाई कायकर्म भन्छ ।

## वचीकर्म चारवटा

*पालि* –**मुसावादो पिसुनवाचा फरूसवाचा सम्फप्पलापो चेति वचीविञ्ञत्ति - संखाले वचीद्वारे बाहुल्लवुत्तितो वचीकम्मं नाम ।**

***भावार्थ*** – झूठलाई सत्य रुपले भनिने कुरा; दुईजनाको प्रेमलाई छिन्नभिन्न हुनेगरी बिगार्न सकिने कुरा; करौति झैं धारिलो स्पर्श भएको कुरा र सुख ऐश्वर्यलाई बिगार्न सकिने सीताहरण आदि काम नलाग्ने कुरा भनी यसरी चार प्रकारको कर्मलाई वचीविज्ञप्ति भनेको अथवा वचनद्वारा जान्न अनुभव गराउन सकिने भनेको वचीद्वारमा धेरै मात्रामा उत्पन्न हुने हुनाले यसलाई वचीकर्म भन्छ ।

## मनोकर्म तीनवटा

*पालि* –**अभिज्झा ब्यापादो मिच्छादिट्ठि चेति अञ्ञत्रापि विञ्ञत्तिया मनस्मिंयेव बाहुल्लवुत्तियो मनोकर्म नाम ।**

***भावार्थ*** – अर्काको सुख ऐश्वर्यलाई सिद्धा ताक्ने हिसाबले मनमा चिताउनेस ऐश्वर्य अभिवृद्धिलाई बिगार्ने कारण भैरहेको दोष, र उल्टो रुपले देख्नु भनिकन यसरी तीन प्रकारको

Downloaded from http://dhamma.digital/

कर्मलाई कायविज्ञप्ति र वचीविज्ञप्तिलाई अलग राखेर पनि मनमामात्र धेरै मात्रामा उत्पन्न हुने हुनाले अथवा चित्तमा धेरै मात्रामा उत्पन्न हुने हुनाले यसलाई मनोकर्म भनिन्छ ।

## कर्मबाट बनिने धर्म

***पालि* –तेसु पाणातिपातितो फरुसवाचा ब्यापादो च दोसमूलेन जायन्ति ।**

***भावार्थ* –** ती अकुशल कर्मपथ दशवटा मध्येमा प्राणातिपात, पारुष्य वचन र व्यापाद दोषमूलबाट उत्पन्न हुने हुन्छन् ।

***पालि* –कामेसु मिच्छाचारो अभिज्झा मिच्छादिट्ठि च लोभमूलेन ।**

***भावार्थ* –** कामेषु मिथ्याचार, अभिध्या र मिथ्यादृष्टि लोभमूलबाट उत्पन्न हुने हुन्छन् ।

***पालि* –सेसानि चत्तारिपि द्विहि मूलेहि सम्मवन्ति ।**

***भावार्थ* –** बताईसकेकाबाट बाँकी रहेको अदिन्नादान, मृषावाद, पैशून्य वचन, सम्प्रलाप वचन यी चारवटा लोभ र दोष दुईमूलबाट उत्पन्न हुने हुन्छन् ।

***पालि* –चित्तुप्पादवसेन पनेतं अकुसलं सब्बथापि द्वादसविं होति ।**

***भावार्थ* –** विशेष कुरा बताउँछु । चित्तोत्पादको हिसाबले यी अकुशल कर्म सबैप्रकारले पनि १२ वटा छन् ।

## काम कशुलकर्म तीनवटा

***पालि* –कमावचरकुसलम्पि कायद्वारे पवत्तं कायकम्मं वचीद्वारे पवत्तं वचीकम्मं मनोद्वारे पवत्तं मनोकम्मञ्चेति कम्मद्वारवसेन तिबिधं होति ।**

***भावार्थ* –**

***पालि* –तथा दान - सील - भावना - वसेन ।**

***भावार्थ* –**कामावचर कुशलकर्म पनि कायद्वारमा उत्पन्न हुने कायकर्म, वचीद्वारमा उत्पन्न हुने वचीकर्म, मनोद्वारमा उत्पन्न हुने मनोकर्म भनी यसरी कर्मद्वार हिसाबले तीन प्रकारका छन् ।

Downloaded from http://dhamma.digital/

***पालि*** **–तथा दान - सील - भावना - वसेन ।**

***भावार्थ –*** त्यस्तै नै दान शील र भावना हिसाबले तीन प्रकारले छन् ।

***पालि*** **–चित्तुप्पादवसेन पनेतं अट्ठविधं होति ।**

***भावार्थ –*** विशेष कुरा बताउँछु । चित्तोत्पादको हिसाबले यो कामावचर कुशलधर्म ८ प्रकारले छन् ।

## पुण्यक्रिया वस्तु १० वटा

***पालि*** **–दान - सील - भावना - अपचायन - वेय्यावच्च - पत्तिदान - पत्तानुमोदन - धम्मस्सवन - धम्मदेसना - दिट्ठिजुकम्मवसेन दसविधं होति ।**

***भावार्थ –*** दान दिने, शील समादान गर्ने, कर्मस्थान भावना वृद्धि गर्ने, त्रिरत्न गुरु आमा-बाबु आदिलाई साना ठूला काम गरी सेवा सुश्रुषा गर्ने, आफूले गरेको कुशल आनिशंस अरूलाई बाँडीदिने, अरूले गरेको कुशल आनिशंसलाई साधुवाद दिई अनुमोदन गर्ने, धर्मोपदेश सुन्ने, धर्मदेशना गर्ने, सिद्धा दृष्टि धारण गर्ने हिसाबले दश प्रकारले छन् ।

***पालि*** **–तं पनेतं वीसति - विधम्पि कामावचरकम्ममिच्चेव संखं गच्छति ।**

***भावार्थ –*** भिन्नता पछि समूहलाई बताउँछु । २० प्रकारले पनि भएको यो कुशल र अकुशल कर्म कामावचर कर्म भनिकन नै गणनामा अथवा व्यवहारमा जाने हुन्छ ।

## रूप कुशलकर्म ५ वटा

***पालि*****–रूपावचरकुसलं पन मनोकम्ममेव । तञ्च भावनामयं अप्पनापत्तं झानङ्गभेदेन पञ्चविधं होति ।**

***भावार्थ –*** कामावचरकर्म पछि रूपावचरकर्म बताउँछु । रूपावचर कुशलकर्म मनोकर्म मात्र हो । त्यो रूपावचार कुशलकर्म भनेको मनोकर्म पनि भावनामय हो । अर्पणामा पुगेको हो । यो ध्यानअङ्गको प्रभेदले पाँच प्रकारले छन् ।

## अरूप कुशलकर्म ४ वटा

***पालि*** **–तथा अरूपावचर - कुसलञ्च मनोकम्मं । तम्पि भावनामयं अप्पनापत्तं आरम्मणभेदेन चतुब्बिधं होति ।**

Downloaded from http://dhamma.digital/

***भावार्थ –*** त्यस्तै नै अरूपावचर कुशलकर्म पनि मनोकर्म मात्र हो । त्या अरूपावचर कुशल भनेको मनोकर्म पनि भावनामय हो । अर्पणामा पुगेको हो । आकाश आरम्मण आदि चार आरम्मणको प्रभेदले चार प्रकारले छन् ।

## कामावचर कर्मको फल दिने भूमि

*पालि* –**एत्थाकुसलकम्ममुद्धच्चरहितं अपाय - भूमियं पटिसन्धि जनेति । पवत्तियं पन सब्बम्पि द्वादसविधं सत्ताकुसलपाकानि सब्बत्थापि कामलोके रूपलोके च यथारहं विपच्चति ।**

***भावार्थ –*** यी चार कर्म मध्येमा औधृत्य चेतना रहित भएको ११ वटा अकुशल कर्मले अपाय भूमिमा प्रतिसन्धि तुल्याउँछ ।

प्रवृत्ति अवस्थामा त १२ प्रकारका सबै अकुशल कर्मले पनि ७ वटा अकुशल विपाक चित्तलाई सबै नै कामभूमि र रूपभूमिमा योग्यतानुसार फल दिने हुन्छ ।

*पालि* –**कामावचरकुसलम्पि कामसुगतियमेव पटिसन्धिं जतेति । तथा पवत्तियञ्च महाविपाकानि । अहेतुक - विपाकानि पन अट्ठपि सब्बत्थापि कामलोके रूपलोके च यथारहं विपच्चति ।**

***भावार्थ –*** कामावचर कुशलकर्म पनि सातवटा काम सुगतिमा मात्र प्रतिसन्धि तुल्याउने हुन्छ ।

त्यस्तै नै प्रवृत्ति अवस्थामा पनि आठ महाविपाक चित्तलाई तुल्याउने हुन्छ । आठैवटा कुशलविपाक चित्तलाई मात्र सबै नै कामभूमि र रूपभूमिमा उचितानुसार फल दिने हुन्छ ।

Dhamma.Digital

## त्रिहेतुक उत्कृष्ट कर्म इत्यादिको भेद

*पालि* –**तत्थापि तिहेतुक मुक्कट्ठं कुसलं तिहेतुकं पटिसन्धि दत्वा पवत्ते सोलस विपाकानि विपच्चति ।**

***भावार्थ –*** ती कामावचर कुशलकर्म मध्येमा त्रिहेतुक उत्कृष्ट (उच्च) भैरहेको चार प्रकारका कुशल कर्मले त्रिहेतुक भैरहेका चार प्रकारको प्रतिसन्धिलाई दिएर प्रवृत्ति अवस्थामा १६ विपाक चित्तलाई उत्पन्न गराउने हुन्छ ।

*पालि* –**तिहेतुकमोमकं द्विहेतुकमुक्कट्ठञ्च कुसलं द्विहेतुकं पटिसन्धि दत्वा पवत्ते तिहेतुक रहितानि द्वादसविपाकानि विपच्चति ।**

Downloaded from http://dhamma.digital/

***भावार्थ –*** तिहेतुक ओमक (निम्न) भैरहेको चार प्रकारका कुशलकर्म र द्विहेतुक उत्कृष्ट भैरहेको चार प्रकारका कुशलकर्म; द्विहेतुक भैरहेको चार प्रकारका प्रतिसन्धिलाई दिएर प्रवृत्ति अवस्थामा चारवटा त्रिहेतुक विपाक चित्तले अलग भैरहेको १२ वटा विपाक तित्तलाई उत्पन्न गराउने हुन्छ ।

***पालि*** **–द्विहेतुकमोमकं पन कुसलं अहेतुकमेव पटिसन्धिं देति, पवत्ते च अहेतुक - विपाकानेव विपच्चति ।**

***भावार्थ –*** द्विहेतुक ओमक भैरहेको चार प्रकारका कुशलकर्म मात्र चोक्खै अहेतुक भैरहेको प्रतिसन्धिलाई दिने हुन्छ । प्रवृत्ति अवस्थामा पनि अहेतुक कुशल विपा चित्त आठवटालाई मात्र उत्पन्न गराउने हुन्छ ।

## केचिवाद संग्रह गाथा

***पालि*** **–असंखारं ससंखार-विपाकानि न पच्चति ।**

**संखारमसंखार - विपाकानीति केचनं ॥**

***भावार्थ –*** असंस्कारिक कुशल कर्मले ससंस्कारिक विपाक चित्त उत्पत्ति गराउँदैन । ससंस्कारिक कुशल कर्मले असंस्कारिक विपाक चित्त उत्पत्ति गराउँदैन । यसरी कुनै आचार्यहरूले अथवा मोरवापि प्रदेशमा वासगरी रहनुभएका महाधर्मरक्षित नामक आर्यले भन्नु भएको छ ।

***पालि*** **–तेसं द्वादसपाकानि, दसाट्ठ च यथाक्कमं ।**

**यथावुत्तानुसारेन, यथासम्भव - मुद्दिसे ॥**

***भावार्थ –*** उनी केचि आचार्यहरूको सिद्धान्तमा बताई आएको अनुसार क्रमशः १२ विपाक चित्तलाई, दश विपाक चित्तलाई र आठ विपाक चित्तलाई योग्यतानुसार देखाउनु पर्दछ ।

## रूप कर्मको फल दिने भूमि

***पालि*** **–रूपावचरकुसलं पन पठममज्भानं परित्तं भावेत्वा ब्रह्मपारिसज्जेसु उप्पज्जति ।**

***भावार्थ –*** कामावचर कुशलकर्म पछि रूपावचर कुशल कर्मलाई बताउँछु, अथवा धर्म अधिस्थान पछि पुद्गल अधिस्थानलाई बताउँछु । कर्मस्थान अभ्यास गर्ने व्यक्तिले अल्प आनुभाव

Downloaded from http://dhamma.digital/

भएको रूपावचर कुशलकर्म प्रथमध्यानलाई अल्प आनुभाव भएको रूपमा भाविता गरेर ब्रह्मपारिसद्य भूमिमा उत्पन्न हुने हुन्छ।

***पालि*** **–तदेव मज्झिमं भावेत्वा ब्रह्मपुरोहितेसु।**

***भावार्थ –*** मध्यस्थ आनुभाव भएको त्यस प्रथमध्यानलाई नै भाविता गरेर अथवा त्यस प्रथमध्यानलाई नै भाविता गरेर अथवा त्यस प्रथमध्यानलाई नै मध्यस्थ आनुभाव भएको रुपमा भाविता गरेर ब्रह्मपुरोहित भूमिमा उत्पन्न हुने हुन्छ।

***पालि*** **–पणितं भावेत्वा महाब्रह्मेसु।**

***भावार्थ –*** प्रणीत आनुभाव भएको त्यस प्रथमध्यानलाई नै भाविता गरेर अथवा त्यस प्रथमध्यानलाई नै प्रणीत आनुभाव भएको रूपमा भाविता गरेर महाब्रह्मा भूमिमा उत्पन्न हुने हुन्छ।

***पालि*** **–तथा दुतियज्झानं ततियज्झानञ्च परित्तं भावेत्वा परित्ताभेसु।**

***भावार्थ –*** त्यस्तै नै अल्प आनुभाव भएको द्वितीयध्यान र तृतीयध्यानलाई भाविता गरेर अथवा द्वितीयध्यान र तृतीयध्यानलाई अल्प आनुभाव भएको रूपमा भाविता गरेर परित्राभा भूमिमा उत्पन्न हुने हुन्छ।

***पालि*** **–मज्झिमं भावेत्वा अप्पमाणाभेसु।**

***भावार्थ –*** मध्यम आनुभाव भएको द्वितीयध्यान र तृतीयध्यानलाई भाविता गरेर अथवा द्वितीयध्यान र तृतीयध्यानलाई मध्यम आनुभाव भएको रूपमा भाविता गरेर अप्रमाणभा भूमिमा उत्पन्न हुने हुन्छ।

***पालि*** **–पणीतं भावेत्वा आभस्सरेसु।**

***भावार्थ –*** प्रणीत आनुभाव भएको द्वितीयध्यान र तृतीयध्यानलाई भाविता गरेर अथवा द्वितीयध्यान र तृतीयध्यानलाई प्रणीत आनुभाव भएको रूपमा भाविता गरेर आभास्वर भूमिमा उत्पन्न हुने हुन्छ।

***पालि*** **–चतुत्थज्झानं परित्तं भावेत्वा परित्तासुभेसु।**

***भावार्थ –*** अल्प आनुभाव भएको चतुर्थध्यानलाई भाविता गरेर अथवा चतुर्थध्यानलाई अल्प आनुभाव भएको रूपमा भाविता गरेर परित्रशुभा भूमिमा उत्पन्न हुने हुन्छ।

Downloaded from http://dhamma.digital/

*पालि* –**मज्झिमं भावेत्वा अप्पमाणसुभेसु ।**

***भावार्थ*** **–** मध्यम आनुभाव भएको चतुर्थध्यानलाई भाविता गरेर अथवा चतुर्थध्यानलाई मध्यम आनुभाव भएको रूपमा भाविता गरेर अप्रमाणशुभा भूमिमा उत्पन्न हुने हुन्छ ।

*पालि* –**पणीतं भावेत्वा सुभकिण्हेसु ।**

***भावार्थ*** **–** प्रणीत आनुभाव भएको चतुर्थध्यानलाई भाविता गरेर अथवा चतुर्थध्यानलाई प्रणीत आनुभाव भएको रूपमा भाविता शुभकृष्णा भूमिमा उत्पन्न हुने हुन्छ ।

*पालि* –**पञ्चमज्झानं भावेत्वा वेहप्फलेसु ।**

***भावार्थ*** **–** पञ्चमध्यान भाविता गरेर बृहत्फल भूमिमा उत्पन्न हुने हुन्छ ।

*पालि* –**तदेव सञ्ञाविरागं भावेत्वा असञ्ञासत्तेसु ।**

***भावार्थ*** **–** संज्ञारहित भएको त्यो पञ्चमध्यानलाई नै भाविता गरेर वा त्यो पञ्चमध्यानलाई नै संज्ञारहित रूपले भाविता गरेर असंज्ञात्व भूमिमा उत्पन्न हुने हुन्छ ।

*पालि* –**अनागामिनो पन सुद्धावासेसु उप्पज्जन्ति ।**

***भावार्थ*** **–** अनागामी पुद्गलहरू मात्र शुद्धावास भूमिमा उत्पन्न हुने हुन्छन् ।

Dhamma.Digital

## अरूप कर्मको फल दिने भूमि

*पालि* –**अरूपावचर - कुसलञ्च यथाक्कमं भावेत्वा अरूपेसु उप्पज्जन्ति ।**

***भावार्थ*** **–** अरूपावचर कुशल कर्मलाई पनि क्रमशः भाविता गरेर अरूपावचर भूमिमा उत्पन्न हुने हुन्छ ।

*पालि* –**इत्थं महग्गतं पुञ्ञं, यथाभूमि ववत्थितं ।**

**जनेत सहिसं पाकं, पटिसन्धि - पवत्तियं ॥**

Downloaded from http://dhamma.digital/

***भावार्थ –*** यसरी बताई आएको, भेद अनुसार महर्गत कुशलकर्म प्रतिसन्धि अवस्था र प्रवृत्ति अवस्थामा यथा व्यवस्थित भूमि अनुसार आफू समान भएको विपाक चित्तलाई उत्पन्न गराउने हुन्छ ।

यो बताई आएको यो वीथिमुक्त - संग्रहमा कर्म चतुष्क भयो ।

................

## च्युति प्रतिसन्धि कर्म ४ वटा

### मरण चार वटा

***पालि* –आयुक्खयेन कम्मक्खयेन उभयक्खयेन उपच्छेदक - कम्मुना चेति चतुधा मरणुप्पत्ति नाम ।**

***भावार्थ –*** आयुक्षय हुनाले, कर्मक्षय हुनाले, आयु र कर्म दुवै क्षय हुनाले र नजिकै बसेर छेदन गर्ने कर्मले सत्वहरूको मरण हुने हुन्छ । यसरी चार प्रकारको मरणोत्पत्ति भनेकोलाई जान्नु पर्दछ ।

### मरण अवस्थामा निमित्त देखिने

***पालि* –तत्थ चामरणन्तानं पन मरणकाले यथारहं अभिमुखीभूतं भवन्तरे पटिसन्धि - जनकं कम्मं वा । तं कम्म करणकाले रूपादिकमुपलद्ध-पुब्बमुपकरणभूतञ्च कम्मनिमित्तं वा । अनन्तरमुपज्जमानभवे उपलब्भितब्ब-मुपभोग भूतञ्च गतिनिमित्तं वा । कम्मबलेन छन्नं द्वारानं अञ्ञतरस्मिं पच्चुपट्ठाति ।**

***भावार्थ –*** विशेष कुरा बताउँछु, अथवा मरण पछि मरण अवस्थामा कर्म, कर्मनिमित्त र गतिनिमित्त देखिने कुरा बताउँछु । ती चार कारणले मात्र मरण हुने सत्वहरूलाई मरण अवस्थामा उचितानुसार अघि सरेर आउने, अर्को जन्ममा प्रतिसन्धि उत्पन्न गराउने कुशल अकुशल कर्म, त्यस कुशल अकुशल कर्म बनाउने अवस्थामा पहिले उपलब्ध भैसकेको उपकरण पनि भैसकेको रूपारम्मण आदि अथवा रूपारम्मण, शब्द, गन्ध, रस, प्रष्टव्य र धर्मारम्मण भनेको लट्ठि, शूल, खुकुरी, भाला, धनुष, बाण, विहार, बुद्ध, चैत्य, भोजन, चीवर, छाता, ध्यजा, फूलको माला आदि कर्मनिमित्त र पछि उत्पन्न हुने जन्ममा उपलब्ध पनि हुने उपभोग पनि हुने भैरहेको गर्भासय, नर्कको खर्कण्डा, नरकपाल, नर्कको आगोको ज्वाला, कालो कुक्कुर, देव अप्सरा, विमान कल्पवृक्ष आदि गतिनिमित्त कर्मबलले ६ द्वारा मध्येमा एकनएक द्वारमा बार बार अगाडि देखिन आउने हुन्छ ।

Downloaded from http://dhamma.digital/

## मरणान्त अवस्थामा चित्त क्रमको उत्पत्ति

*पालि* –**ततो परं तमेव तथोपट्ठितं आरम्मणं आरब्भ विपच्चमानककम्मानुरूपकं परिसुद्धं उपकिलिट्ठं वा उपलब्भितब्ब - भवानुरूपं तत्थोणतंव चित्तसन्तानं अभिण्हं पवत्तति बाहुल्लेन ।**

***भावार्थ*** – त्यसरी बार बार देखापर्नुबाट पछि ती ती आकारबाट बार बार देखापर्न आउने त्यस कर्म, कर्मनिमित्त र गतिनिमित्त भनेको आरम्मणलाई नै आरम्मण गरेर प्रतिसन्धिलाई उत्पन्न गराउने कर्मको रूपमा परिशुद्ध भएर वा धमिलो भएर उपलब्ध हुन योग्य भएको भव अनुसार त्यस भवमा झुकेको जस्तो अथवा झुकेर नै चित्तको क्रम अटूट रुपले धेरै धेरै उत्पन्न हुने हुन्छ ।

## अर्को तरिकाले कर्मले आरम्मण देखिने

*पालि* –**तमेव वा पन जनकभूतं कम्मं अभिनवकरणवसेन द्वारपत्तं होति ।**

***भावार्थ*** – विशेष कुरा बताउँछु । प्रतिसन्धिलाई उत्पन्न गराउन सकिने त्यस कर्म नै आफूले आफूलाई नवीकरण गर्ने हिसाबले द्वारमा पुग्ने हुन्छ ।

## मरणासन्न वीथि

*पालि* – **पच्चासन्नमरणस्स तस्स वीथिचित्तावसाने भवङ्गक्खये वा चवनवसेन पच्चुप्पन्नभव - परियोसानभूतं चुतिचित्तं उप्पज्जित्वा निरुज्झति ।**

***भावार्थ*** – निकै नजिक भएको मरण भएको त्यो सत्वको अन्तमा तदारम्मण र भवन भएको वीथिचित्तको अवसानमा वा भवाङ्गको अवसानमा अथवा भवाङ्गको निरोधमा, च्युतिको हिसाबले वर्तमान भएको, अन्त भैराखेको च्युतिचित्त उत्पन्न भएर निरोध हुने हुन्छ ।

## प्रतिसन्धि चित्तको उत्पत्ति

*पालि* –**तस्मिं निरुद्धावसाने तस्सानन्तरमेव तथागहितं आरम्मणं आरब्भ सब्बत्थुकं अवत्थुकमेव यथारहं अविज्जानुसय - परिक्खितेन तण्हानुसयमूलकेन संखारेन जनीयमानं सम्पयुत्तेहि परिगहचमानं सहजातानमधिट्ठान - भावेन पुब्बङ्गमभूतं भवन्तर - पटिसन्धानवसेन - पटिसन्धिसंखातं मानसं उप्पज्जमानमेव पतिट्ठाति भवन्तरे ।**

***भावार्थ*** – त्यो च्युति निरोध भएपछि निरोधको अन्तमा त्यस च्युति चित्तको अनन्तरमा नै त्यस आकारले ६ द्वारिक मरणासन्न जवनले ग्रहण गरिराखेको कर्म, कर्मनिमित्त र गतिनिमित्त भनेको आरम्मणलाई आरम्मण गरेर वस्तु सहित भएको वा वस्तु रहित भएर नै योग्यतानुरूपले अविद्या

Downloaded from http://dhamma.digital/

अनुशयले घेरिएको तृष्णा अनुशय नै मूलकारण भएको कुशल, अकुशल कर्मले उत्पन्न गराई राखेको स्पर्श, वेदना आदि घिरेर ग्रहण गरिराखेको स्पर्श, वेदना आदि सहजात धर्मको सम्प्रयुक्त आधार रूपले पूर्वगामी भैरहेको पहिलेको र पछिको भव विशेषलाई एकै जोडले जोडिएको जस्तै जोड्न सक्ने हिसाबले प्रतिसन्धि भनेको चित्त उत्पद्यमान भएर नै अर्को भवमा अथवा नयाँ भवमा प्रतिसन्धि हुने हुन्छ ।

## काम प्रतिसन्धि चित्तको आरम्मण

***पालि* –मरणासन्नवीथियं पनेत्थ मन्दप्पवत्तानि पञ्चेव जवनानि पाटिकंखिब्बानि, तस्मा यदि पच्चुप्पन्नारम्मणेसु आपाथमागतेसु धरन्तेस्वेव मरणं होति ।**

***भावार्थ –*** विशेष कुरा बताउँछु । यो मरणोत्पत्ति वा मरणासन्नवीथिमा मन्द गतिबाट उत्पन्न हुने पाँचपटक मात्रको जवनलाई जुन कारणले इच्छित छ सोही कारणले प्रकट रूपमा देखिन आउने लाई शूल गर्भासय फुललको माला आदि कर्म, कर्मनिमित्त वा कल्पवृक्ष इच्यादि गतिनिमित्त भनेको वर्तमान आरम्मण प्रकट भएको बेलामा नै यदि मरण भयो भने त्यस्तो हुँदा ।

***पालि* –तदा पटिसन्धिभवङ्गानम्पि पच्चुप्पन्नारम्मणता लब्भतीति कत्वा कामावचरपटिसन्धिया छ द्वारग्गहितं कम्मनिमित्तं गतिनिमित्तञ्च पच्चुप्पन्नमतीतारम्मणं उपलब्भति ।**

***भावार्थ –*** त्यतिबेला प्रतिसन्धि भवाङ्ग चित्तको पनि वर्तमान आरम्मण भएको भाव उपलब्ध हुन्छ । तसर्थ कामावचर प्रतिसन्धिको आरम्मणलाई छ द्वारले ग्रहण गरिराखेको वर्तमान र अतीत भैरहेको लट्ठि, शूल, खुकुरी, भाला, धनुष, बाण, विहार, बुद्ध, चैत्य, भोजन, चीवर, छाता, ध्वंजा, फुलको माला आदि कर्मनिमित्तलाई र मनोद्वारले ग्रहण गरिराखेको वर्तमान नै भैरहेको गर्भासय, नर्कको ठूलो खर्कण्डा, नरकपाल, नर्कको आगोको ज्वाला, कालोकुकुर, देव अप्सरा, विमान, कल्पवृक्ष आदि गतिनिमित्त उपलब्ध हुन्छ ।

***पालि* –कम्मं पन अतीतमेव, तञ्च मनोद्वारग्गहितं तानि पन सब्बानिपि परित्तधम्म भूतानेवारम्मणानि ।**

***भावार्थ –*** कुशल र अकुशल कर्म त अतीत नै मात्र हो । त्यो अतीत भैरहेको कुशल अकुशल कर्मलाई पनि मनोद्वारले ग्रहण गरिराखेको छ । समूहलाई बताउँछु । त्यो त्यो कर्म, कर्मनिमित्त र गतिनिमित्त सबैको कामधर्म नै आरम्मण भएको हुन्छ ।

Downloaded from http://dhamma.digital/

## रूप अरूप प्रतिसन्धिको आरम्मण

*पालि* –**रूपावचर पटिसन्धिया पन पञ्ञत्तिभूतं कम्मनिमित्तमेवारम्मणं होति ।**

***भावार्थ*** – कामावचर प्रतिसन्धिको आरम्मण पछि महर्गत प्रतिसन्धिको आरम्मणलाई बताउँछु । रूपावचर प्रतिसन्धिको आरम्मण प्रज्ञप्ति भैरहेको पृथ्वी कसिण आदि कर्मनिमित्त नै हुनेछ ।

*पालि*–**तथा आरुपपटिसन्धिया च महग्गतभूतं पञ्ञत्तिभूतञ्च कम्मनिमित्तमेव यथारहमारम्मणं होति ।**

***भावार्थ*** – त्यस्तै नै आरुप्य प्रतिसन्धिको आरम्मण पनि योग्यतानुसार महर्गत पनि प्रज्ञप्ति पनि भैरहेको आकाशानन्त्यायतन कुशल आका प्रज्ञप्ति आदि कर्मनिमित्त नै हुन्छ ।

*पालि* –**असञ्ञासत्तानं पन जीवितनवकमेव पटिसन्धि भावेन पतिट्ठाति । तस्मा ते रूपपटिसन्धिका नाम ।**

***भावार्थ*** – नाम प्रतिसन्धि पछि रूप प्रतिसन्धिलाई बताउँछु । असंज्ञासत्व पुद्‌गलहरूको जीवितनवक कलाप रूप नै प्रतिसन्धिको रूपले प्रतिष्ठित हुने हुँदा ती असंज्ञासत्व पुद्‌गलहरूलाई रूप नै प्रतिसन्धि भएका पुद्‌गलहरू भन्छन् ।

*पालि* –**आरुप्पा अरूपपटिसन्धिका, सेसा रूपारूप-पटिसन्धिका ।**

***भावार्थ*** – आरुप्य पुद्‌गलहरूलाई नाम मात्र प्रतिसन्धि भएका पुद्‌गलहरू भन्छन् । असंज्ञासत्व र अरूप पुद्‌गलहरूबाट बाँकी रहेका पुद्‌गलहरूलाई नाम र रूप दुवै प्रतिसन्धि भएका पुद्‌गलहरू भन्दछन् ।

## च्युति चित्त पछि प्रतिसन्धि हुने

*पालि* –**आरुप्प चुतिया होन्ति, हेट्ठिमारुप्प वज्जिता ।**

**परमारुप्पसन्धी च, तथा कामतिहेतुका ॥**

**रूपावचर - चुतिया, अहेतु - रहिता सियुं ।**

**सब्बा कामतिहेतुम्हा, कामेस्वेव पनेतरा ॥**

**अयमेत्थ चुतिपटिसन्धिक्कमो ।**

Downloaded from http://dhamma.digital/

***भावार्थ –*** अरूप च्युति चारवटा पछि तल तलका अरूप प्रतिसन्धिबाट अलग भएका अरूप प्रतिसन्धि चारवटा, त्यस्तै प्रकारको कामत्रिहेतुक प्रतिसन्धि चारवटा छन् । रूपावचर च्युति ६ वटा पछि अहेतुक प्रतिसन्धिबाट अलग भएका १७ वटा प्रतिसन्धि छन् । कामत्रिहेतुक च्युति चारवटा भन्दा पछि १९ वटा प्रतिसन्धि सबै छन् ।

साधारण पछि असाधारणलाई बताउँछु । कामत्रिहेतुक र द्विहेतुक च्युति पछि ११ वटा कामभूमिमा नै १० वटा प्रतिसन्धि प्राप्त हुने हुन्छ ।

**यो बताई आएको यो वीथिमुक्त-संग्रहमा च्युति प्रतिसन्धिको क्रम हो ।**

................

## भवाङ्ग र च्युति चित्तको उत्पत्ति

***पालि –*****इच्चेवं गहितपटिसन्धिकानं पन पटिसन्धि निरोधानन्तरतो पभुति तमेवारम्मणमारब्भ तदेव चित्तं याव चुति चित्तुप्पादा असति वीथिचित्तुप्पादे भवस्स अङ्गभावेन भवङ्ग - सन्ततिसंखानं मानसं अब्बोच्छिन्न नदीसोतो विय पवत्तति ।**

**परियोसाने च चवनवसेन चुतिचित्तं हुत्वा निरुज्झति ।**

***भावार्थ –*** च्युति प्रतिसन्धि क्रम पछि भवाङ्ग क्रमलाई बताउँछु । यसरी बताई आएको निमय अनुसार ग्रहण गरिसकेको प्रतिसन्धि भएका पुद्गलहरूलाई प्रतिसन्धि चित्त निरोध भएपछि त्यस प्रतिसन्धिको आरम्मणलाई नै आरम्मण गरेर त्यस प्रतिसन्धि चित्त नै च्युतिचित्त उत्पत्ति हुनेबेलासम्म वीथिचित्तको उत्पत्ति अथवा पञ्चद्वारावर्जन, चक्षुविज्ञान, पञ्चद्वारावर्जन, श्रोतविज्ञान, पञ्चद्वारावर्जन, घ्राणविज्ञान, पञ्चद्वारावर्जन, जिव्हाविज्ञान, पञ्चद्वारावर्जन, कायविज्ञान, पञ्चद्वारावर्जन, जवन आदि वीथिचित्तको उत्पन्न नभए भवको कारणको रूपले भवाङ्गक्रम भनेको चित्त अटूटरूपले नदी बगेझैं उत्पन्न हुने हुन्छ ।

अन्तमा पनि च्युति हुने हिसाबले च्युतिचित्त उत्पन्न भएर निरोध हुने हुन्छ ।

## संसारचक्र घुमाउने

***पालि –*****ततो परञ्च पटिसन्धादयो रथचक्कमिव यथाक्कमं एव परिवत्तन्ता पवत्तन्ति ।**

***भावार्थ –*** त्यो च्यतिचित्त निरोध भैसकेपछि पनि प्रतिसन्धि आदि चित्त क्रमशः रथको पांग्राझैं घुम्दै मात्र रहने हुन्छ ।

***पालि –*****पटिसन्धि-भवङ्ग-वीथियो, चुतिचेह तथा भवन्तरे ।**

Downloaded from http://dhamma.digital/

**पुन सन्धि भवङ्गमिच्चयं, परिवत्तन्ति चित्तसन्तति ॥**

***भावार्थ –*** यो वर्तमान जन्ममा प्रतिसन्धि भवाङ्ग वीथिचित्त र च्युतिचित्त घुम्दै गर्ने जस्तै फेरि अर्को जन्ममा प्रतिसन्धि भवाङ्ग आदि यस चित्तको क्रम घुमेर नै रहने हुन्छ ।

## संसारचक्र अन्त हुने

*पालि* **–पटिसंखाय पनेत मद्धुवं, अधिगन्त्वा पदं मच्चुतं बुधा । सुसमुच्छिन्न - सिनेहबन्धना, सममेस्सन्ति चिराय सुब्बता ।**

***भावार्थ –*** संसारचक्र घुम्नु पछि संसारचक्र अन्त हुनुलाई बताउँछु । प्रज्ञावान्हरूले अस्थिर स्वभाव भएको अथवा स्थिर स्वभाव नभएको यो संसारधर्मलाई प्रज्ञाद्वारा विचार गरी चिरकाल सम्म असल आचरण गर्ने भएर राम्रैसँग मार्गज्ञानले छेदन गरिसकेको स्नेह र बन्धन हुने भएर अथवा स्नेह र बन्धनलाई मार्गज्ञानले राम्रैसँग छेदन गरिसकेका भएर मृत्युले रहित भैरहेको निर्वाणलाई मार्ग र फलज्ञानले साक्षात्कार गरी सम्पूर्ण संसार दुःख शान्त भैरहेको निर्वाण धातुमा पुग्न जाने हुन्छ ।

## वीथिमुक्त - संग्रह निगमन

*पालि* **–इति अभिधम्मत्थसङ्गहे वीथिमुक्तसङ्गह - विभागो नाम पञ्चमो परिच्छेदो ।**

***भावार्थ –*** अभिधर्मार्थ संग्रह नामको ग्रन्थमा वीथिमुक्त-संग्रह विभाग नाम भएको पाँचौं काण्ड सम्पूर्ण भयो ।

Downloaded from http://dhamma.digital/

# रूप-काण्ड ६

## अनुसन्धि र प्रतिज्ञा

***पालि*** **–एत्तावता विभत्ता ह, सप्पभेदप्पवत्तिका ।**

**चित्त - चेतसिका धम्मा, रूपं दानि पवुच्चति ॥**

***भावार्थ*** **–** यति प्रमाण भएको पाँच परिच्छेदले, तीन परिच्छेदले व्यक्त गरेको प्रमेदले, दुई परिच्छेदले व्यक्त गरेको उत्पत्ति भएको अथवा उद्देश, निर्देश र प्रतिनिर्देशको हिसाबले व्यक्त गरेको प्रभेद, प्रवृत्ति प्रतिसन्धिको हिसाबले व्यक्त गरेको उत्पत्ति भएको चित्त चैतसिक भैरहेको स्वभावधर्मलाई जुन कारणले मैले विभक्त गरिसकें; त्यस कारणले अहिले रूपलाई बताउँछु ।

## मातृका

***पालि*** **–समुद्देसा विभागा च, समुट्ठाना कलापतो ।**

**पवत्तिक्कमतो चेति, पञ्चधा तत्थ सङ्गहो ।**

***भावार्थ*** **–** रूपलाई संक्षिप्तले देखाउने, रूलाई विभाजन गर्ने, चक्षुदशक आदि रूपकलापको उत्पत्ति, चक्षु आदि रूप समूह र भव काल, सत्व भेदले रूपको उत्पत्ति क्रमानुसार त्यस रूप-संग्रहमा पाँच प्रकारले हिसाप हुने हुन्छ ।

## रूप समुद्देस

### महाभूत  उपादारूप

***पालि*** **–चत्तारि महाभूतानि चतुन्नञ्च महाभूतानं उपादाय रूपन्ति दुविधम्पेतं रूपं एकादसविधेन सङ्गहं गच्छति ।**

***भावार्थ*** **–** चार महाभूत र चार महाभूतलाई आधार लिएर उत्पन्न हुने रूप भनिकन यसरी दुई प्रकारले भैरहेको यो रूप ११ प्रकारले गणनामा अथवा संग्रहमा जाने हुन्छ ।

## महाभूत ४ वटा

***पालि*** **– कथं ?**

**पथवीधातु आपोधातु तेजोधातु वायोधातु भूतरूपं नाम ।**

Downloaded from http://dhamma.digital/

***भावार्थ –*** कसरी जाने हुन्छ ?

पृथ्वी धातु, आपो धातु, तेजो धातु, र वायो धातुलाई भूतरूप भन्छ ।

## उपादारूप २४ वटा

### प्रसाद रूप ५ वटा

*पालि* –**चक्खु सोतं घानं जिह्वा कायो पसादरूपं नाम ।**

***भावार्थ –*** चक्षुप्रसाद, श्रोतप्रसाद, घ्राणप्रसाद, जिह्वाप्रसाद, कायप्रसादलाई प्रासदरूप भन्छ ।

### गोचर रूप ७ वटा

*पालि* –**रूपं सद्दो गन्धो रसो आपोधातु - विवज्जितं भूतत्तयसंखातं फोट्ठब्बं गोचररूपं नाम ।**

***भावार्थ –*** रूपारम्मण, शब्दारम्मण, गन्धारम्मण, रसारम्मण र आपोधातुले अलग भएको भूतरूप तीनवटाको समूह भनेको प्रष्टव्यारम्मणलाई गोचररूप भन्छ ।

### भावरूप २ वटा

*पालि* –**इत्थतं पुरिसत्तं भावरूपं नाम ।**

***भावार्थ –*** स्त्रीत्व र पुरुषत्वलाई भावरूप भन्छ ।

### हृदयरूप १ वटा

*पालि* –**हदयवत्थु हदयरूपं नाम ।**

***भावार्थ –*** हृदयवस्तुलाई हृदयरूप भन्छ ।

### जीवितरूप १ वटा

*पालि* –**जीवितिन्द्रियं जीवितरूपं नाम ।**

***भावार्थ –*** जीवितिन्द्रियलाई जीवितरूप भन्छ ।

Downloaded from http://dhamma.digital/

## आहाररूप १ वटा

*पालि* –**कबलीकारो आहारो आहाररूपं नाम ।**

***भावार्थ*** – गाँस गाँस गर्नु नपरे पनि गर्नु परे जस्तो भएको आहारलाई आहाररूप भन्छ ।

*पालि* –**इति च अठ्ठारसविधम्पेतं रूपं सभावरूपं सलक्खणरूपं निप्फन्नरूपं रूपरूपं सम्मस्सनरूपन्ति च सङ्गहं गच्छति ।**

***भावार्थ*** – यस प्रभेदले १८ प्रकारले भैराखेका यी रूप कक्खल आदि (आआफ्नो स्वभावले उत्पन्न हुने हुनाले) स्वभावरूप भनिकन, अनित्यादि लक्षणसँगै उत्पन्न हुने हुनाले सलक्षणरूप भनिकन, परिच्छेद आदि भावलाई अलग पारेर आआफ्नो स्वभावले मात्र (कर्म आदि कारणले सिद्ध हुने हुनाले) निष्पन्नरूप भनिकन, (चिसो तातो आदि विरोधी कारणले बदलिने) भएको भावले त्यो चिसो तातो इत्यादि विरोधी भैरहेको कारणले बदलिएर रहने हुनाले रूपरूप भनिकन र परिच्छेद आदि भावलाई नाघेर स्वभावले मात्र उत्पन्न हुने हुनाले (अनित्य दु:ख अनात्म भन्ने लक्षणलाई तीनवटामा राखेर परामर्श गर्न योग्य हुनाले) सम्मस्सनरूप भनिकन गन्तिमा अथवा नामाकरणमा जाने हुन्छ ।

## परिच्छेदरूप १ वटा

*पालि* –**अकासधातु परिच्छेदरूपं नाम ।**

***भावार्थ*** – आकाशधातुलाई परिच्छेदरूप भन्छ ।

## विज्ञप्तिरूप २ वटा

*पालि* –**कायविञ्ञत्ति वचीविञ्ञत्ति विञ्ञत्तिरूपं नाम ।**

***भावार्थ*** – कायविज्ञप्ति र वचीविज्ञप्तिलाई विज्ञप्तिरूप भन्छ ।

## विकाररूप ५ वटा

*पालि* –**रूपस्स लहुत मुदुता कम्मञ्ञता विञ्ञत्तिद्वयं विकाररूपं नाम ।**

***भावार्थ*** – निष्पन्नरूप १८ वटा, रूपको हलुंगो भाव, नरम भाव, काममा प्रयोग गर्नुहुने भाव, विज्ञप्तिरूप समूह दुईवटालाई विकाररूप भन्छ ।

Downloaded from http://dhamma.digital/

## लक्षणरूप ४ वटा

***पालि*** **–रूपस्स उपचयो सन्तति जरता अनिच्चता लक्खणरूपं नाम ।**

***भावार्थ –*** चक्षु इत्यादि रूपको उत्पत्ति अवस्था, उत्पत्ति क्रम, जीर्णता र अनित्यतालाई लक्षणरूप भन्छ ।

***पालि*** **–जातिरूपमेव पनेत्थ उपचय सन्तति नामेन पवुच्चतीति एकादसविधम्मपेतं रूपं अट्ठवीसतिविधं होति सरूपवसेन ।**

***भावार्थ –*** विशेष कुरा बताउँछु । यी लक्षणरूप चारवटामा जातिरूप एउटालाई नै उपचय र सन्तति नामले व्यवहार गरेको छ । यसरी एघार प्रकारले पनि भैरहेको यो रूप स्वरूपको हिसाबले वा आआफ्नो स्वभाव अनुसार २८ वटा छन् ।

## संग्रह-गाथा

***पालि*** **–कथं ?**

**भूतप्पसादविसया, भावो हदयमिचति ।**

**जीविताहाररूपेहि, अट्ठारसविधं तथा ॥**

**परिच्छेदो विञ्ञति, विकारो लक्खणन्ति च ।**

**अनिप्फन्ना दसा चेति, अट्ठवीसविधं भवे ॥**

**अयमेत्थ रूपसमुद्देसो ।**

***भावार्थ –*** कसरी हुन्छ ?

भूतरूप ४ वटा, प्रसादरूप ५ वटा,[१] विषयरूप ७ वटा, भावरूप २ वटा, अनि हृदयरूप भनिकन यसरी जीवितरूप आहाररूप समेत १८ प्रकारले निष्पन्नरूप र त्यसपछि अर्को-

परिच्छेदरूप, विज्ञप्तिरूप दुईवटा,[२] विकाररूप ५ वटा र लक्षणरूप ४ वटा भनी यसरी १० वटा अनिष्पन्नरूप, यस प्रभेदले २८ प्रकारले छन् ।

यो बताई आएको यो रूप संग्रहमा अथवा रूपसमुद्देश आदि पाँच मध्येमा रूपलाई संक्षिप्त देखाउने नय हो ।

१. विषयरूप ७ वटामा पठवी, आपो, तेजो तीनवटा भूतरूपमा गैसकेको हुनाले ४ वटा मात्र ।

२. विकाररूप ५ वटामा विञ्ञत्तिरूप दुईवटा घटाएर ३ वटा मात्र ।

Downloaded from http://dhamma.digital/

## रूप विभाग

***पालि*** **–सब्बञ्च पनेतं रूपं अहेतुकं सपच्चयं सासवं संखतं लोकियं कामावचरं अनारम्मणं अप्पहातब्बमेवाति एकविधम्पि अज्झत्तिकबाहिरादिवसेन बहुधा भेदं गच्छति ।**

***भावार्थ –*** रूपसमुद्देश पछि रूपविभागलाई बताउँछु । यी सम्पूर्ण रूप (अलोभ आदि सम्प्रयुक्त हेतु नभएको हुनाले) अहेतुक नामको भयो । (कर्म चित्त ऋतु र आहार भनेको कारणधर्म चारवटाले युक्त भएर) सप्रत्यय पनि नाम भएको छ । (आश्रवधर्म चारवटाको आरम्मण भएकोले) साश्रव पनि नाम भएको छ । (कर्म चित्त ऋतु आहार भनेको कारणधर्म चारवटा समूह भएर संस्कृत हुनाले) संस्कृत पनि नाम भएको छ । (उपादानको आरम्मण भैरहेको संस्कारलोकमा अन्तर्गत भएको हुनाले) लौकिय पनि नाम भएको छ । (कामतृष्णाको गौचर भएको हुनाले) कामावचर पनि नाम भएको छ । (आरम्मणलाई ग्रहण गर्न नजान्ने हुनाले) अनारम्मण पनि नाम भएको छ । (तदङ्ग प्रहाण, विष्कम्भण प्रहाण, समुच्छेद प्रहाण हिसाबले हटाउन नहुने हुनाले) अप्रहातव्य पनि नाम भएको छ । यसरी एक प्रकारले विद्यमान रूप आध्यात्मिक बाहिरिक इत्यादि हिसाबले अनेक प्रकारले भेद हुन जाने हुन्छन् ।

## आध्यात्मिक रूप र बाहिरिक रूप

***पालि*** **–कथं ?**

**पसादसंखातं पञ्चविधम्पि अज्झत्तिकरूपं नाम, इतरं बाहिररूपं ।**

***भावार्थ –*** कसरी हुनजान्छ ?

प्रसादरूप भनेको पाँचै प्रकारले भएको रूपलाई आध्यात्मिकरूप भन्छ । त्यसभन्दा अर्को २३ वटा रूपलाई बाहिरिकरू भन्छ ।

## वस्तुरूप र अवस्तुरूप

***पालि*** **–पसादहदयसंखातं छब्बिधम्पि वत्थुरूपं नाम, इतरं अवत्थुरूपं ।**

***भावार्थ –*** प्रसादरूप ५ र हृदयरूप भनेको ६ प्रकारले पनि भएको रूपलाई वस्तुरूप भन्छ । त्यसभन्दा अर्को २२ वटा रूपलाई अवस्तुरुप भन्छ ।

## द्वाररूप र अद्वाररूप

***पालि*** **–पसादविञ्ञत्तिसंखातं सत्तविधम्पि द्वाररूपं नाम, इतरं अद्वाररूपं ।**

***भावार्थ –*** प्रसादरूप ५ र विज्ञप्तिरूप २ वटा भनेको सात प्रकारले भएका रूपलाई द्वाररूप भन्छ । त्यसभन्दा अर्को २१ वटा रूपलाई अद्वाररूप भन्छ ।

Downloaded from http://dhamma.digital/

## इन्द्रियरूप र अनिन्द्रियरूप

*पालि* –**पसादभावजीवितसंखातं अट्ठविधम्पि इन्द्रियरूपं नाम, इतरं अनिन्द्रियरूपं ।**

***भावार्थ*** – पसादरूप ५, भावरूप २, जीवितरूप भनेको आठप्रकारले भएको रूपलाई इन्द्रियरूप भन्छ। त्यसबाट अर्को २० वटा रूपलाई अनिन्द्रियरूप भन्छ।

## आलारिक (स्थुल) रूप र सूक्ष्मरूप इत्यादि

*पालि* –**पसादविसयसंखातं द्वादसविधम्पि ओलारिरूपं सन्तिकेरूपं सप्पटिघरूपञ्च, इतरं सुखुमरूपं दूरेरूपं अप्पटिघरूपञ्च ।**

***भावार्थ*** – प्रसादरूप ५ र विषयरूप ७ वटा भनेको १२ प्रकारले भएको रूपलाई ओलारिक ( स्थूल) रूप भन्छ । सन्तिकेरूप अथवा नजिकको रूप भन्छ । सप्रछिघरूप अथवा प्रतिघात भएको रूप भन्छ । त्यसबाट अर्को १६ रूपलाई सूक्ष्मरूप, दूरेरूप अथवा टाढाको रूप, अप्रटिघरूप अथवा प्रतिघात रहित रूप भन्छ।

## उपादिन्नरूप र अनुपादिन्नरूप

*पालि* –**कम्मजं उपादिन्नरूपं, इतरं अनुपादिन्नरूपं ।**

***भावार्थ*** – कम्मजरूप १८ वटालाई उपादिन्नरूप वा आरम्मण गर्ने रूपले तृष्णा र दृष्टिले ग्रहण गरिराखेको कर्म फलको रूपमा ग्राहय भएको हुनाले उपादिन्नरूप भन्छ । त्यसबाट अर्को त्रिजरूपलाई अनुपादिन्नरूप अथवा आरम्मण गर्ने रूपले तृष्णा र दृष्टि टाँसिएको कर्म फलको रूपमा ग्राहय नभएको हुँदा अनुपादिन्नरूप भन्छ।

## सनिदर्शनरूप र अनिदर्शनरूप

*पालि* –**रूपायतनं सनिदस्सनरूपं, इतरं अनिदस्स्नरूपं ।**

***भावार्थ*** – रूपायतनलाई सनिदर्शनरूप अथवा हेर्ने साथ भएको रूप भन्छ। त्यसबाट अर्को २७ वटा रूपलाई निदर्शनरूप भन्छ।

## गौचर ग्राहकरूप र अगौचर ग्राहकरूप

*पालि* –**चक्खादिद्वयं असम्पत्तवसेन घानादित्तयं सम्पत्तवसेतानि पञ्चविधम्पि गोचरग्गाहकरूपं, इतरं अगोचरग्गाहकरूपं ।**

Downloaded from http://dhamma.digital/

***भावार्थ –*** चक्षु आदि रूप दुईवटाको समूह नपुगेको हिसाबले घ्राण आदि रूप तीनवटाको समूह पुगेको हिसाबले यसरी पाँच प्रकारले पनि भएको रूपलाई आरम्मण ग्रहण गर्न जानेको वा आरम्मणलाई ग्रहण गर्ने गौचरग्राहकरूप भन्छ । त्यसबाट अर्को २३ वटा रूपलाई आरम्मण ग्रहण गर्न नजान्ने वा आरम्मणलाई ग्रहण नगर्ने अगौचरग्राहकरूप भन्छ ।

## अविनिर्भोगरू र विनिर्भोगरूप

*पालि* –**वण्णो गन्धो रसो ओजा भूतचतुक्कञ्चेति अट्ठविधम्पि अविनिब्भोगरूपं, इतरं विनिब्भोगरूपं ।**

***भावार्थ –*** रूपारम्मण, गन्धारम्मण, रसारम्मण, ओजा र भूतरूप चारवटाको समूह यसरी आठ प्रकारले भएको रूपलाई अलग अलग छुट्याउन नहुने अविनिर्भोगरूप भन्छ । त्यसबाट अर्को २० वटा रूपलाई अलग अलग छुट्याउन हुने विनिर्भोगरूप भन्छ ।

## संग्रह-गाथा

*पालि* –**नचेव मट्ठवीसति, विधम्पि च विक्खणा ।**

**अज्झत्तिकादि - भेदेन, विभजन्ति यथारहं ॥**

**अयमेत्थ रूपविभागो ।**

***भावार्थ –*** यसरी बताई आएको नय अनुसार २८ प्रकारले पनि भएको रूपलाई नै योग्यतानुसार आध्यात्मिक रूपादि प्रभेदले विद्वानहरूले विभाजन गरिराखेका हुन् ।

यो बताई आएको यस रूप-संग्रहमा अथवा यो यस रूपसमुद्देश आदि पाँचवटा मध्येमा रूपलाई विभाजन गर्ने नय हो ।

........................

Downloaded from http://dhamma.digital/

## रूपसमुट्ठान नय

### रूपलाई बनाउने धर्म ४ वटा

***पालि* –कम्मं चित्तं उतु आहारो चेति चत्तारि रूपसमुट्ठानानि नाम ।**

***भावार्थ* –** कामकुशल, अकुशल र रूपकुशल कर्म २५; अरूप विपाक ४, पञ्चविज्ञान १० र अरहन्तहरूको च्युतिचित्तबाट अलग भएका ७५ चित्त; ऋतु र आहार भनिकन यसरी चार कारणलाई रूप उत्पन्न गराउने कारण भन्छन् ।

### कर्मले रूप बनाउने

***पालि*–तत्थ कामावचरं रूपावचरञ्चेति पञ्चवीसतिविधम्पि कुसलाकुसलकम्ममभिसंखतं अज्झत्तिकसन्ताने कम्मसमुट्ठानरूपं पटिसन्धिमुपादाय खणे खणे समुट्ठापेति ।**

***भावार्थ* –** ती ४ कारण मध्येमा कामावचर कुशल र अकुशल कर्म २० वटा, रूपावचर कुशल कर्म ५ वटा, यसरी २५ प्रकारले भएको कुशल अकुशल कर्म आध्यात्मिक संतानमा अभिसंस्कृत भएको कर्मले उत्पन्न हुने रूपलाई प्रतिसन्धि चित्तको उत्पत्ति देखि क्षणिक क्षणिकमा अथवा एकेक चित्तको तीन तीन क्षणमा उत्पन्न गराउने हुन्छ ।

### चित्तले रूप बनाउने

***पालि* –आरुप्पविपाक-द्विपञ्चविञ्ञाणवज्जित पञ्चसत्तति-विधम्पि चित्तं चित्तसमुट्ठानरूपं पठमभवङ्ग - मुपादाय जायन्तमेव समुट्ठापेति ।**

***भावार्थ* –** अरूप विपाक ४, द्विपञ्चविज्ञान १० र अरहन्तहरूको च्युति चित्तबाट अलग भएको ७५ प्रकारले पनि भएको चित्तले, चित्त नै उत्पत्ति कारण भैरहेको रूपलाई अथवा चित्तको कारणले उत्पत्ति हुने रूपलाई प्रथम भवाङ्गलाई कारण तुल्याई उत्पत्ति समकालमा नै आध्यात्मिक सन्तानमा उत्पन्न गराउने हुन्छ ।

***पालि* –तत्थ अप्पनाजवनं इरियापथम्पि सन्नामेति ।**

***भावार्थ* –** ती ७५ चित्त मध्येमा अर्पणा जवन २६ वटाले इरियापथलाई पनि अथवा जाने, उठ्ने, बस्ने, सुत्नेलाई पनि उत्पन्न गराउने हुन्छ ।

***पालि* –वोट्ठब्बन कामावचर - जवनाभिञ्ञा पन विञ्ञत्तिम्पि समुट्ठापेति ।**

***भावार्थ* –** वोट्ठब्बन कामावचर जवन एकक्रम तीस (२९) वटा र अभिज्ञा दुईवटाले कायविज्ञप्ति वचीविज्ञप्तिलाई पनि उत्पन्न गराउने हुन्छ ।

Downloaded from http://dhamma.digital/

*पालि* **–सोमनस्सजवनानि पनेत्थ तेरस हसनम्पि जनेन्ति ।**

***भावार्थ*** **–** विशेष कुरा बताउँछु । यस विज्ञप्तिलाई उत्पन्न गराउने वोट्ठब्बन कामावचर जवन २९ वटा र अभिज्ञा दुईवटा मध्येमा १३ वटा सौमनस्य सहगत जवनले हाँस्नुलाई उत्पन्न गराउने हुन्छ ।

## ऋतुले रूप बनाउने

*पालि* **–सीतुण्होतु समञ्ञता तेजोधातु ठितिप्पत्ताव उतुसमुट्ठानरूपं अज्झत्तञ्च बहिद्धा च यथारहं समुट्ठापेति ।**

***भावार्थ*** **–** शीतऋतु, उष्णऋतु भनेको तेजोधातुले स्थितिमा पुऱ्याएर मात्र ऋतु नै कारण भैरहेको रूपलाई अथवा ऋतुको कारणले उत्पन्न हुने रूपलाई आध्यात्म सन्तानमा र बाहिरिक सन्तानमा उचितानुसार (योग्यता अनुरुप) उत्पन्न गराउने हुन्छ ।

## आहारले रूप बनाउने

*पालि* **–ओजा संखातो आहारो आहारसमुट्ठानरूपं अज्झोहरणकाले ठान पत्तो व समुट्ठापेति ।**

***भावार्थ*** **–** ओजा भनेको आहारले आहार नै उत्पत्ति कारण भैरहेको रूपलाई अथवा आहारको कारणले उत्पत्ति हुने रूपलाई निल्ने अवस्थामा स्थितिमा पुगरे मात्र आध्यात्मिक सन्तानमा उत्पन्न गराउने हुन्छ ।

Dhamma Digital

## कर्मजरूप

*पालि* **–तत्थ हदय इन्द्रियरूपानि कम्मजानेव ।**

***भावार्थ*** **–** ती रूपसमूह मध्येमा हृदयरूप र इन्द्रियरूप कर्मले मात्र हुने हुन्छ ।

## चित्तजरूप

*पालि* **–विञ्ञत्तिद्वयं चित्तजमेव ।**

***भावार्थ*** **–** विज्ञप्ति दुईवटा चित्तबाट मात्र उत्पन्न हुने हुन्छ ।

Downloaded from http://dhamma.digital/

## चित्तज ऋतुज रूप

*पालि* –**सद्दो चित्तोतुजो ।**

*भावार्थ* – शब्दरूप चित्त र ऋतुबाट उत्पन्न हुने हुन्छ ।

## चतुजरूप

*पालि* –**अनिब्भोगरूपानि चेव अकासधातु च चतूहि सम्भूतानि ।**

*भावार्थ* – अविनिर्गोगरुप आठवटा आकाशधातु, चार कारणबाट उत्पन्न हुने हुन्छ ।

## नकुतोचिज रूप

*पालि* –**लक्खणरूपानि न कुतोचि जायन्ति ।**

*भावार्थ* – लक्षणरूप ४ वटा कुनै कारणले पनि उत्पन्न हुँदैन ।

## संग्रह-गाथा

*पालि* –**अट्ठारस पन्नरस, तेरस द्वादसा ति च ।**

**कम्मचित्तोतुकाहार, जाविन होन्ति यथाक्कमं ॥**

**जायमानादि रूपानं, सभावना हि केवलं ।**

**लक्खणानि न जायन्ति, केहिचीति पकासितं ॥**

**अयमेत्थ रूपसमुट्ठाननयो ।**

*भावार्थ*–कर्मज, चित्तज, ऋतुज र आहारजरूप क्रमशः अट्ठार पन्ध्र, तेऱ्ह र बाऱ्हवटा छन् ।

केवल जायमान, इत्यादि निष्पन्नरूपको स्वभावको हिसाबको कारणले लक्षणरूप चारवटा कुनै पनि कारणले पनि उत्पन्न हुँदैन भनी यसरी देखाई राखेको छ ।

**यी बताई आएका यस रूपसंग्रहमा अथवा**

**रूपसमुद्देश आदि पाँचवटा मध्येमा**

**रूपसमुट्ठाननयलाई देखाएको नय हो ।**

................

Downloaded from http://dhamma.digital/

# रूपकलाप

## रूपकलाप लक्षण ४ वटा

**_पालि_ –एकुप्पादा, एकनिरोधा, एकनिस्सया, सहबुत्तिनो एकवीसति रूपकलापा नाम ।**

**_भावार्थ_ –** सँगै उत्पन्न हुन पाउने अथवा समान उत्पत्ति भएको, सँगै निरोध हुन पाउने अथवा समान लय हुने भएको, समान आधार भएको, सँगै उत्पन्न हुने भएको अथवा भिन्न भिन्न कलाप भएको रूपको हिसाबले सँगै उत्पन्न हुने २१ वटा रूपसमूहलाई रूपकलाप भन्छ ।

## कर्मज कलाप ९ वटा

**_पालि_ –तत्थ जीवितं अविनिब्भोगरूपञ्च चक्खुना सह चक्खुदसकन्ति पवुच्चति ।**

**_भावार्थ_ –** ती २१ वटा रूपकलाप मध्येमा जीवितरूलाई र अविनिर्भोगरूपलाई चक्षुप्रसादसँग चक्षुदशक भनिकन वा चक्षुद्वारा नियमित भएको रूपसमूह दशवटा भनिन्छ ।

**_पालि_ –तथा सोतादीहि सद्धिं सद्दसकं घानदसकं जिह्वादसकं कायदसकं इत्थिभावदसकं पुम्भावदसकं वत्थुदसकञ्चेति यथाक्कमं योजेतब्बं ।**

**_भावार्थ_ –** त्यस्तै नै श्रोतप्रसाद आदिसँग अथवा श्रोतप्रसाद, घ्राणप्रसाद, जिह्वाप्रसाद, कायप्रसाद, स्त्रीभाव, पुरुषभाव र हृदयवस्तुसँग श्रोतदशक भनिकन अथवा श्रोतद्वारा नियमित भएको रूपसमूह दशवटा भनिकन; घ्राणदशक भनिकन अथवा घ्राणद्वारा नियमित भएको रूपसमूह दशवटा भनिकन; जिह्वादशक भनिकन अथवा जिह्वाद्वारा नियमित भएको रूपसमूह दशवटा भनिकन; कायदशक भनिकन अथवा कायद्वारा नियमित भएको रूपसमूह दशवटा भनिकन; स्त्रीभावदशक भनिकन अथवा स्त्रीभावले नियमित भएको रूपसमूह दशवटा भनिकन; पुरुषभावदशक भनिकन अथवा पुरुषभावले नियमित भएको रूपसमूह दशवटा भनिकन; वस्तुदशक भनिकन अथवा हृदयवस्तुद्वारा नियमित भएको रूपसमूह दशवटा भनिकन; यसरी मिलाउनु पर्छ ।

**_पालि_ –अविनिब्भोगरूपमेव जीवितेन सह जीतिनवकन्ति पवुच्चति । इमे नव कम्मसमुट्ठान - कलापा ।**

**_भावार्थ_ –** अविनिर्भोग आठवटालाई नै जीवितिन्द्रियसँग जीवित नवक कलाप भनिकन वा जीवितद्वारा नियमित भएको रूपसमूह ९ वटा भनी विशेषरूपले बताई राखेको छ । यसरी यी रूपकलाप ९ वटालाई कर्मबाट उत्पन्न हुने रूपकलाप भन्छ अथवा कर्म नै उत्पत्ति कारण भएको रूपकलाप भन्छ ।

Downloaded from http://dhamma.digital/

## चित्तज कलाप ६ वटा

*पालि* –**अविनिब्भोगरूपं पन सुद्धट्ठकं । तथेव कायविञ्ञत्तिया सह कायविञ्ञत्ति - नवकं । वचीविञ्ञत्तिसद्देहि सह वची विञ्ञत्ति-दसकं । लहुतादीहि सद्धिं लहुतादेकादसकं । कायविञ्ञत्तिलहुतादि द्वादसकं । वचीविञ्ञत्ति सद्दलहुतादि तेरसकञ्चेति छ चित्तसमुट्ठान कलापा ।**

***भावार्थ*** – कर्मज कलाप पछि चित्तज कलापलाई बताउँछु । अविनिर्भोगरूप आठवटालाई शुद्ध अष्टक कलाप भन्दछ ।

ती शुद्ध अष्टक कलाप नै कायविज्ञप्तिसँग कायविज्ञप्ति नवक कलाप भनिन्छ ।

वचीविज्ञप्ति र शब्दसँग वचीविज्ञप्ति दशक कलाप भनिन्छ ।

लहुता आदि सँग एकादशक कलाप भनिन्छ ।

कायविज्ञप्ति लहुता आदि द्वादशक कलाप भनिन्छ ।

अनि वचीविज्ञप्ति शब्दलहुतादि तेरशक कलाप भनिन्छ ।

यसरी यी रूपकलाप ६ वटालाई चित्तबाट उत्पन्न हुने रूपकलाप भन्छ । अथवा चित्त नै उत्पत्ति कारण भैरहेको रूपकलाप भन्छ ।

## ऋतुज कलाप ४ वटा

*पालि*–**सुद्धट्ठकं सद्दनवकं तहुतादेकादसकं सद्दलहुतादि द्वादसकञ्चेति चत्तारो उतुसमुट्ठान कलापा ।**

***भावार्थ*** – शुद्ध अष्टक कलाप, शब्दनवक कलाप, लहुतादि एकादशक कलाप र शब्दलहुतादि द्वादशक कलाप यसरी यी रूपकलाप चारवटालाई ऋतुबाट उत्पत्ति हुने रूपकलाप भन्छ । अथवा ऋतु नै उत्पत्ति कारण भैरहेको रूपकलाप भन्छ ।

## आहारज कलाप २ वटा

*पालि* –**सुद्धट्ठकं लहुतादेकादसकञ्चेति द्वे आहार समुट्ठान कलापा ।**

***भावार्थ*** – शुद्ध अष्टक कलाप र लहुतादि एकादशक कलाप यसरी यी दुई कलापलाई आहारबाट उत्पत्ति हुने रूपकलाप भन्छ । अथवा आहार नै उत्पत्ति कारण भैरहेको रूपकलाप भन्छ ।

Downloaded from http://dhamma.digital/

## आध्यात्म र बाह्य कलाप भेद

**_पालि_ –तत्थ सुद्धट्ठकं सद्दनवकञ्चेति द्वे उतुसमुट्ठान कलापा बहिद्धापि लब्भन्ति । अवसेसा मन सब्बेपि अज्झत्तिकमेवा"ति ।**

***भावार्थ*** – ती २१ वटा रूपकलाप मध्येमा शुद्ध अष्टक कलाप र शब्दनवक कलाप यसरी ऋतुबाट उत्पन्न हुने रूपकलाप दुईवटा बाहिरिक सन्तानमा पनि उपलब्ध हुन्छ । साधारण पछि असाधारणलाई बताउँछु । ऋतुसमुट्ठानिक रूप दुईवटाबाट बाँकी रहेका एककम बीस (१९) वटा रूपकलाप आध्यात्मिक सन्तानमा मात्र उपलब्ध हुन्छ ।

## संग्रह-गाथा

**_पालि_ –कम्मचित्तोतुकाहार, समुट्ठाना यथाक्कमं ।**

**नव छ चतुरो द्वे ति, कलापा एकवीसति ॥**

**कलापानं पच्छिेद - लक्खणत्ता विचक्खणा ।**

**न कलापङ्ग मिच्चाहु, आकासं लक्खणानि च ॥**

**अयमेत्थ कलाप योजना ।**

***भावार्थ*** – कर्म चित्त ऋतु आहारबाट उत्पत्ति हुने रूपकलाप क्रमशः ९ वटा, ६ वटा, ४ वटा र २ वटा छन् । यसरी कलाप २१ वटा छन् ।

आकाशधातु र लक्षणरूप ४ वटालाई, आकाशधातु लक्षणरूप चारवटाको कलापलाई छुट्याउने, नियमित गर्ने कारणले कलापको अङ्ग भनी विद्वानहरूले भनेको छैन ।

यो बताई आएको यो रूपसंग्रहमा अथवा रूपसमुद्देश आदि पाँचवटा मध्येमा कलापलाई जोड्ने नय हो ।

................

# रूप प्रवृत्ति क्रम

## कामभूमिमा रूपको उत्पत्ति क्रम

**_पालि_ –सब्बानिपि पनेतानि रूपानि कामलोके यथारहं अनूनानि पवत्तियं उपलब्भन्ति ।**

***भावार्थ*** – रूपकलाप पछि रूपप्रवृत्ति क्रमलाई बताउँछु । यो रूप सबै नै कामलोकमा योग्यतानुरूपले प्रवृत्ति अवस्थामा घटी नहुनेगरी उपलब्ध हुन्छ ।

Downloaded from http://dhamma.digital/

*पालि* –**पटिसन्धयं पन संसेदजानञ्चेव ओपपातिकानञ्च चक्खु सोत घान जिह्वा काय भाव वत्थुदसकसंखातानि सत्त दसकानि पातुभवन्ति उक्कट्ठवसेन ।**

***भावार्थ*** **–** प्रवृत्ति पछि प्रतिसन्धिलाई बताउँछु । प्रतिसन्धि अवस्थामा फोहर भएको मलमूत्रमा उत्पन्न हुने कीरा आदि सत्वलाई, प्रकट भएको शरीर भएका चतुर्महाराजिक त्रायत्रिंश इत्यादि सत्वहरूलाई उत्कृष्ट रूपले चक्षुदशक श्रोतदशक, घ्राणदशक, जिह्वादशक, कायदशक, स्त्री भावदशक, पुरुष भावदशक, भनेका सातवटा दशक प्रकट हुने हुन्छन् । अथवा एकैचोटि उत्पन्न हुने हुन्छन् ।

*पालि* –**ओमकवसेन पन चक्खु सोत घान भावदसकानि कदाचिपि न लब्भन्ति । तस्मा तेसं वसेन कलापहानि वेदितब्बा ।**

***भावार्थ*** **–** कमसल वा हीन भएको हिसाबले चक्षुदशक, श्रोतदशक, घ्राणदशक, स्त्रीभावदशक, पुरुषभावदशक, कहिलेकाहीं उत्पन्न हुँदैन । तसर्थ तिनीहरू चक्षु श्रोत घ्राण दशकको हिसाबले कलाप घटी हुनगएको भनी बुझ्नु पर्छ ।

*पालि* –**गब्भसेय्यकसत्तानं पन काय भाव वत्थुदसकसंखातानि तीणि दसकानि पातुभवन्ति । तत्थापि भावदसकं कदाचि न लब्भन्ति ।**

***भावार्थ*** **–** संस्वेदज औपपातिक प्रतिसन्धि पछि गर्भसेय्यकलाई बताउँछु । आमाको गर्भमा रहने गर्भसेय्यक सत्वहरूलाई कायदशक, स्त्रीभावदशक, पुरुषभावदशक, वस्तुदशक भनेका तीनवटा दशक प्रकट हुने हुन्छ । ती तीन दशक मध्येमा पनि भावदशक कहिलेकाहीं उपलब्ध हुँदैन ।

*पालि* –**ततो परं पवत्तिकाले कमेन चक्खुदसकादीनि च पातुभवन्ति ।**

***भावार्थ*** **–** त्यस प्रतिसन्धि अवस्थादेखि पछि प्रवृत्ति अवस्थामा क्रमशः चक्षुदशक इत्यादि पनि अथवा चक्षुदशक, श्रोतदशक, घ्राणदशक, जिह्वादशक पनि प्रकट हुने हुन्छ ।

## पहिले रूप ४ वटा उत्पन्न हुने

*पालि* –**इच्चेवं पटिसन्धि - मुपादाय कम्मसमुट्ठाना दुतियचित्त मुपादाय चित्तसमुट्ठाना ठितिकाल मुपादाय उतुसमुट्ठाना ओजाफरण मुपादाय आहारसमुट्ठाना चेति चतुसमुट्ठाना रूपकलापसन्तति कामलोके दीपजाला विय नदीसोतो विय यावतायुकमब्बोछिन्ना पवत्तति ।**

***भावार्थ*** **–** यसरी बताई आएको नय अनुसार प्रतिसन्धि चित्तको उत्पादलाई कारण तुल्याएर कर्म बनेर आउने रूपकलाप उत्पन्न हुने हुन्छ । प्रथम भवाङ्गलाई कारण तुल्याएर चित्तबाट बनेर आउने रूपकलाप उत्पन्न हुने हुन्छ । प्रतिसन्धि चित्तको स्थितिकाललाई कारण तुल्याएर ऋतुबाट

Downloaded from http://dhamma.digital/

बनेर आउने रूपकलाप उत्पन्न हुने हुन्छ । ओजा फिजिएर जाने अवस्थालाई कारण तुल्याएर आहारबाट बनेर आउने रूपकलाप पनि उत्पन्न हुने हुन्छ । यसरी चार कारणबाट बनेर आउने रूपकलाप क्रम (प्रवाह) कामभूमिमा बत्तीको ज्वालाझैं र नदीको धारझैं आयु छउञ्जेल अविछिन्न रूपले उत्पन्न हुने हुन्छ ।

## रूप ४ वटाको अन्तिम निरोध

***पालि*** **–मरणकाले पन चुतिचित्तोपरि सत्तरसम चित्तस्स ठितिकाल मुपादाय कम्मजरूपानि न उप्पज्जन्ति पुरेतरमुप्पन्नानि च कम्मजरूपानि चुतिचित्तसमकालमेव पवत्तित्वा निरूज्झन्ति ।**

***भावार्थ*** **–** उत्पत्ति पछि अनुत्पत्तिलाई बताउँछु । मरणासन्न अवस्थामा च्युतिचित्त भन्दा अगाडि भएका १७ चित्तको स्थितिकाललाई कारण तुल्याएर कर्मजरूपहरू उत्पन्न हुँदैनन् । च्युतिचित्त भन्दा अगाडि भएका १७ वटा चित्तको उत्पाद क्षणमा उत्पन्न भैसकेको कर्मजरूपहरू च्युतिचित्तसँग समान भएको अवस्था सम्ममात्र उत्पन्न भएर निरोध हुने हुन्छन् ।

***पालि*** **–ततो परं चित्तजाहारजरूपञ्च वोच्छिज्जति ।**

***भावार्थ*** **–** त्यो कर्मजरूप निरोध भएपछि चित्तजरूप र आहारजरूप पनि काटिने (छुट्टिने) हुन्छ ।

***पालि*** **–ततो परं उतुसमुट्ठान रूपपरम्परा याव मतकलेवरसंखाता पवत्तन्ति ।**

***भावार्थ*** **–** त्यो चित्तजरूप र आहारजरूप काटिएर छिनेर गएपछि ऋतु नै कारण भैरहेको रूपकलाप परम्परा मृत्यु भएर कुहिएर सडेर जाने भनेको अवस्थासम्म पनि उत्पन्न भईरहने हुन्छ ।

## संग्रह-गाथा

***पालि*** **–इच्चचेवं मतसत्तानं, पुनदेव भवन्तरे ।**

**पटिसन्धिमुपादाय, तथा रूपं पवत्तति ॥**

***भावार्थ*** **–** यसरी बताई आएको नय अनुसार यस वर्तमान जन्ममा प्रतिसन्धि चित्तको उत्पादलाई कारण तुल्याएर चतुसमुट्ठानिकरूप उत्पन्न भएजस्तै, त्यस्तै नै मृत्यु भईसकेका सत्वहरूलाई फेरी अर्को जन्ममा प्रतिसन्धि चित्तको उत्पादलाई कारण तुल्याएर चतुसमुट्ठानिकरूप उत्पन्न हुने हुन्छ ।

Downloaded from http://dhamma.digital/

....................

## रूप भूमिमा रूपको उत्पत्ति क्रम

***पालि* –रूपलोके पन घान - जिह्वा - काय - भावदसकानि च आहारज कलापानि च न लब्भन्ति, तस्मा तेसं पटिसन्धिकाले चक्खु - सोत - वत्थुवसेन तीणि दसकानि जीवितनवकञ्चेति चत्तारो कम्मसमुट्ठान कलापा ।**

***भावार्थ –*** कामभूमिमा रूपको उत्पत्ति पछि रूपभूमिमा रूपको उत्पत्ति हुनेलाई बताउँछु । रूपभूमिमा घ्राणदशक, जिह्वादशक, कायदशक, स्त्रीभावदशक, पुरुषभावदशक र आहारकलापहरू उपलब्ध छैनन् । तसर्थ रूपब्रह्माहरूको अथवा रूपब्रह्माहरूलाई प्रतिसन्धि अवस्थामा चक्षुदशक, श्रोतदशक, वस्तुदशक हिसाबले तीनवटा दशक र जीवित नवककलाप भनिकन यसरी चार कर्मद्वारा उत्पन्न हुने रूपकलापहरू उपलब्ध हुन्छ ।

***पालि* –पवत्तियं चित्तोतुसमुट्ठाना च लब्भन्ति ।**

***भावार्थ –*** प्रवृत्ति अवस्थामा चित्त र ऋतुबाट बनिने रूपकलापहरू पनि उपलब्ध हुन्छन् ।

***पालि* –असञ्ञासत्तानं पन चक्खु सोत वत्थु सद्दापि न लब्भन्ति, तथा सब्बानिपि चित्तजरूपानि, तस्मा तेसं पटिसन्धिकाले जीवितनवकमेव ।**

***भावार्थ –*** विशेष कुरा बताउँछु । असंज्ञासत्व पुद्गलहरूलाई चक्षु, श्रोत, वस्तु, शब्द पनि उपलब्ध छैन । त्यस्तै नै चित्तजरूप सबै नै उपलब्ध छैनन् । तसर्थ ती असंज्ञासत्व ब्रह्माहरूको प्रतिसन्धि अवस्थामा जीवित नवक कलाप मात्र उपलब्ध हुने हुन्छ ।

***पालि* –पवत्तियञ्च सद्दवज्जितं उतुसमुट्ठानरूपं अतिरिच्चति ।**

***भावार्थ –*** प्रवृत्ति अवस्थामा पनि शब्द भन्दा अलग भएका ऋतु नै उत्पत्ति कारण भैरहेको रूप बाँकी रहने हुन्छ ।

***पालि* –इच्चेवं कामरूपासञ्ञीसंखातेसु तीसु ठानेसु पटिसन्धि पवत्तिवसेन दुबिधा रूपपवति वेदितब्बा ।**

***भावार्थ –*** यसरी बताई आएको नय अनुसार काम भूमिमा, रूप भूमिमा, असंज्ञासत्व भूमिमा तीन भूमिमा प्रतिसन्धि प्रवृत्ति हिसाबले दुई प्रकारको रूपको उत्पत्ति जान्नुपर्छ ।

Downloaded from http://dhamma.digital/

## संग्रह-गाथा

*पालि* –**अट्ठवीसति कामेसु, होन्ति तेवीस रूपिसु ।**

**सत्तरसेव सञ्ञीनं, अरूपे नत्थि किञ्चिपि ॥**

**सद्दो विकारो जरता, मरणञ्चोपपत्तियं ।**

**न लब्भन्ति पवत्तेतु, न किञ्चिपि न लब्भति ॥**

**अयमेत्थ रूपपवत्तिक्कमो ।**

***भावार्थ*** – ११ वटा कामभूमिमा २८ वटा रूप उत्पन्न हुने हुन्छ । असंज्ञासत्वबाट अलग भएका १५ रूपभूमिमा २३ वटा रूप उत्पन्न हुने हुन्छ । असंज्ञासत्व पुद्गलहरूमा १७ वटा रूप मात्र उत्पन्न हुने हुन्छ । अरूपभूमि चारवटामा कुनै एउटा रूप पनि हुँदैन ।

प्रतिसन्धि अवस्थामा शब्द, विकाररूप ५ वटा, जीर्णता र अनित्यता उपलब्ध हुँदैन ।

प्राप्त नभएको पछि प्राप्त भएकोलाई बताउँछु । प्रवृत्ति अवस्थामा कुनै एउटा रूप पनि उपलब्ध नभएको छैन, उपलब्ध नै छन् ।

यो बताई आएको यो रूपसंग्रहमा अथवा रूपसमुद्देश आदि पाँचवटा मध्येमा रूपको उत्पत्ति क्रमलाई देखाउने नय हो ।

................

## निर्वाणलाई देखाउने

*पालि* –**निब्बानं पन लोकुत्तरसंखातं चतुमग्गञाणेन सच्छिकातब्बं मग्गफलानमारम्मणभूतं वानसंखाताय तण्हाय निक्खन्तत्ता निब्बानन्ति पवुच्चति ।**

***भावार्थ*** – रूप पछि निर्वाणलाई बताउँछु । अथवा चित्त चैतसिक पछि निर्वाणलाई बताउँछु । मार्ग र फलको आरम्मण भैरहेको चारवटा मार्गज्ञानले साक्षात्कार गर्नुपर्ने लोकुत्तर भनेको निर्वाणलाई सत्वहरूलाई संसारचक्रमा टाँस्ने घोच्ने कारणले वान भनेको तृष्णाबाट अलग भएर निस्कने हुनाले निर्वाण भनिकन विशेष रूपले बताइयो ।

*पालि* –**तदेनं सभावतो एकविधम्पि सउपादिसेस निब्बानधातु अनुपादिसेस निब्बानधातु चेति दुविधं होति कारणपरियायेन ।**

***भावार्थ*** – स्वभावको हिसाबले अथवा आआफ्नो कृत्य लक्षणको हिसाबले एक प्रकारले मात्र भएको त्यो निर्वाण क्लेशबाट अलग भएर पञ्चस्कन्धसँग मिलेको सउपादिसेस निर्वाणधातु र

Downloaded from http://dhamma.digital/

क्लेशबाट अलग भएको पञ्चस्कन्ध नभएको अनुपादिसेस निर्वाणधातु भनिकन यसरी बुझाउने कारण पर्यायले दुई प्रकारका छन् ।

***पालि* –तथा सुञ्ञतं अनिमित्तं अप्पणिहितञ्चेति तिविधं होति आकारभेदेन ।**

***भावार्थ* –** त्यसभन्दा अर्को राग द्वेष र मोहबाट शून्य भई शून्यतामा नाम भएको निर्वाण; राग द्वेष र मोह भन्ने कारणले रहित भई अनिमित्त नाम भएको निर्वाण र राग द्वेष र मोह भनेको अभिलाषाले रहित भई अप्रणिहित नाम भएको निर्वाण भनिकन यसरी आकार भेदले तीन प्रकारले छन् ।

## संग्रह-गाथा

***पालि* –पदमच्चुत - मच्चन्तं, असंखत - मनुत्तरं ।**

**निब्बानमिति भासन्ति, वानमुत्ता महेसयो ॥**

***भावार्थ* –** च्युति नभएको, च्युति भनेको अन्तलाई नाघेर जाने; कर्म चित्त ऋतु आहार भनेको कारणधर्मले असंस्कृत भएको; आफूभन्दा उच्च भएको धर्म नभएको; मार्ग र फलको आरम्मण भएको धर्मलाई निर्वाण भन्छ भनिकन वान भनेको तृष्णाबाट मुक्त हुनुभएका तथागत बुद्धहरूले बताउनु भयो ।

***पालि* –इति चित्तं चेतसिकं, रूपं निब्बान - मिच्चति ।**

**परमत्थं पकासेन्ति, चतुधाव तथागता ॥**

***भावार्थ* –** यसरी बताई आएको नय अनुसार चित्त चैतसिक रूप र निर्वाण भनिकन पनि चारै प्रकारले परमार्थ धर्मलाई तथागतहरूले प्रकाश गर्नुभयो ।

## रूपकाण्डको निगमन

***पालि* –इति अभिधम्मत्थसङ्गहे रूपसङ्गह विभागो नाम छट्ठो परिच्छेदो ।**

***भावार्थ* –** अभिधर्मार्थ संग्रह नाम भएको ग्रन्थमा रूपसंग्रह विभाग नाम भएको छैठौं काण्ड सम्पूर्ण भयो ।

....................

Downloaded from http://dhamma.digital/

"पञ्ञा नरान रतन"

# जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग

## परियत्ति सद्धम्म कोविद मध्यम वर्ष

### (कक्षा ९, छैठौं पत्र)

जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग प्राप्ताङ्क ३० अंक, १२ घण्टा


## लेखक - एन. भी. गोरकम

## अनुवाद - आर. बि. बन्द्य


Downloaded from http://dhamma.digital/

## परिच्छेद–९

# दैनिक जीवनमा अज्ञात रहने अहेतुक चित्तहरू

हेतु नभइकन उत्पति हुने चित्तहरू अर्थात् अहेतुक चित्तहरू अठार प्रकारका छन् । पन्ध्र प्रकारका अहेतुक चित्तहरू विपाक हुन् । यी १५ चित्तहरू मध्येका १० वटा चाहिँ द्वि-पंच-विञ्ञाणहरू हुन्, यथाः

१. चक्षु-विज्ञान (चक्खु-विञ्ञाण)

२. श्रोत-विज्ञान (सोत-विञ्ञाण)

३. घ्राण-विज्ञान (घान-विञ्ञाण)

४. जिव्हा-विज्ञान (जिह्वा-विञ्ञाण)

५. काय-विज्ञान (काय-विञ्ञाण)

यी मध्ये प्रत्येकको एक जोडी छ - एक अकुशल विपाक र एक कुशल विपाक ।

चक्षु-विज्ञान कर्मको विपाक हो । जब यो अकुशल कर्मको विपाक हुन्छ, चक्षु-विज्ञान अकुशल विपाक हुन्छ । जब यो कुशल कर्मको विपाक हुन्छ, त्यो चित्त कुशल विपाक हुन्छ । चक्षु-विज्ञानको काम रंगलाई जान्नु हो ।

चक्षु-विज्ञानलाई उत्पति गर्ने कर्मले चक्षु-विज्ञानवाला विपाक चित्त मात्र पैदा गर्ने होइन, चक्षु-विज्ञानको पछि पछि उत्पन्न हुने अरू दुई प्रकारका चित्तहरूलाई पनि उत्पत्ति गर्दछ । चक्षु-विज्ञान पछि आलम्बनलाई ग्रहण गर्ने अर्को विपाक चित्त उत्पति हुन्छ । सम्प्रतिच्छन्न चित्त (पालीमा सम्पतिच्छन चित्त) भनिने त्यस चित्तको पनि चक्षु-विज्ञानले ग्रहण गरेको रूपादि गोचरलाई नै ग्रहण गर्ने हुन्छ । किनभने चक्षु-विज्ञानले अनुभव गरेको रंग जो छ त्यो चक्षु-विज्ञानको लोप हुनाको साथ साथै लोप वा विनाश हुँदैन । रंग रूप हो । नाम धातु जस्तै रूप धातु पनि त्यतिकै छिटो लोप हुँदैन । एउटा गोचरलाई छ द्वारहरू मध्ये कुनै एक द्वारमार्फत अनुभव गरिंदा त्यो गोचरलाई अनुभव गर्ने केवल त्यही एउटा चित्त मात्र हुने होइन । त्यहाँ त एक पछि अर्को उत्पति हुने चित्तहरूको लहरै हुन्छन् र ती चित्तहरूको त्यही गोचरलाई नै अनुभव गर्दछन् ।

यदि चक्षु-विज्ञान अकुशल विपाक छ भने सम्प्रतिच्छन्न चित्त पनि अकुशल विपाक नै हुन्छ । चक्षु-विज्ञान कुशल विपाक छ भने सम्प्रतिच्छन्न चित्त पनि कुशल विपाक नै हुन्छ । यसरी सम्प्रतिच्छन्न चित्त दुई प्रकारका हुन्छन्–एउटा अकुशल विपाक र अर्को कुशल विपाक । सम्प्रतिच्छन्न चित्त अहेतुक विपाक हो र यस प्रकारको चित्त साथै अकुशल हेतुहरू (मूलहरू) र शोभन हेतुहरू (मूलहरू) उत्पति हुँदैनन् । सम्प्रतिच्छन्न चित्त चाहिँ चक्षु-विज्ञान पछि उत्पन्न हुन्छ । यसरी चक्षु-विज्ञान सम्प्रतिच्छन्न चित्त उत्पति हुनको निमित्त हेतु (आधार) हो । त्यसरी नै शब्दलाई अनुभव गर्ने प्रक्रिया छ भने सम्प्रतिच्छन्न चित्तले श्रोत-विज्ञानको अनुशरण गर्दछ । अरू द्वाराहरूको सम्बन्धमा पनि यस्तै हुन्छ ।

Downloaded from http://dhamma.digital/

सम्प्रतिच्छन्न चित्त उत्पति भएर निरूद्ध भएपछि पनि चित्तहरूको क्रम अझै सकिएको हुन्न । सम्प्रतिच्छन्न चित्त पछि अर्को अहेतुक विपाक चित्त उत्पति हुन्छ जुन चित्त पनि अझै कर्मकै फल हो । यसप्रकार चित्तलाई सन्तीर्ण चित्त (पालिमा सन्तीरण चित्त) भनिन्छ । द्वि-पंच-विज्ञानहरू मध्ये कुनै एकबाट अनुभव गरेको र सम्प्रतिच्छन्न चित्तद्वारा ग्रहण गरिएको गोचरलाई सन्तीर्ण चित्तले परीक्षा गर्दछ वा विचार गर्दछ । पंच इन्द्रिय द्वारहरू मध्ये कुनै एक इन्द्रिय द्वार मार्फत गोचरलाई अनुभव गरिने चित्तहरूकै क्रममा सम्प्रतिच्छन्न चित्त पछि सन्तीर्ण चित्त उत्पति हुन्छ । सन्तीर्ण चित्त उत्पति हुनको लागि आधार वा निमित्त सम्प्रतिच्छन्न चित्त हो । कुनै कुरा देखिँदा रंगलाई अनुभव गर्ने चित्तहरूको क्रममा (चक्खुद्वारा वीथिमा) चक्षु-विज्ञान उत्पति भइसकेपछि सम्प्रतिच्छन्न चित्त उत्पति हुन्छ र सम्प्रतिच्छन्न चित्त उत्पति भैसकेपछि त्यस चित्तको पछि सन्तीर्ण चित्त उत्पति हुन्छ । चक्खुद्वार वीथि जस्तै अरू इन्द्रीय द्वारहरूको वीथिमा कुनै एक इन्द्रीय द्वारबाट कुनै आलम्बनलार्य ग्रहण गर्दा उत्पति हुने चित्तहरूको वीथि क्रममा पनि सन्तीर्ण चित्त उत्पति हुने विधि यस्तै हो । सन्तीर्ण चित्त सम्प्रतिच्छन्न चित्तकै पछि लाग्छ अर्थात् सन्तीर्ण चित्त सम्प्रतिच्छन्न चित्तकै लगतै पछि उत्पति हुन्छ । सन्तीर्ण चित्त उत्पति हुने कुरा सो चित्त उत्पति होस् वा सो चित्त उत्पति नहोस् भनी हामीले चाहना गरेर छान्न सकिने कुरा होइन । चित्तहरू हेतुहरूको कारण उत्पति हुन्छन्, तिनीहरूको उत्पतिको विषय हाम्रा नियन्त्रणभन्दा परको कुरा हुन आउँछ । (अर्थात् कुनै हेतुको कारण कुनै पनि इन्द्रियद्वारा वीथिमा एक पछि अर्को चित्त जुन क्रमबद्ध तरिकाले उत्पति र निरोध हुन्छन् ती मध्ये कुनै एक चित्तको वीथि क्रम उत्पति नहोस् वा अमुक वीथि क्रम पहिले उत्पति नहोस् भनी हामीले चाहना गरिकन छान्न सकिने र नियन्त्रण गर्न सकिने कुरा होइन ।–अनु. )

सन्तीर्ण चित्त पनि अहेतुक विपाक चित्त हो । अप्रिय गोचर हुँदा सन्तीर्ण चित्त अकुशल विपाक हुन्छ । गोचर प्रिय हुँदा सन्तीर्ण चित्त कुशल विपाक हुन्छ सन्तीर्ण चित्त अकुशल विपाक छ भने यो उपेक्षा सहगत हुन्छ । यो कुशल विपाक छ भने सन्तीर्ण चित्त उपेक्षा वा सौमनस्य सहगत हुन सक्छ । यसरी कुशल विपाकवाला दुई प्रकारका सन्तीर्ण चित्त छन् : एउटा किसिम चाहिँ उपेक्षा वेदना साथै उत्पति हुन्छ र अर्को किसिम चाहिँ सौमनस्य वेदना साथै उत्पति हुन्छ । आलम्बन रमणीय छ तर असाधारण तवरले आनन्ददायक चाहिँ होइन भने वेदना चाहिँ उपेक्षा हुन्छ । असाधारण तवरले रमणीय वा सुखकर आलम्बन छ भने जस्तो कि बुद्धको दर्शन, सन्तीर्ण चित्त साथै उत्पति हुने वेदना चाहिँ सौमनस्य हुन्छ । तसर्थ जम्मा तीन प्रकारका सन्तीर्ण चित्त हुन्छन्, यथा :

१. उपेक्षा सहगत, अकुशल विपाकवाला सन्तीर्ण चित्त ।

२. उपेक्षा सहगत, कुशल विपाकवाला सन्तीर्ण चित्त ।

१. सौमनस्य सहगत, कुशल विपाकवाला सन्तीर्ण चित्त ।

कुन किसिमको सन्तीर्ण चित्त उत्पति हुन्छ भन्ने कुरा अवस्थाहरूमा निर्भर गर्दछ ।

विपाकको रूपमा यसरी १५ प्रकारका अहेतुक चित्तहरू हुन्छन् । सारांशमा ती चित्तहरू हुन्:–

Downloaded from http://dhamma.digital/

१० चित्तहरू जुन द्वि-पंच-विज्ञान हुन् ।

१ सम्प्रतिच्छन्न चित्त, अकुशल विपाकवाला ।

१ सम्प्रतिच्छन्न चित्त, कुशल विपाकवाला ।

१ सन्तीर्ण चित्त, उपेक्षा सहगत, अकुशल विपाकवाला ।

१ सन्तीर्ण चित्त, उपेक्षा सहगत, कुशल विपाकवाला ।

१ सन्तीर्ण चित्त, सौमनस्य सहगत, कुशल विपाकवाला ।

सात किसिमका अहेतुक विपाक चित्तहरू अकुशल विपाक हुन् । बाँकी आठ प्रकारका अहेतुक विपाक चित्तहरू चाहिँ कुशल विपाक हुन् । दुई किसिमका सन्तीर्ण चित्त कुशल विपाकवाला हुने भएकोले आठ प्रकार अहेतुक विपाक चित्तहरू कुशल विपाक भएको हो ।

माथि चर्चा गरिएका अनुसार जम्मा १८ किसिमका अहेतुक चित्तहरू हुन्छन् । ती १८ अहेतुक चित्तहरू मध्ये १५ वटा विपाक चित्तहरू हुन् । (जसको विवरण माथि दिएको छ) र बाँकी ३ वटा चाहिँ क्रिया-चित्तहरू हुन् । क्रिया चित्तहरू अकुशल चित्त, कुशल चित्त र विपाक चित्तहरू भन्दा भिन्नै खालका हुन्छन् । किनभने अकुशल चित्तहरू र कुशल चित्तहरू चाहिँ हेतुवाला चित्तहरू हुन् र यिनीहरूले अकुशल कर्महरू र कुशल कर्महरूलाई प्रवृत गर्न सक्तछन् । विपाक चित्तहरू अकुशल कर्मर कुशल कर्मका फलवाला चित्तहरू हुन् । जब कि क्रिया-चित्तहरू यस्ता चित्तहरू जुन न हेतु हुन् न फल नै हुन् ।

एक प्रकारको अहेतुक क्रिया-चित्त चाहिँ त पंचद्वारावर्जन चित्त हो (पालिमा पंचद्वारावज्जन चित्त) । पंचको माने हो पाँच । द्वारको माने ढोका र आवज्जनको अर्थ हो ध्यान दिलाउने वा मोडिने वा मोड्ने हो । कुनै एउटा आलम्बनले पंच इन्द्रीयद्वारहरू मध्ये कुनै एक द्वारमा स्पर्श गर्नासाथ त्यो आलम्बनलाई वास्तवमा अनुभवा गरिसक्नुको लागि पहिले त त्यो इन्द्रयद्वारद्वारा त्यस आलम्बन तर्फ ध्यान दिलाउने वा मोड्ने चित्त नै अगाडि उत्पति हुनु पर्दछ । जस्तो उदाहरणार्थ भनौं, रंगले चक्षु-इन्द्रीयमा स्पर्श गर्नासाथ त्यहाँ चक्षु-विज्ञान उत्पन्न हुनुभन्दा अगाडि चक्षु-द्वार मार्फत त्यस रंगतिर ध्यान लगाउने आवर्जन चित्त अर्थात् चक्षुद्वारावर्जन चित्त नै उत्पति हुनु पर्दछ । श्रोतेन्द्रीय शब्दको स्पर्श हुँदा श्रोत-विज्ञान उत्पति हुनुभन्दा अगाडि त्यहाँ कर्णद्वार मार्फत शब्द तर्फ ध्यान दिलाउने श्रोतद्वारावर्जन चित्त रहनु पर्दछ । पाँच इन्द्रीयद्वारहरू मध्ये कुनै एक द्वारमा आलम्बनले धक्का दिनासाथ पंच द्वारावर्जन चित्तले केवल त्यो आलम्बनतिर ध्यान मोडिदिन्छ अर्थात् अर्को शब्दहरूमा भन्ने हो भने, त्यस आलम्बनको विषयमा विचार गरेर हेर्दछ । यस प्रकारको चित्तले, जस्तो अघि उदाहरण दिइएझैं, त्यो रंग वा शब्दलाई जसले चक्षु वा कर्णद्वारमा ठक्कर दिएको छ– त्यस आलम्बनतिर ध्यान दिन्छ तर त्यस चित्तले देखेको वा सुनेको हुँदैन । त्यो पंचद्वारावर्जन चित्त अहेतुक क्रिया-चित्त हो (पालिमा अहेतुक किरियाचित्त भनिन्छ); त्यो चित्त लोभ वा द्वेष वा मोह जस्तो कुनै मूल वा हेतु बिना नै उत्पति हुन्छ र त्यतिञ्जेलसम्म त्यस गोचर वा आलम्बनप्रति चाहना वा बेचाहना भन्ने रहन्न । पंचद्वारावर्जन चित्तको पछि विपाक चित्तवाला द्वि-पंच विज्ञानहरू मध्ये कुनै

Downloaded from http://dhamma.digital/

एउटा उत्पन्न हुन्छ। जस्तो भनौं, रंगलाई अनुभव गर्ने कुशल वा अकुशल चक्षु विज्ञान उत्पति हुन्छ भने शब्द हो भने त्यसलाई अनुभव गर्ने कुशल वा अकुशल श्रोत-विज्ञान उत्पति हुन्छ। द्वि-पंच-विज्ञानको पछि सम्प्रतिच्छन्न चित्त आउँछ, त्यो पनि विपाक चित्त नै हो। त्यस सम्प्रतिच्छन्न चित्तलाई अनुशरण गर्दै सन्तीर्ण चित्त पछि लाग्छ जुन पनि विपाक नै हो। कुनै पनि आलम्बनलाई अनुभव गर्ने चित्तहरूको वीथि क्रममा उत्पति हुने प्रत्येक चित्तको आफ्नै कृत्य (पालिमा किच्च) हुन्छ।

अर्को किसिमको अहेतुक क्रिया-चित्त हो मनोद्वारावर्जन चित्त, जुन चित्त पाँच इन्द्रीयहरू मध्ये कुनै एउटा इन्द्रीयबाट आलम्बनको अनुभव गर्ने चित्तहरूको क्रममा पनि उत्पति हुन्छ र मनोद्वार मार्फत आलम्बनको अनुभव गर्ने चित्तहरूको वीथि क्रममा पनि उत्पति हुन्छ। तथापि इन्द्रीयद्वार वीथिमा जब यो उत्पति हुन्छ, यो मनोद्वारावर्जन चित्त उही किसिमको चित्त भए तापनि यसको भिन्नै कृत्य हुन्छ।

कुनै पनि आलम्बनले इन्द्रीय द्वारहरू मध्ये कुनै एउटा द्वारमा स्पर्श गर्नासाथ, यसलाई एउटा चित्तले मात्र होइन, चित्तहरूको लहरैले अनुभव गर्ने हुन्छ। विभिन्न इन्द्रीयद्वारहरू मध्ये कुनै एक इन्द्रयद्वार मार्फत कुनै आलम्बनको अनुभव गर्ने चित्तहरूले आ-आफूले त्यस घडीमा अनुभव गरेको रूपभन्दा अरू केही कुरा जानेको हुँदैन। जस्तो उदाहरणको लागि भनौं, जब मान्छे पढिरहेको हुन्छ, चक्षुद्वारद्वारा रंगको अनुभव गर्ने चित्तले केवल रंग नै मात्र जान्दछ र त्यसले अक्षरहरूको अर्थ थाहा पाउँदैन। त्यस पछि त्यो आलम्बनलाई मनोद्वारद्वारा अनुभव गर्न सकिन्छ। त्यहाँ त्यस विषयमा विचार गर्ने चित्तहरूको अरू क्रमहरू वा प्रक्रियाहरू हुनेछन् र ती चित्तहरूले अक्षरमा के लेखिएको हो सोको अर्थ जान्दछन्।

हामीले देखिसकेका छौं कि जब कुनै आलम्बनले इन्द्रीयद्वारहरू मध्ये कुनै एक इन्द्रीयद्वारमा स्पर्श गर्दछ, पंचद्वारावर्जन चित्तले त्यो आलम्बनतिर ध्यान दिलाउँछ, द्वि-पंच-विज्ञानहरू मध्ये एउटा विज्ञानले त्यसलाई अनुभव गर्दछ, सम्प्रतिच्छन्न चित्तले त्यो आलम्बनलाई ग्रहण गर्दछ र सन्तीर्ण चित्तले सम्प्रतिच्छन्न चित्तले ग्रहण गरेको त्यो गोचरलाई नै विचार गरेर हेर्दछ (वा परीक्षा गर्दछ)। यति भइसकेपछि पनि इन्द्रीयद्वारद्वारा त्यो आलम्बनलाई अनुभव गर्ने चित्तहरूको प्रक्रिया (वीथि क्रम) अझै सकिन्न। त्यस सन्तीर्ण चित्त पछि एउटा अहेतुक क्रिया-चित्त-बोट्टब्बन चित्त उत्पति हुन्छ जुन चित्तले त्यस इन्द्रीय द्वार मार्फत त्यसै आलम्बनलाई (पुनः) अनुभव गरी ठहऱ्याउँछ (वा निश्चित गर्दछ) यसरी बोट्टब्बन (पालिमा बोट्टपन) चित्तले बोट्टपन अर्थात् निश्चय गर्ने वा निधो गर्ने कार्य गर्दछ। बोट्टब्बन चित्त वास्तवमा मनोद्वारावर्जन चित्त जस्तै उस्तै किसिमको चित्त हो तर जब यो इन्द्रीयद्वार वीथिमा उत्पति हुन्छ (जस्तो चक्खुद्वार वीथि) मा यस चित्तले त्यही इन्द्रीयद्वार क्रम नै आलम्बनलाई निर्धारण गर्ने कार्य गर्ने भएकोले यसलाई बोट्टब्बन चित्त भन्न सकिन्छ। बोट्टब्बन चित्तले आलम्बनलाई यकिन गरिसकेपछि अनि अकुशल चित्तहरू वा कुशल चित्तहरू (अरहन्त भइ नसकेका व्यक्तिहरूका मामिलामा) उत्पति हुन्छन्। बोट्टब्बन चित्त आफै न त अकुशल चित्त हो न कुशल चित्त हो। यो त क्रिया चित्त हो। आलम्बनलाई पहिचान गरी यकिन गर्ने यो चित्त आत्मा होइन। बोट्टब्बन चित्तपछि लाग्ने अकुशल चित्त वा कुशल चित्तहरू पनि आत्मा होइनन्। बोट्टब्बन चित्त पछि अकुशल चित्तहरू उत्पति हुन्छन् कि कुशल चित्तहरू उत्पति हुन्छन् भन्ने कुरा व्यक्तिको अकुशलको संचय वा कुशलको संचयमा निर्भर रहन्छ।

Downloaded from http://dhamma.digital/

इन्द्रीयद्वारा प्रक्रियाका चित्तहरू निरोध भएपछि त्यो आलम्बनलाई मनोद्वार मार्फत अनुभव गर्न सकिन्छ । मनोद्वार वीथिमा त्यस आलम्बनलाई अनुभव गर्ने प्रथम चित्त हो मनोद्वारावर्जन चित्त । यो चित्तले मनोद्वार मार्फत त्यस आलम्बन (पालिमा आरम्मण) प्रति ध्यान दिलाउँछ, जुन आलम्बनको निरोध नै भइसकेको हुन्छ । इन्द्रीयद्वार वीथिमा पंचद्वारावर्जन चित्तले त्यो आलम्बनलाई ध्यान दिलाउँछ जुन अझै लोप भैसकेको हुन्न । पंचद्वारावर्जन चित्तले अघि नै निरूद्ध भइसकेको आलम्बनलाई ध्यान दिन सक्तैन । (अर्थात् यसले निरूद्ध भइसकेको गोचरलाई विचार गरेर हेर्न सक्तैन । (जस्तो उदाहरणको लागि पंचद्वारावर्जन चित्तले त्यस्तो रंग वा शब्दलाई ध्यान दिन्छ जुन रंग वा शब्दले अझै सबन्धित इन्द्रीयद्वारमा ठक्कर लगाइरहेकै (वा स्पर्श गरिरहेकै) हुन्छ । किन्तु मनोद्वार वीथिमा उत्पति हुने मनोद्वारावर्जन चित्तले अघि नै लोप भइसकेको आलम्बनको पनि विचार गरेर हेर्न सक्तछ । यसले अघि नै निरूद्ध भइसकेको त्यस्तो आलम्बनतर्फ मनोद्वार मार्फत ध्यान दिन्छ, जस्तो अघि नै देखिएको रंग वा अघि सुनिएको शब्द । यसरी मनोद्वार मार्फत लोप भइसकेको आलम्बनलाई ध्यान दिएर हेर्ने काम पंचद्वारावर्जन चित्तले गर्न सक्तैन । मनोद्वारावर्जन चित्तले यसरी त्यस आलम्बनलाई ध्यान लगाइसकेपछि त्यही आलम्बनलाई अनुभव गर्ने कुशल चित्तहरू वा अकुशल चित्तहरू (अरहन्त नभएका सम्बन्धमा) उत्पन्न हुन्छन् । मनोद्वारावर्जन चित्त आफैं न त अकुशल चित्त हो न त कुशल चित्त हो । यो क्रिया चित्त हो । मनोद्वारावर्जन चित्तपछि अकुशल चित्तहरू उत्पति हुन्छन् कि कुशल चित्तहरू उत्पन्न हुन्छन् भन्ने कुरा व्यक्तिको अकुशल वा कुशलको संचितिहरूमा निर्भर गर्दछ । सम्पूर्ण चित्तहरू आआफ्नै हेतुको कारण उत्पति हुन्छन् । ती चित्तहरू तसर्थ अनात्म हुन्, सत्व होइन, आत्मा होइन ।

इन्द्रीयद्वार वीथिको बोट्टब्बन चित्त र मनोद्वार वीथिको मनोद्वारावर्जन चित्त उस्तै किसिमको क्रिया-चित्त भए तापनि तिनीहरूको कृत्यहरू भिन्न भिन्न छन् । इन्द्रीयद्वार वीथिमा यो चित्तले आलम्बनलाई बोट्टब्बन (अर्थात् यकिन गर्ने वा पहिचान गरी सम्झेर राख्ने) को कार्य गर्दछ र त्यसकारण यसलाई बोट्टब्बन चित्त भन्न सकिन्छ । किन्तु मनोद्वार वीथिमा यस चित्तले मनोद्वार मार्फत न आलम्बनलाई ध्यान लगाउँछ र यसरी आवर्जन (ध्यान लगाउने) को कार्य गर्दछ । त्यसैले हामीले मनोद्वारावर्जन चित्तको बारेमा जहिलेसुकै पनि विचार गर्दा यसले के काम गरिरहेको छ भन्नु कुरा थाहा पाउनु पर्दछ ।

शब्दले श्रोतेन्द्रीयमा स्पर्श हुँदा कर्णद्वार मार्फत शब्दलाई अनुभव गर्ने चित्तहरू उत्पति हुन सक्छन् र त्यसपछि मनोद्वारद्वारा त्यस शब्दलाई अनुभव गर्ने चित्तहरू उत्पति हुन सक्छन् । पाँच इन्द्रीयहरू मध्ये कुनै एक इन्द्रीय मार्फत आलम्बनलाई अनुभव गर्ने चित्तहरूको वीथि क्रम र मनोद्वार मार्फत अनुभव गर्ने चित्तहरको वीथिक्रम एकपछि अर्को अविच्छिन्न रूपमा लाग्छन् (वा उत्पति हुन्छन्) ।

त्यो आलम्बन वा गोचर नै के हो भन्ने सम्म पनि थाहा पाइनसक्दैको अवस्थामा इन्द्रीय-द्वारहरू मध्ये कुनै एक द्वार मार्फत आलम्बनलाई अनुभव गर्ने चित्तहरूको वीथि क्रम (प्रक्रिया) मा कसरी अकुशल चित्तहरू वा कुशल चित्तहरू उत्पन्न हुन सक्छन् त ? (यस्तो प्रश्न पनि उपस्थित हुन सक्छ ।) वास्तवमा त्यो आलम्बन नै के हो भन्ने कुरा जान्नुभन्दा अगाडि पनि अकुशल चित्तहरू वा कुशल चित्तहरू (उत्पन्न) हुन सक्छन् । यसलाई त्यस्तो बच्चसँग तुलना गर्न सकिन्छ जसले त्यो

Downloaded from http://dhamma.digital/

वस्तु बेलून हो भन्ने कुरा थाहा नपाउँदै पनि चहकिलो रंगीन वस्तुको रूपमा देखिने बेलूनलाई मन पराउँछ । हामीलाई ती वस्तुहरू के के हुन् भन्ने थाहा नहुँदै पनि ती वस्तुहरू प्रतिको चाहना वा बेचाहना हामीमा रहन सक्छ ।

अर्को अहेतुक क्रिया-चित्त हो हसितोत्पादक चित्त (पालिमा हसितुप्पाद चित्त) । केवल अरहन्तहरूमा मात्र यस प्रकारको चित्त हुन्छ । अरहन्तहरू मुस्कुराउँदा त्यतिखेर हसितोत्पादक चित्त उत्पति हुने सम्भावना छ । हाँसो (प्रहसन) र मुस्कान विभिन्न प्रकारका चित्तहरूद्वारा प्रवृत हुन सक्तछन् । शैक्ष्यहरू वा अरहन्त नभएका मानिसहरू हाँस्दा साधारणतयाः त्यो हाँसो लोभद्वारा प्रवृत हुन्छ । हामी मुस्कुराउँदा हाम्रो मुस्कान लोभद्वारा वा कुशल चित्तद्वारा प्रवृत भएको हुन सक्छ । अरहन्तहरूमा कुनै क्लेश रहँदैनन् । तिनीहरूमा अकुशल चित्तहरू रहँदैनन्, न तिनीहरूमा कुशल चित्तहरू नै रहन्छन् । अरहन्तहरू अब अरू कर्मको संचय गर्दैनन् । त्यसैले कुशल चित्तहरूको बदलामा शोभन हेतुहरू (मूलहरू) सहितका क्रिया-चित्तहरू तिनीहरूमा हुन्छन् । अरहन्तहरू खित्का छाडी हाँस्दैनन् । किनभने तिनीहरूमा यस्तो हाँसो निमित्त चाहिने संचयहरू नै छैनन् । त्यसैले उनीहरू केवल मुस्कुराउँछन् । उनीहरू मुस्कुराउँदा त्यो मुस्कान शोभन क्रिया-चित्तद्वारा प्रवृत हुन सकिन्छ । यस प्रकारको चित्तको सम्बन्धमा विशुद्धि मार्ग (परिच्छेद १४, १०८) मा भनिएको छः–

(कृत्यको अनुसार) यसको कृत्य अरहन्तहरूलाई अ-प्रणित वस्तुहरूमा हाँसो उत्पन्न गराई दिने कृत्यवाला हो ।

मूल ग्रन्थको पाद टिप्पणीमा विशुद्धि मार्गको टिका, परमार्थ मंजुषा, ४७६ बाट उद्धरण दिइएको छ जसमा माथिको सम्बन्धमा लेखिएको छः

"कंकालहरू वा भूत पिशाचहरूको रूपहरू जस्ता अ-प्रणित वस्तुहरूका सम्बन्धमा ।" यसरी १८ अहेतुक चित्तहरू मध्ये १५ विपाकचित्तहरू हुन् र बाँकी तीनवटा क्रिया-चित्तहरू हुन् । अहेतुक क्रिया चित्तहरू हुन् :

१. पंचद्वारावर्जन चित्त (पाँच इन्द्रीयद्वारहरू मार्फत आलम्बनतर्फ ध्यान लगाउने चित्त) ।

२. मनोद्वारावर्जन चित्त । यसले मनोद्वार वीथिमा उत्पति हुँदा मनोद्वार मार्फत आलम्बनतर्फ ध्यान लगाउने कार्य गर्दछ र इन्द्रीय द्वार वीथिमा उत्पति हुँदा बोट्टब्बन (आलम्बनलाई पहिचान गरी सम्झने) को कार्य गर्दछ । (पछिल्लो मामिलामा यसलाई बोट्टब्बन चित्त भन्न सकिन्छ ।)

३. हसितोत्पादक चित्त (अरहन्तहरूमा मुस्कान उत्पति गर्ने चित्त ।)

अरहन्त नभएका शैक्षजनहरूमा १८ अहेतुक चित्तहरू मध्ये १७ वटा मात्र उत्पति हुन सक्छन् । यी १७ प्रकारका अहेतुक चित्त हाम्रो दैनिक जीवनमा उत्पन्न हुन्छन् । कुनै एक आलम्बनले पाँच इन्द्रीयमा ठक्कर खाँदा वा स्पर्श गर्दा पंचद्वारावर्जन चित्तले त्यही इन्द्रीयद्वार मार्फत त्यस आलम्बनतिर ध्यान लगाउँछ । त्यसपछि पंच विज्ञान (द्वि-पंच-विज्ञानका दश चित्तहरू मध्येका कुनै

Downloaded from http://dhamma.digital/

एक चित्त) उत्पन्न भई त्यस आलम्बनलाई अनुभव गर्दछ । अनि सम्प्रतिच्छन्न चित्तले सो आलम्बनलाई ग्रहण गर्दछ । सन्तीर्ण चित्तले सम्प्रतिच्छन्न चित्तले ग्रहण गरेको आलम्बनलाई नै विचार गरेर हेर्दछ र बोट्ठब्बन चित्तले सो आलम्बनलाई यकिन गर्दछ र त्यसपछि अकुशल चित्तहरू वा कुशल चित्तहरू पछि लाग्छन् (अनुगमन गर्दछन्) । इन्द्रीयद्वार प्रक्रियाका चित्तहरू (अर्थात् इन्द्रीयद्वार वीथि) लोप (निरोध) भइसकेपछि त्यस आलम्बनलाई मनोद्वार मार्फत अनुभव गर्न सकिन्छ । (अर्को शब्दहरूमा भन्ने हो भने, इन्द्रीयद्वार वीथि निरोध हुनासाथ मनोद्वार वीथि उत्पन्न हुनछ) । अनि मनोद्वारावर्जन चित्तले मनोद्वार मार्फत आलम्बनमा ध्यान लगाउँछ र त्यसपछि अकुशल चित्तहरू वा कुशल चित्तहरू पछि उत्पति हुन्छन् ।

मनोद्वारावर्जन चित्तपछि अकुशल चित्तहरू उत्पति हुनेछ भने अयोनिसो मनसिकार (संस्कृत मनस्कार) हुन्छ । मनोद्वारावर्जन चित्तपछि कुशल चित्तहरू लागेका छन् भने योनिसो मनसिकार ( अर्थात् बुद्धिमतापूर्ण ध्यान) हुन्छ । जस्तो उदाहरणको लागि भनौं, कीराहरू देख्दा हामीमा बेरूची ( अमनाप) रहन सक्छ । अनि मनोद्वारावर्जन चित्तपछि द्वेष मूल चित्तहरू उत्पन्न हुन्छन् । यसरी अब त्यहाँ अयोनिसो मनसिकार हुन्छ । त्यो द्वेष यति प्रबल हुन सक्छ कि ती कीरा पट्यांग्राहरूलाई मार्न समेत चाहने हुन्छन् । अनि त्यहाँ अकुशल कर्म हुन्छ । प्राणातिपात अकुशल हो भनी महशूस गरेर कोही हत्याबाट विरत भयो भने त्यतिखेर त्यहाँ कुशलचित्तहरू हुन्छन् । अनि योनिसो मनसिकार त्यहाँ रहन्छ । यदि कसैले धर्मको अध्ययन गरेर विपश्यनाको विकास गर्छ भने यो योनिसो मनसिकारको निमित्त हेतु हुन्छ । इन्द्रीयद्वारहरू मध्ये कुनै एक द्वारमार्फत वा मनोद्वार मार्फत प्रकट हुने नाम वा रूपका विषयमा हामी स्मृति संप्रजन्ययुक्त रहन्छौं (वा सजग रहन्छौं) भने त्यस घडीमा त्यहाँ योनिसो मनसिकार हुन्छ ।

एउटै परिस्थितिमा दुईजना व्यक्तिहरू रहँदा पनि एकजनाको अयोनिसो मनसिकार र अर्कोको योनिसो मनसिकार हुन सक्तछ । यस्तो हुनु उनीहरूको आ-आफ्नो संचयहरू (अकुशल वा कुशल संचितिहरू) मा निर्भर गर्दछ ।

चतुर्थ प्रण्णासक, भाग ४ आशी विष वर्ग संयुक्त निकाय (षलायतन वर्ग, परिच्छेद १ अवस्सुत सुत्त) मा छ इन्द्रीयद्वारहरू मध्ये एउटा द्वार मार्फत आलम्बनको अनुभव गरेपछि अयोनिसो मनसिकार हुने भिक्षु र योनिसो मनसिकार हुने भिक्षुको बारेमा चर्चा गरिएको छ । महामौद्गल्यायनले भिक्षुहरूलाई भन्नु भयो :–

“आवुस ! म अवश्रुत तथा अनुवश्रुतको कुराको उपदेश दिन्छु ...। आवुस ! कसरी अवश्रुत हुन्छ ?

आवुस ! भिक्षु संसारमा चक्षुबाट प्रिय रूपहरूलाई देखेर मूर्च्छित हुन जान्छ, अप्रिय रूपहरूलाई देखेर खिन्न हुन जान्छ । त्यो भिक्षु आत्म चिन्तन नगरिकन चंचल चित्त सहित विहार गर्दछ । ऊ चेतोविमुक्ति र प्रज्ञाविमुक्तिलाई यथार्थ रूपमा जान्दैन । जहाँ उसको पापमय अकुशल धर्म बिल्कुल निशेष रूपमा हुन्छन् । श्रोत ... मन .... ।

आवुस ! त्यो भिक्षुलाई चक्षु विज्ञेय रूपहरूमा अवश्रुत भनिन्छ .... श्रोत, घ्राण, जिव्हा ... मनोविज्ञेय धर्महरूमा अवश्रुत भनिन्छ ।

Downloaded from http://dhamma.digital/

आवुस ! यस्तो भिक्षु माथि यदि मार चक्षुको मार्गबाट आउँछ भने पनि उसले जितेर लिन्छ... जिव्हाको मार्ग ... मनको मार्गबाट आए पनि उसले जितेर लिन्छ । आवुस ! यस्तो भिक्षुलाई रूपले हराइदिन्छ, उसले रूपलाई हराउँदैन । यस्तो भिक्षुलाई शब्दले हराइदिन्छ, उसले शब्दलाई हराउँदैन । गन्ध, ... रस, ... स्पर्श, ... धर्म, ... । आवुस ! यस्तो भिक्षुलाई रूपबाट, शब्दबाट, गन्धबाट, रसबाट, स्पर्शबाट र धर्मबाट हारेको भनिन्छ, तिनीहरूको विजेता होइन । बारम्बार जन्म गराउने, भयपूर्ण, दुःखद फलवाला, भविष्यमा जरामरणवाला, संक्लेश पापमय अकुशल धर्महरूले उसलाई हराइदिएको हुन्छ । आवुस ! यसरी अवश्रुत हुन्छ ।

आवुस ! अनवश्रुत कसरी हुन्छ त ?

आवुस ! भिक्षु संसारमा चक्षुबाट प्रिय रूपहरूलाई देखेर मूर्च्छित हुन्न, अप्रिय रूपहरूलाई देखेर खिन्न हुन्न । त्यो भिक्षु आत्मचिन्तन गर्दै अप्रमत्त चित्त सहित विहार गर्दछ । त्यो भिक्षु चेतो विमुक्ति र प्रज्ञाविमुक्तिलाई यथार्थ रूपमा जान्दछ, जहाँ उसको पापमय अकुशल धर्महरू बिल्कुल निशेष रूपबाट निरूद्ध हुन्छन् । श्रोत ... मन ...।

आवुस ! त्यो भिक्षुहरूलाई चक्षुविज्ञेय अनवश्रुत भनिन्छ ... मनोविज्ञेय धर्महरूमा अनवश्रुत भनिन्छ ।

आवुस ! यस्तो भिक्षुमाथि मार चक्षुको मार्गबाट आए पनि त्यसले जित्न सक्तैन ... जिव्हाको मार्गबाट आए पनि ... मनको मार्गबाट आए पनि त्यसले जित्न सक्तैन ।

आवुस ! यस्तो भिक्षुले रूपलाई हराइदिन्छ, रूपले उसलाई हराउँदैन । उसले शब्द, गन्ध, रस, स्पर्श र धर्मलाई जिच्छ, ती शब्द, गन्ध, रस, स्पर्श र धर्मले उसलाई जित्दैन । आवुस ! यस्तो भिक्षुलाई रूपलाई जितेको, शब्द, गन्ध, रस, स्पर्श र धर्मलाई जितेको भनिन्छ । ऊ विजय हुन्छ, विनित हुन्न । बारबार जन्म दिलाउनेवाला, भयपूर्ण, दुःखद फलवाला भविष्यमा जरामरण दिनेवाला, संक्लेश पापमय अकुशल धर्महरूलाई उसले जितेको हुन्छ ।

आवुस ! यसरी अनवश्रुत हुन्छ ।

**केही मनन गर्न योग्य प्रश्नहरू**

१) क्रिया चित्त के हो ?

२) के हामी मुस्कुराउँदा सधैं लोभद्वारा हाँसो प्रवृत भएको हुन्छ ?

३) के हामी खित्का छोडी हाँस्दा यो सधैं अकुशल चित्तद्वारा प्रवृत हुन्छ त ?

४) के इन्द्रीयद्वार वीथि क्रममा अकुशल चित्तहरू र कुशल चित्तहरू उत्पति हुन सक्छन् ?

Downloaded from http://dhamma.digital/

## परिच्छेद–१०

# जीवनको प्रथम चित्त

जीवनमा प्रथम कसरी उत्पति हुन्छ र के कृत्य यसले गर्दछ ? बारम्बार पाँच इन्द्रीयहरू मार्फत स्पर्शहरू हुन्छन् यी संस्पर्शहरू विषयमा रूची, बेरूची वा चिन्तन हुन्छ । भिन्न भिन्न हेतुहरू वा अवस्थाहरूको मार्फत यी सबै चित्तहरू उत्पति हुन्छन् । के यी चित्तहरूको भिन्न भिन्न कृत्य पनि हुन्छन् ? दर्शन र देखिएको कुराको बारेमा  चिन्तन गर्ने कुरा एकै पटक उत्पन्न हुँदैनन् । देखिएको कुराको सम्बन्धमा चिन्तन उत्पति हुनु भन्दा अगाडि दर्शन (हेर्ने कार्य) उत्पति हुन्छ । यी चित्तहरू सर्वथा भिन्न भिन्न हुन् । यिनीहरूको कृत्यहरू पनि भिन्न भिन्नै हुनु पर्दछ । चित्तहरू कुन क्रममा उत्पति हुन्छन् र के के कृत्य यिनीहरूको हुन्छन् भन्ने कुराको जानकारी हामीलाई रहेमा हामीहरू चित्तहरूका बारेमा बढी बुझ्नेछौं । एउटा कृत्य नगरिकन चित्त उत्पति हुन सक्तैन । प्रत्येक चित्तको आफ्नै कृत्य (पालिमा किच्च) हुन्छ । जम्मा १४ कृत्यहरू हुन्छन् ।

जीवनको प्रथम क्षणमा उत्पति हुने चित्तको पनि कृत्य हुनु पर्दछ । जन्म भनेको के हो र यो जन्मिने वास्तवमा के हो ? हामी बच्चाको जन्मको बारेमा कुरा गर्छौं तर वास्तवमा जन्मिने त नाम र रूप मात्र हुन्छन् । जाति (वा जन्म) भन्ने शब्द नै लौकिक प्रज्ञप्ति (वा व्यवहार) हो । जन्म भनेको यथार्थमा के हो भन्ने कुरा नै हामीले विचार गर्नुपर्छ । प्रत्येक क्षणमा नाम र रूप उत्पति हुन्छन् र निरूद्ध हुन्छन् र यसरी प्रत्येक क्षणमा नाम रूपको जन्म र मृत्यु हुन्छ । केले गर्दा जन्म हुन्छ भन्ने कुरालाई बुझ्नको निमित्त नवजीवन अवधिको प्रथम क्षणमा उत्पति हुने नाम र रूपको लागि के हेतु हो भन्ने कुरा थाहा पाउनु पर्दछ ।

हाम्रो जीवनको शुरूमा नाम वा रूप मध्ये के चाहिँ उत्पति हुन्छ ? हाम्रो जीवनको कुनै पनि घडीमा नाम र रूप दुवै हुनु जरूरी छ । पंचस्कन्धहरू (नाम तथा रूप) भएको लोकहरूमा (वा भूमिहरूमा) रूप बिना नाम उत्पति हुन सक्तैन, देह बिना चित्त उत्पति हुन सक्तैन । हाम्रो जीवनको कुनै एक घडीको लागि जे सत्य छ त्यो नै हाम्रो जीवनको प्रथम घडीको निमित्त पनि सत्य छ । अर्थात् हाम्रो जीवनको प्रथम क्षणमा नै नाम र रूप उही समयमै उत्पति हुनुपर्छ । त्यस क्षणमा उत्पति हुने चित्तलाई प्रतिसन्धि-चित्त (पालिमा पटिसन्धि चित्त) भनिन्छ । हेतुहरू बिना चित्तको उत्पति नहुने भएकोले प्रतिसन्धि-चित्तको पनि हेतुहरू हुनु पर्दछ । प्रतिसन्धि-चित्त नयाँ जीवनको प्रथम चित्त भएकोले यसको हेतु पनि पूर्वजन्ममा (अतीत नै) मात्र हुन सक्छ । पूर्व जन्महरूको बारेमा हामीलाई शंकाहरू हुन सक्ला तर पूर्वजन्महरू नभएको भए मानिसहरू यति भिन्न भिन्न कसरी हुन सक्छन् त ? हामी के देख्न सक्छौ भने मानिसहरू भिन्न भिन्न (कुशल वा अकुशल कमृहरूको) संचयहरू सहित जन्मिन्छन् । के बच्चाको आमाबाबुलाई हेरेर कुनै बच्चाको चरित्रको व्याख्यान गर्न सकिन्छ ? हामी जे कुरालाई चरित्र भनी भन्छौं वास्तवमा त्यो नै नाम हो । उत्पति हुनासाथ निरूद्ध हुने नाम धातुलाई के आमाबाबुहरू अर्को सत्वमा सार्न सक्छन् ? बच्चाको चरित्रको निमित्त हेतु हुने अरू नै अङ्गहरू पनि हुनु पर्दछ । चित्तहरू एकपछि अर्को अविच्छिन्न रूपमै उत्पति हुन्छन् र अघिल्लो चित्तले पछिल्लो चित्तलाई उत्पाद गरेको हुन्छ । यस जीवनको प्रथम चित्तको कारण पनि अघिल्लो चित्त अर्थात् पूर्वजन्मको अन्तिम चित्त (अर्थात् च्यूति चित्त) नै हुनु पर्दछ । पूर्व

Downloaded from http://dhamma.digital/

जीवनहरूमा मानिसहरूले भिन्न भिन्न प्रर्वतिहरू (वा स्वभावहरूलाई) लाई संचित गरेका हुन्छन् । यी स्वभावहरूलाई एक चित्तबाट अर्को चित्तमा पूर्व जीवनहरूबाट वर्तमान जीवनमा ल्याइएका हुन्छन् । त्यसै कारण मानिसहरू भिन्न भिन्न स्वभावहरू र मनोवृत्तिहरू लिएरु जन्मिन्छन् ।

भिन्न भिन्न चरित्रहरू लिएर मात्र मानिसहरू जन्मने होइनन्, उनीहरू भिन्न भिन्न वातावरणहरूमा जन्मिने कुरा पनि हामी देख्छौं । केही मानिसहरू सुखमय वातावरणहरूमा जन्मिन्छन् र कोही मानिसहरू दुःखी अभागी वातावरणहरूमा जन्मिन्छन् । यो कुरा बुझ्नको निमित्त हामीले "व्यक्ति" वा "वातावरणहरू" भन्ने जस्ता लौकिक प्रज्ञप्तिहरूमै टाँस्सिएर रहनु हुँदैन । परमार्थ धर्महरूको व्यवहारबाट विचार गर्ने हो भने हामी के देख्छौं भने सुखमय वातावरणहरू वा दुःखमय परिस्थितिहरूमा रहनु भनेको अरू केही होइन केवल चक्षु, कर्म, घ्राण, जिव्हा र काया-इन्द्रीय मार्फत प्रिय वा अप्रिय गोचरहरूलाई ग्रहण गर्नु मात्र हो । यो कुशल वा अकुशल विपाक हो । विपाक हेतु बिना उत्पति हुने होइन । यो असल वा खराब कार्य कर्मद्वारा उत्पन्न हुने हो । अनेक मानिसहरू अनेक कर्म गर्दछन् र प्रत्येक कर्मले आफ्नै प्रतिफललाई ल्याउँछ । मानिसहरू यस जन्ममा विभिन्न परिस्थितिहरूमा जन्मिएको मूल कारण पनि पूर्वजन्मको कर्मकै फल हो । कर्मले गर्दा जन्म हुन्छ । प्रतिसन्धि चित्त कर्मको फल हो, त्यसैले यो विपाक हो ।

हामी यस संसारमा मानिसहरू र अन्य प्राणीहरूको अनेकौं जन्म देख्छौं । मनुष्य योनीमा हुने जन्मको तुलनामा पशु योनीमा जन्म हुनु दुःख हो, अकुशल विपाक हो भन्ने कुरा हामी देख्छौं । गरीबकै कूलमा जन्मे पनि वा जीवनमा उसले अनेकौं दुःख भोग भिन्न भिन्न मात्राहरूका कुशल विपाकलाई पैदा गर्ने कुशल कर्महरू भिन्न भिन्न मात्रामा कुशलताले बनेकोले भिन्न भिन्न व्यक्तिहरूको प्रतिसन्धि चित्तहरू पनि अनेकौं भिन्न भिन्न मात्रामा कुशल विपाकहरूका हुन्छन् । हाम्रो जीवनको प्रथम घडीमा कर्मले प्रतिसन्धि चित्तलाई पैदा गर्छ र यसै बेलामा रूपको पनि उत्पति हुनु पर्छ । जीवनको प्रथम घडीमै रूपको उत्पति हुनाको के कारण होला भनी हामी चकित रहन सकौंला । हामी के देख्छौं भने मानिसहरू भिन्न भिन्न चेहरा लिएर जन्मिन्छन् । कोही सुन्दर हुन्छन्, कोही कुरुप हुन्छन्, कोही त जन्मेकै घडीदेखि अपांग हुन्छन् । यसको कुनै कारण, हेतु हुनु पर्दछ । त्यो हेतु के हो भने कर्मले नै गर्दा नाम र रूप दुवैको उत्पति हुन्छन् ।

के "जड" भनिने रूप र "वनस्पति" वा "विरूवा" भनिने रूप दुवै कर्मले गर्दा उत्पति भएका हुन् त ? होइन, "वनस्पति"ले कुशल वा अकुशल कर्म गर्न नसक्ने भएकोले "वनस्पति" को जन्म हुँदैन । यसको जन्म गराउने कुनै कर्म हुँदैन । वनस्पतिको जीवनको लागि तापक्रम नै हेतु हो, आधार हो । किन्तु मानिसहरूको सम्बन्धमा भने कर्मले प्रतिसन्धि-चित्त उत्पति हुँदाकै घडीमा रूपलार्य पनि उत्पति गर्दछ । जीवनको प्रथम घडीदेखि नै कर्मले नाम र रूप दुवैलाई पैदा नगरेको भए जीवन हुनै सक्तैनथ्यो । तापक्रमले पनि रूपलाई पैदा गर्दछ । उपयुक्त तापक्रम नभइदिएमा नयाँ जीवन बढ्नै सक्तैनथ्यो । प्रतिसन्धि चित्तको निरोध हुनासाथै त्यसै घडीमा अर्को चित्त उत्पति भइरहेको हुन्छ र यसरी चित्तले पनि रूपलाई पैदा गर्न थाल्दछ । त्यसमाथि शरीरको अभिवृद्धि हुन सक्ने तुल्याउने आहारले पनि रूपलाई पैदा गर्दछ । यसरी हामी के देख्छौं भने रूपको निमित्त कर्म नै एक मात्र हेतु नभई अरू अंगहरू पनि छन्, यथा चित्त (ऋतु वा) तापक्रम र पोषण (आहार) ।

Downloaded from http://dhamma.digital/

कर्मले जीवनको प्रथम घडीमा मात्र होइन, हाम्रो सम्पूर्ण जीवनमा भरिनै रूपलाई पैदा गर्दछ । कर्मले इन्द्रीयद्वारहरू मार्फत प्रिय वा अप्रिय आलम्बनहरूलाई अनुभव गर्ने विपाक चित्तहरू मात्र उत्पति गर्ने होइन, यी आलम्बनहरूलाई ग्रहण गर्ने इन्द्रीय द्वारहरूको रूपमा रूपहरूलाई नै पनि कर्मले नै हाम्रो जीवन र अवधि भरी पैदा गर्दछ । जस्तो उदाहरणको लागि, के कसैले आफ्नो चक्षु इन्द्रीयको श्रृजना गर्न सक्तछ । चक्षु-इन्द्रीयलाई वा चक्षु-प्रसादलाई तापक्रमद्वारा रचना गर्न सकिन्न, केवल कर्मद्वारा मात्र यसको उत्पति गर्न सकिन्छ । आँखा फेर्ने वा एउटाको आँखालाई अर्को व्यक्तिमा सारिदिने कार्य तबसम्म सफल हुन सक्तैन जबसम्म कर्मले पाउनेको देहमा चक्षु-इन्द्रीयलाई उत्पति गर्दैन ।

जन्म हुन आमाको गर्भ नै मात्र चाहिन्छ भन्ने कुरा होइन । उपदेशहरूबाट हामी के सिक्तछौं भने चार विभिन्न किसिमले प्राणीको जन्म हुन्छ । गर्भबाट (जरायुज योनी), फूलहरूबाट (अण्डजयोनी), आर्द्रताबाट (संस्वेदेज योनी) र अनायास जन्मबाट (औपपातिक योनी) । स्वर्ग लोकहरू र नरकमा औपपातिक जन्म मात्र हुन्छ ।

आमाको गर्भमा जीवन कहिले शुरू हुन्छ भन्ने कुरा मानिसहरू जान्न चाहन्छन् । कर्मद्वारा एकै घडीमा पैदा गरेको रूपको साथ साथै प्रतिसन्धि चित्तको उत्पति भएकै घडीमा जीवनको शुरू वा आरम्भ हुन्छ । अन्तिम चित्त च्यूति-चित्तको पतन हुनासाथ जीवन अवधिको अन्त्य हुन्छ । च्यूतिचित्त उत्पति भएर निरूद्ध नभएसम्म जीवन अझै बाँकी रहन्छ । परिचित्त ज्ञानको अभ्यास नगरेको कुनै पनि व्यक्तिलाई अरूको च्यूति-चित्तको उत्पति भएको र निरोध भएको क्षण थाहा हुन सक्तैन । त्यसैले भगवान् बुद्ध वा परचित्त ज्ञानको अभ्यास गरेको व्यक्तिले मात्र अर्को मानिसको मृत्युको ठीक ठीक घडी थाहा पाउन सक्तछ ।

हाम्रो जीवनमा कुन चाहिँ कर्मले अर्को जन्मको प्रतिसन्धि चित्तलाई उत्पति गराउने हो भन्ने कुरामा हामीलाई आश्चर्य लाग्न सक्छ । जब हामी अनेकौं कुशल कार्यहरू गर्दछौं, के हामी त्यस बखत सुगतिको लागि निश्चित रहन सक्तछौं त ? प्रश्न स्वभावविक छ । हामी सबैले विभिन्न मात्रामा कुशल एवं अकुशल कर्महरू दुवै गरेका हुन्छौं । केही कर्महरू यसै जीवनमा फल ल्याउने खालका हुन्छन्, अरू कर्महरूले अरू जन्ममा मात्र फल दिन्छन् । च्यूति चित्त हुनुभन्दा केही अघि उत्पति हुने अकुशल वा कुशल चित्तहरू नै अर्को जन्ममा पुनर्जन्म गराउने हेतु हुन्छन् । यदि यी चित्तहरू अकुशल चित्त भएको खण्डमा पुनर्जन्म हाम्रो दुःखमय हुने हुन्छ । यदि यी चित्तहरू कुशल चित्त भइदिएको खण्डमा हाम्रो सुखमय पुनर्जन्म हुने हुन्छ । मानिसहरू यी चित्तहरूलाई निर्देश गर्न सकिन्छ कि सकिन्न भन्ने कुरा पनि जान्न चाहन्छन् । के हामी अहिलेकै क्षणमा पनि आफ्ना चिन्तनहरूलाई नियन्त्रित राख्न सक्छौं ? यदि हामी यति त गर्न सक्तैनौं भने मरणासन्न कालमा (हामा शारीरिक शक्ति क्षीण भई मानसिक बल समेत हीन हुँदै जाने त्यस्तो समयमा) हामी कसरी आफ्ना चिन्तनहरूलाई नियन्त्रणमा राख्न सकौंला त ? अर्को जीवनमा आफ्नो पुनर्जन्म विषयमा निर्ण गर्न सक्ने कुनै आत्मा भन्ने छैन ।

केही मानिसहरू मृतशैय्यामा रहेका व्यक्तिहरूलाई कुशल चित्तहरू प्राप्त गर्न सघाउ पुऱ्याउने हेतुले उसको मरणासन्न अवस्थामा भिक्षुहरूलाई पाठ गर्न निम्त्याउँदैन । तथापि जबसम्म

Downloaded from http://dhamma.digital/

कुनै पनि व्यक्तिले श्रोतापन्नदेखि अरहन्तादि मार्ग र फल मध्ये कुनै एक मार्ग र फललाई लाभ गरिसकेको हुन्न, तबसम्म त्यस व्यक्तिको पुनर्जन्म सुखमय नै हुन्छ अथवा सुगतिमै उसको पुनर्जन्म हुन्छ भन्ने कुरामा कोही पनि निश्चित हुन वा यक्किन गर्न सक्तैन । मान्छेले धेरै पुण्य कार्यहरू गरेको भए तापनि पूर्वजन्मको अकुशल कर्मले गर्दा अर्को जन्ममा अपाय गतिमा जन्म हुन सक्तछ । आफ्नो पुनर्जन्मको हेतु बन्ने अकुशल चित्तहरू वा कुशल चित्तहरूको निरोध भइसकेपछि च्यूतिचित्त उत्पति हुन्छ । त्यो च्यूति चित्तकोपछि अर्को जीवनको प्रतिसन्धि-चित्त लाग्दछ । जब प्रतिसन्धि-चित्त उत्पति हुन्छ, नयाँ जीवन अवधि शुरू हुन्छ । यसरी कर्म रहेसम्म जीवनहरूको श्रृङ्खला कायम रहन्छ । प्रतिसन्धि-चित्तले पुनर्जन्मको काम गर्दछ । एक जीवन अवधिको प्रथम चित्तले मात्र पुनर्जन्मको कार्य गर्ने भएकोले एउटा जीवन अवधिमा एउटै मात्र प्रतिसन्धि-चित्त हुन्छ ।

बौद्ध धर्मको यसरी अध्ययन गर्दा के स्पष्ट हुन्छ भने एक जीवनबाट अर्को जीवनमा पुनर्जन्म लिन जाने (वा सर्ने) आत्मा भन्ने केही कुरा संसारमा छैन, केवल छ केही भने त्यो हो नाम र रूपको उत्पति र निरोध । प्रतिसन्धि-चित्त भनेको विगत जीवनको अन्तिम चित्तदेखि भिन्नै कुरा हो तर यसको उत्पतिको कारण भने अघिल्लो जीवनको च्यूति चित्त हो । किनभने वर्तमान जीवनको प्रतिसन्धि-चित्तले अघिल्लो जन्मको अन्तिम चित्त-च्यूतिको अनुगमन गर्दछ । पूर्वजन्महरूका संचित प्रकृतिहरू वर्तमान जन्मको प्रतिसन्धि-चित्तमा ल्याइएका हुन्छन् र यसरी वर्तमान जीवनमा मानिसका जुन मनोवृत्तिहरू वा स्वभावहरू हुन्छन् ती अतीतका संचयहरूद्वारा संस्कृत छन् । त्यसमा पनि प्रतिसन्धि-चित्त पहिलेको कुशल वा अकुशल कर्मको विपाक हो । यसरी वर्तमान जीवन पहिलेको जीवनभन्दा सर्वथा भिन्न छ तर जहाँसम्म वर्तमान जीवन उत्पति हुनुको कारण पूर्वजीवनहरू हुन्छन्, त्यहाँसम्म जीवन चक्रको अविच्छिन्नता पनि छँदैछ । विशुद्धि मार्ग (परिच्छेद १७, १६४-१६८) मा भनिएको छ कि प्रतिसन्धि-चित्त वा विज्ञान पूर्वको भवबाट पनि यहाँ आएको होइन र त्यहाँको कर्म, संस्कार, झुकाव, विषय आदिको हेतु विना उत्पन्न भएको पनि होइन । यसरी जान्नु पर्दछ ।

त्यहाँ यसरी भनिएको :–

"सियुं निदस्सनानेत्थ पटि घोसादिका अथ ।

सन्तान बद्धतो नत्थि एकता नपि नानता ॥

अथवा

यहाँ प्रतिघोष (प्रतिध्यनि) आदि दृष्टान्त हुन सक्छन् ।

सन्ततिको बद्ध हुनाले एकता पनि होइन, र नानात्व (अनेकता पनि होइन ।

Downloaded from http://dhamma.digital/

यो विज्ञान पहिलेको भवबाट यहाँ नआउनमा अतीत भवमा हुनेवाला हेतुहरूबाट र उत्पतिमा प्रतिघोष, प्रदीप, मुद्रा, प्रतिबिम्बको प्रकारको धर्म दृष्टान्त हुन सक्छन् । जसरी प्रतिघोष, प्रदीप, मुद्रा, छायाशब्द आदिको हेतु हुन्छन् अन्यत्र नगइकन नै हुन्छन्, यसै प्रकारको यो चित्त हो ।

यहाँ सन्ततिबद्ध हुनाले एकता छैन र अनेकता (नानात्व) पनि छैन । यदि सन्ततिबद्ध भएकोमा बिल्कुल नै एकता भएको भए दूधबाट दही नहुने थियो र यदि बिल्कुल नानात्व पनि भएको भए जुन कुराको दूध हुन्छ त्यस कुराको दही हुन पाउने नै थिएन । यस्तै प्रकारले सबै हेतुबाट उत्पन्न भएका धर्महरूमा ..... । यसैले यहाँ बिल्कुल एकता वा नानात्वलाई मान्नु हुँदैन । ( यसो भएमा लोकको सबै व्यवहार मिटेर जाने छन् र त्यो अनिष्ट हुनेछ ।)

जन्म कर्मको फल हो र कर्म रहुञ्जेलसम्म जन्म मरणको चक्रमा गइरहने छ भन्ने कुराको अनुभव नभएको खण्डमा मान्छे जन्मिनुमा खुशी हुन्छ । जन्मको दुष्परिणामहरूलाई नदेख्नु मोह वा अविद्या हो । यस घडीमा हामी मर्त्यलोक (मनुष्यलोक)मा छौं तर हामीले चार आर्य मार्ग र फलहरू मध्ये कुनै एक मार्ग र फल प्राप्त गर्न नसकेसम्मको लागि दुर्गति (अपाय गति)मा हाम्रो पुनर्जन्म हुने छैन भन्ने कुरामा हामी यकिन गर्न सक्तैनौं । हामी सबैले विभिन्न जुनीहरूमा अकुशल कर्म र कुशल कर्म दुवै गरेका हुन्छौं । हामीले कुशल कर्महरू गर्दै रह्यौं भने पनि ती मध्ये कुन चाहिँ कर्महरूले अर्को जुनीको प्रतिसन्धि-चित्तलाई उत्पति गर्ने हो भन्ने कुरा कसलाई थाहा छ र ? कोही मानिसहरू स्वर्ग भूमिमा जन्म हुनलाई उचित भनी सोच्दछन् तर तिनीहरू यो कुरा महशूस गर्दैनन् कि स्वर्गको जीवन नित्य छैन र स्वर्गमा जीवन अवधि सकिएपछि पहिले गरेको अकुशल कर्मको हेतुद्वारा अपाय लोकमा प्रतिसन्धि-चित्त पैदा हुन सक्तछ ।

वालपण्डित सूत्र (मध्यम निकाय, शून्यता वर्ग) मा भगवान् बुद्धले जेतवनमा अनाथपिण्डिकको आराममा रहनु हुँदा नरकका दुःखहरू र पशु योनीका दारूण वेदनाहरू बारेमा निम्न प्रकारले उपदेश दिनु भएको कुराको चर्चा गरिएको छ । “भिक्षुहरू ! अनेक प्रकारले मैले तिर्यक योनीको कथा भनिरहे पनि तिर्यक योनीको दुःखको पूर्ण वर्णन गर्नु सम्भव हुन्न । जस्तो भनौं कि भिक्षुहरू ! कोही एउटा मान्छेले एउटा मात्र प्वाल भएको जुआलाई समुद्रमा फ्याँकेको छ । त्यो जुआलाई पूर्वी हावाले पश्चिमतिर बगाउँछ, पश्चिम हावाले पूर्वतिर, उत्तरी हावाले दक्षिणतिर, दक्षिण हावाले उत्तरतिर बगाउँछ । मानौं कि त्यस समुद्रमा एउटा अन्धो कछुवा रहेछ जो सय सय वर्षमा एक पटक समुद्र सतहमा उत्रँदो रहेछ । तब के मान्दछौं, भिक्षुहरू ! के त्यो कछुवाले त्यो एक प्वाल भएको जुआमा आफ्नो घाँटी छिराउन सक्ला त ?” “अहँ भन्ते ! सकिहाले पनि सायद कहिले कहिले दीर्घकाल पछि नै मात्र सक्ने छ ।”

“भिक्षुहरू ! त्यो काल पनि चाँडो नै आउँला जब कि त्यस अन्धो कछुवाले त्यस जुआमा आफ्नो घाँटी छिराउने छ । किन्तु भिक्षुहरू ! एक पटक पतन भइसकेको वालजनको लागि फेरि मनुष्यत्वको प्राप्तिलाई म त्यो भन्दा दुर्लभतर भन्दछु । त्यसो कुन हेतुले त ? – भिक्षुहरू ! तिर्यक् योनीमा धर्म चर्या (धर्माचरण) समचर्या कुशल क्रिया (पुण्यकर्म), पुण्य क्रिया (सम्भव) हुन्न । त्यस योनीमा भिक्षुहरू ! एउटाले दोश्रोलाई भक्ष गर्ने, दुर्बललाई बलियोले भक्ष गर्ने खालको हुन्छ । त्यो बालजन ... कदाचित कहिल्यै, दीर्घकाल पछि मनुष्य जुनीमा प्राप्त भयो भने पनि त्यो जुन नीच

Downloaded from http://dhamma.digital/

कुल हुन्छन्-चण्डाल कुल, व्याधा कुल, वेणुकार कुल, रथकाल कुल वा च्यामेकुल–त्यस्ता दरिद्र, अल्य अन्न-पान-भोजन कुल, तुच्छ-वृत्ति कुलहरूमा जन्मिन्छ, जहाँ मुश्किलले उसलाई खाना-कपडा मिल्दछ । त्यहाँ पनि त्यो दुर्वर्ण (कुरूप), दुर्दर्शन, पुड्को, बहुरोजी कानो, लुलो, लङ्गडो, पक्षघातवाला भएर जन्मिन्छ । अन्न-पान-वस्त्र-यान-माला-गन्ध-बिलेपनहरू, शय्या-निवासस्थान-प्रदीपहरूका लाभी हुन्न । त्यसले काया, वचन र मनले दुश्चरित्र (दष्कर्म) गर्दछ । काया-वचन-मनले दुश्चरित गरेर शरीर त्याग गरी मरेपछि त्यो अपाय, दुर्गति, बिनिपात, नरकमा उत्पन्न हुन्छ । .... ।

भिक्षुहरू ! यही केवल परिपूर्ण बालभूमि हो ... ।”

भगवान् बुद्धले अनेक भिन्न भिन्न तरीकाहरूबाट जन्मको दुष्परिणामहरू बारेमा बोल्नु भएको छ । उहाँले भन्नु भयो कि जन्म दुःख हो र यसलाई जरा, व्याधि र मृत्युद्वारा पिछा गरिएको छ । उहाँले शरीरको फोहरपनलाई दर्शाउनु भयो र जनताहरूलाई सम्झाउनु भयो कि यही क्षण पनि शरीर दुःख अनित्य र अनात्मा हो । हामीले मन र शरीरलाई आत्मा भनी ग्रहण गरि नै रहयौं भने जन्म र मृत्युको चक्रको कुनै अन्त्य हुने छैन ।

संयुक्त निकाय (निदान वर्ग, परिच्छेद ३, अनमतग्ग संयुक्त भाग १, प्रथम वर्ग पुग्गल सुत्त)मा भगवान् बुद्धले राजगृहमा गृद्धकूट पर्वतमा रहनु हुँदा भिक्षुहरूलाई दिनु भएको उपदेश पढ्छौं:

“भिक्षुहरू ! यस संसारको प्रारम्भ (आदिकाल) निर्धारित गर्न सकिन्न । अविद्यामा परी, तृष्णाको बन्धनमा बाँधिएर, जन्मने मर्ने प्राणीहरूको पूर्वकोटी जानिँदैन ।

भिक्षुहरू ! एक कल्पभरी मात्र भिन्न भिन्न योनीमा जन्मेका एकै पुरुषको हाडहरू कहीं एउटा ठाउँमा जम्मा गरिने हो र त्यो नष्ट नहुने हो भने यसको राशी वेपुल्ल पर्वतको बराबर हुन जान्छ ।

भिक्षुहरू ! तसर्थ सम्पूर्ण संस्कारबाट विरक्त रहनु पर्छ, विमुक्त हुनु पर्छ ।...।

एक जना मान्छेको त पहाड जस्तै एक राशी भइदिन्छ,

महर्षिले यस्तो भन्नु भयो- यदि कल्प भरको हाडहरू मात्र जम्मा गरिए पनि ।

जस्तो यो महान वेपुल्ल पर्वत छ,

गृद्धकूटको उत्तर, भगधहरूका गिरी-किल्ला ॥

जसले आर्य सत्यहरूलाई सम्यक् प्रज्ञाबाट देख्तछ,

दुःख, दुःख समुदय, दुःखको अन्त्य गरिदिने,

आर्य अष्टांगिक मार्ग, जसबाट दुःखबाट मुक्ति हुन्छ,

Downloaded from http://dhamma.digital/

बढी से बढीमा सात पटक जन्म लिएर

दुःखलाई अन्त्य गरिदिन्छ,

सम्पूर्ण बन्धनहरूलाई क्षीण गरेर ॥

मनुष्य योनीमा जन्म हुनु भाग्यको कुरो हो जहाँ प्रज्ञाको विकास गर्न सकिन्छ । श्रोतापति मार्ग र फलको लाभ गरिसकेको व्यक्तिले चतुरार्य सत्यहरूलाई राम्ररी बुझिसकेको हुन्छ । अनि उसले सात पटक भन्दा बढी जन्म ग्रहण गर्नु नपर्ने हुन्छ । ऊ निश्चित रहन सक्छ कि उसको पुनर्जन्म (भव) को अन्त्य अन्ततोगत्वाः भई नै हाल्छ ।

**केही मनन गर्न योग्य प्रश्नहरू**

१) जम्मा कृत्यहरू कति छन् ?

२) चित्तका चार जातिहरू छन्, यथाः अकुशल, कुशल, विपाक र कृया । प्रतिसन्धि-चित्त कुन जातिको हो ?

३) के मनुष्य योनीमा जन्मनु सधैं कुशल कर्मकै फल हो ?

४) मनुष्यको जीवन कहिले शुरू हुन्छ ?

५) जन्म किन दुःख हो ?

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

## परिच्छेद–११

# विभिन्न प्रकारका प्रतिसन्धि–चित्त

यस संसारमा भिन्न भिन्न चेहराहरू (मुखाकृतिहरू) र भिन्न भिन्न चरित्रहरू भएका मानिसहरू र पशुहरू जस्ता अनेक थरी थरीका जीवहरू देखिन्छन् । तिनीहरू कसैको पनि मुखाकृति र चरित्र आपसमा बिल्कुल समान रहेको देखिन्न भने तिनीहरू प्रत्येकको जीवनको पहिलो क्षणदेखि नै अर्थात् प्रतिसन्धि-चित्त उत्पति भएको घडीदेखि नै भिन्न भिन्नै रहेका हुनु पर्दछ । कति धेरै प्रकारका प्रतिसन्धि-चित्तहरू हुँदा रहेछन् भन्ने कुरामा हामीहरू अचम्म लाग्न सक्छ । हामी सोचौंला कि संसारमा धेरै नै प्रकारका प्रतिसन्धि-चित्तहरू हुँदो हो । अर्कोतिर यस संसारमा जन्मेका सत्वहरूमा समान कुराहरू पनि छन् । हामी उही एउटै संसारलाई भोग गर्दछौं र धनी वा गरीब जेसुकै भए तापनि इन्द्रीयहरू मार्फत नै संस्पर्शहरूको ग्रहण गर्दछौं । ६ इन्द्रीयद्वारहरू मार्फत अनुभव गरिएका गोचरहरूकै कारणले कुशल चित्तहरू र अकुशल चित्तहरू उत्पन्न हुन्छन् । हाम्रो दैनिक जीवनमा उत्पन्न भइरहने यी सबै चित्तहरू कामावचर चित्तहरू हुन् । (कामको अर्थ हो विषयासक्त उपभोग वा विषयासक्त आनन्दका वस्तुहरू । किन्तु कामावचर चित्तहरू केवल द्वेष मूल चित्तहरू मात्र होइनन्, काम-क्षण सम्बन्धी सबै नै चित्तहरू कामावचर चित्तहरू हुन्) ।

मनुष्य योनीमा जन्म हुनु कुशल कर्मको फल हो । पाँच इन्द्रीयहरू मार्फत स्पर्शहरू हुने मनुष्य लोकमा उत्पति हुने प्रतिसन्धि-चित्त काम-क्षण सम्बन्धी चित्तहरू वा कामावचर चित्तहरूद्वारा गरिएका कुशल कर्मको विपाक हो । कामावचर चित्तहरू रहित ध्यान चित्तहरूको विपाक यो हुन सक्तैन । ध्यान गर्दा खेरि उत्पन्न हुने ध्यान चित्तहरूले पाँच इन्द्रीयहरू मार्फत प्रकट हुने गोचरादि आलम्बनहरूलाई अनुभव गर्ने होइन । यसैले ध्यान चित्तहरूले यस संसारमा जन्म गराउन सक्तैन । यसरी मुनष्य लोकमा जन्मेका सबै सत्वहरूमा एउटा समानता यो छ कि उनीहरूको प्रतिसन्धि-चित्त कामावचर चित्तहरूले गरेका कुशल कर्मको विपाक हो । प्रतिसन्धि चित्तलाई पैदा गर्ने कुशल कर्मको मात्राको विभिन्नताले गर्दा मनुष्य जन्ममा अनेक भिन्नताहरू रहेका हुन्छन् ।

मानिसहरूलाई उनीहरूको जन्म विषयलाई लिएर दुई वर्गमा विभाजित गर्न सकिन्छ ।

१) अहेतुक कुशल विपाकवाल प्रतिसन्धि-चित्तले जन्मेका मानिसहरू । (यसको अर्थ हो त्यो कुशल विपाक चित्त शोभन हेतुहरू जस्तै अलोभ, अद्वेष वा प्रज्ञाद्वारा सहगत होइन) ।

२) सहेतुक कुशल विपाकवाला प्रतिसन्धि-चित्तले जन्मेका मानिसहरू । (शोभन हेतुहरू सहगत भएका कुशल विपाक) ।

एउटा कोही मानिस अहेतुक प्रतिसन्धि चित्तले जन्मेको छ भने उसको जन्म कामावचर कुशल कर्मको विपाक हो तर त्यसको कुशल कर्मको अंश भने सहेतुक प्रतिसन्धि-चित्तलाई पैदा गर्ने कुशल कर्मको भन्दा घटी हुन्छ । अहेतुक प्रतिसन्धि-चित्तले जन्मेका मानिसहरू जीवनको प्रथम घडीदेखि नै अपांग हुन्छन् । तिनीहरू अन्धा, बहिरा हुन्छन् वा तिनीहरूमा अरू नै दोषहरू रहन्छन् । कुनै व्यक्तिको जीवनको प्रथम क्षणदेखि नै दोष थियो कि पछि आएर मात्र ऊ अपांग भएको हो

Downloaded from http://dhamma.digital/

भन्ने कुरा हामी भन्न सक्तैनौं र यसरी कुन चाहिँ किसिमको प्रतिसन्धि-चित्तले ऊ जन्मेको छ भन्ने कुरा हामी भन्न सक्तैनौं । कुनै पनि व्यक्ति अपांग हुने कुरो संयोगवश हुने कुरा होइन, यो त उसको कर्मले गर्दा हुने हो ।

अहेतुक कुशल विपाकवाला प्रतिसन्धि-चित्त त एउटै प्रकारको मात्र हुन्छ तर यो विपाकको धेरै मात्राहरू छन् । यो विपाक चित्तलाई पैदा गर्ने कर्मले अनिष्ट वा अप्रिय वातावरणहरू वा इष्ट वा रमणीय वातावरणहरूमा जन्म ग्रहण गराउन सक्तछ । यसले सबैभन्दा  तल्लो स्वर्गलोकमा पनि जन्म गराउन सक्तछ ।

अकुशल विपाकवाला अहेतुक प्रतिसन्धि-चित्त पनि हुन सक्छ । यस प्रकारको चित्तले मनुष्यलोकमा उत्पति हुँदैन, बल्कि अपाय गतिमा मात्र जन्म गराउँछ । एकै प्रकारको प्रतिसन्धि-चित्त मात्र अकुशल विपाक हुन्छ तर यसको मात्राहरू भने धेरै हुन्छन् अकुशल कर्मका धेरै किसिमहरू भएकोले नै अपाय (दुर्गति) भूमिमा हुने पुनर्जन्मका पनि धेरै थरीहरू हुनु पर्दछ । हामीले यही संसारमा देख्न सक्ने दुर्गतिको पुनर्जन्म चाहिँ पशु योनीको जन्म हो । हामीले देख्न नसक्ने तीनवटा दुर्गतिलोकहरू हुन् : प्रेतगति, असुर गति र नरक गति । नरक गतिमा पनि अनेक भिन्न भिन्न प्रकारका नरक लोकहरू छन् । किनभने दुःखकर पुनर्जन्मका पनि धेरै मात्राहरू छन् ।

विभिन्न कर्महरूद्वारा पैदा गरेका विभिन्न प्रकारका विपाक चित्तहरूले प्रतिसन्धि-चित्तको कृत्य गर्न सक्तछ । कुन कुन प्राणीको मामिलामा प्रतिसन्धि-चित्तको कृत्य कुन चाहिँ किसिमको विपाक चित्तले गर्दछ भन्ने कुरा कर्ममा निर्भर हुन्छ । अहेतुक विपाक चित्तवाला प्रतिसन्धि चित्त हुँदा (चाहे अकुशल विपाक होस् वा कुशल विपाक) प्रतिसन्धिको कृत्य गर्ने चित्तको किसिम वास्तवमा सन्तीर्ण चित्त हुन्छ ।

पंचेन्द्रीयहरू मध्ये कुनै एक मार्फत आलम्बनको अनुभव गर्ने चित्तहरूको वीथि क्रममा जब सन्तीर्ण चित्त उत्पति हुन्छ, त्यस सन्तीर्ण चित्तले त्यो आलम्बनलाई विचार गरेर हेर्ने कार्य गर्दछ । सन्तीर्ण चित्त भनेको विपाक चित्त हो । उही किसिमको चित्तले एकभन्दा बढी कार्यहरू गर्न सक्तछ तर भिन्न भिन्न घडीहरूमा मात्र यसरी गर्न सकिने हुन्छ । सन्तीर्ण चित्तले पनि प्रतिसन्धिको कृत्य गर्न सक्छ र प्रतिसन्धि-चित्त अहेतुक विपाक हुँदा मामिला यही हुन्छ । सन्तीर्ण चित्तले प्रतिसन्धिको कृत्य गर्दा यो इन्द्रीयद्वार वीथिमा उत्पति हुँदैन र यसले आलम्बनलाई विचार गरेर हेर्दैन ।

सन्तीर्ण चित्त तीन किसिमका छन्:

१) उपेक्षा सहगत, अकुशल विपाकवाला सन्तीर्ण चित्त ।

२) उपेक्षा सहगत, कुशल विपाकवाला सन्तीर्ण चित्त ।

३) सौमनस्य सहगत, कुशल विपाकवाला सन्तीर्ण चित्त ।

उपेक्षा सहगत अकुशल विपाकवाला सन्तीर्ण चित्तले दुर्गति लोकहरूमा प्रतिसन्धिको कृत्य गर्न सक्तछ । यसको मतलब हो दुर्गति लोकहरूमा उत्पति हुने प्रतिसन्धि चित्तको किसिम अकुशल विपाक चित्त जस्तै उही किसिमको हुन्छ जुन अकुशल विपाक चित्त-सन्तीर्ण चित्तले चित्तहरूको

Downloaded from http://dhamma.digital/

इन्द्रीयद्वार वीथि क्रममा छानविन गर्ने कृत्य गर्छ । यसको उही जाति हो- विपाक जाति र यसको अनुगमन गर्ने चैतसिकहरू उही किसिमका हुन्छन् ।

उपेक्षा सहगत कुशल विपाकवाला सन्तीर्ण चित्तले इन्द्रीयद्वार वीथिमा छानविन गर्ने कृत्य गर्नुको अलावा प्रतिसन्धिको कृत्य पनि गर्न सक्तछ । यसले जीवनको प्रथम घडीदेखि नै अपाङ्ग भएका मानिसहरूको प्रतिसन्धिको कार्य गर्दछ । यही चित्त नै मात्र प्रतिसन्धिको कृत्य गर्ने हेतुहरू विनाको अर्थात् अहेतुक विपाक चित्त हो ।

सौमनस्य सहगत कुशल विपाकवाला सन्तीर्ण चित्तले प्रतिसन्धिको कृत्य गर्दैन ।

भिन्न भिन्न जीवहरूको अकुशल कर्म र कुशल कर्मले विभिन्न लोकहरूमा उत्पति हुने जम्मा १९ विभिन्न प्रकारका प्रतिसन्धि चित्तलाई पैदा गर्न सक्तछ । यी मध्ये एक प्रकारको चाहिँ अकुशल विपाक हो र बाँकी १८ प्रकारका चाहिँ कुशल विपाक हुन् । ती १८ प्रकारका कुशल विपाकवाला चित्तहरू मध्ये एउटा किसिम चाहिँ अहेतुक कुशल विपाक हो र अरू सत्र प्रकारका चाहिँ सहेतुक कुशल विपाक हुन् । यी १९ प्रकारका प्रतिसन्धि चित्तहरू मध्ये प्रत्येक प्रकारको प्रतिसन्धि चित्तको अनेकन मात्राहरू हुन्छन्, किनभने यिनीहरूलाई पैदा गर्ने कर्म नै विभिन्न मात्राहरू हुन सक्तछन् । कर्मले गर्दा नै मानिसहरू सुन्दर वा अ-सुन्दर भएर जन्मन्छन् र कर्मले गर्दा नै सुखकर वातावरण वा दुःखमय वातावरणमा जन्मिन्छन् । कोही यस जन्ममा दुःखमय वातावरणमा जन्मेको छ भन्दैमा उसको अर्को पुनर्जन्म पनि दुःखमय नै हुन्छ भन्ने अर्थ होइन । यी सबै नै आफूले संचित गरेको कर्ममा निर्भर रहन्छ । सुखमय वातावरणमा जन्मेका मानिसहरूको सम्बन्धमा पनि कुरा उही हो । तिनीहरूले अकुशल कर्मको संचय गरिराखेको भए तिनीहरूको अर्को जन्म दुःखी हुन सक्ने छ ।

यस विषयमा निम्न कुराहरू अंगुत्तर निकाय (चतुक्क निपात, अन्धकार सम्बन्धी)मा चर्चा गरिएको छः–

भिक्षुहरू ! लोकमा चार किसिमका मानिसहरू हुन्छन् । कस्ता चार किसिमका ? अन्धकारबाट अन्धकारमै जानेवाल, अन्धकारबाट प्रकाशमा जानेवाला, प्रकाशबाट अन्धकारमा जानेवाल, प्रकाशबाट प्रकाशमा नै जानेवाला ।

भिक्षुहरू ! अन्धकारबाट अन्धकारमै जाने मानिस कस्तो हुन्छ त ?

भिक्षुहरू ! एउटा व्यक्ति नीच कुलमा जन्मेको हुन्छ, चण्डाल कुलमा वा वंशफोड कुलमा, शिकारीहरूको कुलमा वा रथ बनाउनेको कुलमा, वा च्यामेको कुलमा, यस्तो कुलमा जहाँ दरिद्रता हुन्छ, जहाँ खानपिनकै कठिनाई हुन्छ, मुश्किल हुन्छ, जहाँ भोजन-वस्त्र मुश्किलैले मात्र उपलब्ध हुन्छ । त्यो व्यक्ति दुर्वर्ण हुन्छ, दुर्दर्शनीय, पुड्को, रोगी, कानो, लूलो, लंगडो र पक्षघात-पीडित हुन्छ । उसलाई खानपिन उपलब्ध हुन्न, वस्त्र उपलब्ध हुन्न, सवारी साधन उपलब्ध हुन्न, माला-गन्ध विलेपन उपलब्ध हुन्न, सुत्ने-बस्ने ठाउँ तथा बत्ती बाल्न तेलबत्ती आदि पनि उपलब्ध हुन्न । त्यसले शरीरले, वचनले र मनले खराब, अकुशल कर्म गर्दछ । मनसा-वाचा-कर्मणा अकुशल कर्म गरेर त्यो

Downloaded from http://dhamma.digital/

व्यक्ति शरीर त्याग गरेपछि, मृत्युपछि नरकमा पैदा हुन्छ । यसरी भिक्षुहरू ! व्यक्ति अन्धकारबाट अन्धकारमै जानेवाला हुन्छ ।

भिक्षुहरू ! अन्धकारबाट प्रकाशमा जानेवाला मानिस कस्तो हुन्छ ?

भिक्षुहरू ! एउटा व्यक्ति नीच कुलमा जन्मेको हुन्छ,... जहाँ खानपिनकै कठिनाई हुन्छ, मुश्किल हुन्छ, भोजन-वस्त्र मुश्किलैले मात्र उपलब्ध हुन्छ ।.... सुत्ने-बस्ने ठाउँ तथा बत्ती बाल्न तेलबत्ती आदि पनि उपलब्ध हुन्न । त्यसले शरीरले, वचनले र मनले असल कुशल कर्म गर्दछ । मनसा-वाचा-कर्मणा कुशल कर्म गरेर त्यो व्यक्ति देह त्याग गरी मृत्युपछि स्वर्गमा उत्पन्न हुन्छ । यसरी भिक्षुहरू ! व्यक्ति अन्धकारबाट प्रकाशमा जानेवाला हुन्छ ।

भिक्षुहरू ! प्रकाशबाट अन्धकारमा जानेवाला मानिस कस्तो हुन्छ ?

भिक्षुहरू ! एउटा व्यक्तिले ठूलो कुलमा जन्म ग्रहण गरेको हुन्छ । क्षेत्रीय महासारवान् कुलमा, ब्राह्मण महासारवान् कुलमा, अथवा गृहपति महासारवान् कुलमा, यस्तो कुलमा जो सम्पन्न हुन्छ, ऐश्वर्यशाली हुन्छ, जहाँ सुन चाँदी धेरै हुन्छ, सम्पत्ति धेरै हुन्छ, एवं धन-धान्य धेरै हुन्छ । त्यो व्यक्ति सुन्दर, दर्शनीय, आकर्षक, पहिलो दर्जाको सौन्दर्यबाट युक्त हुन्छ । उसलाई अन्नपान, वस्त्र, सवारी साधन, माला-गन्ध-विलेपन, सुत्ने-बस्ने स्थान तथा बत्तीको लागि तेलबत्ती आदि सुलभ हुन्छ । त्यो व्यक्तिले शरीरले, वचनले र मनले खराब अकुशल कर्म गर्दछ । शरीर, वचन र मनले दुष्कर्म गरेर, देह त्याग गरेर मरेपछि नरकमा उत्पन्न हुन्छ । यसरी भिक्षुहरू व्यक्ति प्रकाशबाट अन्धकारमा जानेवाला हुन्छ ।

भिक्षुहरू ! प्रकाशबाट प्रकाशमा नै जानेवाला मानिस कस्तो हुन्छ ?

भिक्षुहरू ! एउटा व्यक्तिले उँचा कुलमा जन्म ग्रहण गरेको हुन्छ, क्षेत्रीय महासारवान् कुलमा, ब्राह्मण महासारवान् कुलमा, अथवा गृहपति महासारवान् कुलमा, यस्तो कुलमा जो धनी हुन्छ, ऐश्वर्यशाली हुन्छ, जहाँ सुन चाँदी धेरै हुन्छ, सम्पत्ति धेरै हुन्छ, एवं धन-धान्य धेरै हुन्छ । त्यो व्यक्ति सुन्दर, दर्शनीय, आकर्षक, पहिलो दर्जाको सौन्दर्यबाट युक्त हुन्छ । उसलाई अन्नपान, वस्त्र, सवारी साधन, माला-गन्ध-विलेपन, सुत्ने-बस्ने स्थान तथा बत्तीको लागि तेलबत्ती आदि सुलभ हुन्छ । त्यो व्यक्तिले शरीरबाट कुशल कर्म गर्दछ, वचन तथा मनबाट कुशल कर्म गर्दछ । शरीर, वचन तथा मनबाट दुष्कर्म गरेर, देह त्यागेपछि मरेर स्वर्गमा उत्पन्न हुन्छ । यसरी भिक्षुहरू व्यक्ति प्रकाशबाट प्रकाशमा नै जानेवाला हुन्छ ।

भिक्षुहरू ! दुनियाँमा यी चार किसिमका मानिसहरू हुन्छन् । अहेतुक प्रतिसन्धि-चित्तलाई उत्पति गर्ने कुशल कर्मभन्दा सहेतुक विपाकवाला प्रतिसन्धि चित्त उच्च मात्राको कुशल कर्मको विपाक हो । सहेतुक प्रतिसन्धि-चित्तले जन्मेका प्राणीहरूमा प्रतिसन्धिको कृत्यु गर्न सक्ने ८ विभिन्न प्रकारका सहेतुक विपाक चित्तहरू हुन्छन् । कस्तो कस्तो सत्वको मामिलामा प्रतिसन्धिको कृत्य कुन चाहिँ किसिमको विपाक चित्तले गर्दछ भन्ने कुरा विपाक चित्तलाई पैदा गर्ने कुशल कर्मको अंशमा भर पर्दछ ।

Downloaded from http://dhamma.digital/

मानिसहरू भिन्न भिन्न चरित्रहरू लिएर जन्मन्छन् । तिनीहरू विभिन्न मात्राको प्रज्ञा सहित वा प्रज्ञा रहित भएर जन्मन्छ किनभने मानिसहरूका प्रतिसन्धि चित्तहरू नै अनेक थरीका हुन्छन् । प्रतिसन्धि-चित्त सहेतुक हुँदा यो चित्त सधैं अलोभ र अहेतुक द्वार सम्प्रयुक्त हुन्छ तर सबै प्रज्ञाद्वारा सम्प्रयुक्त भने हुन्न । प्रतिसन्धि-चित्त प्रज्ञाद्वारा सम्प्रयुक्त हुने वा विप्रयुक्त हुने कुरा यसलाई पैदा गर्ने कर्म माथि निर्भर गर्दछ । प्रतिसन्धि-चित्त प्रज्ञाद्वारा सम्प्रयुक्त रहेको अवस्थामा मान्छे अलोभ, अद्वेष र प्रज्ञा-तीन शोभन हेतुहरू साथै जन्मेको हुन्छ । प्रज्ञा रहित भएर जन्मेकोमा भन्दा प्रज्ञा युक्त भएर जन्मदा त्यो मान्छेमा आफ्नो जीवनको दौरानमा प्रज्ञाको अभ्यास गर्ने प्रवृत्ति बढी रहन्छ । प्रज्ञा सम्प्रयुक्त प्रतिसन्धि-चित्तले जन्मेका व्यक्तिहरूले आर्य-अष्टाङ्गिक मार्गको अध्यास गरेको खण्डमा सम्बोधि लाभ गर्न सक्तछन् । प्रज्ञा रहित भएर जन्मेको व्यक्तिले पनि यो जीवनमा आर्य अष्टाङ्गिक मार्गको अभ्यास त गर्न सक्छ तर त्यही जीवनमा उसले सम्बोधिलाई प्राप्त गर्न सक्तैन । यसरी हामी के देख्छौं भन्ने हाम्रा जीवनका प्रत्येक कुरा हेतुहरू माथि निर्भर छन् ।

प्रतिसन्धि-चित्तलाई पैदा गर्ने कर्मको आधारबाटै कोही व्यक्ति सौमनस्य वेदना वा उपेक्षा वेदना साथै जन्मेको हुन्छ । सौमनस्य साथै सम्पादन गरिएको कुशल कर्म उपेक्षा साथै सम्पन्न भएको कुशल कर्मभन्दा उच्चस्तरको हुन्छ । प्रतिसन्धि-चित्तलाई पैदा गर्ने कर्म असांस्कारिक वा ससांस्कारिक हुन सक्छ । असंस्कृत कुशल कर्म ससंस्कृत कुशल कर्म भन्दा उच्चस्तरको हुन्छ । प्रतिसन्धि-चित्तलाई पैदा गर्ने कर्मकै आधारबाट यो असांस्कारिक (असंस्कृत) वा ससांस्कारिक ( ससंस्कृत) हुन्छ ।

यसरी कामावचर कुशल कर्मका विपाकवाला सहेतुक प्रतिसन्धि-चित्तहरू जम्मा आठ प्रकारका छन् । तिनीहरू सौमनस्य सहित वा उपेक्षा सहित हुन सक्छन् । तिनीहरू असांस्कारिक वा ससांस्कारिक हुन सक्छन् । तिनीहरू प्रज्ञा सहित वा प्रज्ञा रहित हुन सक्छन् ।

संक्षेपमा भन्ने हो भने तिनीहरू हुन्: ज्ञान-प्रज्ञा ।

१. सौमनस्य सहगत, ज्ञान सम्प्रयुक्त, असांस्कारिक, एक ।

२. सौमनस्य सहगत, ज्ञान सम्प्रयुक्त, ससांस्कारिक, एक ।

३. सौमनस्य सहगत, ज्ञान विप्रयुक्त, असांस्कारिक, एक ।

४. सौमनस्य सहगत, ज्ञान विप्रयुक्त, ससांस्कारिक, एक ।

५. उपेक्षा सहगत, ज्ञान सम्प्रयुक्त, असांस्कारिक, एक ।

६. उपेक्षा सहगत, ज्ञान सम्प्रयुक्त, ससांस्कारिक, एक ।

५. उपेक्षा सहगत, ज्ञान विप्रयुक्त, असांस्कारिक, एक ।

५. उपेक्षा सहगत, ज्ञान विप्रयुक्त, ससांस्कारिक, एक ।

Downloaded from http://dhamma.digital/

प्रतिसन्धि-चित्तको बारेमा अरू विस्तृत रूपमा थाहा पाउनु उपयोगी हुन्छ । किनभने यसले मानिसहरू किन यसरी भिन्न भिन्न हुन्छन् भन्ने कुरा बुझ्न मद्दत गर्न सक्छ । कामावचर कुशल कर्महरू वा विपाकहरूको रूपमा रहेका आठ प्रकारका सहेतुक प्रतिसन्धि-चित्त मनुष्य लोकमा मात्र उत्पति हुने होइन, बल्कि ती चित्तहरू त काम भूमिको रूपमा रहेका दिव्यलोकहरूमा पनि उत्पति हुन्छन् ।

जम्मा (यस संसारमा) ३१ प्रकारका लोकहरू छन् । ती मध्ये ११ लोकहरू काम भूमिहरू हुन्, जसमध्ये एक मनुष्य लोक हो, ६ वटा दिव्य लोकहरू हुन् र चार वटा अपाय भूमि वा दुर्गतिलोकहरू हुन् । काम भूमिहरूमध्ये कुनै पनि काम भूमिमा जन्मेका प्राणीहरूमा कामावचर चित्तहरू हुन्छन् र तिनीहरू इन्द्रीय संस्पर्शहरूलाई ग्रहण गर्दछन् । यी बाहेक काम भूमि नभउका अरू दिव्य लोकहरू पनि हुन्छन् ।

काम भूमिहरू मध्ये कुनै एक काम भूमिमा जन्म लिएर पनि कसैले ध्यानको अभ्यास गर्दछ भने उसको कामावचर चित्तहरूको अलावा रूप-ध्यान चित्तहरू र अरूप-ध्यान चित्तहरू पनि प्राप्त गर्न सक्तछ । कसैले आर्य अष्टाङ्गिक मार्गको अभ्यास गर्दछ भने त उसले निर्वाणलाई प्रत्यक्ष रूपमा साक्षात्कार गर्न सक्ने लोकोत्तर चित्तहरू प्राप्त गर्न सक्तछ । कसैले ध्यान प्राप्त गर्दा यस घडीमा उसले गरेको कुशल कर्म कामावचर कुशल कर्म होइन । किनभने ध्यानको त्यस घडीमा इन्द्रीय संस्पर्शहरू हुन्नन् । ध्यान प्राप्त गरेकै जीवनको अवधिमै यसले (ध्यानले) विपाकलाई पैदा गर्दैन तर च्यूति चित्तको केही क्षण अघि ध्यान चित्तहरू छन् भने यसले अर्को जन्ममा प्रतिसन्धि-चित्तलाई पैदा गर्दछ । रूपावचर कुशल चित्तको (जुन रूपध्यान चित्तवाला कुशल चित्त हो) विपाक हो रूप-ब्रह्मलोकवाला दिव्य लोकमा जन्म, जुन दिव्य लोक काम भूमि होइन । अरूपावचर कुशल चित्त ( अरूप ध्यान चित्तवाला कुशल चित्त) को विपाक हो अरूप-ब्रह्मलोकवाला दिव्य लोकमा जन्म । थरी थरीका रूप ब्रह्मलोकहरू र अरूप-ब्रह्मलोकहरू यहाँ हुन्छन् ।

रूप-ध्यान (पालिमा रूप-झान) को पाँच तह वा चरण हुन्छन् । तसर्थ पाँच प्रकारका रूपावचर विपाक चित्तलाई पैदा गर्ने पाँच किसिमकै रूपावचर कुशल चित्त हुन्छन् । अरूप-ध्यानको चार तह हुन्छन् । तसर्थ चार प्रकारका अरूपावचर विपाक चित्तलाई पैदा गर्ने चार प्रकारका अरूपावचर कुशल चित्त हुन्छन् । यसरी रूपावचर कुशल चित्तहरूको विपाकवाला पाँच प्रकारका प्रतिसन्धि-चित्तहरू हुन्छन् र अरूपावचर कुशल चित्तहरूको विपाकवाला चार प्रकारका प्रतिसन्धि चित्तहरू हुन्छन् । भिन्न भिन्न प्रकारका ध्यान चित्तहरूको विपाकवाला जम्मा नौ प्रकारका प्रतिसन्धि-चित्त हुन्छन् । ती चित्तहरू सहेतुक विपाक चित्तहरू हुन् र सदैव प्रज्ञाद्वारा सम्प्रयुक्त रहन्छन् ।

यसरी १९ प्रकारका प्रतिसन्धि-चित्तलाई सारांशमा निम्न बमोजिम प्रस्तुत गर्न सकिन्छ :–

१ अकुशल विपाक-सन्तीर्ण-चित्त (अहेतुक, अकुशल कर्मको विपाक)

१ कुशल विपाक सन्तीर्ण चित्त (अहेतुक, कामावचर कुशल कर्मको विपाक)

८ महा-विपाक चित्तहरू (सहेतुक, कामावचर कुशल कर्महरूको विपाकहरू)

Downloaded from http://dhamma.digital/

५ रूपावचर विपाक चित्तहरू (सहेतुक, रूप-ध्यान चित्तहरूका विपाकहरू)

४ अरूपावचर विपाक चित्तहरू (सहेतुक, अरूप-ध्यान चित्तहरूका विपाकहरू)

जम्मा १९

हाम्रा कर्महरूमध्ये कुन चाहिँले हाम्रो अर्को जन्मको प्रतिसन्धि-चित्तलाई पैदा गर्ने हो हामीलाई थाहा छैन । हामी असल कर्महरू र अकुशल कर्महरू दुवै गर्दछौं । यी कर्महरू मध्ये कुनै एउटाले वा पूर्वजन्ममा गरिएको एउटै मात्र कर्मले पनि अर्को जीवनको प्रतिसन्धि-चित्तलाई उत्पति गर्न सक्छ । भगवान् बुद्धले मानिसहरूलाई अनेक प्रकारका कुशल कर्म गर्न प्रोत्साहित गर्नु हुन्थ्यो । किनभने प्रत्येक कुशल कर्म निकै मूल्यवान हुन्छ र ढीलो चाँडो अवश्य फल दिन्छ ।

इतिवुत्तकमा भगवान् बुद्धले भिक्षुहरूलाई उपदेश दिनु हुँदै भन्नु भएको छः–

“भिक्षुहरू ! मैले थाहा पाए जस्तै अन्य सत्वहरूलाई पनि आपसमा बाँडेर लिने खाने गर्दाको फल पाक्ने कुरा थाहा भएको भए, आपसमा बाँडचूँड नगरिकन उनीहरू आ-आफ्ना उपभोगका कुनै पनि वस्तुलाई उपभोग गर्दैनथ्यो होला, न कृपणाताको छाप (टाटो) ले उनीहरूको हृदयमा दुःख दिन्थ्यो होल, न कंजुसीको कलंक नै त्यहाँ रहन्थ्यो होल । उनीहरूसँग एउटै अन्तिम भाग मात्र बाँकी रहेको भए पनि, उनीहरूको अन्तिम गाँस खाना मात्र भए तापनि यदि त्यस वस्तुलाई बाँडिलिने कोही भइदिएको खण्डमा उनीहरूले त्यस वस्तुलाई आपसमा नबाँडिकन त्यसको उपभोग गर्दैनथ्यो होला ।....”

कुशल कर्मले सुखकर पुनर्जन्म गराउन सक्तछ र जुनसुकै प्रकारको पुनर्जन्मभन्दा जन्मको निरोधलाई नै बढी महत्व दिइनु पर्दछ । कसैको अष्टाङ्गिक मार्गको अभ्यास गरेर अरहन्त मार्ग फल प्राप्त गरेको खण्डमा उसको अर्को पुनर्जन्म भन्ने कुरा रहन्न । अरहन्तको च्यूति चित्तपछि प्रतिसन्धित-चित्तले अनुगमन गर्दैन । भगवान् बुद्धले बराबर मानिसहरूलाई जन्मको दुष्परिणामहरू बारेमा सम्झाउनु हुँदै मृत्युरहित निर्वाण प्राप्त गर्नको निमित्त स्मृतियुक्त भएर रहन प्रोत्साहित गर्नु हुन्थ्यो ।

अंगुत्तर निकाय (अट्ठक निपात परिच्छेद ८, प्रकरण ४) मा भगवान् बुद्ध नातिकाको इंटको आवासमा रहनु हुँदा भिक्षुहरूलाई दिनु भएको उपदेश चर्चा गरिएको छः–

“भिक्षुहरू ! मनणानुस्मृतिको भावना गरिएमा, वृद्धि गरिएको खण्डमा त्यो महान् फलदायक हुन्छ, महान् शुभ परिणामकारक हुन्छ, अमृतदायिनी हुन्छ, अमृतस्वरूपी हुन्छ ।”

भिक्षुहरू ! कसरी भावना गर्नाले .....यस्तो ..... अमृतदायिनी, अमृतस्वरूपी हुन्छ ?

भिक्षुहरू ! भिक्षु दिनको अस्त भई रातको आगमन भएपछि यसरी विचार गर्दछ– “मेरो मृत्युका कारण हुन सक्छन्–मलाई सर्पले टोक्न सक्छ, बिच्छीले डस्न सक्छ, यसबाट मेरो मृत्यु पनि हुन सक्छ । यो मेरो लागि ठूलो खतरा हुन सक्छ । म गोडा चिप्लिएर लड्न सक्छ, मलाई भोजन अपच हुन सक्छ, मेरो पित्त प्रकुपित हुन सक्छ, मेरो कफ पनि प्रकुपित हुन सक्छ, अंग-प्रत्यंपगलाई

Downloaded from http://dhamma.digital/

छेदन गर्ने वायु प्रकुपित हुन सक्छ। ममाथि मान्छेले आक्रमण गर्न सक्छ। अमनुष्यले आक्रमण गर्न सक्छ – यसबाट मेरो मृत्यु हुन सक्छ। मेरो लागि यो ठूलो खतरा हुन सक्छ।

भिक्षुहरू ! त्यस भिक्षुले यसरी विचार गर्नु पर्छ– अहिले मेरो पापपूर्ण अकशुल धर्म अप्रहीण छन्। यदि रातमै मेरो निधन भएको खण्डमा यो मेरो लागि खतरनाक हुन सक्छ।

भिक्षुहरू ! यदि यसरी सोच विचार गर्दा भिक्षुलाई यस्तो लागेमा कि मेरो पापपूर्ण अकुशल धर्म अहिले अप्रहीण छन्, रातमै मेरो निधन भएमा मेरो लागि खतकरनाक हुन सक्छ, तब त्यस भिक्षुले ती पाप-पूर्ण अकुशल धर्मका प्रहाण (नाश) कै लागि विशेष संकल्प, प्रयत्न, उत्साह, पराक्रम, स्मृति तथा सम्प्रजन्यको उपयोग गर्नु पर्छ।

भिक्षुहरू ! जसरी कसैको कपडा वा शिरका केशमा आगो लागेको खण्डमा त्यो कपडा वा शिरका केशमा लागेको आगो निभाउनको लागि नै त्यस व्यक्तिले विशेष संकल्प, प्रयत्न, उत्साह, उद्योग, पराक्रम, स्मृति तथा सम्प्रजन्यको उपयोग गर्दछ, त्यसरी नै भिक्षुहरू ! त्यस भिक्षुले ती पापपूर्ण अकुशल धर्मका क्षय (प्रहाण) को लागि नै विशेष संकल्प, प्रयत्न, उत्साह, उद्योग, पराक्रम, स्मृति तथा सम्प्रजन्यको उपयोग गर्नु पर्छ।

भिक्षुहरू ! यदि यसरी सोच विचार गर्दा भिक्षुलाई यस्तो लागेमा कि अब मेरो पापपूर्ण अकुशल धर्म अप्रहीण छैनन्, जुन रातमै मेरो निधन भएको खण्डमा मेरो लागि खतकरनाक होस्, तब भिक्षुहरू ! त्यस भिक्षुले रातदिन कुशल कर्ममा लागिरहेर त्यसै प्रीति-प्रमुदित भावबाट आनन्दित रहने गर्नु पर्छ।

भिक्षुहरू ! भिक्षु रातको अस्त भएर दिनको उदय भएपछि यसरी विचार गर्दछ– मेरो मृत्युको अनेक कारण हुन सक्छन्–मलाई सर्पले टोक्न सक्छ ..... मनुष्यले आक्रमण गर्न सक्छ– यसबाट मेरो मृत्यु पनि हुन सक्छ। मेरो लागि ठूलो खतरनाक हुन सक्छ।

भिक्षुहरू ! त्यस भिक्षुले यसरी विचार गर्नु पर्छ– अहिले ..... अप्रहीण छन्। यदि दिनमै मेरो निधन भएको खण्डमा यो मेरो लागि खतरनाक हुन सक्छ।

भिक्षुहरू ! यदि यसरी सोच विचार गर्दा भिक्षुलाई यस्तो लागेमा कि मेरो पापपूर्ण अकुशल कर्म अहिले अप्रहीण छन् ..... स्मृति तथा सम्प्रजन्यको उपयोग गर्नु पर्छ।

भिक्षुहरू ! जसरी कपडा वा शिरको केशमा आगो लागेको खण्डमा ..... स्मृति तथा सम्प्रजन्यको उपयोग गर्नु पर्छ।

भिक्षुहरू ! यदि यसरी सोच विचार गर्दा भिक्षुलाई यस्तो लागेमा कि अब मेरा पाप-पूर्ण अकुशल धर्म अप्रहीण छैनन्, जुन दिनमै मेरो निधन भएको खण्डमा मेरो लागि खतकरनाक होस्, तब भिक्षुहरू ! त्यस भिक्षुले रातदिन कुशल कर्ममा लागिरहेर त्यसै प्रीति-प्रमुदित भावबाट आनन्दित रहने गर्नु पर्छ।

Downloaded from http://dhamma.digital/

भिक्षुहरू ! यसरी भावना गर्नाले, वृद्धि गर्नाले, मनणानुस्मृति महान् फलदायक हुन्छ, महान् शुभ परिणामकारक हुन्छ, अमृतदायिनी हुन्छ, अमृतस्वरूपी हुन्छ ।"

**केही मनन गर्न योग्य प्रश्नहरू**

१) के प्रतिसन्धि-चित्त अहेतुक हुन सक्छ ?

२) प्रतिसन्धि-चित्त कति प्रकारका हुन्छन् ?

३) कति प्रकारका प्रतिसन्धि-चित्त अकुशल विपाक हुन्छन् ?

४) के सहेतुक प्रतिसन्धि-चित्तहरू प्रज्ञा सहगत हुन सक्छ ?क

Downloaded from http://dhamma.digital/

## परिच्छेद–१२

# भवंगको कृत्य

मान्छेको जीवनमा रूपादि गोचरका स्पर्शहरू नभएका घडीहरू पनि हुन्छन् जुन बेला मानिस विचार गर्दैन, जसन बेला अकुशल चित्तहरू वा कुशल चित्तहरू हुँदैनन् । मान्छेको जीवनमा त्यस्ता घडीहरूमा पनि अझै चित्त रहन्छ त ? प्रश्न स्वाभाविक छ । रूपादि गोचरहरूको स्पर्श नहुँदा पनि र कुनै प्रकारको चिन्तन नहुँदा पनि चित्त त त्यहाँ हुनु नै पर्दछ । किनभने बिना चित्त मान्छे जीवित नै रहँदैन । यस्ता घडीहरूमा उत्पति हुने र निरोध हुने चित्तको किसिमलाई भवंग-चित्त भनिन्छ । भगंको शाब्दिक अर्थ हो "जीवनको अंग" । व्यवहारिक भाषामा भन्ने हो भने भवंग-चित्तले "व्यक्ति"लाई जीवित राख्तछ, यही नै भवंग-चित्तको कृत्य हो ।

भवंग चित्तहरू बराबर उत्पति हुन्छन् भन्दा कतिपय मानिसहरूलाई अचम्म लाग्न सक्छ । रूपादि-गोचरहरूका स्पर्श नभएको बेला, चिन्तन नरहेको बेला र अकुशल चित्तह्रू वा कुशल चित्तहरू नरहेका घडीहरूमा पनि असंख्य भवंग चित्तहरू उत्पति भइरहेका हुन्छन् । हामी सुतेको र स्वप्न देखिरहेको बेलामा हामीमा अकुशल चित्तहरू वा कुशल चित्तहरू रहन्छन् तर विना स्वप्नको निद्रामा हामी सुतिरहेको बेलामा पनि अझै हामीमा चित्तका धार चलिरहेकै हुन्छ । यी घडीहरूमा भवंग-चित्तहरू रहन्छन् । प्रतिसन्धित-चित्त लोप हुँदा यसले अर्को चित्तलाई उत्पति गर्दछ, जुन चित्त त्यो जीव्नको दोश्रो चित्त हो । त्यो चित्त जीवनको प्रथम भवंग चित्त हो ।

भवंग-चित्त एउटा विपाक चित्त हो । जुन कर्मले प्रतिसन्धि-चित्तलाई पैदा गऱ्यो त्यही कर्मको विपाक नै भवंग-चित्त हो । जीवनमा एउटै मात्र प्रतिसन्धि-चित्त हुन्छ तर भवंग-चित्तहरू भने असंख्य हुन्छन् । प्रथम भवंग-चित्त मात्र होइन, एउटा जीवन अवधिमा उत्पति हुने सबै नै भवंग-चित्तहरू प्रतिसन्धि-चित्तलाई पैदा गर्ने कर्मकै विपाक हुन् ।

प्रतिसन्धि-चित्त १९ प्रकारका हुने भएकोले भवंग चित्त पनि १९ नै प्रकारका हुन्छन् । जस्तो दुर्गतिलोक वा अपाय भूमिमा जन्म हुँदाको प्रतिसन्धि-चित्त अकुशल विपाक हो भने त्यो जीवनका सम्पूर्ण भवंग चित्तहरू पनि अकुशल विपाक नै हुन्छन् । जीवनको प्रथम घडीदेखि नै अपांग भएको व्यक्तिको सम्बन्धमा जस्तै प्रतिसन्धि-चित्त अहेतुक कुशल विपाक हुँदा त्यो जीवनका सबै भवंग चित्तहरू पनि अहेतुक कुशल विपाक हुन्छन् । यदि प्रतिसन्धि-चित्त सहेतुक छ भने भवंग चित्तहरू पनि सहेतुक नै हुन्छन् । एउटा जीवन अवधिमा उत्पति हुने सम्पूर्ण भवंग चित्तहरू त्यो जीवनको प्रतिसन्धि-चित्त जुन किसिमको हुन्छ उही किसिमका हुन्छन् । यदि कोही व्यक्ति अलोभ र अद्वेष– दुई हेतुहरू साथै तर प्रज्ञा विप्रयुक्त भएर जन्मेको छ भने उसको जीवनका सबै भवंग चित्तहरूको ती दुईटै हेतुहरू मात्र हुन्छन् । त्यस्तो व्यक्तिले प्रज्ञाको अभ्यास गर्न सक्छ तर उसले त्यही जीवनमा मार्गफल प्राप्त गर्न भने सक्तैन । यदि कोही व्यक्ति अलोभ, अद्वेष र प्रज्ञा जस्ता तीनै हेतुहरू सहित जन्मेको छ भने उसको जीवनको सम्पूर्ण भवंग चित्तहरूमा पनि यिनै तीन शोभन हेतुहरू साथ लागेका हुन्छन् । यसरी त्यो मान्छे प्रज्ञाको अभ्यास गर्नमा बढी इच्छुक हुन्छ र उसले त्यही जीवनमा मार्ग फल लाभ गर्न सक्तछ । यदि कोही व्यक्ति सौमनस्य वेदना साथै जन्मेको छ भने उसको जीवनको सम्पूर्ण भवंग चित्तहरू सौमनस्य सहगत नै हुन्छन् ।

Downloaded from http://dhamma.digital/

प्रत्येक चित्तको एउटा गोचर वा आलम्बन हुनु परे जस्तै भवंग चित्तको पनि आलम्बन वा गोचर हुन्छ । दर्शनको रंग आलम्बन हुन्छ, श्रवणको शब्द आलम्बन हुन्छ । तर भवंग चित्तको भने जुन आलम्बन हुन्छ त्यो इन्द्रीयहरू मार्फत र मनोद्वार मार्फत प्रकट हुने आलम्बनहरू भन्दा सर्वथा भिन्न हुन्छ । भवंग चित्तको त्यही आलम्बन हुन्छ जुन प्रतिसन्धि-चित्तको हुन्छ र प्रतिसन्धि-चित्तको फेरि पूर्वजन्ममा मृत्यु हुनुभन्दा केही क्षण अघि उत्पति भएका चित्तहरूको जे आलम्बन हुन्छ त्यही आलम्बन रहन्छ । (अर्थात् मृत्यु अघि उत्पति भएका चित्तहरूको जे आलम्बन हुन्छ) । जीवनको अन्तिम चित्तको केही क्षण अगाडि उत्पति भएका चित्तहरू अर्थात् च्यूति चित्तको अघि उत्पति भएका चित्तहरू अर्को जीवनको निमित्त निर्णायक हुन्छन् । यदि ती अकुशल चित्तहरू छन् भने पुनर्जन्म दुःखमय जन्म हुन्छ । यदि ती कुशल चित्तहरू छन् भने अर्को जन्म सुखकर जन्म हुने हुन्छ । ती चित्तहरूले ६ इन्द्रीयद्वारहरू मध्ये कुनै एउटा द्वारद्वारा आलम्बनको अनुभव गर्न सक्छ । पूर्वजन्ममा च्युति चित्तको क्षण अघि उत्पति भएका चित्तहरूकै अनुरूप नै कुनै अमुक जीवनको प्रतिसन्धि-चित्त र त्यो जीवनको सम्पूर्ण भवंग चित्तहरूको त्यही आलम्बनलाई भोग गरेको हुन्छ ।

विशुद्धि मार्ग (परिच्छेद १४, ११४) मा भवंग चित्तको बारेमा यसरी उल्लेख गरिएको छः–

प्रतिसन्धि-विज्ञानको निरूद्ध भएपछि त्यस प्रतिसन्धि-विज्ञानको पछि लागिरहेका त्यस त्यस कर्मका विपाक, त्यही आलम्बनमा त्यही प्रकारका भवाङ्ग-विज्ञान प्रवर्तित हुन्छ । पुनः त्यतिमै – यसरी चित्त प्रवाह (सन्तति) रोकिएपछि अन्य चित्त उत्पन्न भएपछि, नदी श्रोत समान स्वप्न नदेखिकन निद्रामा निमग्न हुने समय आदिमा असंख्य पटक पनि प्रवर्तित नै हुन्छन् ।

भवंग-चित्तहरू नदीको श्रोत वा प्रवाह समान हुन्, जुन इन्द्रीयहरू मध्ये कुनै एक इन्द्रीय मार्फत वा मनोद्वार मार्फत प्रकट हुने आलम्बन भएको खण्डमा अवरूद्ध हुन्छ । इन्द्रीयद्वार वीथिका चित्तहरू र मनोद्वार वीथिका चित्तहरू निरूद्ध भएपछि भवंग-चित्तहरूको प्रवाह पुनः लाग्दछ ।

पाँच इन्द्रीयहरू मध्ये कुनै एउटामा कुनै आलम्बनले ठक्कर खानासाथ भवंग-चित्तको धार रोकिन्छ र त्यहाँ स्पर्श हुन्छ । तर स्पर्श तुरून्तै हुने होइन । पंचद्वारावर्जन चित्तले पाँच इन्द्रीयद्वारहरू मध्ये कुनै एक द्वार मार्फत त्यस आलम्बनमा ध्यान लगाउनु भन्दा अगाडि अरू केही भवंग-चित्तहरू उत्पति भएर निरूद्ध हुन्छन् । जस्तो उदाहरणको लागि भनौं, जब रंगले चक्षु-इन्द्रीयमा स्पर्श गर्दछ, त्यहाँ तुरून्त दर्शन हुँदैन । त्यस क्षणमा उत्पति भइरहेको भवंग चित्त त्यस बाहिरिया गोचरबाट ठक्कर खान्छ । अनि भवंग-चित्त विचलित हुन्छ अर्थात् भंग हुन्छ । अब प्रश्न खडा हुन सक्छः भवंग-चित्तलाई बाह्य आलम्बनबाट कसरी प्रभावित पार्न सकिन्छ ? के भवंग-चित्त पनि प्रतिसन्धि-चित्तको आलम्बन जस्तै उही किसिमको आफ्नै आलम्बन छैन र ? कुरा वास्तवमा के हो भने एउटा चित्तले एक समयमा एउटै मात्र आलम्बनलाई ग्रहण गर्न सक्तछ । भवंग-चित्तलाई बाह्य आलम्बनबाट असर पार्न त सकिन्छ तर अझै पनि यसले आफ्नो आलम्बनलाई नै ग्रहण गर्दछ ।

विशुद्धि मार्ग (परिच्छेद १४, ११५ को पाद टिप्पणी ४६) मा परमत्थ मन्जुसा ४७८ मा यसरी उल्लेख गरिएको छः–

... तर भिन्नै आधार भएको भवंगको विचलितपना (चलन) कसरी हुन आउँछ ? किनभने यो यससित सम्बन्धित छ र यहाँ उदाहरण यो हो ।

Downloaded from http://dhamma.digital/

तबलाको सतहमाथि चिनीका दानाहरू राखी ती चिनीका दाना मध्ये कुनै एक दाना माथि थप थप थपथपाइ दिएको खण्डमा चिनीको अर्को दानामाथि बसिरहेको झिंगा चल्छ ।

इन्द्रीय द्वारहरू मध्ये कुनै एउटा द्वारमा गोचरले स्पर्श गर्दा विचलित हुने पहिलो भवंग-चित्त अतीत भवंग हो । यसको पछि अर्को भवंग-चित्त–भवंग चलन लाग्दछ । यो चित्तको पछि अर्को भवंग-चित्त भवंगुपच्छेद लाग्दछ । यस पछि भवंग चित्तहरूको प्रवाह टुट्ने भएकोले यस चित्तलाई भवंगुपच्छेद भनिएको हो । यो भवंग-चित्तपछि भवंग-चित्तको धार अवरूद्ध हुन्छ । भवंगुपच्छेदपछि पंचद्वारावर्जन चित्त लाग्दछ जुन पंचद्वारावर्जन चित्तले इन्द्रीयद्वारहरू मध्ये कुनै एक द्वार मार्फत गोचरतिर ध्यान लगाउने कृत्य गर्दछ ।

पंचद्वारावर्जन चित्तको केही अघि उत्पति भइरहेका तीन भवंग चित्तहरू आलम्बनद्वारा विचलित हुन्छ । तैपनि पाँच इन्द्रीयहरू मध्ये कुनै एक इन्द्रीयमा स्पर्श गर्ने त्यस नयाँ गोचर प्रति ध्यान दिलाउने कृत्य भवंग चित्तहरूबाट हुँदैन, न त त्यो गोचरलाई अनुभव गर्ने कार्य नै हुन्छ । भवंग-चित्तहरूको आफ्नै कृत्य छ– त्यो कृत्य हो व्यक्तिलाई जीवित राख्नु ताकि त्यो जीवनभरि नै आलम्बनहरूलाई अनुभव गर्न सकियोस् । यी भवंग चित्तहरूको अझै पनि प्रतिसन्धि-चित्तकै अनुरूप उही आलम्बन हुन्छ । जब चित्तहरूका इन्द्रीयद्वार वीथि सकिन्छ, भवंग-चित्तहरूको प्रवाह पुनः शुरू हुन्छ ताकि हाम्रो जीवनमा एकको पछि अर्कोले पछि लागिरहने चित्तहरूको धारा अवरूद्ध नहोस् ।

इन्द्रीयहरू मध्ये कुनै एउटामा ठक्कर लगाउने त्यस आलम्बनलाई मनोद्वार मार्फत अनुभव गर्न सकिन्छ । किन्तु मनोद्वार वीथिमा चित्तहरू उत्पति हुनु अगावै त्यहाँ भवंग चित्तहरू हुनु पर्छ । मनोद्वार वीथिमा चित्तहरूको निरोध भइसकेपछि पुनः भवंग-चित्तहरूको धारा शुरू हुन्छ ।

पाँच इन्द्रीयहरू मध्ये कुनै एउटा इन्द्रीय मार्फत अनुभव गरिने गोचर चाहिँ रूप हो । रूपको उत्पति र विनाश हुन्छ तर यो नाम जस्तै त्यति चाँडो लोप हुँदैन । रूपको एउटा इकाई एकपछि अर्को लाग्ने चित्तका १७ घडीहरूको समयसम्म स्थीर रहन्छ । रूपले इन्द्रीयद्वारहरू मध्ये कुनै एउटा द्वारमा स्पर्श गर्दा इन्द्रीयद्वार वीथिमा १७ चित्तहरू उत्पनि हुन्छन् ।

इन्द्रीय द्वारहरू मध्ये कुनै एउटा द्वारमा आलम्बनले स्पर्श गर्नु अघि भवंग चित्तहरू उत्पति भएर निरोध भइरहेका हुन्छन् । जस्तो उदाहरणको निम्ति रूप (जुन रंग हो) ले चक्षु-इन्द्रीयमा स्पर्श हुँदा त्यहाँ सर्वप्रथम तीन भवंग-चित्तहरू हुन्छन्, यथाः

। अतीत भवंग

।। भवंग-चलन

।।। भवंगुपच्छेद

अनि भवंग-चित्तहरूको प्रवाह छेकिन्छ र चक्षुद्वारावर्जन चित्तले चक्षुद्वार मार्फत त्यो गोचर तर्फ ध्यान दिएर हेर्दछ । चक्षुद्वारावर्जन चित्तको पछि अरू १३ वटा चित्तहरू पनि लाग्छन् र ती प्रत्येक चित्तको चक्षुद्वार वीथिमा आ-आफ्नै कृत्य हुन्छ । अतीत भवंगदेखि गणना गर्दा इन्द्रीय द्वार

Downloaded from http://dhamma.digital/

वीथि पूर्ण हुञ्जेलसम्ममा इन्द्रीय द्वारहरू कुनै खास एउटा द्वारमार्फत रूपलाई अनुभव गर्ने चित्तहरू जम्मा १७ वटा हुन्छन् ।

कुनै एउटा इन्द्रीयद्वार वीथिको अन्तिम चित्त निरोध भइसकेपछि पुनः भवंग चित्तहरू लाग्छन् । त्यस गोचरलाई मनोद्वार मार्फत अनुभव गर्दाको घडीमा रूप त लोप भइसकेको हुन्छ । किनभने रूप त चित्तको १७ घडीहरूसम्म मात्र स्थीर रहन्छ । तथापि त्यस गोचरलाई मनोद्वार मार्फत भने अनुभव गर्न सकिन्छ । तर त्यस गोचरलाई मनोद्वार मार्फत अनुभव गरिनु अघि त्यहाँ पुनः भवंग-चित्तहरू लाग्नु पर्ने हुन्छ । मनोद्वारावर्जन चित्तको अघि उत्पति हुने अन्तिम दुई भवंग चित्तहरू चाहिँ भवंग-चलन र भवंगुपच्छेद हुन् । त्यसपछि मनोद्वारावर्जन चित्तले मनोद्वार मार्फत अघि पाँच इन्द्रीयद्वारहरू मध्ये कुनै एक इन्द्रीयद्वार मार्फत अनुभव गरिएको गोचरलाई नै ध्यान लगाउँछ । त्यसपछि मनोद्वार वीथिका अरू ७ वटा चित्तहरूपछि लाग्छन् । यसरी मनोद्वार वीथि निम्न बमोजिम हुन्छ :

अ. भवंग चलन

आ. भवंगुपच्छेद

इ. मनोद्वारावर्नन चित्त

ई. सात वटा अकुशल वा कुशल चित्तहरू (अथवा अरहन्तको निमित्त कृय-चित्तहरू)

त्यस मनोद्वार वीथिको भवंग चलनको उत्पति हुनु अगाडि त्यहाँ धेरै भवंग चित्तहरू उत्पति हुँदै निरोध भइरहेका हुन्छन् । इन्द्रीयद्वार वीथिको पछि लाग्ने मनोद्वार वीथिको भने अतीत भवंग भन्ने हुँदैन । किनभने यो चित्त त अघिल्लो इन्द्रीयद्वार वीथिमै पहिले नै उत्पति भइसकेकै हुन्छ ।

मनोद्वार वीथिको निरोध भएपछि इन्द्रीयद्वारहरू मध्ये कुनै एक इन्द्रीयद्वार मार्फत वा मनोद्वार मार्फत पुनः आलम्बनलाई अनुभव गर्ने चित्तहरूको प्रक्रिया शुरू नभएसम्मको लागि भवंग चित्तहरूकै धारा प्रवाहित हुन्छ । यसबाट के सिद्ध हुन्छ भने इन्द्रीयद्वारहरू मध्ये कुनै एउटा द्वार मार्फत वा मनोद्वार मार्फत आलम्बनलाई अनुभव गर्ने चित्तहरूको वीथिहरू (वा प्रक्रियाहरू) को बीच बीचमा सम्पूर्ण हाम्रो जीवन भरिमा नै असंख्य भवंग चित्तहरू उत्पति भइरहन्छन् ।

मनोद्वार भनेको के हो त ? यो इन्द्रीयद्वारहरूबाट सर्वथा भिन्नै कुरा हो । इन्द्रीयद्वारहरू भन्नाले निम्न लिखित रूपहरू हुन् :

चक्षु-इन्द्रीय, कर्ण-इन्द्रीय, घ्राण-इन्द्रीइ, जिव्हा-इन्द्रीय र काय-इन्द्रीय । काय-इन्द्रीय सम्पूर्ण शरीर भरि नै रहन्छ । मनोद्वार यी रूपहरू मध्येको कुनै एउटा रूप होइन । मनोद्वार नाम हो वा रूप हो भन्ने कुरामा मान्छेलाई अलमल हुन सक्छ । मनोद्वार वीथिको प्रथम चित्तले कसरी आलम्बनलाई ध्यान दिन्छ भन्ने कुरालाई हामीले विचार गर्नुपर्छ । आलम्बनलाई विचार गरेर हेर्ने मनोद्वार वीथिको पहिलो चित्त हो मनोद्वारावर्जन चित्त । यो चित्तले पाँच इन्द्रीयहरू मध्येका कुनै पनि इन्द्रीयद्वार मार्फत आलम्बन तर्फ ध्यान दिने होइन । तसर्थ मनोद्वार नाम हो । यो चित्त हो ।

Downloaded from http://dhamma.digital/

मनोद्वारावर्जन चित्तको अघि लाग्ने चित्त हो । भवंगुपच्छेद चित्त । भवंगुपच्छेद चित्त मनोद्वार हो र यसै मनोद्वार मार्फत मनोद्वारावर्जन चित्तले त्यस आलम्बन तर्फ ध्यान दिन्छ ।

अभिधर्मको अध्ययनबाट हामी धर्महरूलाई विश्लेषण गर्न र त्यस्तो संस्कारित धर्महरूलाई धातुहरू (तत्वहरू) को रूपमा हेर्न देख्न सिक्छौं र इन्द्रीय द्वारहरू मार्फत र मनोद्वार मार्फत विभिन्न आलम्बनहरूलाई अनुभव गर्ने चित्तहरूको प्रक्रियालाई विश्लेषण गर्न सिक्छौं । विपश्यनाको अभ्यासको निमित्त चित्तको विभिन्न वीथिहरू बारे थाहा पाउनु उपयोगी हुन्छ । जस्तो उदाहरणको लागि भनौं शब्दलाई कर्णद्वार मार्फत र मनोद्वार मार्फत अनुभव गर्न सकिन्छ । चित्तहरू एकपछि अर्को क्रमबद्ध रूपमा यति छिटो छिटो लागिरहन्छन् कि आलम्बन के हो भन्ने कुरा हामीलाई थाहा भइ नसकेकै अवस्थामा पनि यसलाई मनोद्वार मार्फत अनुभव गरी सकिएको हुन्छ । विभिन्न प्रक्रियाहरूका कुन कुन चित्तलाई अनुभव गर्न सकिन्छ भन्ने कुरा स्मृतिमा निर्भर रहन्छ । चित्तका विभिन्न घडीहरूका विभिन्न लक्षणहरू हुन्छन् भन्ने कुरा अनुभव गर्न हामीले जान्यौं भने हामीलाई के थाहा हुन्छ भने ती लक्षणहरू मात्र धातुहरू हुन् जुन स्थीर रहन्न ।

संयुक्त निकाय (षलायतन वर्ग, परिच्छेद १, चतुर्थ पण्णासक, आशीविष वर्ग, भाग ४, वीणा सुत्त) मा यस बारेमा यसरी चर्चा गरिएको पाइन्छ –

भिक्षुहरू ! मानौं कुनै राजा वा मन्त्रीले पहिले कहिल्यै पनि वीणा सुनेको थिएन । उसले वीणाकावे आवाज सुनोस् । उसले यस्तो भनोस् अरे ! यो कस्तो आवाज हो, यति राम्रो, यति सुन्दर, यसरी मतवाला (नशालु) बनाइदिने, यसरी मूर्छित गरिदिने, यसरी चित्तलाई खिच्न सक्ने ? उसलाई मानिसह भन्दछन् –भन्ते ! यो त वीणाको आवाज हो, जो यति राम्रो सुन्दर, यसरी नशा चढाउने, यसरी मूर्च्छित गरिदिने, यसरी चित्तलाई खिच्न सक्ने खालको छ ।

उसले यसरी भनोस्–जाऊ, त्यो वीणालाई लिएर आऊ ।

मानिसहरूले उसलाई वीणा ल्याएर दिन्छन् र भन्छन्– भन्ते ! त्यो यही वीणा हो जसको आवाज .... यसरी चित्तलाई खिँच्ने वाला हो ।

उसले यस्तो भनोस्– मलाई यो वीणाको मतलब छैन, मलाई त्यो आवाज ल्याई देऊ

मानिसहरू उसलाई भन्दछन् – भन्ते ! वीणाको अनेक सम्भारहरू छन् । अनेक सम्भारहरूलाई जुटाएपछि वीणाबाट आवाज निस्कन्छ । जस्तो द्रोणी, छाला, फ्रेम, तारहरू, उपषेण र बजाउने पुरुषको अभ्यासको प्रत्ययबाट वीणा बज्दछ ।

यसरी भन्ते ! यो वीणा भनिने वस्तु अनेक सम्भारहरू, अनेक संख्यामा सम्भारहरूद्वारा बनेको छ । यसमा विभिन्न भागहरू जुट्ने भएकोले यो बज्दछ । तब त्यस राजा वा मन्त्रीले त्यो वीणालाई दश वा सय टुक्रा हुने गरी भाँचिदेओस्, भाँचेर त्यसलाई सानासाना टुक्रा गरिदेओस् । साना साना टुक्रा पारेर आगोमा जलाइदेओस् र जलाएर त्यसलाई खरानी बनाइ देओस् । खरानी बनाएर त्यसलाई हावामा उडाइ देओस् र नदीको धारामा बगाइ देओस् ।

Downloaded from http://dhamma.digital/

उसले यसरी भनोस्– अरे ! वीणा रद्दी चीज रहेछ । मानिसहरू यसको पछाडी व्यर्थमा यतिका मुग्ध हुन्छन् ।

भिक्षुहरू ! त्यस्तै नै, भिक्षु जहाँतक रूपको गति हुन्छ, रूपको खोजी गर्दछ, वेदना, … संज्ञा, … संस्कार … जहाँतक विज्ञानको गति हुन्छ, तिज्ञानको खोजी गर्दछ । यस प्रकारको खोजहरूमा उसको लागि अहंकार ('म'), ममंकार ('म हुँ') र अस्मिता ('मेरो') जस्ता कुनै पनि वस्तु फेला पर्दैन ।

**मनन गर्न योग्य केही प्रश्नहरू**

१) भवंग-चित्तहरू कुन कुन घडीहरूमा उत्पति हुन्छन् ?

२) जीवनमा प्रथम भवंग-चित्त कहिले उत्पति हुन्छ ?

३) भवंग चित्त कति प्रकारका हुन्छन् ?

४) के भवंग चित्त अहेतुक हुन सक्छ ?

५) के भवंग चित्त प्रज्ञासहगत हुन सक्छ ?

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

## परिच्छेद–१३

# इन्द्रीय-द्वार वीथि र मनोद्वार वीथिमा चित्तको कृत्यहरू

प्रत्येक चित्तको आफ्नै कृत्य हुन्छ । विना कृत्यको कुनै चित्त उत्पति हुँदैन । उदाहरणको निम्ति जस्तो दर्शन (हेर्ने काम) र श्रोत (सुन्ने काम) चित्तद्वारा गरिने कृत्यहरू हुन् । हामीहरू दर्शन र श्रोतलाई कृत्यहरूको रूपमा हेर्ने कुराका अभ्यस्त छैनौं । किनभने हामी आत्माको धारणाबाट ग्रसित छौं । चित्तहरूको बारेमा हामीले बढी कुरा जान्ने हो भने हामीले चित्तहरूका विभिन्न कृत्यहरू सम्बन्धी कुरा सिक्नु पर्दछ । कृत्यलाई पालिमा किच्च भनिन्छ ।

जीवनको प्रथम चित्तद्वारा गरिने कृत्य हो प्रतिसन्धिको कृत्य । प्रतिसन्धि-चित्तपछि भवंग चित्त लाग्छ । भवंग चित्तको कृत्य चित्तको दोश्रो कृत्य हो । भवंग चित्तले प्राणीलाई जीवित राख्तछ । जीवित रहेसम्मको अवस्थामा चित्तहरूको इन्द्रीय द्वार वीथि वा मनोद्वारा वीथि क्रम नरहेको बेलामा भवंग चित्तहरू उत्पति हुन्छन् । निरोध हुन्छन् । ६ द्वारहरूमध्ये कुनै एउटा द्वार मार्फत आलम्बनलाई ग्रहण गर्ने चित्तहरूका विभिन्न प्रक्रियाहरूका बीच बीचमा भवंग चित्तहरू उत्पन्न हुन्छन् । उदाहरणको निमित्त जस्तो दर्शन हुँदा र श्रोत हुँदाको बीचमा भवंग चित्तहरू लाग्नु पर्ने हुन्छ ।

जब एउटा रूपादि गोचरले इन्द्रीयद्वारहरू मध्ये कुनै एक इन्द्रीय द्वारमा ठक्कर खान्छ, भवंग चित्तहरूको धारा छेकिन्छ । अनि तीनवटा भवंग चित्तहरू उत्पन्न हुन्छन् र निरोध हुन्छन् । त्यसपछि पंचद्वारावर्जन चित्तको उत्पति हुन्छ । इन्द्रीय द्वारमा ठक्कर खाएको रूपादि गोचरलाई अनुभव गर्ने चित्तहरूको प्रक्रियाको प्रथम चित्त हो पंचद्वारावर्जन चित्त । पाँच इन्द्रीयद्वारहरूमध्ये कुनै एक इन्द्रीयद्वारमा ठक्कर खाएको रूपादि गोचरतर्फ ध्यान दिलाउने कार्य वा आवर्जनको कृत्य पंच द्वारावर्जन चित्तले गर्दछ । अर्थात् यस चित्तले अमुक इन्द्रीयद्वार मार्फत गोचरतिर ध्यान लगाउँछ । पंचद्वारावर्जन चित्त अहेतुक क्रिया-चित्त हो ।

विशुद्धिमार्ग (परिच्छेद १४, १०७) मा पंचद्वारावर्जन चित्तको विषयमा यसरी उल्लेख गरिएको छः–

यहाँ-विज्ञान आदिको अघि हिंड्ने वाला भएर रूप आदि आलम्बनहरूलाई जान्ने लक्षणवाला मनोधातु हो । आवर्जन (ध्यान दिलाउनु) गर्नु यसको कृत्य हो । रूप आदिको अभिमुख हुनु प्रत्युपस्थान हो । भवंगको (भवंगको रूपमा चित्तको अविछिन्न प्रवर्तन) अवरोध (विघ्न) यसको पदस्थापनवाला हो । यो उपेक्षा युक्त नै हुन्छ ।

पंच-विज्ञानको अगाडि नै उत्पति हुने भएकोले पंचद्वारावर्जन चित्त अग्रगामी हो । चक्षुद्वारमा ठक्कर खाने रूपादि गोचरलाई ध्यान दिँदा पंचद्वारावर्जन चित्तले चक्षु-द्वार मार्फत नै मात्र ध्यान दिने हुँदा यो चक्षु-द्वारावर्जन चित्त हुन्छ । कर्ण-द्वारमा ठक्कर खाएको रूपादि गोचरलाई विचार गरेर हेर्दा यो चित्त श्रोतद्वारावर्जन चित्त हुन्छ । रूपादि गोचरले जुन इन्द्रीयद्वारमा ठक्कर खाएको हुन्छ त्यसै इन्द्रीयद्वारको नाउँबाट पंचद्वारावर्जन चित्तको नामकरण गरिन्छ । पंचद्वारावर्जन चित्त दिनभरिमा असंख्य पटक उत्पति हुन्छ तर हामी यसलाई देख्दैनौं । दर्शन हुँदा चक्षुद्वारावर्जन चित्तले चक्षु-इन्द्रीयमा ठक्कर खाएको रंगतर्फ ध्यान दिइसकेर पनि निरूद्ध भइसकेको हुन्छ । त्यस्तै श्रोत वा अरू

Downloaded from http://dhamma.digital/

कुनै एउटा पंच विज्ञान हुँदा पनि पंचद्वारावर्जन चित्तले त्यस गोचरतिर पहिले नै ध्यान दिएर लोप पनि भइसकेको हुन्छ ।

पंचद्वारावर्जन चित्तपछि उही गोचरलाई अनुभव गर्ने इन्द्रीयद्वार वीथिका अरू चित्तहरू लाग्छन् । इन्द्रीयद्वार वीथि क्रम समाप्त भएपछि त्यस आलम्बनलाई मनोद्वार मार्फत अनुभव गरिन्छ । तर त्यसभन्दा अघि त्यहाँ भवंग-चित्तहरू लाग्छन् । अनि मात्र मनोद्वारावर्जन चित्तले मनोद्वार मार्फत आवर्जन कृत्य गर्दछ ।

यसरी आवर्जनको कृत्य गर्ने दुई प्रकारका चित्त छन्: (१) पंचद्वारावर्जन चित्तले पाँच इन्द्रीयद्वारहरू मध्ये कुनै एउटा द्वारमार्फत आलम्बनतिर ध्यान दिन्छ र (२) मनोद्वारावर्जन चित्तले त्यही आलम्बनलाई मनोद्वारमार्फत ध्यान दिन्छ ।

रंगले चक्षु-इन्द्रीयमा ठक्कर खाँदा (स्पर्ह गर्दा) चक्षु-द्वारावर्जन चित्तले चक्षुद्वारमार्फत रंगतिर ध्यान दिन्छ । चक्षुद्वारावर्जन चित्तको निरोध भइसकेपछि चक्षु-विज्ञान उत्पति हुन्छ । हेर्ने कार्य ( दर्शनको कृत्य) चक्षु-विज्ञानद्वारा गरिन्छ । दर्शन विपाक हो । यो कुशल कर्म वा अकुशल कर्मको फल हो । हामी आफ्ना कर्मको फल भोग्न जन्मेका छौं र त्यसैले भवंग चित्तहरूको धारा रोकिएपछि पंचद्वारावर्जन चित्तपछि विपाक चित्तहरू उत्पन्न हुन्छन् ।

दर्शनको कृत्य गर्ने चित्तले रंगलाई मात्र जान्दछ । त्यस चित्तले चाहना वा बेचाहना गर्दैन । त्यो अहेतुक विपाक चित्त हो । त्यो आलम्बन के हो भन्ने थाहा पाउने चित्तहरू त पछि उत्पन्न हुन्छन् । प्रज्ञाको अभ्यास गरिएको छैन भने रंगलाई मात्र जान्ने चित्तभन्दा त्यस आलम्बनलाई चाहना वा बेचाहना गर्ने चित्त अथवा त्यो आलम्बन के हो भनी थाहा पाउने चित्तहरू सर्वथा भिन्न धर्म हो भन्ने कुरा बुझिँदैन । हामीमा रहेको संचित मोह र दृष्टिको कारणले गर्दा उत्पति हुनासाथ लोप हुने र एकपछि भिन्नै धर्मवाला अर्को चित्तद्वारा अनुगमन गरिने चित्तको अनित्य स्वभावलाई हामी बुझ्न सक्तैनौं ।

दर्शनको कृत्य गर्न सक्ने नै दुई प्रकारका चित्त हुन्छन्: एउटा अकुशल विपाक र दोश्रो कुशल विपाक । केवल यी दुई प्रकारका चित्तहरूले मात्र दर्शनको कृत्य गर्न सक्छ । (पालिमा दर्शनको कृत्यलाई दस्सन किच्च भनिन्छ) । कर्णद्वारमा शब्दले स्पर्श गरेपछि र श्रोतद्वारावर्जन चित्त उत्पति भएर निरूद्ध भएपछि श्रोत-विज्ञानको उत्पति हुन्छ । श्रवणको कृत्य (पालिमा सवन-किच्च) चित्तको अर्को कृत्य हो । श्रोत अहेतुक विपाक हो । दुई प्रकारका चित्तले श्रोत (श्रवण) को कृत्य गर्न सक्तछः एउटा अकुशल विपाक र अर्को कुशल विपाक ।

चित्तको अर्को कृत्य हो घ्राण-कृत्य (पालिमा घायन-किच्च) । अहेतुकवाला दुई चित्तहरूले यो कृत्य गर्न सक्तछः एउटा अकुशल विपाक र अर्को कुशल विपाक हो ।

दुई प्रकारका अहेतुक चित्तले आस्वादनको कृत्य (पालिमा सायन-किच्च) अर्थात् रसको स्वाद लिने कार्य गर्दछ : एउटा अकुशल विपाक हो र अर्को कुशल विपाक हो । यो कृत्य गर्ने चित्तले जस्तो मिठो र नुनिलो रसको स्वाद चाख्दा यसले केवल त्यस स्वादलाई अनुभव गर्दछ तर यो

Downloaded from http://dhamma.digital/

चित्तलाई त्यो स्वादको नाउँ थाहा हुन्न । त्यो स्वादको व्यवहारिक नाउँ थाहा पाउने चित्तहरू त पछि मात्र उत्पन्न हुन्छन् ।

काय-इन्द्रीयमार्फत स्पर्शहरूको अनुभव गर्ने कृत्य (पालिमा फुसन-किच्च) चित्तको अर्को कृत्य हो । आलम्बनले काय-इन्द्रीयमा स्पर्श गर्दा पंचद्वारावर्जन चित्तले काय-इन्द्रीयको द्वारमार्फत त्यस आलम्बनप्रति ध्यान दिन्छ । त्यस पछि काय-विज्ञान उत्पति हुन्छ र काय-इन्द्रीय मार्फत स्पर्शलाई अनुभव गर्ने कृत्य गर्दछ । दुई प्रकारका अहेतुक चित्तले यस प्रकारको कृत्य गर्न सक्तछ : एउटा अकुशल विपाक र अर्को कुशल विपाक हो । काय-विज्ञानद्वारा अनुभव गरिने आलम्बनहरू निम्न प्रकारका रूपहरू हुन्छन् :–

घनत्व (पृथ्वी धातु) (साह्रोपना वा नरमपनाको रूपमा जसलाई अनुभव गरिन्छ) तापक्रम ( तेज धातु) (गर्मी वा ठण्डीको रूपमा जुन कुरालाई अनुभव गरिन्छ) गति (वायु धातु) (गति वा दवावको रूपमा जुन कुरालाई अनुभव गरिन्छ) ।

यी गोचरहरूलाई काय-इन्द्रीय (जुन रूप हो) को द्वारमार्फत अनुभव गरिन्छ । शारीरिक स्पर्शहरूलाई ग्रहण गर्ने क्षमता भएको यस प्रकारको रूप शरीरको सचेतनमा नभएका अंगहरूमा बाहेक सम्पूर्ण शरीर भरि नै रहेको हुन्छ ।

यसरी पंच-विज्ञानहरूको रूपमा रहेका चित्तहरूले संक्षेपमा निम्न कृत्यहरू गर्दछन् :

१. दर्शनको कृत्य (दस्सन-किच्च)

२. श्रोतको कृत्य (सवन-किच्च)

३. घ्राणको कृत्य (घायन-किच्च)

४. आस्वादनको कृत्य (सायन-किच्च)

५. स्पर्शहरूलाई अनुभव गर्ने कृत्य (फुसन-किच्च)

दर्शन, श्रवण, घ्राण, आस्वादन र स्पर्शको अनुभव भिन्न भिन्न कृत्यहरू हुन् । तिनीहरू आत्माद्वारा गरिएका होइनन्, चित्तद्वारा गरिएका हुन्छन् । यी चित्तहरू हेतुहरूको कारण उत्पति हुन्छन् । यस सत्यको स्मृति जनतालाई दिलाउने उद्देश्यले भगवान् बुद्धले बारम्बार चित्तहरूले कसरी पाँच इन्द्रीयहरू मार्फत र मनोद्वारमार्फत आलम्बनहरू भोग गर्दछन् भन्ने कुराको व्याख्यान गर्नु हुन्थ्यो । उहाँले चित्तहरू उत्पति हुने विभिन्न अवस्था वा हेतुहरू र ती हेतुहरूको अनित्यता पनि दर्शाउनु हुन्थ्यो । चित्तहरू उत्पन्न हेतुहरू नै अनित्य भएकोले चित्तहरू पनि नित्य हुन सक्तैन ।

संयुक्त निकाय (षलायतन वर्ग, परिच्छेद १, द्वितीय पण्णासक, छन्न वर्ग, भाग ४, प्रकरण ९३ द्वय सुत्त) मा बुद्धले भिक्षुहरूलाई यस बारेमा दिनु भएको उपदेशको चर्चा गरिएको छ :

"भिक्षुहरू ! दुईको प्रत्ययबाट विज्ञान पैदा हुन्छ । भिक्षुहरू ! दुईको प्रत्ययबाट कसरी विज्ञानको पैदा हुन्छ ?"

Downloaded from http://dhamma.digital/

चक्षु र रूपहरूको प्रत्ययबाट चक्षु-विज्ञान उत्पन्न हुनछ । चक्षु अनित्य = विपरिणामी = अन्यथाभावी छ । रूप अनित्य = विपरिणामी = अन्यथाभावी छ । यसरी नै दुवै चलन र व्यय अनित्य = विपरिणामी = अन्यथाभावी छ । चक्षु-विज्ञान अनित्य = विपरिणामी = अन्यथाभावी छ । चक्षु-विज्ञानको उत्पतिको जो हेतु = प्रत्यय हो त्यो पनि अनित्य = विपरिणामी = अन्यथाभावी छन् । भिक्षुहरू ! अनित्य प्रत्ययको कारण चक्षु विज्ञानको उत्पति हुन्छ । त्यो कसरी नित्य हुन्छ र ?

भिक्षुहरू ! जुन यी तीन धर्महरूको मिलन हुने त्यसलाई चक्षु संस्पर्श भनिन्छ । चक्षु-संस्पर्श पनि अनित्य = विपरिणामी (विकार स्वभाववाला वा परिवर्तनशील) = अन्यथाभावी छ । चक्षु-संस्पर्श उत्पतिको जो हेतु = प्रत्यय छ त्यो पनि अनित्य = विपरिणामी = अन्यथाभावी छ । भिक्षुहरू ! अनित्य प्रत्ययको कारण उत्पन्न चक्षु-संस्पर्श कसरी नित्य हुन्छ र ?

भिक्षुहरू ! स्पर्श भएर नै वेदना हुन्छ, स्पर्श भएर नै चेतना हुन्छ, स्पर्श भएर नै संज्ञा हुन्छ । यी धर्महरू पनि चञ्चल, व्ययशील (व्ययधर्मी), अनित्य, विपरिणामी र अन्यथाभावी छन् । ..." श्रोत ... । घ्राण ... । जिव्हा ... । मन ... का सम्बन्धमा पनि यस्तै भनिएको छ ।

चित्तको वीथि क्रममा पंच-विज्ञानपछि सम्प्रतिच्छन्न चित्त लाग्दछ । सम्प्रतिच्छन्नको कृत्य गर्ने यो चित्तले पंच-विज्ञानको निरोध भइसकेपछि आलम्बनलाई ग्रहण गर्दछ । सम्प्रतिच्छन्न चित्त अहेतुक विपाक हो । दुई प्रकारको चित्तले यो कृत्य गर्न सक्तछः एउटा अकुशल विपाक हो र अर्को कुशल विपाक हो ।

कर्मले द्वि पंच विज्ञानहरू र सम्प्रतिच्छन्न चित्तलाई मात्र पैदा गर्ने होइन, यसले सम्प्रतिच्छन्न चित्तको पछि लाग्ने सन्तीर्ण चित्तलाई पनि पैदा गर्छ । सन्तीर्ण चित्तले इन्द्रीयद्वार वीथिमा सन्तीरणको कृत्य गर्दछ । यो अहेतुक विपाक चित्त हो । आलम्बनलाई जाँचेर हेर्ने कृत्य ( सन्तीरणको कृत्य) चित्तको अर्को कृत्य हो जुन दर्शन, श्रवण, घ्राण, आस्वादन, काय-इन्द्रीय मार्फत स्पर्शको अनुभव र सम्प्रतिच्छन्न भन्दा भिन्न छ ।

सन्तीर्ण चित्त तीन प्रकारका हुन्छन् जुन चित्तले आलम्बनको स्वभावमाथि निर्भर गरी छानविनको कृत्य गर्न सक्तछ । त्यो आलम्बन हुन सक्छ :

१) अनिद्धारम्मण (अनिष्टालम्बन) (२) इद्धारम्मण (इष्टालम्बन) वा (३) अधि-इद्धारम्मण (अधि- इष्टालम्बन) आलम्बनलाई जाँचेर हेर्ने सन्तीर्ण चित्तको जहाँसम्म कुरा छ,

१) यदि आलम्बन अप्रिय-अमनाप-अनिष्ट (अनिष्टालम्बन) छ भने सन्तीरणको कृत्य गर्ने चित्त उपेक्षा सहगत, अकुशल विपाक हुन्छ

२) यदि आलम्बन इष्ट = मनाप = प्रिय (इष्टालम्बन) छ भने सन्तीर्ण चित्त उपेक्षा सहगत कुशल विपाक हुन्छ, र

३) यदि आलम्बन असाधारण तवरले इष्ट = मना = प्रिय छ भने (अधि-इष्टालम्बन) सन्तीर्ण चित्त सौमनस्य सहगत कुशल विपाक हुन्छ ।

Downloaded from http://dhamma.digital/

सन्तीर्ण चित्तपछि बोट्ठब्बन-चित्त लाग्छ । बोट्ठब्बन चित्तको अर्को कृत्य हो । बोट्ठब्बन चित्तले इन्द्रीयद्वार वीथिमा आलम्बनलाई निश्चित गर्दछ । यो आलम्बन कुशल चित्तहरूको निम्ति हो वा अकुशल चित्तहरूको निम्ति भन्न कुरा बोट्ठब्बन चित्तले निधो गर्दछ र यसले निधो गरे अनुरूप कुशल चित्तहरू वा अकुशल चित्तहरू यसपछि उत्पन्न हुन्छन् । कर्मद्वारा संस्कारिक सन्तीर्ण चित्त उत्पति हुने हेतुहरू भन्दा बोट्ठब्बन चित्त उत्पति हुने हेतुहरू सर्वथा भिन्न हुन्छन् । बोट्ठब्बन चित्त विपाक होइन र यो कुशल वा अकुशल होइन । तर यो एउटा अहेतुक कृया-चित्त हो । बोट्ठब्बन चित्त भनेको वास्तवमा मनोद्वारावर्जन चित्त हो जसले इन्द्रीयद्वार वीथिमा बोट्ठब्बनको कृत्य गर्दछ र अनि बोट्ठब्बन चित्त भनिन्छ । मनोद्वारावर्जन चित्तले एउटाभन्दा बढी कृत्य गर्न सक्तछ । मनोद्वार वीथिमा यसले मनोद्वार मार्फत आलम्बन तर्फ ध्यान दिलाउने कृत्य गर्दछ । यदि मनोद्वारावर्जन चित्त पछि कुशल चित्तहरू उत्पन्न हुन्छन् भने योनिसो मनस्कार हुन्छ र यदि यसपछि अकुशल चित्तहरू उत्पन्न हुन्छन् भने अयोनिसो मनस्कार हुन्छ ।

विभिन्न वीथिहरूमा उत्पति हुने चित्तहरू र तिनका विभिन्न हेतुहरू बारेमा हामीलाई थाहा नभएको खण्डमा अमुक घडीहरूमा कुशल कार्यहरू र अकुशल कार्यहरू गर्ने निर्णय गर्ने “आत्मा” भन्ने केही कुरा छ भन्ने तिर हामी सोच्ने हुन्छौं । वास्तवमा यस्तो निर्णय गर्ने कोही सत्व, कोही ‘आत्मा’ भन्ने छैन, बरू चित्तहरू मात्र छन् जुन कुशल र अकुशलका संचयहरूको कारणले उत्पति हुन्छन् ।

चित्तहरूले इन्द्रीयहरू र मनोद्वार मार्फत इष्ट वा अनिष्ट आलम्बनहरू (प्रिया वा अप्रिय गोचरहरू) लाई ग्रहण गर्छन् । यदि कसैले थुप्रो लोभ र द्वेष संचित गरेको छ भने इष्ट = मनाप = कान्त आलम्बन हुँदा लोभ = मूल चित्तहरू उत्पति हुने सम्भावना हुन्छ र आलम्बन अनिष्ट-अमनाप हुँदा द्वेष-मूल चित्तहरू उत्पति हुने सम्भावना रहन्छ । यी चित्तहरू हेतुहरूको कारणले उत्पति हुन्छन्, यिनीहरू ‘आत्मा’ होइनन् । यी चित्तहरू हाम्रा वशका कुरा होइनन् । किन्तु धर्मको अध्ययनबाट र विशेष प्रज्ञाको विकासको माध्यमबाट “योनिसो मनस्कार” को लागि हेतुहरू पनि हुन सक्छन् । आलम्बन रमणीय वा अरमणीय जेसुकै भए पनि इन्द्रीयद्वार वीथिमा बोट्ठब्बन चित्तले यो आलम्बन कुशल चित्तहरूको लागि हो भन्ने कुराको निधो गर्न सक्छ र यसपछि अनि कुशल चित्तहरू उत्पति हुन्छन् । मनोद्वार वीथिमा मनोद्वारावर्जन चित्तले आलम्बनतिर ध्यान दिएपछि कुशल चित्तहरू यसपछि लाग्न सक्छन् ।

हामीहरू आफूले अनुभव गरेका गोचरहरूबाट शासित हुन दिने खालका हुँदा चित्तहरूको वीथि क्रममा अनिष्ट आलम्बनलाई अनुभव गर्ने अकुशल विपाक चित्तहरू पछि जरूर नै अकुशल चित्तहरू नै उत्पति हुन्छ होला भन्ने कुरा हामी सोच्ने हुन्छौं । किन्तु त्यस आलम्बनप्रति योनिसो मनस्कार रहेको खण्डमा अनिष्ट आलम्बनहरूप्रति हामीमा द्वेष रहँदैन । विपाक चित्तहरू उत्पति हुनाको लागि आवश्यक निमित्तहरूभन्दा कुशल वा अकुशल चित्तहरू उत्पति हुनाको लागि आवश्यक निमित्तहरू (वा हेतुहरू) भिन्नै खालका हुन्छन् । अकुशल विपाक र कुशल विपाक कर्मका फल हुन् । हामी आफ्ना विपाकलाई नियन्त्रण गर्न चाहन्छौं तर यो असम्भव छ । अकुशल विपाकको निमित्त समय ठीक हुनासाथ हामी यसलाई उत्पति हुनबाट रोक्न सक्तैनौं । हामीले के बुझ्नु पर्छ भने हेतुहरूको कारणले उत्पति भई तुरून्त निरोध भएर जाने नाम-रूप नै हाम्रो आफ्नो जीवन हो ।

Downloaded from http://dhamma.digital/

विपाक भनेको उत्पति हुनासाथै लोप हुने चित्तको एक घडी मात्र हो भन्ने कुरा मात्र पनि हामीले बुझिदिएको खण्डमा हामीले अनुभव गरेका अनिष्टालम्बनहरूद्वारा हामी विजीत रहने सम्भावना कमै मात्र हुन्छ । यसो भएको खण्डमा 'अयोनिसो मनस्कार' को सट्टा 'योनिसो मनस्कार' कै लागि बढी हेतुहरू रहने छन् । संयुक्त निकाय (षलायतन वर्ग, परिच्छेद १, चतुर्थ पण्णासक, भाग ४, आशीविष वर्ग, अवस्सुत सुत्त) मा भनिएको छ कि प्रमत्त (अवश्रुत) भिक्षुलाई आलम्बनहरूले जितेको हुन्छ । अनवश्रुत वा अप्रमत्त भिक्षुको बारेमा भनिएको छः–

"आवुस ! यस्तो भिक्षुले रूपहरूलाई जित्छ, रूपहरूले उसलाई जित्दैन । उसले शब्द, गन्ध, रस, स्पर्श र धर्महरूलाई जित्दछ । ती शब्द, गन्ध, रस, स्पर्श र धर्मले उसलाई जित्दैन । आवुस ! यस्तो भिक्षुलाई रूपलाई जितेको, शब्द, गन्ध, रस, स्पर्श र धर्मलाई जितेको भनिन्छ । त्यो भिक्षु विजयी हुन्छ, विजीत हुन्न ....... ।"

चित्तहरू र तिनका कृत्यहरू बारेमा विस्तारमा जान्नु के जरूरत छ र भन्ने कुरामा कसैलाई अचम्म लाग्न सक्छ । के कुशल चित्तहरू र अकुशल चित्तहरू बारेमा मात्र जानेर पर्याप्त हुन्न र ? कुशल चित्तहरू वा अकुशल चित्तहरू उत्पति हुन अगावै चित्तहरूको वीथि क्रममा गरिने चित्तका कृत्यहरू बारेमा पनि के हामीले जान्नु पर्छ र ? कुशल चित्तहरू र अकुशल चित्तहरूदेखि बाहेक हामी अन्य प्रकारका चित्तहरू बारेमा पनि जान्नुपर्दछ, जुन चित्तहरूले- चित्तहरूको वीथिमा भिन्न भिन्न कृत्यहरू सम्पादन गर्दछन् र जुन चित्तहरू भिन्न भिन्न हेतुहरूको कारणले उत्पति हुन्छन् । चित्तहरूलाई उत्पति हुन निर्देशित गर्न सक्ने र चित्तको कृत्यहरूलाई निर्देशित गर्न सक्ने आत्मा भन्ने छैन । कुशल चित्तहरूको लागि निर्णय गर्न सक्ने आत्मा भन्ने पनि छैन । मानिसहरूको भिन्न भिन्न संचयहरू हुन्छन् र यसरी जब कुनै एक आलम्बन उपस्थित हुन्छ, आ-आफ्ना संचयहरूकै अनुरूप मनोद्वारावर्जन चित्तपछि कि त कुशल चित्तहरू कि अकुशल चित्तहरू उत्पति हुन्छन् । जस्तो उदाहरणको लागि भनौं, विभिन्न मानिसहरूले स्वादिष्ट खानाको सुगन्ध सुँघ्दा केही मानिसहरूको मनोद्वारावर्जन चित्तपछि अकुशल चित्तहरू उत्पति हुन्छन् तर अरूहरूको सम्बन्धमा भने मनोद्वारावर्जन चित्तपछि कुशल चित्तहरूपछि लाग्छन् । खानामा अनुरक्त हुने मानिसहरूको मनोद्वारावर्जन चित्तपछि लोभ-मूल चित्तहरू नै पछि लाग्न बाध्य हुन्छन् । किन्तु दानको संस्कार संचित रहेको व्यक्तिले खानाको सुवास सुँघेपछि उसको मनोद्वारावर्जन चित्तपछि कुशल चित्तहरू उत्पति हुने सम्भावना रहन्छ । उसले त्यो सुस्वादिष्ट खानालाई भिक्षुहरूलाई प्रदान गर्ने इच्छा गर्न सक्छ । अझ अरू व्यक्तिहरूमा त गन्धप्रति ध्यान दिलाउने मनोद्वारावर्जन चित्त पछि प्रज्ञा सहगत कुशल चित्तहरूपछि लाग्न सक्छन् जुन चित्तहरूले गन्धलाई केवल गन्धको रूपमा एउटा रूपको रूपमा मात्र महशूस गर्दछ, आत्माको रूपमा होइन ।

प्रज्ञाको विकासको निमित्त चित्तहरू र तिनका कृत्यहरू सम्बन्धमा बढी जान्नु उपयोगी ज्ञानको आधार हुन्छ । उत्पति हुने भिन्न भिन्न चित्तहरूको लागि अनेक हेतुहरू हुन्छन् भन्ने कुरा उसले सिक्छ र चित्तहरूलाई नियन्त्रण गर्न सक्ने आत्मा भन्ने छैन भन्ने कुरा पनि उसले सिक्ने हुन्छ । कहिले काहीं मनोद्वारावर्जन चित्तपछि कुशल चित्तहरू उत्पन्न हुन्छन् भने कहिले काहीं अकुशल चित्तहरूपछि लाग्छन् । अहिले 'योनिसो मनस्कार' रहन सकेको खण्डमा भविष्यमा पनि "योनिसो मनस्कार" को निम्ति बढी हेतुहरू रहने छन् ।

Downloaded from http://dhamma.digital/

हामीले कुशल र अकुशल दुवैलाई संचय गरेको हुँदा कुशल चित्तहरू र अकुशल चित्तहरू भिन्न भिन्न घडीहरूमा उत्पनि हुन्छन् । क्लेशहरू चित्तमा संचित रहन्छन् भन्ने कुरा नजानेरै मानिसहरूमा आफ्ना क्लेशहरूका निम्ति विश्वलाई दोषारोपण गर्ने प्रवृत्ति रहन्छ । क्लेशहरू वस्तुः हाम्रा चारैतिरका आलम्बनहरू रहने कुरा होइनन् । क्लेशहरूद्वारा रहित हुनाको निमित्त कोही मानिस ६ द्वारहरू रहित पनि हुने इच्छा गर्न सक्लान् । किन्तु क्लेशहरूलाई निर्मूल गर्ने एउटै मात्र उपाय के हो भने ६ द्वारहरूमार्फत उपस्थित हुने धर्महरूलाई थाहा पाउनु संयुक्त निकाय (षलायतन वर्ग, षलायतन संयुक्त, चतुर्थ पण्णासक, भाग ३, समुद्र वर्ग, आदित्त सुत्त) मा भगवान् बुद्धले भिक्षुहरूलाई भन्नु भएको छः–

"भिक्षुहरू ! आदीप्तवाला कुरोको उपदेश दिन्छु । यसलाई सुन । आदीप्तवाला कुरो के हो ?

भिक्षुहरू ! एकदम जलिरहेको रातै पोलिएको फलामको दण्डीले चक्षु-इन्द्रीयमा डामि दिनु वेश हुन्छ, किन्तु चक्षु-विज्ञेय रूपहरूमा लालच गर्नु र स्वाद देख्नु राम्रो छैन ।

भिक्षुहरू ! जुन बखत लालच (लोभ) गरेर वा स्वाद देखिरहेको हुन्छ, त्यसबेलासम्ममा मृत्यु भएमा कसैको पनि दुईटा नै गतिहरू मात्र हुन्छन्– कि त नरकमा पर्छन् कि तिर्यक (पशु) योनीमा पैदा हुन्छन् ।

भिक्षुहरू ! यस खराबीलाई देखेर म यस्तो भन्छु । भिक्षुहरू ! एकदम बलिरहेको धारिलो फलामको अंकुशले श्रोत-इन्द्रीयलाई जलाएर नष्ट गरिदिनु वेश हुन्छ, किन्तु श्रोत विज्ञेय शब्दहरूमा लालच गर्नु र स्वाद देख्नु राम्रो हुन्न ।....। एकदम बलिरहेको धारिलो फलामको पजाले घ्राण-इन्द्रीयलाई जलाएर नष्ट गरिदिनु वेश हुन्छ, किन्तु .... घ्राण-विज्ञेय गन्धहरूमा लोभिनु र स्वाद भोग्नु राम्रो हुन्न ।... एकदम जलिरहेको धारिलो फलामको छुरीले जिव्हा-इन्द्रीयलाई काटिदिनु वेश हुन्छ, किन्तु जिव्हा-विज्ञेय रसहरूमा लोभिनु र स्वाद भोग्नु राम्रो हुन्न ।... एकदम बलिरहेको धारिलो फलामको भालाले काया-इन्द्रीयलाई छिराई दिनु वेश हुन्छ, किन्तु काय-विज्ञेय स्पर्शहरूमा लालच गर्नु र स्वाद देख्नु राम्रो हुन्न ।

भिक्षुहरू ! जुन समयमा लोभ गरेर वा स्वाद भोगिरहेको हुन्छ त्यस समयमा मर्नेको दुईटा नै गतिहरू मात्र हुन्छन् – कि त नरकमा पतन हुन्छन् कि तिर्यक् (पशु) योनीमा पैदा हुन्छन् ।

भिक्षुहरू ! यसै खराबीलाई म यस्तो भन्दछु । भिक्षुहरू ! सुतिरहनु वेश छ । भिक्षुहरू ! सुतिरहनेलाई म बाँझो जीवित भन्दछु, निष्फल जीवित भन्दछु, मोहमा परेको जीवन भन्दछु । निद्राको अवस्थामा उसले मनमा यस्तो वितर्कलाई ल्याउँदैन जुन वितर्कले संघ (भिक्षु संघ) मा फूट ल्याइदिन्छ । ... जाग्रत रहनाको यस्तो खराबीलाई देखेर भिक्षुहरू ! म यस्तो कुरा भन्दछु ।

भिक्षुहरू ! त्यहाँ पण्डित आर्यश्रावक यसरी चिन्तन गर्दछ । एकदम जलिरहेको रातै पोलिएको फलामको डण्डीले चक्षु-इन्द्रीयमा डामि दिनाले के अर्थ हुन्छ र ? मैले यस्तो मनमा ल्याए के हुन्छ– चक्षु अनित्य छ । रूप अनित्य छ । चक्षु-विज्ञान, चक्षु-संस्पर्श, चक्षु-संस्पर्शको कारण उत्पन्न हुने दुःख, सुख र अ-दुःख–अ-सुख वेदना अनित्य छन् ।...

Downloaded from http://dhamma.digital/

भिक्षुहरू ! यसरी जानेर, देखेर पण्डित आर्यश्रावक चक्षुमा, रूपमा, चक्षु-विज्ञानमा, चक्षु संस्पर्शमा पनि निर्वेद गर्दछ । चक्षु संस्पर्शको कारण उत्पन्न हुने सुख वा दुःख वा अ-सुख–अ-दुःख वेदनामा पनि त्यो आर्यश्रावक निर्वेद गर्दछ । निर्वेद गर्नाले रागरहित हुन्छ । रागरहित हुनाले विमुक्त हुन जान्छ । विमुक्त हुनाले "विमुक्त भएँ" भन्ने ज्ञान उत्पन्न हुन्छ । जन्म क्षीण भयो । ब्रह्मचर्यबास पूरा भयो । जे गर्नु पर्ने थियो त्यो पूरा गरियो । अब पुनर्जन्म हुँदैन भन्ने कुरा थाहा पाउँछ । भिक्षुहरू ! आदिप्तवाला कुरो यही हो ।"

यस सूत्रले हामीलाई हेरिरहँदा, सुनिरहँदा, बास्ना लिइरहँदा, स्वाद लिइरहँदा, काय-इन्द्रीयद्वारा स्पर्श ग्रहण गरिरहँदा वा चिन्तन गरिरहँदाको घडीमा स्मृति सम्प्रजन्य भएर रहन सम्झाउँछ । यो सबै घडीहरू ती चित्तहरूद्वारा सम्पादन गरिएका कृत्यहरू हुन्, जुन चित्तहरू स्थिर रहँदैनन् ।

**मनन गर्ने योग्न केही प्रश्नहरू**

१) कुनै खास आलम्बन अकुशल चित्तहरूको लागि हो वा कुशल चित्तहरूको लागि आलम्बन हो भन्ने कुरा इन्द्रीयद्वार वीथिमा कुन चाहिँ चित्तले निश्चित गर्दछ ? यो चित्त सहेतुक हुन्छ कि अहेतुक हुन्छ ?

२) मनोद्वार वीथिमा कुन चाहिँ चित्त त्यस वीथिमा उत्पन्न हुने कुशल चित्तहरू वा अकुशल चित्तहरू भन्दा अघि लाग्छ ? यसको कृत्य के हो ?

३) मनोद्वार वीथिमा कुशल चित्तहरू वा अकुशल चित्तहरू भन्दा अघि उत्पन्न हुने चित्त नै के आलम्बनलाई ग्रहण गर्ने त्यस वीथिको पहिलो चित्त हो त ?

४) के यो चित्त प्रज्ञा सहगत हुन सक्छ ?

५) शब्दलाई कर्णद्वार मार्फत र अनि फेरि मनोद्वार मार्फत अनुभव गरिँदा के त्यो शब्द मनोद्वार मार्फत अनुभव गर्दाको बखतसम्ममा लोप भइसकेको हुन्छ ?

६) आवर्जनको कृत्य कति प्रकारका चित्तले गर्न सक्तछन् ?

Downloaded from http://dhamma.digital/

## परिच्छेद–१४

# जवनको कृत्य

हामीले कुनै पनि कुरा हेर्दा, सुन्दा, सुँघ्दा, रस लिँदा, काय-इन्द्रीय मार्फत स्पर्शको अनुभव गर्दा वा चिन्तन गर्दा त्यस आलम्बनलाई ग्रहण गर्ने एउटा मात्र चित्त हुने होइन, त्यहाँ त चित्तहरूको लहरै रहेका हुन्छन् । इन्द्रीयहरू मध्ये कुनै एउटा इन्द्रीयमा ठक्कर खाने रूपलाई लहरै चित्तहरूले अनुभव गर्दछन् । इन्द्रीयद्वार वीथि निरोध हुनासाथ पुनः त्यस आलम्बनलाई मनोद्वार मार्फत चित्तहरूले ग्रहण गर्दछन् । चित्तहरूको इन्द्रीयद्वार वीथिहरू र मनोद्वार वीथिहरू निरन्तर रूपमा उत्पति र निरोध भै रहन्छन् ।

इन्द्रीयद्वारमा वीथि र मनोद्वार वीथि दुवैमा अकुशल चित्तहरू र कुशल चित्तहरू उत्पन्न भइरहन्छन् भन्ने कुराको हामीलाई जानकारी नरहन सक्छ । इन्द्रीयद्वार वीथिहरूका आफ्ना अकुशल चित्तहरू र कुशल चित्तहरूको बारेमा हामी अज्ञानी रहन सक्छौं । संचित मोह (अविद्या) को कारणले गर्दा हामी आफ्ना अकुशल चित्तहरू र कुशल चित्तहरूलाई स्पष्टतः जान्दैनौं र हामी आफ्नो अति सूक्ष्म क्लेशहरूलाई चिन्दैनौं ।

इन्द्रीयद्वार वीथिमा रूपादि गोचरलाई प्रथमतः कुशल चित्तहरू वा अकुशल चित्तहरू नभएका चित्तहरूद्वारा अनुभव गरिन्छ । अर्थात् यसलाई क्रिया-चित्तहरूद्वारा र विपाक चित्तहरूद्वारा अनुभव गरिन्छ । प्रचद्वारावर्जन चित्त एउटा अहेतुक क्रिया-चित्त हो (शोभन हेतुहरू वा अकुशल हेतुहरू विनाको क्रिया-चित्त) । यसपछि द्वि-पंच-विज्ञानहरू मध्ये कुनै एउटा उत्पति हुन्छ जुन चित्त अहेतुक विपाक चित्त हो । अनि दुईटा अरू अहेतुक विपाक चित्तहरू लाग्छन्: (१) सम्प्रतिच्छन्न चित्त जसले आलम्बनलाई ग्रहण गर्दछ र (२) सन्तीर्ण चित्त जसले आलम्बनलाई जाँचेर हेर्दछ । सन्तीर्ण चित्तपछि अर्को अहेतुक क्रिया-चित्त-बोट्ठब्बन चित्त लाग्दछ । बोट्ठब्बन चित्तले आलम्बनलाई यक्कीन गर्दछ र त्यसपछि अनि कुशल चित्तहरू वा अकुशल चित्तहरू पछि लाग्छन् । यसरी अरहन्त नभएको व्यक्ति छ भने बोट्ठब्बन चित्तपछि इन्द्रीयद्वार वीथिमा कुशल चित्तहरू वा अकुशल चित्तहरू उत्पति हुन्छन् । इन्द्रीयद्वार वीथिका चित्तहरू निरूद्ध भइसकेपछि मनोद्वार वीथिका चित्तहरूले त्यस आलम्बनलाई ग्रहण गर्न सक्तछन् । तर पहिले यस बीचमा त्यहाँ भवंग चित्तहरू लाग्छन् र अनि मात्र मनोद्वारमार्फत आलम्बनतिर ध्यान दिने कृत्य गर्ने मनोद्वारावर्जन चित्त उत्पति हुन्छ । मनोद्वारावर्जन चित्तपछि योनिसो मनस्कार भएमा कुशल चित्तहरू उत्पति हुन्छन् र अयोनिसो मनस्कार भएमा अकुशल चित्तहरू उत्पति हुन्छन् । मनोद्वारावर्जन चित्त स्वयं कुशल वा अकुशल होइन, यो एउटा अहेतुक क्रिया-चित्त हो । अरहन्तको मामिलामा त्यहाँ कुशल चित्तहरू वा अकुशल चित्तहरू भन्ने हुँदैनन् । तसर्थ मनोद्वारावर्जन चित्तपछि क्रिया-चित्तहरू नै पछि लाग्छन् ।

चित्तहरू अति छिटो छिटो उत्पति र निरोध हुने भएकोले ठीक कुन बेलामा बोट्ठब्बन चित्तले आलम्बनलाई यक्कीन गर्दछ र त्यसपछिका कुशल चित्तहरू वा अकुशल चित्तहरू उत्पति हुन्छन् र ठीक कुन बेलामा मनोद्वार वीथिमा मनोद्वारावर्जन चित्तले आलम्बनतिर ध्यान दिलाउँछ र त्यसपछि कुशल चित्तहरू वा अकुशल चित्तहरू उत्पन्न हुन्छन् भन्ने कुरा जान्नु मुश्किल छ । प्रायः हामीलाई यतिसम्म पनि जानकारी नरहने हुन्छ कि हामीसँग कहिले कुशल चित्तहरू वा अकुशल चित्तहरू

Downloaded from http://dhamma.digital/

हुन्छन् । जब हामी देख्छौं हामीले देखेका कुरामा चिन्तन गर्नेतिर हामी प्रवृत हुन्छौं तर हामीले देखेको कुरामा कहिले लोभ हुन्छ, कहिले यसप्रति द्वेष हुन्छ वा कहिले धर्महरू प्रतिको मोह रहन्छ भन्ने कुरा हामीलाई महशूस नहुन सक्छ । हामीले धर्मको अध्ययन गरेमा हामीलाई आफ्ना अति सूक्ष्म क्लेशहरूको विषयमा जानकारी हुन्छ । अकुशल चित्तहरू बारेमा अज्ञानता खतरनाक हुन्छ । हामीमा कहिले अकुशल चित्तहरू रहन्छन् भन्ने कुरा हामीले बुझेनौं भने हामी अकुशल संचय गर्ने कार्य जारी नै राख्ने हुन्छौं ।

ती उत्पन्न हुने कुशल चित्तहरू वा अकुशल चित्तहरूले एउटा कृत्य गर्दछ, त्यो के हो भने ती चित्तहरूले आलम्बनलाई अनुभव गर्दै दौड्ने जवनको कृत्य हो । इन्द्रीयद्वार वीथिमा जवन चित्तहरू उत्पति हुँदाका बखतसम्ममा वोट्ठब्बन चित्तले आलम्बनलाई अघि नै निधो गरिसकेको हुन्छ भने मनोद्वार वीथिमा जवन चित्तहरू उत्पति हुँदा बखत पनि मनोद्वारावर्जन चित्तले आलम्बनतर्फ पहिले नै ध्यान दिइसकेको हुन्छ । यसरी पछि उत्पति हुने कुशल चित्तहरू र अकुशल चित्तहरूको त्यस आलम्बनलाई अनुभव गर्दै दगुर्ने कृत्य मात्र हुन्छ । जवनको कृत्य गर्ने चित्तको एक क्षण मात्र रहने होइन, साधारणतयाः सात वटा चित्रहरूले लगातार त्यस आलम्बनलाई अनुभव गर्दै दौड्ने कृत्य गर्दछन्, पहिलो जवन चित्त कुशल भएको खण्डमा त्यसपछि उत्पति हुने ६ वटा चित्तहरू पनि कुशल चित्तहरू नै हुन्छन् । यदि पहिलो जवन चित्त अकुशल छ भने त्यसपछि उत्पति हुने ६ वटा चित्तहरू पनि अकुशल चित्तहरू नै हुन्छन् । जवन चित्तहरू कहिले लोभ, द्वेष वा मोह मूल हुन्छन् वा कहिले ती चित्तहरू कुशल चित्त हुन्छन् भन्ने कुरा के हामी महशूस गर्छौं ? ज्यादा जस्तो बेलामा त हामीहरू जवन चित्तहरूकै बारेमा पनि अनभिज्ञ रहन्छौं । हामीले असल कर्महरू वा खराब कर्महरू गर्दा बढी सजिलैसँग हामी जवन चित्तहरूलाई अनुभव गर्न सक्छौं ।

५५ प्रकारका चित्तले जवनको कृत्य गर्न सक्तछन् । ८ लोभ-मूल चित्तहरू, २ द्वेष-मूल चित्तहरू र २ मोह-मूल चित्तहरू गरी १२ अकुशल चित्तहरूले जवनको कृत्य गर्दछन् । जवनको कृत्य गर्ने ८ कामावचर कुशल चित्तहरू छन् जुन चित्तहरूलाई महा-कुशल चित्तहरू भनिन्छ ।

जवनको कृत्य गर्ने अरहन्तका ८ महा क्रिया-चित्तहरू (क्रिया-चित्तहरू जुन अहेतुक होइनन् बल्कि शोभन हेतुहरूद्वारा सम्प्रयुक्त हुन्छन्) हुन्छन् । अरहन्तले अब अरू कर्मको संचय नगर्ने भएकोले उसमा महा-कुशल चित्तहरूको सट्टामा महा-क्रिया चित्तहरू हुन्छन् । महाक्रिया-चित्तहरू काम भूमिका चित्त हुन् तिनीहरू ध्यान चित्तहरू वा लोकोत्तर चित्तहरू होइनन् । अरहन्तहरूमा पनि कामावचर-चित्तहरू हुन्छन् । उनीहरू पनि देख्छन्, सुन्दछन् वा इन्द्रीयहरू मार्फत अनुभव गरिएका आलम्बनहरूको विचार गर्दछन् । किन्तु यसरी अनुभव गरिएको कारणले कुशल चित्तहरू वा अकुशल चित्तहरू उत्पन्न भने हुँदैनन् ।

अरहन्तको लागि जवनको कृत्य गर्ने अहेतुक क्रिया-चित्त पनि हुन्छ, जुन उनी मुस्कुराउँदा खेरि उत्पति हुन्छः हसितोत्पादक चित्त ।

रूप-ध्यानको पाँच तह हुने भएकोले रूप-ध्यान लाभीहरूमा जवनको कृत्य गर्ने पाँच प्रकारका रूपावचर कुशल चित्तहरू रहन सक्तछन् । रूप-ध्यान लाभ गर्ने अरहन्तहरूमा जवनको कृत्य गर्ने पाँच प्रकारका रूपावचर क्रिया-चित्तहरू हुन सक्छन् ।

Downloaded from http://dhamma.digital/

अरूप-ध्यानको चार तह हुने भएकोले अरूप-ध्यान लाभीहरूको लागि जवनको कृत्य गर्ने चार प्रकारका अरूपावचर कुशल चित्तहरू हुन सक्छन् । अरूप-ध्यान लाभी अरहन्तहरूको जवनको कृत्य गर्ने चार प्रकारका अरूपावचर क्रिया चित्तहरू हुन सक्छन् ।

प्रत्यक्ष रूपमा निर्वाणलाई अनुभव गर्नेहरूका त लोकोत्तर चित्तहरू हुन्छन् । लोकोत्तर चित्तहरू ८ वटा छन् । ती मध्ये चार वटा मार्ग चित्तहरू हुन् र चारवटा लोकोत्तर विपाक चित्तहरू हुन् जसलाई फल चित्तहरू भनिन्छ । अन्य भूमिका विपाक चित्तहरूले जवनको कृत्य गर्न सक्तैनन् तर लोकोत्तर विपाक चित्तहरूको लागि कुरा अर्कै हुन्छ, तिनीहरू जवनको कृत्य गर्दछन् । यसरी सम्पूर्ण ८ लोकोत्तर चित्तहरू जवनको कृत्य गर्दछन् । जम्मा जवनको कृत्य गर्न सक्ने ५५ चित्तहरू छन् । संक्षेपमा ती चित्तहरू हुन्:

८ लोभ-मूल चित्तहरू ।

२ द्वेष-मूल चित्तहरू ।          १२ अकुशल चित्तहरू ।

२ मोह-मूल चित्तहरू ।

८ महा-कुशल चित्तहरू ।

८ महा-क्रिया चित्तहरू ।

१ हसितोत्पाद चित्त (अहेतुक क्रिया-चित्त जुन अरहन्त मुस्कुराउँदा उत्पति हुन सक्छ) ।

५ रूपावचर कुशल चित्तहरू (रूप-ध्यान चित्तहरू) ।

५ रूपावचर क्रिया-चित्तहरू (अरहन्तको रूप-ध्यान चित्तहरू) ।

अरूपावचर कुशल चित्तहरू (अरूप-ध्यान चित्तहरू) ।

४ अरूपावचर क्रिया-चित्तहरू (अरहन्तको अरूप-ध्यान चित्तहरू) ।

४ मार्ग चित्तहरू)          ८ लोकोत्तर चित्तहरू ।

४ फल चित्तहरू (लोकोत्तर विपाक चित्तहरू)

कुनै एक आलम्बनको कारणले गर्दा अकुशल चित्तहरू उत्पति हुँदा त्यहाँ केवल एउटा होइन एउटै वीथि क्रममा सातवटा अकुशल चित्तहरू उत्पति हुन्छन् र चित्तहरूको यो प्रक्रिया पछि अकुशल जवन चित्तहरूका साथै अन्य वीथिक्रम लाग्न सक्छन् । प्रत्येकबार हामीले केही कुरालाई मन नपराउँदा त्यो आलम्बनलाई अनुभव गर्ने चित्तहरूका वीथिक्रमहरू (प्रक्रियाहरू) हुन्छन् र प्रत्येक वीथिहरूमा त्यहाँ सातवटा अकुशल जवन चित्तहरू हुन्छन् । हामीले केही चीजलाई मन नपराउँदा वा केही चीजमा अनुरक्त हुँदाको कारणले गर्दा अनेक अकुशल चित्तहरू उत्पन्न हुन सक्छन् ।

Downloaded from http://dhamma.digital/

अकुशल चित्तहरूलाई उत्पति हुनबाट कोही पनि रोक्न सक्तैनन् । इन्द्रीयद्वार वीथिमा ती चित्तहरू उत्पनि हुँदा बोट्टब्बन चित्तले आलम्बनलाई पहिले नै निश्चित गरिसकेको हुन्छ भने मनोद्वारा वीथिमा ती उत्पति हुँदा मनोद्वारावर्जन चित्तले पहिले नै त्यो आलम्बनलाई ध्यान दिलाइसकेको हुन्छ । पहिलो जवन चित्तको उत्पति भएको छ भने यसपछि अरू अनुगामी जवन चित्तहरूले पछि लाग्नै पर्दछ । पहिलो जवन चित्तको कारणले दोश्रो जवन चित्तको उत्पति हुन्छ र प्रत्ये उतरगामी जवन चित्तको उत्पतिको कारण पूर्वगामी जवन चित्त हुन्छ ।

अकुशल जवन चित्तहरू सहितका वीथिहरू र कुशल जवन चित्तहरू सहितका वीथिहरू पालैपालो गरी उत्पति हुन सक्छन् । जस्तो उदाहरणको लागि भनौं, मानिसहरूमा भिक्षुहरूलाई भोजन दान गर्ने इच्छा हुन्छ । किन्तु आफूले दान गर्न भनी लागेको खाद्यान्नको लागि चाहिने चीजबीजहरू सबै किनिसकेपछि त्यस मान्छेलाई मोल अलि महंगो लाग्न सक्छ । त्यस घडीमा कृपणता युक्त चित्तहरू रहन सक्छन् र तब जवन चित्तहरू अकुशल चित्तहरू हुन्छन् । यसरी हामी के देख्छौं भने असल कार्य गर्ने नियत छँदा छँदै पनि हेतुहरू (अवस्थाहरू) भएको खण्डमा संचित क्लेशहरू जुनसुकै बेला पनि उत्पति हुन सक्दा रहेछन् ।

हामीले कुशलता वा अकुशलतालाई संचय गर्ने पनि जवन चित्तहरू लागिरहेकै बेलामा हो । जवन चित्तहरूलाई नियन्त्रणमा राख्नु सम्भव छैन तर कुशलताको लागि हेतुहरू थाहा पाइराख्नाले कमै मात्र अकुशल चित्तहरू प्राप्त गर्न हामीलाई सघाउ पुग्नेछ ।

भगवान् बुद्धले करूणावश मानिसहरूलाई कुशलका हेतुहरू देखाउनु भयो । उहाँ दान, शील वा भावना कुनै किन नहोस्, सबै प्रकारका कुशल कर्म गर्न मानिसहरूलाई प्रेरित गर्नु हुन्थ्यो । उहाँले सबै प्रकारका अकुशललाई निर्मूल गर्न सक्ने प्रज्ञाको विकास गर्ने उपदेश दिनु हुन्थ्यो । प्रज्ञाको भिन्न भिन्न मात्राहरू (अंशहरू) हुन्छन् । केवल यो कुशल हो वा यो अकुशल हो भन्ने कुरा मात्र थाहा पाउने प्रज्ञा छ भने यो अकुशललाई निर्मूल गर्न सक्ने मात्रको प्रज्ञा होइन । प्रज्ञालाई विपश्यनाको मात्रसम्म विकसित नगरिञ्जेल सम्म नै कुशलताको अभ्यास गर्ने र अकुशल कर्महरूबाट जोगिने आत्मा हो भन्ने धारणा रहिरहन्छ । आत्माको धारणा रहेसम्म क्लेहरूलाई उखेलेर फ्याँक्न सकिन्न । पृथग्जन रहेका व्यक्तिले पनि पञ्चशील पालन गर्न समर्थ हुन सक्छ । तर उसमा र पञ्चशीलको पालन गर्ने आर्यजनमा एउटा भेद छ । पृथग्जनले हेतुहरू (अवस्थाहरू) रहनासाथ पञ्चशीललाई भंग गर्न सक्छ तर आर्यको निमित्त पञ्चशीललाई उल्लंघन गर्नको निमित्त कुनै अरू हेतुहरू नै रहन्नन् ।

हामी वास्तविकताहरूप्रतिको सजगता (स्मृति) नरहँदाको अवस्थामा आफूले अनुभव गरेका आलम्बनहरूलाई नै हामी आत्मा भनी ग्रहण गर्छौं । जब प्रज्ञाले अनुभव गरिने सम्पूर्ण धर्महरू जतिलाई नाम तथा रूप धातुहरू मात्र हुन्, यस्ता धातुहरू जुन स्थिर रहँदैनन् भन्ने कुरालाई महशूस गर्दछ वा बुझ्दछ, त्यतिखेर अकुशल जवन चित्तहरूको निमित्त उत्पति हुने अवसर कमै मात्र रहन्छ ।

विशुद्धि मार्ग (परिच्छेद १, ५५) मा महातिष्य महास्थविरको विषयमा उल्लेख गरिएको छः

Downloaded from http://dhamma.digital/

स्थविर चैत्य पर्वतबाट अनुराधापुरमा भिक्षाटनको लागि आइरहनु भएको थियो । त्यस बेला बाटोमा कुनै कूलबधू आफ्ना पतिसँग झगडा गरिकन भव्यसँग सजधज गरी देवकन्या (परी) को समान, बिहान सबेरै अनुराधापुरबाट निस्केर माइतीतिर गइरहेकी थिइन् । बीच बाटोमा स्थविरलाई देखेर विपरीत चित्त (कामको वशीभूत चित्त) भई तिनी निकै जोरसँग हाँसिन् । स्थविरले "यो के हो" भनी हेर्नु हुँदा तिनका दाँतका हाडहरूमा अशुभ-संज्ञा पाएर अर्हत्व लाभ गर्नु भयो त्यसैले भनिन्छः–

तस्सा दन्तट्ठिकं दिस्वा पुब्ब सञ्ञं अनुस्सरि ।

तत्थेव सो ठितो थेरो अरहत्तं अपापुणी ॥

अर्थात्

तिनका दाँतका हाडहरूलाई देखेर (आफूले अधिष्ठान गरेको) पहिलेको (अशुभ-) संज्ञालाई सम्झे र त्यहीं उभेरै स्थविरले अर्हत्व पाए ।

तर तिनको लोग्नेले पनि त्यही बाटोमा जाँदाजाँदै स्थविरलाई देखेर सोधेः– "के, भन्ते ! तपाईंले कुनै स्त्रीलाई देख्नु भो ?"

स्थविरले उसलाई भन्नु भयोः–

नाभिजानामि इत्थी वा पुरिसो वा इतो गतो ।

अपि च अट्ठिसंघाटो गच्छतेस महापथे ॥

अर्थात्

मलाई थाहा छैन कि स्त्री वा पुरुष (को) यहाँबाट गएको हो, तर पनि यो राजमार्गबाट भएर (यो) हाडहरूको समूह (अस्थिपञ्जर) गइरहेको छ ।

महातिष्य स्थविर आफूले देखेको आलम्बनमा तल्लीन हुनु हुन्थ्यो, न रूपरेखाको विस्तृत विवरणबाट नै उहाँ मोहित हुनु हुन्थ्यो । त्यस स्त्रीको दाँतहरूलाई देख्दा उहाँले शरीरको अशुभ-संज्ञालाई महशूस गर्नु भयो र उहाँले आफूले देखेको कुरालाई "आत्मा" भनी ग्रहण गर्नु भएन । शरीरको अशुभ-संज्ञाले हामीलाई देहमा आत्मा देख्ने होइन बल्कि शारीरिक धर्मलाई विकार स्वभाववाला रूपहरू मात्र हुन् भन्ने कुरा बुझ्नेतिर याद दिलाउँछ । महातिष्य स्थविरले वस्तुहरूलाई यथार्थ रूपले देख्नु भयो । त्यस क्षणमा उत्पन्न भइरहेको प्रज्ञा त्यति उच्च मात्राको थियो कि यसले सम्पूर्ण क्लेशहरूलाई जरैदेखि उखेलेर फ्याँक्न सक्यो ।

कुनै एक दिनमै लोभ, द्वेष र मोह सहगत असंख्य जवन चित्तहरू उत्पन्न हुन्छन् र त्यसैले हामी प्रमादी हुनु हुँदैन जति सक्यो उति अप्रमादी भएर रहनु पर्दछ । संयुक्त निकाय (षलायतन वर्ग, परिच्छेद १, षट् वर्ग भाग ५, पमाद विहारी सुत्त) मा यसरी चर्चा गरिएको छः–

"श्रावस्तीमा यो धर्मोपदेश दिनु भएको थियो...।

Downloaded from http://dhamma.digital/

भिक्षुहरू ! प्रमादविहारी र अप्रमाद विहारीको उपदेश गर्दछु । ध्यान दिएर सुन ।

भिक्षुहरू ! कसरी प्रमादविहारी हुन्छ ?

भिक्षुहरू ! असंयत चक्षु-इन्द्रीय सहित विहार गर्नेको चित्त चक्षुविज्ञेय रूपहरूमा क्लेशयुक्त हुन्छ । क्लेशयुक्त चित्त हुनेलाई प्रमोद हुँदैन । प्रमोद नहुनाले प्रीति हुँदैन । प्रीति नहुनाले प्रश्रब्धि हुँदैन । प्रश्रब्धि नहुनाले दुःखपूर्वक विहार गर्दछ । दुःखयुक्त चित्त समाधि-लाभ गर्दैन । असमाहित चित्तमा धर्म प्रादुर्भूत हुँदैन । धर्महरू प्रादुर्भूत नहुनाले उसलाई प्रमादविहारी (अर्थात् प्रमत्त भएर बस्ने) भनिन्छ ।

श्रोत,... घ्राण, ... जिव्हा, ... काय तथा मनका सम्बन्धमा पनि यस्तै कुरा हुन्छ ।

भिक्षुहरू ! अप्रमादविहारी (अप्रमत्त भएर बस्ने) कसरी हुन्छ त ?

भिक्षुहरू ! संयत चक्षु-इन्द्रीय सहित विहार गर्नेको चित्त चक्षु विज्ञेय रूपहरूमा क्लेशयुक्त हुँदैन । क्लेश रहित चित्त हुनेलाई प्रमोद हुन्छ । प्रमोद हुनाले प्रीति हुन्छ । प्रीति हुनाले प्रश्रब्धि हुन्छ । प्रश्रब्धि हुनाले सुखपूर्वक विहार गर्दछ । सुखले चित्त समाधि लाभ गर्दछ । समाहित चित्तमा धर्म प्रादुर्भूत हुन्छ । धर्महरू प्रादुर्भूत हुनाले उसलाई अप्रमादीविहारी भनिन्छ ।

श्रोत,... घ्राण, ... जिव्हा, ... काय तथा मनको सम्बन्धमा पनि कुरा यस्तै हुन्छ ।

भिक्षुहरू ! यसरी नै अप्रमादविहारी हुन्छ ।

**मनन गर्न योग्य केही प्रश्नहरू**

१) अरहन्तको जवनको कृत्य गर्ने लोकोत्तर चित्तहरू मात्र रहन्छन् कि जवनको कृत्य गर्ने (काम भूमिका चित्तहरू) कामावचर चित्तहरू पनि उसमा रहन सक्छन् ?

२) जवनको कृत्य गर्न सक्ने के विपाक चित्तहरू पनि हुन्छन् ?

Downloaded from http://dhamma.digital/

## परिच्छेद–१५

# तदारम्मण र च्यूतिका कृत्यहरू

हामीले केही वस्तु इष्ट वा अनिष्ट देख्दा खेरिको चित्त कुशल कर्म वा अकुशल कर्मको फलवाला विपाक चित्त हो । विपाकको एक मात्र होइन अनेक घडीहरू हुन्छन् । रंगले चक्षु-इन्द्रीयमा स्पर्श गर्दा क्रिया-चित्तवाला पंचद्वारावर्जन चित्तको उत्पति हुन्छ र निरोध हुन्छ । त्यसपछि चक्षु-विज्ञान उत्पति हुन्छ । चक्षुद्वार वीथिको प्रथम विपाक चित्त हो चक्षु-विज्ञान । त्यसपछि दुईटा अरू विपाक चित्तहरू लाग्छन् आलम्बनलाई ग्रहण गर्ने सम्प्रतिच्छन्न चित्त र त्यो आलम्बनलाई परीक्षा गरेर हेर्ने सन्तीर्ण चित्त । सन्तीर्ण चित्तपछि बोट्टब्बन चित्त लाग्छ, जुन चित्त क्रिया-चित्त हो । बोट्टब्बन चित्तले त्यो आलम्बन अकुशल चित्तहरूको लागि आलम्बन हुन्छ कि कुशल चित्तहरूको लागि हुन्छ भन्ने कुरालाई यक्किन गर्दछ । बोट्टब्बन चित्तपछि सातवटा जवन चित्तहरू पछि लाग्छन्, जुन जवन चित्तहरू यदि त्यो पुद्गल अरहन्त होइन भने, अकुशल चित्तहरू वा कुशल चित्तहरू हुन्छन् ।

यदि त्यतिञ्जेल त्यो रूपादि गोचर रंग जो हो सो अझै निरूद्ध भइसकेको छैन भने जवन चित्तहरू लोप भइसकेपछि कर्मले विपाकका अरू दुई घडीहरूलाई उत्पति गर्न सक्छ । यदि दुई विपाक चित्तहरूले तदालम्बनको कृत्य गर्दछ । तदालम्बन वा तदारम्मणको शाब्दिक अर्थ हो “त्यो आलम्बन” । त्यो चित्तले त्यस आलम्बनलाई नै धारणा गर्दछ र त्यही आलम्बनलाई अरू दुई घडीका निमित्त अनुभव गर्दछ । काम भूमिमा मात्र कर्मले जवन चित्तहरू पछि त्यसै आलम्बनमै झुण्डिने अरू दुई विपाक चित्तहरूलाई पैदा गर्न सक्तछ । इन्द्रीय संस्पर्शहरूका निम्त कमै मात्र हेतुहरू हुने रूप-ब्रह्म लोकहरूमा जन्मेका पुद्गलहरूको लागि र इन्द्रीय-संस्पर्शहरू हुँदै नहुने अरूप ब्रह्मलोकहरूमा जन्मेका पुद्गलहरूको लागि तदालम्बन चित्तहरू भन्ने हुँदैनन् ।

इन्द्रीयद्वारहरू मध्ये कुनै एक इन्द्रीयद्वारमा स्पर्श गर्ने रूपादि गोचर रंग, शब्द, गन्ध, रस वा शारीरिक स्पर्श हुन सक्छ । यी आलम्बनहरू मध्ये प्रत्येक आलम्बन रूप हो । तिनीहरू उत्पति भएर विनाश हुन्छन् तर ती रूप धर्महरू नाम धातु जतिकै छिटो छिटो विनाश हुँदैनन् । चित्तका १७ घडीहरूसम्म यी रूपहरू स्थिर रहन्छन् । कुनै एउटा रूपादि गोचरले इन्द्रीयद्वारहरू मध्ये कुनै एउटा द्वारमा स्पर्श गर्नासाथ पंचद्वारावर्जन चित्त तत्कालै उत्पति हुन्न । पहिले त अतीत भवंग, भवंग चलन र भवंगुपच्छेद गरी जम्मा तीन वटा भवंग चित्तहरू प्रवर्तित हुन्छन् । यी भवंग चित्तहरूले इन्द्रीय द्वारहरू मध्ये कुनै एउटा इन्द्रीय द्वारमा स्पर्श गरिरहेको नयाँ रूपादि गोचरलाई अनुभव गर्दैन ।

किन्तु पंचद्वारावर्जन चित्त, द्वि-पंच-विज्ञान (चक्षु-विज्ञान, श्रोत-विज्ञान, इत्यादि) सम्प्रतिच्छन्न चित्त, सन्तीर्ण चित्त, बोट्टब्बन चित्त र सात जवन चित्तहरू सबैले भने इन्द्रीयद्वारहरू मध्येको कुनै उक द्वारमा स्पर्श गरेको रूपादि गोचरलाई ग्रहण गर्दछन् ।

कुनै एक इन्द्रीय द्वारमा धक्का दिने त्यो रूपादि गोचर अतीत भवंगको साथै उत्पति भएको छ भने त्यस इन्द्रीयद्वार वीथि क्रममा सातौं जवन चित्तको निरोध भइसकेको अवस्थासम्म पनि त्यो

Downloaded from http://dhamma.digital/

रूपादि गोचरको विनाश भइसकेको हुँदैन । किनभने त्यस घडीसम्ममा अतीत भवंग चित्त उत्पति भएदेखि चित्तका केवल १५ घडीहरू मात्र व्यतीत भइसकेका हुन्छन् । रूप धातु चित्तका १७ घडीसम्म स्थिर रहने भएकोले इन्द्रीयद्वार वीथिमा त्यस आलम्बनलाई प्रत्यक्ष रूपमा अनुभव गर्ने अरू दुई चित्तहरूको उत्पति हुन्छ । ती विपाकवाला दुई चित्तहरू हुन् तदालम्बन-चित्तहरू (वा तदारम्मण चित्तहरू) ।

कुनै एउटा रूपले कुनै एक इन्द्रीयद्वारमा ठक्कर खाएपछि त्यस इन्द्रीयद्वार वीथिमा एक पछि अर्को क्रमशः उत्पति हुने चित्तहरू संक्षेपमा निम्न बमोजिमका हुन्छन्:

१. अतीत भवंग (उत्पति-स्थिति-भङ्गको हिसाबले द्रुतगतिमा प्रवाहित भइरहेका चित्त-धारमा पहिलो विचलित हुने भवंग चित्त)

२. भवंग चलन (प्रकम्पित भवंग)

३. भवंगुपच्छेद (चित्तको धार अवरुद्ध भई छुट्टिने भवंग)

४. पंचद्वारावर्जन चित्त (चित्त आदि पाँचद्वारमै ध्यान दिएर हेर्ने चित्त)

५. द्वि-पंच-विज्ञान (चक्षु-विज्ञान, श्रोत-विज्ञान, घ्राण-विज्ञान, जिव्हा-विज्ञान र काय-विज्ञान)

६. सम्प्रतिच्छन्न चित्त (आलम्बनलाई ग्रहण गर्ने चित्त)

७. सन्तीर्ण चित्त (आलम्बनलाई परीक्षा गरेर हेर्ने चित्त)

८. बोट्टब्बन चित्त (आलम्बनलाई यक्किन गरी पहिचान गर्ने चित्त)

९. जवन चित्त
१०. जवन चित्त
११. जवन चित्त    आलम्बनलाई अनुभव गर्दै विद्युत गति समान
१२. जवन चित्त    द्रुततर गतिमा दगुर्ने कुशल वा अकुशल
१३. जवन चित्त    चित्तहरू (अरहन्त नभएकाहरूमा)
१४. जवन चित्त
१५. जवन चित्त
१६. तदारम्मण चित्त  (जवन चित्तले अनुभव गरेकै आलम्बनलाई दुई
१७. तदारम्मण चित्त  पटक तदालम्बन चित्तले ग्रहण गर्छ) ।

तदालम्बन चित्तले आलम्बनलाई पाँच इन्द्रीयद्वारहरू मार्फत मात्र होइन, मनोद्वार मार्फत पनि अनुभव गर्दछ । इन्द्रीयद्वार वीथिमा आलम्बन लोप भइसकेको अवस्थामा मात्र तदालम्बन चित्त उत्पति हुन सक्छ । इन्द्रीयद्वार वीथिमा तदालम्बन चित्तहरू उत्पति भएको खण्डमा त्यसपछिको मनोद्वार वीथिमा पनि तदालम्बन चित्त उत्पति हुन सक्छन् र मनोद्वार मार्फत ती तदालम्बन चित्तले आलम्बनलाई अनुभव गर्दछ ।

Downloaded from http://dhamma.digital/

तदालम्बन चित्त यसरी ६ इन्द्रीयद्वारहरू मार्फत आलम्बनलाई अनुभव गर्न सक्ने विपाक चित्त हो । यदि आलम्बन रंग हो भने त्यसलाई चक्षुद्वार वीथिमा चक्षुद्वार मार्फत नै चित्तले अनुभव गर्दछ र त्यसपछि त्यस वीथि क्रममा उत्पन्न हुने तदालम्बन चित्तहरूले त्यस आलम्बनलाई चक्षुद्वार मार्फत नै ग्रहण गर्दछ । चक्षु-द्वार वीथिको पछि लाग्ने मनोद्वार वीथिका तदालम्बन चित्तहरूले त्यही आलम्बनलाई मनोद्वार मार्फत ग्रहण गर्दछ । इन्द्रीयद्वारमा स्पर्श गर्ने रूपादि गोचर अप्रिय वा अरंजनीय भएको खण्डमा त्यस वीथिमा उत्पन्न हुने सबै विपाक चित्तहरू अकुशल विपाक हुन्छन् । यसरी तदालम्बन चित्तहरू उत्पति भएमा ती पनि अकुशल विपाक नै हुन्छन् । त्यस इन्द्रीयद्वार वीथि पछि उत्पन्न हुने मनोद्वार वीथिका तदालम्बन चित्तहरू पनि अकुशल विपाक नै हुन्छन् । यदि इन्द्रीयद्वारमा स्पर्श गर्ने रूपादि गोचर प्रिय वा रंजनीय रहेको खण्डमा तदालम्बन चित्तहरू सहित त्यस वीथि क्रममा उत्पनि हुने सबै विपाक चित्तहरू कुशल विपाक हुन्छन् । पछिल्लो मनोद्वार वीथिका तदालम्बन चित्तहरू पनि कुशल विपाक नै हुन्छन् ।

तीन अहेतुक चित्तहरू र आठ सहेतुक विपाक चित्तहरू गरी जम्मा ११ विभिन्न चित्तले तदारम्मणको कृत्य गर्न सक्तछन् ।

तदालम्बन चित्त अहेतुक भएमा तदालम्बनको कृत्य सन्तीर्ण चित्तद्वारा गरिन्छ । हामीले देखेका छौं, सदैव अहेतुक विपाकको रूपमा रहने सन्तीर्ण चित्तले एउटा भन्दा बढी कृत्य गर्न सक्तछ । इन्द्रीयद्वार वीथिमा उत्पति हुँदाका बखत सन्तीर्ण चित्तले सम्प्रतिच्छन्न चित्तको पछि लागी सन्तीरण (जाँचेर हेर्ने) को कृत्य गर्दछ । सन्तीरणको कृत्यको अलावा, सन्तीर्ण चित्तले अरू कृत्यहरू पनि जस्तै प्रतिसन्धि, भवंग र च्यूतिका कृत्यहरू गर्न सक्तछन् र त्यसमाथि यसले तदालम्बनको कृत्य पनि गर्न सक्तछ ।

माथि उल्लेख गरिएझैं सन्तीर्ण चित्त तीन प्रकारका हुन्छन् । यथा:

१) उपेक्षा सहतग, अकुशल विपाकवाला सन्तीर्ण चित्त ।

२) उपेक्षा सहतग, कुशल विपाकवाला सन्तीर्ण चित्त ।

३) सौमनस्य सहतग, कुशल विपाकवाला सन्तीर्ण चित्त ।

केवल उपेक्षा सहगत, अकुशल विपाकवाला सन्तीर्ण चित्त र उपेक्षा सहगत, कुशल विपाकवाला सन्तीर्ण चित्त यी दुई किसिमका चित्तले मात्र प्रतिसन्धि भवंग र च्यूतिका कृत्यहरू गर्न सक्तछन् । सन्तीरणको कृत्य चाहिँ सबै तीनै किसिमका सन्तीरण चित्तद्वारा गर्न सकिन्छ । आलम्बन असाधारण तवरले रंजनीय छ भने सौमनस्य सहगत सन्तीर्ण चित्तले सन्तीरणको कृत्य गर्दछ ।

तदालम्बनको कृत्य भने तीनै किसिमका सन्तीरण चित्तले गर्न सक्तछ । तदालम्बन चित्त अकुशल विपाक छँदा अकुशल विपाकवाला सन्तीर्ण चित्तले तदालम्बनको कृत्य गर्दछ । यो अहेतुक विपाक चित्त हुन्छ र उही इन्द्रीय द्वार वीथिमा सन्तीरणको कृत्य गर्ने अकुशल विपाकवाला सन्तीर्ण चित्त जस्तै उही किसिमको हुन्छ ।

Downloaded from http://dhamma.digital/

यदि तदालम्बन चित्त अहेतुक कुशल विपाक हो भने तदालम्बनको कृत्य उपेक्षा सहगत कुशल विपाकवाला सन्तीर्ण चित्त वा सौमनस्य सहगत कुशल विपाकवाला सन्तीर्ण चित्तद्वारा गर्न सकिन्छ । यी तीनै अवस्थाहरूमा तदालम्बन चित्त अहेतुक हुन्छ ।

तदालम्बनको कृत्य सन्तीर्ण चित्तद्वारा गरिन्छ भनी भनिँदा अर्थ के हो भने त्यस घडीको तदालम्बन चित्त सन्तीर्ण चित्तकै जस्तै उही रचनाको हुन्छ । अर्थात् यो उही जाति (विपाक)को हुन्छ । यो अहेतुक हुन्छ र उही किसिमका चैतसिकद्वारा सहगत हुन्छ । जब सन्तीर्ण चित्तले तदालम्बनको कृत्य गर्दछ, तब यसलाई तदालम्बन चित्त भनिन्छ ।

तदालम्बनको कृत्य गर्न सक्ने (अलोभ, अद्वेष र प्रज्ञा जस्ता शोभन हेतुहरूद्वारा संयुक्त भएका) आठ सहेतुक विपाक चित्तहरू पनि छन् । तिनीहरू सौमनस्य सहगत वा उपेक्षा सहगत हुन सक्छन् । तिनीहरू प्रज्ञा सम्प्रयुक्त वा प्रज्ञा विप्रयुक्त हुन सक्छन् । तिनीहरू असांस्कारिक वा ससांस्कारिक हुन सक्छन् अर्थात् तिनीहरू असांस्कारिक वा ससांस्कारिक कर्मका फल हुन् । यसरी तदालम्बनको कृत्य गर्न सक्ने जम्मा ११ चित्तहरू छन् । संक्षेपमा तिनीहरू हुन्:

तीन अहेतुक विपाक चित्तहरू, यथा :

१) उपेक्षा सहगत, अकुशल विपाकवाला सन्तीर्ण चित्त ।

२) उपेक्षा सहगत, कुशल विपाकवाला सन्तीर्ण चित्त ।

३) सौमनस्य सहगत, कुशल विपाकवाला सन्तीर्ण चित्त ।

अरू पनि आठ सहेतुक विपाक चित्तहरू छन्, यथा :

१) सौमनस्य सहगत, ज्ञान सम्प्रयुक्त, असांस्कारिक एक ।

२) सौमनस्य सहगत, ज्ञान सम्प्रयुक्त, ससांस्कारिक एक ।

३) सौमनस्य सहगत, ज्ञान विप्रयुक्त, असांस्कारिक एक ।

४) सौमनस्य सहगत, ज्ञान विप्रयुक्त, ससांस्कारिक एक ।

५) उपेक्षा सहगत, ज्ञान सम्प्रयुक्त, असांस्कारिक एक ।

६) उपेक्षा सहगत, ज्ञान सम्प्रयुक्त, ससांस्कारिक एक ।

७) उपेक्षा सहगत, ज्ञान विप्रयुक्त, असांस्कारिक एक ।

६) उपेक्षा सहगत, ज्ञान विप्रयुक्त, ससांस्कारिक एक ।

सधैं चित्तहरू भिन्न भिन्न कृत्यहरू गरेर उत्पति र विनाश हुन्छन् । जीवनमा चित्तको अन्तिम कृत्य चाहिँ च्यूतिको कृत्य हो । जब हामी लौकिक व्यवहारमा एउटा मानिसलाई मरिसकेको

Downloaded from http://dhamma.digital/

छ भनी भन्दछौं, जीवनको अन्तिम चित्त जो हो, च्यूति चित्त त्यो निरूद्ध भइसकेको हुन्छ । त्यो च्यूति चित्तपछि अर्को जीवनको प्रतिसन्धि चित्त लागेको हुन्छ ।

मृत्यु अवश्यंभावी छ, पन्छाउन नसकिने कुरा छ । जो सुकैले पनि, चाहे ऊ नरकलोकमा, मनुष्य योनीमा वा देवलोकमै किन नजन्मेको होस्, उसले च्यूति चित्तलाई अवश्य ग्रहण गर्नु पर्दछ । बुद्धोपदेशित धर्महरूमा हामी जाति, जरा, व्याधि र मृत्यु बारेमा उल्लेख भएमा पाउँछौं । जन्मपछि व्याधिको उल्लेख हुनुभन्दा अगाडि त्यहाँ जराकै उल्लेख हुन्छ । किनभने हामी जन्मिनासाथै हामीलाई उमेर लाग्न थाल्छ, हामी तुरून्तै मृत्युको पथमा अग्रसर भइसकेका हुन्छौं । हामी खुड्डक निकाय, ( सुत्त निपात, महावग्ग परिच्छेद ३ सल्ल सुत्त) मा यसरी उल्लेख भएको पाउँछौः–

"यहाँ मानिसको जीवन अनिमित र अज्ञात छ, कठीन र अल्प छ र त्यो पनि दुःखबाट भरिएको छ ।

यस्तो कुनै उपाय छैन जसले गर्दा जन्म भएको मान्छे मर्न नपरोस्, वृद्धपनालाई प्राप्त गरेर पनि मर्नुपर्छ । प्राणीहरूको यस्तै स्वभाव हो ।

जसरी पाकिसकेका फल बिहानै झर्ने डर रहन्छ, त्यस्तै नै जन्म लिइसकेका मान्छेलाई सदैव मृत्युको भय लागिरहन्छ ।

जसरी कुम्हालेद्वारा निर्मित माटाका भाँडा सबै फुट्ने खालका हुन्छन्, त्यस्तै जीवन प्राणीहरूको हुन्छ ।

युवक, बूढो, बच्चा र बुद्धिमान सबै मृत्युको वशमा जान्छन् । सबै मृत्युमै पुग्नेवाला हुन् ।

ती मृत्युको अधीन रहनेवालाहरू परलोक गमन गर्ने बेलामा न त पिता पुत्रको रक्षा गर्दछ र न त बन्धु बान्धव बन्धु बान्धवहरूकै रक्षा गर्दछन् ।

बन्धु बान्धवहरूले हेर्दा हेर्दै, अनेक प्रकारका अलाप विलापलाई देख्दादेख्दै पनि मृत्युले एक एक गरी बलिको गोरू (वध गर्न राखिएको गोरू) लाई जस्तै लिएर जान्छ ।

यसरी मान्छे मृत्यु र जरा धर्मबाट पीडित छन्, यसैले धीरजन संसारको स्वभावलाई बुझेर शोक गर्दैनन् ।

जसको आउने र जाने मार्ग नै थाहा छैन, दुवै अन्तहरूलाई नदेखिकनै व्यर्थमा नै विलाप गरिरहेका छौं ।..."

अज्ञानीजन विपाल शोक गर्दछ तर आर्य अष्टाङ्गिक मार्गको अभ्यास गर्ने व्यक्तिहरूको लागि दुःख भनेको कमै हुन्छ । अरहन्त मार्ग फल प्राप्त गरिसकेको व्यक्तिमा च्यूति चित्त उत्पति हुँदा त्यस च्यूति चित्तपछि प्रतिसन्धि चित्त लाग्दैन । तब जाति, जरा, व्याधि र मृत्युको अन्त हुन्छ ।

अंगुत्तर निकाय (तिक निपात, प्रकरण ६२ भय)मा यसरी उल्लेख गरिएको छः–

Downloaded from http://dhamma.digital/

“भिक्षुहरू ! यी तीन भय माता-पुत्र-विहीन भय हुन् । कुन कुन तीन ? जरा-भय, व्याधि-भय र मृत्यु-भय ।

भिक्षुहरू ! छोरोलाई वृद्ध भएको देखेर आमा यो भन्न सक्तिन कि म बूढी हुन्छु, तिमी बूढा नहुनु । आमालाई बूढी भएकी देखेर छोरो यो भन्न सक्तैन कि म बूढो बन्छु, आमा बूढी नहुनु ।

भिक्षुहरू ! छोरो रोगी भएको देखेर आमा यो भन्न सक्तिन कि म रोगी हुन्छु, तिमी रोगी नहुनु । आमालाई रोगी भएको देखेर छोरो यो भन्न सक्तैन कि म रोगी हुन्छु, आमा रोगी नहुनु ।

भिक्षुहरू ! मर्न लागेको छोरोलाई आमा यो भन्न सक्तिन कि म मर्छु, तिमी नमर । आमालाई मर्न लागेको देखेर छोरो यो भन्न सक्तैन कि म मर्छु, आमा नमर ।

“भिक्षुहरू ! यी तीन माता-पुत्र विहीन भय हुन् ।”

भिक्षुहरू ! यी तीनै माता-पुत्र-युक्त भयहरूका र यी तीनै माता-पुत्र-विहीन भयहरूलाई प्रहाण गर्ने, अतिक्रमण गर्ने मार्ग छ, पथ छ । भिक्षुहरू ! त्यो मार्ग, त्यो पथ के हो त ?”

भिक्षुहरू ! यो यही आर्य अष्टाङ्गिक मार्ग हो, यथा सम्यक्-दृष्टि, सम्यक् संकल्प, सम्यक् वचा, सम्यक्-कर्मान्त, सम्यक्-आजीविका, सम्यक्-व्यायाम, सम्यक्-स्मृति तथा सम्यक्-समाधि । भिक्षुहरू ! यी तीनै माता-पुत्र-युक्त भयहरू तथा यी तीनै माता-पुत्र-विहीन भयहरूलाई प्रहाण गर्ने, अतिक्रमण गर्नेवाला मार्ग, पथ यही हो ।

अरहन्त भइनसकेसम्म च्यूति चित्त पछि प्रतिसन्धि चित्त उत्पन्न हुन्छ । प्रतिसन्धि चित्तलाई पैदा गर्ने कुशल वा अकुशल कर्म जे हुन्छ, त्यसैको आधारमा अर्को जन्मको प्रतिसन्धि चित्त कुशल वा अकुशल विपाक हुन्छ । च्यूति चित्त उत्पति हुनुभन्दा अगाडि सातवटा जवन चित्तहरूको सट्टामा केवल ५ वटा जवन चित्तहरू मात्र उत्पति हुन्छन् । त्यस जन्मका ती अन्तिम जवन चित्तहरू हुन् र तिनैले पुनर्जन्मको हेतु बनिदिन्छ । यी जवन चित्तहरू अकुशल चित्त भएको खण्डमा अर्को जन्मको प्रतिसन्धि चित्त अकुशल विपाक हुन्छ । यो जवन चित्तहरू कुशल चित्त भएमा अर्को जुनीको प्रतिसन्धि चित्त कुशल विपाक हुन्छ । यी जवन चित्तहरू लोप भइसकेपछि च्यूति चित्त उत्पति हुन्छ जुन चित्त त्यस जीवन अवधिको अन्तिम चित्त हो । त्यो च्यूति चित्तको किसिम चाहिँ त्यस अन्त हुन लागेको जीवनको प्रतिसन्धि चित्त र भवंग चित्तहरूकै किसिमको अनुरूप नै हुन्छ । च्यूति चित्त लोप भइसकेपछि अर्को जीवनको प्रतिसन्धि चित्त उत्पति हुन्छ । यस चित्तको किसिम कस्तो हुन्छ भन्ने कुरा यसलाई पैदा गर्ने कर्मको किसिममा निर्भर रहन्छ । तसर्थ यो प्रतिसन्धि चित्त भिन्नै किसिमको हुन सक्नेछ ।

मर्नुभन्दा केही क्षण अगाडि उत्पति हुने अन्तिम जवन चित्तहरू (अर्थात. मरणासन्न जवनहरू) ले पाँच इन्द्रीय द्वारहरू मध्ये कुनै एउटा इन्द्रीयद्वार वा मनोद्वार मार्फत कुनै आलम्बनलाई अनुभव गर्न सक्छन् । (ती मरणासन्न जवनहरूको कर्म, कर्म निमित्त र गति निमित्त यी तीन मध्ये कुनै एउटा आलम्बन अवश्य उत्पन्न हुन्छन्) कोही कोही आफ्नो पूर्वकृत कर्मको चिन्तन गर्ने हुन सक्छन् भने कोही कोही पूर्वकृत कर्मको उपकरण वा चिन्हलाई अनुभव गर्ने हुन

Downloaded from http://dhamma.digital/

सक्छन् अथवा कोही कोही आफ्नो अर्को भव (पुनर्जन्मको स्थान) को संकेत वा वस्तुलाई अनुभव गर्ने हुन सक्छन् । अन्तिम जवन चित्तहरूको आलम्बन जे हुन्छ, त्यसै आलम्बनलाई अर्को जीवनको प्रतिसन्धि चित्त, सम्पूर्ण भवंग चित्तहरू र अर्को जीवनको च्यूति चित्तले पनि अनुभव गर्ने हुन्छ ।

जहाँसम्म च्यूति चित्तको कुरा छ, अहिले सकिन लागेको जीवनको प्रतिसन्धि चित्त र भवंग चित्तको जुन किसिम हुन्छ उही किसिमको चित्त च्यूति चित्त हुन्छ । जुन कर्मले त्यस जीवनको प्रतिसन्धि चित्त र भवंग चित्तहरूलाई पैदा गऱ्यो त्यसै कर्मले पैदा गरेको विपाक हो च्यूति चित्त पनि । प्रतिसन्धिको कृत्य र भवंगको कृत्य गर्न सक्ने चित्त १९ प्रकारका हुने भएकोले च्यूतिको कृत्य गर्न सक्ने चित्त पनि १९ नै प्रकारका हुन्छन् । जुन प्रकारका चित्तले प्रतिसन्धि र भवंगको कृत्य गर्न सक्छन् तिनीहरूले नै च्यूतिको कृत्य गर्न सक्छन् ।

कोही दुर्घटनामा परेर मर्दा वा अत्यन्त पीडा भएर मर्दा च्यूति चित्तको अघि लाग्ने चित्तहरू अकुशल जवन चित्तहरू नै हुनु पर्छ भन्ने केही छैन । उसले पीडालाई अनुभव गर्दाको बखत द्वेषसहितको अकुशल चित्तहरू प्रवर्तित रहन सक्छन् तर अन्तिम जवन चित्तहरू भने कुशल चित्तहरू हुन सक्छन् । अर्थात् च्यूति चित्तको अघि योनिसो मनस्कार रहन सक्छ ।

अंगुत्तर निकाय (छक्क निपात, परिच्छेद ६, महावर्ग, प्रकरण २, फग्गुन) मा भगवान् बुद्ध निकै विरामी भइरहेको फग्गुन कहाँ जानु भएको कुराको चर्चा छ । आयुष्मान् फग्गुनले सकृदागामीको मार्ग फल लाभ गरेको थियो । किन्तु उनी "पाँच नीवरणहरू" बाट पूर्णतया मुक्त भइसकेको थिएन । त्यसैले भगवान् बुद्धले आयुष्मान् फग्गुनलाई भन्नु भयो :–

"फग्गुन ! तिमी ठीक त छौ ? के दुःख वेदना कम भएर गए पछि फर्केर त आउँदैन होइन ? कम हुँदै गएर समाप्त कुन लागे जस्तो देखिए पछि फेरि फर्केर त आउँदैन होइन ?"

"भन्ते ! म ठीक छैन । मलाई बहुत तीव्र दुःख वेदना भएर आउँछ, फर्केर जाँदैन । कम हुँदै गएर समाप्त हुँदैन, फर्केरै आउँछ ।"

"भन्ते ! जसरी कुनै बलवान् व्यक्तिले धारिलो तलवारले शिरमा काटेजस्तै भन्ते ! वायु बहुत जोडसँग शिरमा ठक्कर खान्छ । भन्ते ! म ठीक छैन । मलाई बहुतै तीव्र दुःख वेदना भएर आउँछ, फर्केर जाँदैन । कम हुँदै गएर समाप्त हुँदैन, फर्केरै आउँछ ।... – – – – ।"

तब भगवान्ले धार्मिक कथाद्वारा आयुष्मान् फग्गुनलाई सान्त्वना दिएर, सन्तोष दिलाएर, प्रात्साहित गरेर, प्रसन्न चित्त गराएर आसनबाट उठेर हिँड्नु भयो ।

भगवान् जानु भएको थोरै समय पछि नै आयुष्मान् फग्गुनको देहान्त भयो । उनको मृत्युका समयमा इन्द्रीयहरू सबै प्रसन्न थिए ।

अनि आयुष्मान् आनन्द जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । भगवान्को समीप गईकन अभिवादन गरेर एक छेउमा बसे । एक छेउमा बसेर आयुष्मान् आनन्दले भगवान्लाई बिन्ति गरे – "भन्ते ! भगवान् हिंड्नु भएको थोरै समय पछि नै आयुष्मान् फग्गुनको देहान्त भयो । उसको मर्ने समयमा इन्द्रीयहरू सबै प्रसन्न थिए ।" "आनन्द ! भिक्षु फग्गुनका इन्द्रीयहरू कि प्रसन्न हुनुहुन्थ्यो ?

Downloaded from http://dhamma.digital/

आनन्द ! पहिले भिक्षु फग्गुनको चित्त उन्नतिका बाधक संयोजनहरूबाट मुक्त थिएन । मेरो धर्म-देशना सुनेर उसको चित्त उन्नतिका बाधक पाँचौं संयोजनहरूबाट मुक्त भयो ।"

"आनन्द ! समय समयमा धर्मश्रवण गर्नाले, समय समयमा धर्मका अर्थलाई विचार गर्नाले ६ वटा शुभ परिणाम हुन्छन् । कुन कुन ६ वटा ?" "आनन्द ! एउटा भिक्षुको चित्त उन्नतिको लागि बाधक पाँचै संयोजनहरूबाट मुक्त हुन्न । त्यसलाई मर्ने बखतमा तथागतको दर्शन मिल्दछ । तथागतले उसलाई यस्तो धर्मको उपदेश दिनु हुन्छ जुन आदिमा पनि कल्याणकारक हुन्छ, मध्यमा कल्याणकारक हुन्छ, अन्तमा कल्याणकारक हुन्छ, जुन अर्थसहित हुन्छ, जुन व्यञ्जनबाट युक्त हुन्छ । तथागत केवल परिशुद्ध श्रेष्ठ जीवनलाई नै मात्र प्रकाशित गर्नु हुन्छ । त्यस धर्म-देशनालाई सुनेर चित्त उन्नतिका बाधक पाँचै संयोजनहरूबाट मुक्त हुन्छ । हे आनन्द ! समय समयमा धर्म श्रवण गर्नाको यो पहिलो शुभ परिणाम हो ।" "आनन्द ! फेरि एउटा भिक्षुको चित्त उन्नतिको बाधक पाँचै संयोजनहरूबाट मुक्त हुँदैन । उसलाई मृत्यु हुने बेलामा तथागतको दर्शन नभइकन तथागतको श्रावकको दर्शन प्राप्त हुन्छ । तथागतको श्रावकले उसलाई यस्तो धर्मको उपदेश गर्दछ जुन आदिमा कल्याणकारक, मध्यमा कल्याणकारक, अन्तमा कल्याणकारक हुन्छ, जुन अर्थ-सहित हुन्छ, जुन व्यञ्जनबाट युक्त हुन्छ । तथागतको श्रावकले केवल परिशुद्ध श्रेष्ठ जीवनलाई नै मात्र प्रकाशित गर्नु हुन्छ । उसको धर्म-देशनालाई सुनेर चित्त उन्नतिका बाधक पाँचै संयोजनहरूबाट मुक्त हुन्छ । हे आनन्द ! समय समयमा धर्म श्रवण गर्नाको यो दोश्रो शुभ परिणाम हो ।"

"आनन्द ! फेरि एउटा भिक्षुको चित्त उन्नतिको बाधक पाँचै संयोजनहरूबाट मुक्त हुन्न । उसलाई मर्ने बेलामा न तथागतको दर्शन प्राप्त हुन्छ, न तथागतका श्रावकै दर्शन प्राप्त हुन्छ, किन्तु उसले जुन धर्म पहिले श्रवण गरेको छ, ग्रहण गरेको छ त्यसै विषयमा विचार गर्दछ, त्यसैलाई मनबाट मनन गर्दछ । उसले जुन धर्म पहिले श्रवण गरेको हो, ग्रहण गरेको हो त्यसैका विषयमा विचार गर्नाले त्यसैलाई मनले मनन गर्नाले चित्त उन्नतिका बाधक पाँचै संयोजनहरूबाट मुक्त हुन्छ ।"

"हे आनन्द ! समय समयमा धर्मका अर्थ विचार गर्नाको यो तेश्रो शुभ परिणाम हो । ..."

समयमा धर्म श्रवण गरेर समयमै यसको अर्थलाई विचार गरेर पछि अरहन्त मार्गफल प्राप्त गर्ने अनागामीको मार्गफल लाभी भिक्षुको सम्बन्धमा पनि यस्तै नै भनिएको छ ।

## चित्तका कृत्यहरूको सारांश

१) प्रतिसन्धि, २) भवंग, ३) आवर्जन, ४) दर्शन, ५) श्रवण, ६) घ्राण (घायन), ७) आस्वादन, ८) स्प्रष्टव्य (संस्पर्श), ९) सम्प्रतिच्छन्न, १०) सन्तीरण, ११) बोट्ठब्बन, १२) जवन, १३) तदारम्मण (तदालम्बन), १४) च्यूति ।

**मनन गर्न योग्य केही प्रश्नहरू**

१) अकुशल विपाकवाला सन्तीर्ण चित्तले कुन कुन कृत्यहरू गर्न सक्छन् ?

Downloaded from http://dhamma.digital/

२) उपेक्षा सहगत, कुशल विपाकवाला सन्तीर्ण चित्तद्वारा कुन कुन कृत्यहरू सम्पन्न गर्न सकिन्छन् ?

३) सौमनस्य सहगत, कुशल विपाकवाला सन्तीर्ण चित्तले कुन कुन कृत्यहरू गर्न सक्छन् ?

४) कति प्रकारका चित्तले च्यूतिको कृत्य गर्न सकिन्छ ? कुन कुन प्रकारहरूका चित्तबाट ती कृत्यहरू गर्न सकिन्छन् ?

५) रूप-ब्रह्मलोकहरू र अरूप ब्रह्मलोकहरूमा तदारम्मण चित्त किन उत्पति हुन सक्तैनन् ?

६) के सबै प्रकारका विपाक चित्तहरूले ६ द्वारहरू मार्फत आलम्बनलाई ग्रहण गर्न सक्तछन् ?

Downloaded from http://dhamma.digital/

## परिच्छेद–१६

# आलम्बनहरू र द्वारहरू

पाँच इन्द्रीयहरू मध्ये कुनै एक इन्द्रीयद्वार मार्फत वा मनोद्वार मार्फत आलम्बन प्रस्तुत हुँदाका बखत त्यो आलम्बनलाई अनुभव गर्ने चित्त हो भन्ने कुरा के हामी महशूस गर्दछौं र ? जबसम्म हामी वस्तुहरूलाई तिनका यथार्थ सच्चा स्वरूपमा हेर्दैनौं, आत्माले नै आलम्बनहरूलाई ग्रहण गर्दछ र आलम्बनहरू नित्य र आत्मा हुन् भनी हामी सोच्ने हुन्छौं । जस्तो उदाहरणको लागि भनौं, हामीले 'काठको मूढो' देख्दा त्यस घडीमा देखिएको त्यो आलम्बन 'काठको मूढो' नै हो भन्ने तिर नै हाम्रो सोचाइ रहन जान्छ । देख्न सकिने आलम्बन भनेको केवल रंग नै मात्र हो भन्ने कुरा हामी महशूस गर्दैनौं । हामीले 'काठको मूढो' लाई छुँदा काय-इन्द्रीय मार्फत हामीले साह्रोपना वा ठण्डीलाई अनुभव गर्न सकिन्छ । हामी जुन कुरालाई 'मूढो' भन्छौं, त्यो त उत्पति भएर लोप हुने अनेक भिन्न भिन्न रूपहरू हुन् । कुनै पनि आलम्बन प्रस्तुत हुँदा एक समयमा हामी केवल एउटा लक्षणलाई मात्र अनुभव गर्न सक्छौं । विभिन्न द्वारहरू मार्फत देखा पर्ने विभिन्न लक्षणहरूलाई अनुभव गर्न हामीले सिकेको खण्डमा हामीले यथार्थ रूपमा वस्तुहरूलाई देख्न हामी समर्थ हुनेछौं ।

आर्यले जीवनलाई अनार्यले देखे भन्दा भिन्नै तरिकाले देख्छ । अनार्य जनले जे कुरालाई सुख भनी ग्रहण गर्दछ, आर्यजनको निम्ति त्यो दुःख हुन्छ । अनार्यको निम्ति जे दुःख हुन्छ, आर्यको निम्ति त्यो सुख हुन्छ । संयुक्त निकाय (षलायतन वर्ग, परिच्छेद १, तृतीय पण्णासक भाग ४, अगहच सुत्त) मा गागामा यसरी उल्लेख गरिएको छः–

"रूप, शब्द, गन्ध, रस, स्पर्श, र सम्पूर्ण धर्म,

जबतक त्यति अभिष्ट, सुन्दर र मनमोहक भनिन्छन्,

ती देवताहरू सहित सारा संसारका सुख सम्झिन्छ ।

जहाँ ती निरूद्ध हुन्छन् तिनीहरूलाई उनीहरू दुःख सम्झन्छन् ॥

किन्तु, पण्डितजन त सत्कायको निरोधलाई सुख मान्दछन्,

संसारको विचारदेखि उसको विचार केही उल्टो नै रहेको हुन्छ ॥

जे कुरालाई अरू सुख भन्दछन्, तिनलाई पण्डितजन दुःख भन्दछन्,

जुन कुरालाई अरू दुःख भन्छन्, तिनलाई पण्डितजन सुख भन्छन् ।

दुर्ज्ञेय धर्महरूलाई हेर, मूढ अविद्वानहरूमा

क्लेशावरणमा परेका अज्ञजनलाई यो अन्धकार हुन्छ ।

ज्ञानी सन्तहरूलाई यो खुला प्रकाश भइदिन्छ,

धर्म नजान्नेहरू सँगै रहेर पनि नसम्झने हुन्छन् ॥..."

Downloaded from http://dhamma.digital/

भगवान् बुद्धले मानिसहरूलाई उनीहरूको अन्धभावबाट मुक्त पार्नको लागि विभिन्न द्वारहरू मार्फत चित्तद्वारा अनुभव गरिने आलम्बनहरूको बारेमा धेरै पटक उपदेश दिनु भयो । सो उपदेशहरूका अध्ययनबाट चित्तद्वारा थाहा पाउन सकिने आलम्बनहरू ६ प्रकारका हुन्छन् भन्ने कुरा हामी सिक्छौं ।

पहिलो किसिम हो रंग वा रूपारम्मण । चक्षुद्वार मार्फत जान्न सकिने आलम्बन त रंग नै मात्र हुन सक्छ । हामीले रूख, जनावर वा मान्छेलाई देख्दा हामीले ती आलम्बनलाई चक्षुद्वारद्वारा होइन मनोद्वारद्वारा देख्छौं ।

दोश्रो किसिमको आलम्बन (आरम्मण) हो शब्द वा सद्दारमण

तेश्रो किसिमको हो गन्ध वा गन्धारम्मण ।

चौथो किसिम हो रस वा रसारम्मण ।

पाँचौं किसिम हो काय-इन्द्रीयद्वारा अनुभव गरिने स्पर्श वा फोट्ठब्बनरम्मण ।

फोट्ठब्बारम्मणमा निम्न रूपहरू हुन्छन्:

पृथ्वी-धातु, तेज-धातु, वायु-धातु, आप-धातु ।

घनत्व (पृथ्वी), संयोग (जल), तापक्रम (अग्नि) र गति (वायु) चार प्रमुख रूपहरू (महा-भूत-रूपहरू) हुन् । संयोग (वा आप-धातु) लाई पनि काय-इन्द्रीयद्वारा अनुभव गर्न सकिन्छ कि भन्ने कुरा मनमा लाग्न सक्छ । आप-धातुलाई काय-इन्द्रीयद्वारा अनुभव गर्न सकिन्न । हामीले पानी छुँदा कडापन वा नरमपना, गर्मी वा ठण्डी, गति वा दवावका लक्षणहरूलाई काय-इन्द्रीय मार्फत प्रत्यक्ष रूपमा अनुभव गर्न सकिन्छ । आप-धातु (संयोग) को लक्षणलाई मनोद्वार मार्फत मात्र अनुभव गर्न सकिन्छ । यो छैठौं वर्गको आरम्मण, धम्मारम्मणमा समावेश हुन्छ ।

धम्मारम्मण अन्तर्गत पहिलो पाँच वर्गहरूमा समावेश नभएका सम्पूर्ण आलम्बनहरू समावेश हुन्छन् । यिनीहरूलाई मनोद्वार मार्फत मात्र अनुभव गर्न सकिन्छ ।

प्रज्ञाको अभ्यास नगर्ने व्यक्तिलाई कुन चाहिँ द्वारमार्फत कुन चाहिँ आरम्मण उपस्थित हुन्छ भन्ने स्पष्टतः थाहा हुन्न । आरम्मणहरू र द्वारहरूमा यस्ता व्यक्ति अलमलिन्छ र यसरी ऊ संसारको बारेमा मै अलमलिन्छ । किन्तु आर्यजन संसारको विषयमा अलमलिँदैन । उसलाई ६ द्वारहरू मार्फत देखापर्ने आरम्मणहरू केवल नाम र रूप हुन्, आत्मा होइन भन्ने कुरा थाहा हुन्छ ।

छ छक्क-सुत्त, (मज्भिम निकाय, षलायतन वग्ग) को उपदेश ६ द्वारहरू मार्फत प्रस्तुत हुने धर्महरू बुभ्न वा सम्भनको निम्ति निकै सहायक हुन्छ । भगवान् बुद्ध अनाथपिण्डिकको आराम जेतवन महाविहारमा विहार गर्नु हुँदा उहाँले भिक्षुहरूलाई ६ वटा अध्यात्म आयतनहरू र ६ वटा बाह्य आयतनहरू बारेमा व्याख्या गर्नु भयो । ६ अभ्यास आयतनहरू आलम्बनहरूलाई अनुभव गर्ने ६ द्वारहरू हुन्, जस्तो पाँच इन्द्रीयद्वारहरू, घ्राण आयतन, जिव्हा-आयतन, काय-आयतन र मन-आयतन) । ६ बाह्य आयतनहरू भन्नाले ६ द्वारहरू मार्फत अनुभव गरिने ती आलम्बनहरू नै हुन्छ ।

Downloaded from http://dhamma.digital/

(जस्तो रूप-आयतन, शब्द-आयतन, गन्ध-आयतन, रस-आयतन, स्प्रष्टव्य (स्पर्श) आयतन र धर्म-आयतन) । भगवान् बुद्धले अनि (चक्षु-विज्ञान, श्रोत-विज्ञान, घ्राण-विज्ञान, जिव्हा-विज्ञान, काय-विज्ञान र मनो -विज्ञान) ६ द्वारहरू र ती ६ द्वारहरू मार्फत अनुभव गरिने आलम्बनहरूको कारण उत्पति हुने ६ विज्ञान कायका बारेमा व्याख्या गर्नु भयो । उहाँले ६ किसिमका स्पर्श-काय (यथाः चक्षु-संस्पर्श, श्रोत-संस्पर्श, घ्राण-संस्पर्श, जिव्हा-संस्पर्श, काय-संस्पर्श र मन-संस्पर्श), ६ प्रकारका संस्पर्श कारण उत्पति हुने ६ प्रकारका वेदना काय (यथाः चक्षु-संस्पर्शज वेदना, श्रोत-संस्पर्शज वेदना, घ्राण-संस्पर्शज वेदना, जिव्हा-संस्पर्शज वेदना, काय-संस्पर्शज वेदना र मन-संस्पर्शज वेदना) र ६ वेदना-कायको कारण उत्पति हुने ६ प्रकारका तृष्णा अर्थात ६ तृष्णा-काय (यथाः रूप-तृष्णा, शब्द-तृष्णा, गन्ध-तृष्णा, रस-तृष्णा, स्प्रष्टव्य-तृष्णा र धर्म-तृष्णा) बारेमा व्याख्यान गर्नु भयो । यसरी ६ छक्क, ६ धर्महरूका ६ समूहहरू हुन्छन् ।

भगवान् बुद्धले अनि ६ द्वारहरू मार्फत अनुभव गरिएका गोचरका विषयमा लोभ, द्वेष र मोह भएको व्यक्तिको बारेमा व्याख्या गर्नु भयो हामी पढ्छौंः–

“भिक्षुहरू ! चक्षुद्वारा रूपमा चक्षुविज्ञान उत्पन्न हुन्छ, यी तीनै अर्थात् चक्षु, रूप र चक्षु विज्ञानको संगम स्पर्श हो, स्पर्शबाट सुख, दुःख वा अदुःख-असुख वेदना उत्पन्न हुन्छ । त्यो ( वेदनालाई अनुभव गर्ने) व्यक्ति सुख वेदनाबाट संयुक्त भएमा अभिनन्दन = अभिवादन गर्दछ, आसक्त भएर त्यसैमा बस्दछ । त्यसमा (मनमा) राग-अनुशय टाँसिएको हुन्छ । त्यो व्यक्ति दुःख वेदनाबाट संयुक्त भएमा शोक गर्दछ, सन्तप्त हुन्छ, विलाप गर्दछ, छाती पिटी पिटी रून्छ, मूर्छित हुन्छ । त्यसमा प्रतिघ-अनुशय टाँसिएको हुन्छ । त्यो व्यक्ति अ-दुःख–अ-सुख वेदनाबाट संयुक्त भएमा त्यस वेदनाको समुदय (उत्पति), विनाश, आस्वाद, दुष्परिणाम (आदिनव), र निस्सरण ( निस्किने बाटो) लाई यथार्थ रूपमा थाहा पाउँदैन । त्यसमा अविद्या-अनुशय टाँसिएको हुन्छ । सुख वेदनावाला व्यक्तिले राग-अनुशयलाई नछोडिकन, दुःख वेदनावाला व्यक्तिले प्रतिघ-अनुशयलाई नहटाइकन अ-दुःख–अ-सुख वेदनावाला व्यक्तिले अविद्या-अनुशयलाई हत्या नगरिकन अभ्क त्यस्ता व्यक्तिले विद्यालाई उत्पन्न नगरिकनै यही जन्ममा संसार (दुःख) लाई अन्त्य गर्नेवाला हुन्छ भन्ने कुरा सम्भव नै हुन्न ।” अन्य द्वारहरूको बारेमा पनि यसरी नै भनिएको छ । किन्तु लोभ, द्वेष र मोहको बदलामा ६ द्वारहरू मार्फत अनुभव गरिएका गोचरमा योनिस मनसिकार भएको व्यक्तिले भने जन्म र मृत्युको चक्रलाई अन्त्य गर्न सक्तछ । हामी पढ्छौंः–

“भिक्षुहरू ! चक्षुद्वारा रूपमा चक्षुविज्ञान उत्पन्न हुन्छ, यी तीनै अर्थात् चक्षु रूप र चक्षु-विज्ञानको संगम स्पर्श हो, स्पर्शबाट सुख, दुःख वा अ-दुःख–अ-सुख वेदना उत्पन्न हुन्छ । त्यो व्यक्ति सुख वेदनाबाट संयुक्त भएमा अभिनन्दन = अभिवादन गर्दैन, आसक्त भएर त्यसैमा बस्दैन । त्यसमा राग-अनुशय टाँसिएको हुन्न । दुःख वेदनाबाट संयुक्त भएमा शोक गर्दैन, अलाप गर्दैन, विलाप गर्दैन, छाती पिटीपिटी रूँदैन, मूर्छित हुँदैन । त्यसमा प्रतिघ-अनुशय टाँसिएको हुन्न । त्यो व्यक्ति अ-दुःख–अ-सुख वेदनाबाट संयुक्त भएमा त्यस वेदनाको समुदय, विनाश, आस्वाद, दुष्परिणाम र निस्सरण ( निकास) लाई यथार्थ रूपमा जान्दछ । त्यसमा अविद्या-अनुशय टाँसिएको हुन्न । त्यस्तो सुख वेदनावाला व्यक्तिले राग-अनुशयलाई छाडी, दुःख वेदनावाला व्यक्तिले प्रतिघ-अनुशयलाई हटाई, अ-

Downloaded from http://dhamma.digital/

दु:ख–अ-सुख वेदनावाला व्यक्तिले अविद्या-अनुशयलाई मारिकन, विद्यालाई उत्पादन गरी यसै जन्ममा दु:ख (संसार) को अन्त्य गर्नेवाला हुन्छ, यो सम्भव हुन्छ ।

भिक्षुहरू ! यस प्रकार देखेर, श्रुतवास आर्य श्रावक, चक्षुप्रति उदासिन (निर्वेदमा प्राप्त) रहन्छ, रूप प्रति उदासिन रहन्छ, चक्षु-विज्ञान, चक्षु-संस्पर्श..., वेदना,... तृष्णाप्रति उदासिन रहन्छ । त्यो श्रोतप्रति उदासिन रहन्छ, शब्द ..., श्रोत-विज्ञान ..., श्रोत-संस्पर्श, ..., वेदना..., र तृष्णाप्रति उदासिन रहन्छ । त्यो व्यक्ति घ्राणप्रति उदासिन रहन्छ, गन्ध ..., घ्राण विज्ञान..., घ्राण-संस्पर्श..., वेदना ... र तृष्णाप्रति उदासिन रहन्छ । त्यो व्यक्ति जिव्हाप्रति उदासिन रहन्छ, रस..., जिव्हा विज्ञान..., जिव्हा-संस्पर्श..., वेदना ... र तृष्णाप्रति उदासिन रहन्छ । त्यो व्यक्ति कायप्रति उदासिन रहन्छ, स्प्रष्टव्य..., काय-विज्ञान..., काय-संस्पर्श..., वेदना ... र तृष्णाप्रति उदासिन रहन्छ । त्यो व्यक्ति मनप्रति उदासिन रहन्छ, धर्मप्रति उदासिन रहन्छ, मनोविज्ञान..., मन-संस्पर्श..., वेदना ... र तृष्णाप्रति उदासिन रहन्छ, उदासिन रहेर विरक्त हुन्छ, विरक्त भएर विमुक्त हुन्छ । विमुक्त भएपछि "विमुक्त छु" भन्ने ज्ञान हुन्छ । अनि जन्म (आवागमन) नष्ट भयो, ब्रह्मचर्यवास खतम भयो, गर्नुपर्ने जति गरिसकियो र अब यहाँ गर्नु पर्ने केही शेष बाँकी छैन भन्ने कुरा जान्दछ ।

भगवान्ले यसो भन्नु भयो । सन्तुष्ट भएर ती भिक्षुहरूले भगवान्को भाषणलाई अभिनन्दन गरे ।

यस व्याकरण (उपदेश) को व्याख्यान गर्दै मरेको बेलामा साथी भिक्षुहरूका चित्त उपादान रहित भएर आश्रवबाट मुक्त भयो ।

छैठौं किसिमको आलम्बन, धम्मारम्मणलाई ६ प्रकारका पुनर्विभाजन गर्न सकिन्छ:

१) पाँच प्रसाद रूपहरू (पालिमा पसाद रूप भनिन्छ)

२) सूक्ष्म रूपहरू (पालिमा सुखुम रूप भनिन्छ)

३) चित्त

४) चैतसिक (पालिमा चेतसिक)

५) निर्वाण (पालिमा निव्वाण)

६) प्रज्ञप्ति (पालिमा पञ्ञति)

पहिलो प्रकारको धम्मारम्मण अन्तर्गत पाँच प्रसाद रूपहरू आउँछन् । इन्द्रीय-स्पर्शहरूलाई ग्रहण गर्ने क्षमता भएका रूपहरू तिनै रूप प्रसादहरू हुन् । प्रसाद रूपहरू रूप हुन्, नाम होइनन् । तसर्थ तिनीहरू आफैं केही अनुभव गर्दैनन् । प्रसाद रूपहरू चित्तहरूले आरम्मणहरूलाई अनुभव गर्ने द्वारहरू मात्र हुन् । ती प्रसाद रूपहरूलाई इन्द्रीयद्वारहरू मार्फत जान्न सकिन्न । तिनीहरूलाई त मनोद्वारमार्फत मात्र जान्न सकिन्छ । जस्तो उदाहरणको निम्ति, चक्षुहरूद्वारा हामी चक्षु-प्रसादलाई अनुभव गर्न सक्तैनौं । तर हामीलाई चक्षु-प्रसाद छ भन्ने कुरा थाहा हुन्छ किनभने "दर्शन" छ ।

Downloaded from http://dhamma.digital/

सूक्ष्म रूप १६ प्रकारका छन् । रूप जम्मा २८ किसिमका हुन्छन्, जसमध्ये १२ रूपलाई ओलारिक (स्थूल) रूप र १६ रूपलाई सूक्ष्म रूप भनी वर्गीकरण गरिन्छ ।

ओलारिक रूपहरूमा पाँच इन्द्रीयद्वारहरू मार्फत अनुभव गर्न सकिने सातवटा आलम्बनहरू पर्छन्: आँखा, कान, नाक र जिब्रोका चार इन्द्रीय द्वारहरू मार्फत अनुभव गरिने चार रूपहरू (जस्तै रंग, शब्द, गन्ध र रस) र कायद्वार मार्फत अनुभव गरिने पृथ्वी धातु, तेज-धातु र वायु-धातु जस्ता तीन रूपहरू । अरू पनि ओलारिक रूपहरू हुन् पाँच प्रसाद रूपहरू (पाँच इन्द्रीयहरू) जुन द्वारहरू मार्फत ती आलम्बनहरूलाई अनुभव गरिन्छ । हामीले देखिसकेका छौं कि पाँच प्रसाद रूपहरूलाई पहिलो वर्गको धम्मारम्मणमा वर्गीकरण गरिन्छ ।

१६ प्रकारका सूक्ष्म रूपलाई केवल मनोद्वार मार्फत मात्र अनुभव गर्न सकिन्छ । जस्तो ती मध्येका केही रूप हुन् ओजा (पौष्टिक तत्व), वचि विञ्ञति र काय विञ्ञति इत्यादि । (वचि विञ्ञति) भनेको बोलीको लागि भौतिक हेतुवाला रूप हो र काय-विञ्ञति यस्तो रूप हो शारीरिक अभिव्यक्तिको लागि भौतिक हेतु हो ।

सूक्ष्म रूपहरूको सच्चा स्वभावलाई अनुभव गर्न सकिन्छ कि सकिन्न भन्ने कुरा संचित प्रज्ञामाथि निर्भर गर्दछ । कुनै एक सूक्ष्म रूपको सम्बन्धमा कसैले विचार गर्नुको अर्थ यो होइन कि सूक्ष्म रूपलाई एक प्रकारको रूप मात्र हो, यो आत्मा होइन भन्ने यसको लक्षणलाई प्रत्यक्ष रूपमा अनुभव गर्न प्रज्ञा त्यहाँ अवस्थित हुन्छ ।

चित्त अर्को किसिमको धम्मारम्मण हो । चित्तहरूले भिन्न भिन्न आलम्बनहरूलाई अनुभव गर्दछन् तर चित्त आफै पनि आलम्बन हुन सक्छ । चित्तले कुशल चित्तहरू, अकुशल चित्तहरू र अन्य अनेक प्रकारका चित्तलाई नै आफ्नो आलम्बनको रूपमा ग्रहण गर्न सक्छ ।

धम्मारम्मणको अर्को किसिम जुन चैतसिक हो यस्तो ५२ प्रकारकै चैतसिकहरू समावेश हुन्छन् । वेदना एउटा चैतसिक हो । जस्तो उदाहरणको लागि दौर्मनस्य वेदनालाई चित्तद्वारा जान्न सकिन्छ । तब चित्तको आलम्बन धम्मारम्मण हुन्छ । कसैले साह्रोपनालाई अनुभव गर्छ भने त्यो आलम्बन (स्पर्श) फोट्ठब्बारम्मण हो, धम्मारम्मण होइन । साह्रोपन र शारीरिक दुःख वेदना एकपछि अर्को तुरून्तै देखा पर्न सक्छ । साह्रोपन र दुःख वेदना भिन्न भिन्न आलम्बनहरू हुन् भन्ने कुरा नबुझ्ने कोही छ र ऊ नाम र रूपको भिन्न भिन्न लक्षणहरू बारेमा पनि अनभिज्ञ छ भने उसले ती आलम्बनहरूलाई आत्मा भनी ग्रहण गरिरहने हुन्छ । चित्तले सबै प्रकारका आरम्मणहरूलाई अनुभव गर्न सक्तछ । निर्वाणलाई पनि चित्तद्वारा नै अनुभव गर्न सकिन्छ । निर्वाण धम्मारम्मण हो । यसलाई मनोद्वार मार्फत मात्र अनुभव गर्न सकिन्छ । यसरी चित्तले ससांस्कारिक धर्महरू र असांस्कारिक धर्महरू दुवैलाई अनुभव गर्न सक्छ । ससांस्कारिक धर्मलाई अनुभव गर्ने चित्त लौकिक चित्त हो । निर्वाणलाई प्रत्यक्ष रूपमा अनुभव गर्ने चित्त लोकोत्तर चित्त हो ।

अर्को किसिमको धम्मारम्मण हो प्रज्ञप्ति अर्थात् लौकिक निरूक्तिहरू, धारणाहरू र विचारहरू यसरी हामी के देख्छौं भने चित्तले नाम र रूप जस्ता परमार्थ धर्महरू र प्रज्ञप्ति जस्ता अ-परमार्थ धर्महरू दुवैलाई जान्न सक्तछ ।

Downloaded from http://dhamma.digital/

प्रज्ञप्ति परमार्थ धर्म होइन । प्रज्ञप्तिको विषयलाई लिएर चिन्तन हुँदा नाम धातुले चिन्तन गर्ने हो । नाम परमार्थ धर्म हो । तसर्थ त्यस क्षणको तथ्य कुरा त चिन्तन हो ।

लौकिक भाषाहरूले तथ्यहरू र तथ्य नभएका कुराहरू दुवैलाई जनाउन सक्छन् । आफैंमा जुन परमार्थ धर्म होइन त्यस्तो शब्दले पनि परमार्थ धर्मलाई जनाउन सक्छ । उदाहरणको लागि, नाम र रूप भन्ने शब्दहरू प्रज्ञप्ति हुन् तर तिनीहरूले परमार्थ धर्मलाई बोध गराउँछन् । परमार्थ धर्म र प्रज्ञप्ति बीच के भेद छ भन्ने कुरा जान्नु उपयोगी हुन्छ । हामीहरू नाम र रूप भन्ने शब्दहरूले मात्र टाँस्सिएको नाम र रूप उत्पति हुँदाको बखत तिनका लक्षणहरूप्रति सजग नभई केवल नाम र रूपको बारेमा मात्र चिन्तन गरेर बस्यौं भने हामीले धर्महरूलाई जान्नको बदलामा प्रज्ञप्तिहरूलाई मात्र जान्ने छौं ।

रंग, शब्द, गन्ध, रस र स्पर्श जस्ता आरम्मणका किसिमहरू रूप हुन्, छैठौं वर्ग, ६ किसिमका धम्मारम्मण अन्तर्गत नाम, रूप र प्रज्ञप्ति पनि समावेश हुन्छ ।

भिन्न भिन्न आलम्बनहरूलाई भिन्न भिन्न द्वारहरूमार्फत अनुभव गर्न सकिन्छ । जस्तो भनौं, चक्षुले रंगको अनुभव गर्नको निमित्त चक्षुमा (रंगको स्पर्शलाई ग्रहण गर्ने क्षमता भएको रूप) प्रसाद रूप हुनु जरुरी छ । आँखामा प्रसाद रूप नभएको खण्डमा चित्तले रंगलाई अनुभव गर्न सक्तैनथ्यो ।

इन्द्रीयद्वार वीथिका चित्तहरू चक्षु, कान, नाक, जिव्हा र काय-इन्द्रीयका द्वारहरू मार्फत आ-आफ्ना आलम्बनहरूलाई जान्दछन् । जहाँसम्म काय-इन्द्रीयको सम्बन्ध छ, शारीरिक संस्पर्शहरू जस्तो साह्रोपन, नरमपन, गर्मी, ठण्डी, गति वा दवाव आदिलाई ग्रहण गर्ने क्षमता भएको प्रसाद–रूप भनेको शरीरको कुनै पनि भाग हो जसले यस्ता स्पर्शहरूलाई ग्रहण गर्न सक्छन् । यसरी चेतना शक्ति नभएको शरीरका अंशहरू बाहेक अरू शरीरका कुनै भाग पनि काय-द्वार हुन सक्छ ।

पाँच द्वारहरू रूप हुन् र एकद्वार नाम हो । मनोद्वार नाम हो । मनोद्वार वीथिका चित्तहरूले आलम्बनहरूलाई मनोद्वार मार्फत अनुभव गर्दछन् । मनोद्वारावर्जन चित्त उत्पति हुनुभन्दा अगाडि भवंग चलन र भवंगुपच्छेद प्रवर्तित हुन्छन् । मनोद्वारावर्जन चित्तको अघि उत्पति हुने चित्त भवंगुपच्छेद चाहिँ मनोद्वार हो । यसै द्वारमार्फत मनोद्वारावर्जन चित्तले आफ्नो आलम्बनलाई अनुभव गर्दछ ।

कुन कुन द्वारमार्फत चित्तहरूले भिन्न भिन्न आलम्बनहरूलाई अनुभव गर्दछन् भन्ने कुरा जान्नु उपयोगी हुन्छ । जस्तो उदाहराणको लागि, रंग, जुन रूपारम्मण हो, लाई चक्षुद्वार मार्फत र मनोद्वार दुवै मार्फत अनुभव गर्न सकिन्छ । इन्द्रीयद्वार वीथि र मनोद्वार वीथि दुवैमा जवन चित्तहरू हुन्छन् । अरहन्त नभइसकेका पुद्गलको सम्बन्धमा यी जवन चित्तहरू कुशल चित्तहरू वा अकुशल चित्तहरू हुन्छन् । चक्षुद्वार मार्फत रंगलाई अनुभव गर्दाका बखतसम्म त्यो के आलम्बन हो भन्ने कुरा अझै थाहा भइसकेको हुन्न । किन्तु पहिले नै इन्द्रीयद्वार वीथिमा देखिएको वस्तुप्रति लोभ वा द्वेष वा मोह उत्पति हुन सक्छ । क्लेशहरूले गहिरोसँग जरा हालेका हुन्छन् । तिनीहरू सबै ६ द्वारहरू मार्फत उत्पन्न हुन सक्छन् । इन्द्रीयद्वारहरू मार्फत अनुभव गरिएका आलम्बनहरू प्रतिको दासत्व ती आलम्बन्हरूकै कारण हुन्छ भन्ने कुरा हामी सोच्न सक्छौं । तर क्लेशहरू आलम्बनहरूको कारण हुने होइन, आलम्बनहरूलाई अनुभव गर्ने चित्तमा क्लेश संचित रहन्छन् ।

Downloaded from http://dhamma.digital/

संयुक्त निकाय (षलायतन वर्ग, षलायतन संयुक्त परिच्छेद १, चतुर्थ पण्णासक, भाग ३, समुद्र वर्ग, कोट्ठित सुत्त) मा सारिपुत्र र महाकोष्ठित वाराणसी नजिकै ऋषिपतन मृगदावनमा विहार गरिरहँदा महाकोष्ठित र सारिपुत्रका बीच छलफल भएको विषयमा यसरी चर्चा गरिएको । आयुष्मान महाकोट्ठितले आयुष्मान् सारिपुत्रलाई भन्नु भयोः–

"आवुस ! के चक्षु रूपहरूको बन्धन (अर्थात संयोजन) हो कि रूप नै चक्षुको बन्धन हो ? जिव्हा रसहरूको बन्धन हो कि रस नै जिव्हा बन्धन हो ? के मन धर्महरूको बन्धन हो कि धर्म नै मनको बन्धन हो ?

आवुस कोट्ठित ! न चक्षु रूपको बन्धन हो, न रूप नै चक्षुको बन्धन हो । ... न जिव्हा रसको बन्धन हो, न रस नै जिव्हाको बन्धन हो । न मन धर्मको बन्धन हो, न धर्म नै मनको बन्धन हो । किन्तु जो त्यहाँ, दुवैको प्रत्ययबाट छन्दराग उत्पन्न हुन्छ यही त्यहाँ बन्धन हो ।...

आवुस ! यदि चक्षु रूपहरूको बन्धन भएको भए वा रूप नै चक्षुको बन्धन भएको भए, दुःखको बिल्कुल क्षयको लागि ब्रह्मचर्यवास सार्थक सम्भिँदैनथ्यो ।

आवुस ! किनकि, चक्षु रूपको बन्धन होइन, न रूप नै चक्षुको बन्धन हो, बल्कि चक्षु र रूपको प्रत्ययबाट जो छन्दराग उत्पन्न हुन्छ त्यहाँ त्यही बन्धन हुन्छ । त्यसैले दुःखको पूर्ण क्षय ( प्रहाण) को लागि ब्रह्मचर्यवासको शिक्षा दिइन्छ ।...

आवुस ! भगवान् शास्ताको पनि चक्षु छ । भगवान् शास्ता चक्षुबाट रूपलाई हेर्नु हुन्छ । किन्तु भगवान् शास्तामा कुनै छन्दराग हुँदैन । भगवान्को चित्त राम्ररी विमुक्त भइसकेको छ ।...

आवुस ! यस प्रकारले थाहा पाउनु पर्छ कि न त चक्षु रूपको बन्धन (वा संयोजन) हो, न रूप नै चक्षुको बन्धन हो । किन्तु रूप र चक्षुको प्रत्ययबाट जो छन्दराग उत्पन्न हुन्छ त्यो नै त्यहाँ बन्धन हो ।

Dhamma.Digital

**मनन गर्ने योग्य केही प्रश्नहरू**

१) कुन कुन द्वारहरू मार्फत गतिलाई अनुभव गर्न सकिन्छ ?

२) कुन द्वार मार्फत काय-प्रसाद रूपलाई अनुभव गर्न सकिन्छ ?

३) संयोग (आप-धातु) कुन किसिमको आरम्मण हो ?

४) लोभ मूल चित्त कुन वर्गको आरम्मण हो ?

५) लोभ-मूल चित्तलाई कुन द्वारमार्फत अनुभव गर्न सकिन्छ ?

६) लोभ-मूल चित्तले कुन कुन द्वारहरू मार्फत आरम्मणलाई अनुभव गर्न सकिन्छ ?

७) ठण्डीपन वा चिसोपन कुन किसिमको आरम्मण हो ?

Downloaded from http://dhamma.digital/

८) दुःख वेदना कुन वर्गको आरम्मण हो ?

९) दौर्मनस्य वेदना कुन किसिमको आरम्मण हो ?

१०) प्रज्ञा कुन किसिमको आरम्मण हो ?

११) के "शान्ति" भन्ने शब्द आरम्मण हो ? भए कुन वर्गको ?

१२) कतिवटा द्वारहरू रूप हुन् र कति वटा चाहिँ नाम हुन् ?

१३) के रंगलाई मनोद्वार मार्फत अनुभव गर्न सकिन्छ ?

१४) के रंग धम्मारम्मण हो ?

१५) रूपारम्मण (रंग) कतिवटा अहेतुक चित्तहरूको आलम्बन हुन्छ ?

१६) धम्मारम्मण कतिवटा अहेतुक चित्तहरूको आलम्बन हुन्छ ?

१७) रूपारम्मणलाई चित्तले कतिवटा द्वारहरू मार्फत जान्दछ ?

१८) चित्तले कतिवटा द्वारहरू मार्फत धम्मारम्मणलाई जान्दछ ?

१९) मनोद्वार मार्फत कति किसिमका आरम्मणलाई जान्दछ ?

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

"पञ्ञा नरान रतन"

# नेपालका बौद्ध जनजाती

## परियत्ति सद्धम्म कोविद मध्यम वर्ष

### (कक्षा ९, छैठौं पत्र)

नेपालका बौद्ध जनजाती प्राप्ताङ्क ३० अंक, ८ घण्टा

## अनुवाद - भिक्षु सुदर्शन महास्थविर

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# मगर बौद्ध

नेपालका विभिन्न मूल जनजाति बौद्धहरू मध्ये मगर जाति जाति पनि एक मूल जनजाति हो, तर अरू जनजातिहरू भन्दा मगरहरूले आफूलाई बौद्ध भन्न बिर्सेका छन् । बौद्ध चालचलन छाडेर गए । यसले गर्दा भेरी नदीको माथितिर बस्ने तिब्बती भाषा बोल्नेहरूले मात्र बुद्धधर्म मानिरहेका छन् भन्ने भ्रम पैदा भइसक्यो । साँच्चै भन्ने हो भने, इतिहासअनुसार खोतलेर हेर्ने हो भने इतिहासको सुरुदेखि मगरहरू बुद्धधर्मसँग सम्बन्धित छन् ।

ललितविस्तरमा शाक्यमुनि बुद्ध लुम्बिनी उपवनमा जन्म हुनुभएको बेला नन्द र उपनन्द भन्ने दुई नागहरूले तातो र चिसो पानीले नुहाइदिएको वर्णन छ । त्यस्तै नै कोलियहरूले आठ भागमा एक भाग बुद्धका अस्थिधातु ल्याएर, ती अस्थि राखेर स्तूप बनाएका थूपवंशमा आएका छन् । यदि यी नागहरू सर्प विशेष जाति होइन, मनुष्य जाति विशेष हुन् भने यी कोलियहरूसँग बसेका यहाँका पुराना जाति हुन् । पछि यी बिस्तारै माथितिर पूर्व-पश्चिम दिशातिर गए । पाल्पालीसेन वंशावली अनुसार एक समय यी एकदमै शक्तिशाली पनि भए । त्यसैले उनीहरूका नाइके अर्थात् मगर राजालाई “नागभूपति” सम्म पनि भन्न थाले, फेरि यिनीहरूको लुम्बिनीको उत्तरमा महाभारत पर्वतश्रृंखलामा “बलढ्याङ गढी” थियो लुम्बिनीको ठीक पूर्वतिरको नवलपरासिका मगरहरूको बस्ती घना भएको देवचुली र वरचुली पर्वत क्रमको फाँट मगर नागराजहरूको राज्य हुनुपर्दछ ।

यी मगरहरू माथितिर उत्तरतिर गएर व्यापक भएर । पाल्पाली मगर र गुल्मीका मगरका बीचमा गई खोजनीति गर्नुपर्ने देखिन्छ । कुनै समय पाल्पा बुद्धधर्म, दक्षिण उत्तरमा तिब्बत चीन सम्मको बौद्ध साँस्कृतिक र आर्थिक प्रचार प्रसारको बाटो थियो । गुल्मीका सुवर्णकार राना मगरले ने. सं. ११९ (वि.सं. १०५६) मा लेख्नुभएका संस्कृत भाषाको “अष्ट सहश्रिका प्रज्ञापारमिता” किताब र लमजुङ्गका गंगा राना मगरले लेखेका संस्कृत भाषाको “अष्ट सहश्रिका प्रज्ञापारमिता” किताब ल्हासाको बौद्ध गुम्बामा पुगेको यसको प्रमाण हो । यसले यो कुरा पनि भन्छ, मध्यकाल अगाडिसम्म मगरहरू बौद्ध ग्रन्थ पढ्ने र बोल्नेहरू थिए ।

मगरहरू उत्तरबाट माथि जाँदै उत्तर पश्चिमतिरको कर्णाली र बीचको गण्डकी प्रदेशको बीचमा पुग्न गए । कर्णालीबाट माथि गएका बौद्ध कला संस्कृतिको एक समयको एकदमै अगाडि रहेको सुर्खेत हुँदै गएको हुनुपर्दछ । कर्णाली र गण्डकीको बीचको क्षेत्र मगरहरूको प्रभुत्व भएको ठाउँ भयो । यस भूभागमा सुनिएका स-साना राज्यहरू “बाह्र मगराति” नामले प्रसिद्ध छन् ।

आजको एककृत नेपाल निर्माण गर्न मगर जातिको एकदमै ठूलो हात छ । कास्की लमजुङ्गदेखि श्री ५ बडा महाराजाधिराजका पुर्वजहरूसँग मिलेर मगरहरूले श्री ५ बडा महाराजधिराज पृथ्वीनारायण शाहलाई चाहिने सहयोग गरे । यसले गर्दा ठकुरी र क्षेत्रीहरूले मगरहरूलाई आफ्नै दाजुभाइ जस्तै माने । साँच्चै भन्ने हो भने, त्यसबेला देखि मगरहरूले आफ्नो संस्कार र धर्मलाई बिर्संदै गए । जब शाहवंशको उन्नति हुँदै गयो मगरहरू मध्ये सेना र दरबारको छायाँमा माथिल्लो तहमा पुगेका मगरहरूले आफूलाई ठकुरी र क्षेत्री धर्म र संस्कारमा मात्र पुऱ्याएका थिएनन् कतिपय मगरहरू ठकुरी र क्षेत्री नै भए । मगरहरूले खानीको काम र कृषि पशुपालन काम अतिरिक्त सैनिक पेशा पनि आफ्नो माने । यिनीहरू लुम्बिनी, राप्ती र धौलागिरी

Downloaded from http://dhamma.digital/

अञ्चलमा मात्र होइन तराईसम्म पनि फैलिए । अधिराज्यको ठाउँठाउँमा तामा खानीमा काम गर्दागर्दै ढुङ्गाको काम गर्ने र घर बनाउने काममा पनि दक्ष हुँदै गए । बाक्लो बस्ती छाडेर गएका मगरहरूले नेपाली र तिब्बती भाषा नै आफ्नो भाषा जस्तै माने ।

मगरहरू अनुशासन र बहादुरीमा एकदमै नामी छन् । घरका ठूलाबडालाई एकदमै मान राख्छन् । मगरहरू फैलिँदै गए अनुसार विभिन्न थरका पनि भए । आले, आग्री, बेदलासी, राना, कसु, भुसाल, मरकुल, बुढाथोकी, एसमाली, घर्ती, थापा, पुन, गुरूङ्गचन, भुरुङ्गचन, भस्की, रेवाली, हिस्की, रखाल, सिदारी, थुम्सिङ्ग यस्ता नै थर हुन् । आले थरमा दूध आले, फेंदी आले, तोर्धाकी आले, सूर्यवंशी आले भनेका पनि छन् । त्यस्तै नै थापामा पनि तुङ्गलामी, अस्लामी, प्रलामी, दर्लामी, राजसकोति, सिंजापती, सिंजाली र फेवाथापा छन् । पुनमा तिर्के, पेगेल पुन छन् भने घर्तीमगरमा पनि रुमखामी, बैजाली तिर्के, फुङ्गजा, रोकाहा, घर्ती छन् । त्यस्तै रानामा खसु भुसाल, मुर्त छन् ।

मगर जातिका रीतिथिति एकदमै छ्यासमिस भइसकेको छ । म्याग्दी र डोल्पाका मगरहरू धेरैजस्ता अरू नै मगरहरू भन्दछन् । आफू नजिक भएका जातिका रीतिथितिसँग संगत गर्नुपर्ने भएर मगर जातिको रीतिथिति पनि भिन्न भिन्न ठाउँमा भिन्न भिन्न देखा परे । उत्तरतिर रहेका मगरहरूको रीतिथिति र ब्राह्मण क्षेत्रीहरूसँग बस्नेका रीतिथिति फरक छन् । त्यसै पनि यति कुरा स्पष्ट हुन्छ, यिनीहरूको पुरानो रीतिथिति मङ्गोलियन समूहको रीतिथिति हो । यिनीहरूको धेरै ठाउँमा “मामाचेली फुपुचेली” को “मामाचेल फुपुचेला” सँग विवाह हुन्छ । उमेर भएपछि आफूलाई मन पर्ने केटीलाई हाँसी-खेली, मन परेपछि तानेर लगी विवाह गर्ने चलन छ । यसलाई “केटी छोप्ने” भनिन्छ ।

विवाह गरेको केही समयपछि केटा-केटी जोडी केटीको आमाबुबाकहाँ छ्याङ्ग र खानेकुरा लिएर जान्छ । यतिबेला नै “काख छोडाउने” भनी केटीको बुबालाई पैसा दिन्छ । त्यसको तीन दिन पछि “पाइला फर्काउने” भनी केटीको आफ्नो घरमा जानुपर्छ । त्यतिबेला नै आमाबाबुले आफ्नो छोरीलाई भाँडाकुँडा, गरगहना, कपडा दिई पठाउँछन् ।

Dhamma.Digital

## गुरूङ्ग बौद्ध

नेपालका मूल जनजाति बौद्धहरूमध्ये अहिलेसम्म पनि आफूलाई बोद्ध भनिरहेका जाति गुरूङ्ग पनि हो । यी अन्नपूर्ण मनासलु र हिमालचुली पहाडको दक्षिणतिर बस्ने हुन् भनिन्छ तर आजकाल पूर्वी पहाडको ठाउँ ठाउँमा पुगेका छन् । कतिपय गुरूङ्गहरू काठमाडौं उपत्यकामा र मधेशका फाँटमा पनि पुगेका छन् । गुरूङ्गहरूको थितिरीति चलिरहेको संस्कार स्वरूपलाई मनन गरेमा यिनीहरूमा मूल धर्म अनि पछि स्वीकार गरेका धर्मलाई देख्न सक्दैनौं । अझ दक्षिणतिर फैलिएका गुरूङ्गहरूको मात्र चालाबाला हेर्ने हो भने यी कुन धर्मबाट बुद्धधर्ममा परिवर्तित भएका हुन् भनी थाहा पाउन सकिँदैन । किनकि गुरूङ्गजातिहरूले आफ्नो आसपास भएका जनजातिहरूको संस्कारलाई पनि स्वीकार गरेका छन् । त्यस्तै नै सेनामा भर्ना भएर अलि सम्पन्न हुनासाथ हिन्दू धर्मको चालबाला अपनाएका (दुत्यंवपिं) पनि छन् । विशेष गरी नेपालको शाहीसेनाको

Downloaded from http://dhamma.digital/

उच्च हिन्दू वर्गहरूको सत्संगतले यिनीहरूले हिन्दू धर्मलाई आफ्नो नै सम्झी बाहुन पुरोहितहरूले जस्तै संस्कार गराएका छन्।

गुरूङ्ग जाति साँच्चै भन्ने हो भने बोम्पो भन्ने पुरानो धर्मका अनुयायी हुन् । बोम्पो धर्म तिब्बतको पुरानो धर्मको नै अर्को रूप हो। यी भूतप्रेत, देवदेवीको तर्फबाट सुख दुःख हुने मान्ने झाँक्रीहरू जस्तै हुन्। जसरी तिब्बतीहरूले बोन धर्मलाई छोडी बुद्धधर्मलाई आफ्नो माने, त्यस्तै नै यिनीहरूले बोम्पो धर्मलाई छोडी बुद्धधर्मलाई आफ्नो मानेका हुन्।

गुरूङ्गहरूको मुख्य पेशा कृषि हो । यिनीहरूले पशु पालन गर्छन् । अनि पशु पाल्नेहरूले कुकुर पाल्ने काम पनि गर्छन्।

गुरूङ्ग जातिहरूको चारजाते सोह्रजाते भनी दुई जाति छन् । अनि चारजातेहरूले आफूहरूलाई सोह्रजातेहरूभन्दा माथिल्लो जाति भनी पनि मादन्छन्। चारजातेहरूमा घले, गादाने, लामा, लामिछाने हुन् भने सोह्रजातेहरूमा घ्याब्रे, क्याब्रे, रुकुम्चे, दुर्चे, योङ्ग, थोरामी आदि हुन् । यिनीहरूका आफ्ना पुरोहितहरूलाई घ्याब्रे भन्ने चलन छ। खालि लामाहरूको मात्र पुरोहित लामा हुन्छ। गुरूङ्ग जातिको मामाचेला चेली, फुपुचेला चेलीसँग विवाह हुन्छ। यसबाट थाहा हुन्छ कि गुरूङ्गहरू सात पुस्ता रगतको नाता भएकासँग विवाह गर्न नहुने हिन्दूहरू अवश्य होइनन्। अझ मामाचेला चेली, फुपुचेला चेली विवाहको सम्बन्ध तोडी अरूसँग विवाह गऱ्यो भने समाजलाई दोषसमेत दिने कुनै कुनै गुरूङ्ग जातिको व्यवहारमा अहिलेसम्म भएकोले यिनीहरू अहिन्दू संस्कारका मूल जनजातिका बौद्ध हुन्।

गुरूङ्ग जाति युवा-युवती भएपछि आ-आफ्नो टोलमा साँझतिर रोदीघर गई आ-आफू हाँसखेल, रसबसगर्ने चलन छ। यो झन्दै नेवार जातिको रसरङ्ग गर्न जाने (ख्यालि च्वंवइथें) जस्तै हो । गुरूङ्ग जातिमा एक दुईवटा बेग्लै चालचलन छ । जस्तै विवाह गरेपछि बुहारी धेरैजसो माइतीमा नै बस्छिन्। अनि समय समयमा मात्र लोग्नेकोमा जान्छिन्। यसरी हुँदा हुँदै जब बुहारी बच्चाको आमा बन्छिन्, त्यतिबेला मात्र उनीहरूको साँच्चै राम्रो विवाह भएको भान गर्छन् । बच्चाको आमा भइसकेपछि मात्र उनीहरू सधैं लोग्नेको घरमा बस्ने गर्छन्। अझ केटीको दाइजो पनि आमा भइसकेपछि मात्र लोग्नेको घरमा पुऱ्याइदिन्छ। गुरूङ्ग जातिमा पहिलो छोरा जन्मने बेला बच्चाको दोश्रो जन्मदिनमा आफ्नो चोकमा वा आफ्नो घर आँगनमा (लाछिइ) पुतपुत्ते भन्ने नाच नाच्न लगाउनुपर्छ। यस्तो नाच नाच्ने बच्चाहरूलाई आफूले सक्दो खुवाई पिलाई ३०/- रुपैयाँ ४०/- रुपैयाँ पैसा दिन्छन्। अनि यिनीहरूको चूडाकर्म गर्ने काममा काठमाडौंका ज्यापू जाति बन्ध्यहरूको जस्तै टुप्पी राख्ने गर्दछन्। यो काम धेरैजसो बच्चाहरू पाँच वर्ष हुने बेला गर्ने हुन्छ। यो काम गर्न मामाहरू भए पुग्छ।

गुरूङ्ग जाति नक्षत्र हेरी नाम अथवा बगाई पठाउँछन्। अनि उनीहरूको किरिया बस्ने एक वर्ष हुन्छ, तर दाजु भाइको किरिया बस्नेबेला १४ दिनमा किरिया बस्ने फुकाइन्छ। एक वर्षमा आमा बुबाको किरिया फुकाइन्छ। आजकाल यसलाई कम गरी ६ महिना गरेका छन्। यो किरिया फुकाउनेहरूलाई पाया भनिन्छ। यसबेला सिङ्ग भएको भ्ला भन्ने मान्छेको प्रतिमूर्ति बनाएर डोरीले बाँधेर डोरीको अर्को टुप्पो समाती, टाढा बाहिर लगी भेडाको बच्चालाई घ्याब्रेबाट

Downloaded from http://dhamma.digital/

पूजाआजा सकाई बाहिर दोबाटो अथवा चौबाटोमा लगी मार्छ । यसो गर्दा पितृऋणबाट वा मातृऋणबाट मुक्त हुने विश्वास गर्छन् वा मातृ-पितृ स्वर्ग गमन भएको विश्वास गर्छन् । आमाबाबुको सम्झनामा पोखरी बनाउने, सतल बनाउने पनि गर्छन् । गुरूङ्ग जातिको चारघलेको संस्कार विधि तामाङ्ग र शेर्पा जातिको पूजाआजासँग मिल्छ । कास्की जिल्लाको गुरूङ्गहरू बीच सोरथि र घाण्डो भन्ने तान्त्रिक चाड छ । घाण्डु भन्ने नाच श्री पञ्चमीको दिनदेखि वैशाख पूर्णिमा सम्म नचाइन्छ । यो नाचमा ११ वर्ष देखि १८, १९ वर्ष उमेर सम्मका केटीहरू हुन्छन् । यो नाच सिकाउने केटीहरू हुन्छन् । यो नाच नाच्नेहरूलाई देवता चढाइदिने कुरुवा भन्ने हुन्छन् । यो नाच नाच्न सुचि निचि गर्नुपर्छ । केही नियममा पनि बस्नुपर्छ । नेवारहरूको गँ नाच, सिकालि नाच आदि जस्तै नकाप राख्नुपर्दैन । फेरि नाच नाच्ने र नाच सिकाउने केटाहरू हुन्छन् । गुरुहरूले साधना गरी मात्र नाच गर्नेहरू निकाल्छन् । यसरी हेर्नेबेला गुरूङ्ग जातिको नाच बौद्ध तान्त्रिक नाच र प्राचीन मातृ सत्ताको नाच मिसिएको हामीले देख्छौं । गुरूङ्गहरूको संस्कारमा शील समाधिको कुरा खास देखिँदैन । खालि तान्त्रिक देव देवीको सम्बन्ध र यिनीहरूका लामाहरूले पाठ गर्नेमा मात्र बौद्ध संस्कृति देखिन्छ ।

Dhamma.Digital

Downloaded from http://dhamma.digital/